# कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित दर्शनाचार्य तह (एम.फिल.)

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

यानीराम दाहाल

क्रमाङ्क : १६

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

२०८१

## शोधनिर्देशकको सिफारिसपत्र

नेपाली दर्शनाचार्य तहका विद्यार्थी श्री यानीराम दाहाल (शैक्षिक वर्ष २०७४/०७५) ले *कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्य* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार गर्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

.....................................

**(प्रा.डा. महादेव अवस्थी)**

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

मिति : २०८१/०३/२४

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहका छात्र श्री यानीराम दाहालले दर्शनाचार्य तह (एम.फिल.) तेस्रो सत्रको निर्धारित पाठ्यांश ६०९ र ६१० को प्रयोजन पूर्तिका लागि यो शोधप्रबन्ध तयार पार्नुभएको हो । प्रस्तुत *कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्य* शीर्षकको शोधप्रबन्धको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

**हस्ताक्षर**

१. प्रा. डा. कृष्णप्रसाद न्यौपाने ........................
(विभागीय प्रमुख)

२. प्रा. डा. महादेव अवस्थी ........................
(शोधनिर्देशक)

३. सहप्रा. डा. नेत्रमणि सुवेदी ......................
(आन्तरिक परीक्षक)

४. प्रा. डा. नारायणप्रसाद गड्तौला ........................
(बाह्य परीक्षक)

मिति : २०८१/०३/२६

# कृतज्ञताज्ञापन

*कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्य* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य (एम.फिल.) तेस्रो सत्रको नवौं र दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । प्रस्तुत शोधकार्य सम्पन्न गर्न मैले मेरा शोध निर्देशकलगायत विभिन्न व्यक्तित्वहरूबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग प्राप्त गरेको छु । प्रस्तुत शोधपत्र तयार पार्न मलाई सबैभन्दा बढी सहयोग मेरा शोध निर्देशक आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीज्यूबाट प्राप्त भएको छ । उहाँको उच्च प्राज्ञिक निर्देशन, गम्भीर टिप्पणी एवम् समुचित सुझाव प्राप्त नभएको भए यो शोधकार्य सम्पन्न हुने थिएन । मैले मागेका बेला व्यस्तताका बीच पनि मलाई समय उपलब्ध गराई उचित मार्गदर्शन गरेर यो शोधकार्य सम्पन्न गर्न उहाँले अतुलनीय योगदान दिनुभएको छ । उहाँको हार्दिक सहयोग र उच्च प्राज्ञिक मार्गनिर्देशनबाटै यो शोधकार्य सम्पन्न भएकाले सर्वप्रथम म उहाँप्रति हृदयदेखि नै विशेष कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा प्राज्ञिक सल्लाह दिई शोधको आन्तरिक परीक्षण गरेर विषयगत परिमार्जनका लागि सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु सहप्रा. डा. नेत्रमणि सुवेदी र शोधप्रबन्धको बाह्य परीक्षकको भूमिकामा रही मलाई समुचित मार्गनिर्देशन गर्नुहुने प्रा. डा. नारायणप्रसाद गड्तौलाप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

दर्शनाचार्य तह अध्ययनका क्रममा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिएर सत्मार्गतर्फ अगाडि बढ्न प्रेरणा दिनुहुने आदरणीय गुरुहरूप्रति म सदैव ऋणी छु । प्रस्तुत शोधप्रबन्धको प्रस्तावलेखन परिमार्जन र एवम् शोधकार्यको अध्ययन र छलफलमा अमूल्य सुझाव दिई मार्गनिर्देशन गर्नुहुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. कृष्णप्रसाद न्यौपाने तथा आदरणीय गुरुहरू प्रा. केशव सुवेदी, प्रा. डा. देवीप्रसाद गौतम, प्रा. डा. खगेन्द्रप्रसाद लुइँटेल, प्रा. डा. रमेशप्रसाद भट्टराई, प्रा. डा. लक्ष्मणप्रसाद गौतम, सहप्रा. डा. गोविन्दप्रसाद शर्मा, सहप्रा. डा. दुर्गाबहादुर घर्ती तथा प्रा. डा. रामप्रसाद ज्ञवाली, प्रा. डा. हेमनाथ पौडेल, सुप्रसिद्ध कवि एवम् समालोचक डा. अमर गिरी, सौन्दर्यचिन्तक एवम् कवि ईश्वरचन्द्र ज्ञवालीलगायत मेरा सबै सहपाठी मित्रहरूप्रति पनि म आभारी छु । यसैगरी, सहृदयी व्यवहार र सधैं सहयोगका लागि तत्परता देखाउने नेपाली केन्द्रीय विभागका सम्पूर्ण कर्मचारीहरूलाई म धन्यवाद ज्ञापन गर्दछु । मेरो शैक्षिक उन्नयनका लागि सधैं प्रेरणा र हौसला प्रदान गरी हरेक किसिमको सहयोग गर्नुहुने मेरी जीवनसँगिनी इन्दिरा अधिकारीप्रति म निकै आभारी छु । शोधकार्यका लागि सामग्री सङ्कलनमा सहयोग गरी शोधलेखनका लागि झकझक्याइरहने सहृदयी मित्रहरू केदारप्रसाद दाहाल, प्रसिद्ध पराजुली, दीपराज पौडेल, विजया बस्नेत, भाद्रकला न्यौपाने, सावित्रा पाण्डे, कमलमोहन शर्मा, अर्जुन बस्नेत, तारणीप्रसाद पोखेल, हुमप्रसाद पोखरेल, शिवराज खनाल

तथा कविता बञ्जारालाई म विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी, मेरो व्यक्तित्व विकासका लागि सधैं उत्प्रेरकको भूमिका निर्वाह गर्नुहुने माता कोकिलादेवी दाहाल एवम् पिता विष्णुशरण दाहालप्रति म सदा ऋणी छु ।

यसै सन्दर्भमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका कर्मचारी, इच्छुक प्रतिष्ठानका कर्मचारी, रत्नराज्यलक्ष्मी क्याम्पसका कर्मचारी, नेपाल प्रज्ञा प्रतिष्ठानका कर्मचारी तथा मार्टिन चौतारीका कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी, यो शोधप्रबन्ध तयार पार्ने क्रममा जजसका सृजनात्मक तथा समालोचनात्मक कृतिको सहयोग लिइएको छ ती सबै स्मरणीय छन् । अन्त्यमा, म यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य कार्यक्रमको शोधप्रबन्ध मूल्याङ्कन समिति समक्ष पेस गर्दछु ।

.......................

यानीराम दाहाल
दर्शनाचार्य तह तेस्रो सत्र
क्रमाङ्क : १६
नेपाली केन्द्रीय विभाग
त्रि. वि. कीर्तिपुर ।
२०८१

# बिषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय १-१७


१.१ विषयपरिचय १
१.२ समस्याकथन ३
१.३ शोधकार्यको उद्देश्य ४
१.४ पूर्वकार्यको समीक्षा ४
१.५ शोधकार्यको औचित्य १४
१.६ शोधकार्यको सीमाङ्कन १४
१.७ शोधविधि १५
    १.७.१ सामग्री सङ्कलन विधि १५
    १.७.२ अध्ययन तथा विश्लेषणको सैद्धान्तिक ढाँचा १५
१.८ शोधप्रबन्धको रूपरेखा १७


## दोस्रो परिच्छेद

## कृष्ण सेन इच्छुकका कवितामा वर्गद्वन्द्व १८-८७


२.१. विषयपरिचय १८
२.२ वर्गद्वन्द्वको सैद्धान्तिक पृष्ठभूमि र मूल मान्यता १९
२.३ कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानका अभिलक्षणहरू २३
    २.३.१ साम्राज्यवादको विरोध २४
    २.३.२ वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था २४
    २.३.३ आमूल परिवर्तनको स्वप्न र रूपान्तरणको सन्देश २५
    २.३.४ राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध २६
    २.३.५ दलित तथा आदिवासी जनतामाथि आर्थिक उत्पीडनको विरोध २७
    २.३.६ लैङ्गिक असमानता एवम् उत्पीडनको आलोचना २७
    २.३.७ राज्य आतङ्कको विरोध २८
    २.३.८ राजनीतिक विकृति र विसङ्गतिको चित्रण २८
    २.३.९ वर्गद्वन्द्वमा सामेल (सहिद, योद्धाहरू) को बलिदान, वीरता, साहस, त्यागप्रति श्रद्धा र सम्मान २९

२.३.१० भविष्यप्रति आस्था एवम् विश्वास २९

२.३.११ वर्गीय चेतनाको अभिव्यक्ति ३०

२.४ वर्गद्वन्द्वका सन्दर्भमा इच्छुकका कविता ३०

२.४.१ साम्राज्यवादको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ३१

२.४.२ वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्थाको प्रस्तुतिका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ३५

२.४.३ आमूल परिवर्तनको स्वप्न एवम् वर्गद्वन्द्वको चित्रण र क्रान्तिको महिमागानका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ४०

२.४.४ राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ४६

२.४.५ दलित तथा जनजाति जनतामाथि आर्थिक उत्पीडनको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ५१

२.४.६ लैङ्गिक असमानता एवम् उत्पीडनको आलोचनाका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ५४

२.४.७ राज्य आतङ्कको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ५६

२.४.८ राजनीतिक विकृति र विसङ्गतिको चित्रणका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ६१

२.४.९ वर्गद्वन्द्वमा सहभागी (सहिद, योद्धाहरू) को त्याग, साहसप्रति आस्था र सम्मानका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ६७

२.४.१० भविष्यप्रति गहिरो आस्था एवम् विश्वासको प्रस्फुटनका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ७३

२.४.११ वर्गीय चेतनाको अभिव्यक्तिका क्रममा अभिव्यक्त वर्गद्वन्द्व ८०

२.४.१२ निष्कर्ष ८६

**तेस्रो परिच्छेद**

**कृष्ण सेन इच्छुकका कवितामा प्रतिविम्बित सौन्दर्य**

**८८-१६६**

३.१. विषयपरिचय ८८

३.२ आधार र अधिरचनासम्बन्धी मार्क्सवादी दृष्टिकोण ८८

३.२.१ सौन्दर्यशास्त्रको व्युत्पत्तिगत अर्थ र इतिहास ८९

३.२.२ मार्क्सवादी चिन्तनमा सौन्दर्य ९०
३.३ वर्गसौन्दर्य पहिचानका मुख्य आधारहरू ९२
३.३.१ विश्वदृष्टिकोण ९२
३.३.२ पक्षधरता तथा समूहीकरण ९३
३.३.३ वर्गप्रतिरोध ९४
३.३.४ समाजपठन र वर्गबोध ९५
३.३.५ चिन्तनगत वर्गबद्धता ९६
३.३.६ प्रतिबद्धता र वर्गबोध ९६
३.४ वर्गसौन्दर्यसम्बन्धी चिन्तनका आधारमा इच्छुकका कविताको विश्लेषण ९८
३.४.१. इच्छुकका कवितामा प्रतिविम्बित विश्वदृष्टिकोण ९८
३.४.२ इच्छुकका कवितामा पक्षधरता तथा समूहीकरण ११३
३.४.३ इच्छुकका कवितामा प्रतिविम्बित वर्गप्रतिरोध १२४
३.४.४ इच्छुकका कवितामा प्रतिविम्बित समाजपठन र वर्गबोध १३६
३.४.५ इच्छुकका कवितामा चिन्तनगत वर्गबद्धता १५३
३.४.६ इच्छुकका कवितामा प्रतिबद्धता र वर्गबोध १५६
३.४.७ निष्कर्ष १६५

**चौथो परिच्छेद**

**सारांश र निष्कर्ष** **१६७- १७६**

४.१ परिच्छेदगत सारांश १६७
४.२ निष्कर्ष १७०

**सन्दर्भसामग्रीसूची** **१७७-१८३**

## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषयपरिचय

कृष्ण सेन ‘इच्छुक’ का कवितामा प्रतिविम्बित वर्गसौन्दर्यको अध्ययन प्रस्तुत शोधको मुख्य विषय हो । कृष्ण सेन ‘इच्छुक’ (२०१३-२०५९) आधुनिक नेपाली कविताको प्रगतिवादी धाराका सशक्त कवि प्रतिभा हुन् । उनका *शोकाञ्जली* (शोककाव्य) (२०४८), *इतिहासको यस घडीमा* कवितासङ्ग्रह (२०५६) एवम् *बन्दी र चन्द्रागिरि* (लामो कविता)(२०५७)जस्ता कृतिहरू प्रकाशित छन् । यसका साथै उनको जीवनकालमा अप्रकाशित तर मरणोपरान्त इच्छुक सांस्कृतिक अध्ययन प्रतिष्ठानले सङ्कलन गरी प्रकाशित गरेका*आरम्भिक कविता* कवितासङ्ग्रह(२०६५),*बन्दी आवाज* कवितासङ्ग्रह(२०६५),*इच्छुक रचनावली भाग-१* गद्यसङ्ग्रह(२०६४), *इच्छुक रचनावली भाग-२* (२०६५) आदि काव्यकृतिहरू प्रकाशित रहेका छन् । वि.सं. २०३२ सालमा *मातृभूमि* पत्रिकामा ‘भोलिप्रति’ शीर्षकको कविता प्रकाशित गरी आफ्नो काव्ययात्राको आरम्भ गरेका ‘इच्छुक’ कवितालेखनको प्रारम्भदेखि नै मार्क्सवादी राजनीतिक दर्शनबाट प्रभावित भई प्रगतिवादी साहित्यिक मान्यताअनुसार कविता सिर्जनामा सक्रिय कवि हुन्। यिनका कवितामा मार्क्सवाद-लेनिनवाद-माओवाद एवम् सुनौलो भविष्यप्रतिको पूर्ण विश्वास तथा वर्गवर्गका बीचको सङ्घर्ष एवम् त्यसबाट उत्पन्न भएको द्वन्द्वको अभिव्यक्ति पाइन्छ । उनी मूलतः आफ्ना काव्यकृतिमा सत्यम्, शिवम् र सुन्दरम्को संश्लेषण गर्दै सुनौलो भविष्य निर्माणमा रुचि राख्ने क्रान्तिकारी सर्जक हुन् । त्यसैले, मार्क्सवादी सौन्दर्यचिन्तनमा आधारित भई इच्छुकका कवितामा निहित सौन्दर्यमूल्यको खोजी गर्नु प्रस्तुत शोधको प्रमुख अभीष्ट हो ।

सौन्दर्य मूल्य सत्य र शिवसित सम्बद्ध विषय हो । सौन्दर्य मानवीय श्रम प्रक्रियासित सम्बन्धित छ र सारतः त्यो वर्गीय मूल्यमा आधारित हुन्छ । यसबाट सौन्दर्य भनेको वस्तु जगत्का यथार्थतामा देखिने गुण हो जुन चेतनाभन्दा बाहिर रहेको हुन्छ र त्यसैको चेतनामा प्रतिविम्बन हुन्छ भन्ने बुझिन्छ । यो वस्तुगत यथार्थवादी दृष्टि हो र मार्क्सवादी दृष्टि पनि यही हो । मार्क्स र एङ्गेल्सले कलात्मक सौन्दर्यको आधार वस्तुजगत् हो र मानवीय श्रमका सन्दर्भमा यथार्थ जगत्का विभिन्न वस्तुहरूबाट मान्छेमा सौन्दर्यात्मक संवेदना जागृत हुन्छ (गौतम, २०४९, पृ. १२२) भन्ने मानेको पाइन्छ । मार्क्स र एङ्गेल्सले भनेझैं वस्तुजगत्

भनेको समाज हो र श्रमको उत्पादन पनि समाजभित्रै हुन्छ । इतिहास चेतनाका आधारमा समाजको अध्ययन गर्ने तथा प्रगतिवादको मूल सैद्धान्तिक आधार मानिने ऐतिहासिक भौतिकवादले इतिहासको निर्माता कुनै महापुरुष नभएर सामाजिक जीवन र इतिहासको विकासमा निर्णायक भूमिका निर्वाह गर्ने श्रमजीवी/उत्पीडितवर्ग हुन् भन्ने कुरा देखाएको छ । इतिहासको विकास प्रक्रियामा उत्पादक शक्ति र उत्पादन सम्बन्धमा आधार र उपरि संरचना सामाजिक सत्ता र सामाजिक चेतनाबीचको द्वन्द्वात्मक सम्बन्धले विशेष भूमिका खेल्दछ भने समाजकै जगका रूपमा रहेको आर्थिक आधारकै उपरि तहमा राजनीति, कानुन, दर्शन, नैतिकता सौन्दर्य चिन्तनजस्ता विविध रूप रहन्छन् र ती बीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ (चैतन्य, २०६४, पृ. २५) । त्यसैगरी, ऐतिहासिक भौतिकवादले वर्गसमाजको उदयपछि समाजमा वर्गसङ्घर्षको अनिवार्यतालाई देखाउँदै अन्तर्विरोधको समाधान पनि वर्गसङ्घर्षबाट नै हुने मान्यता प्रस्तुत गरेको छ । शासकवर्ग पुराना उत्पादन सम्बन्धलाई कायम राख्न आफ्नो सारा बल लगाउँछ र त्यसका विरुद्ध शोषितवर्गले क्रान्तिकारी सङ्घर्ष सम्पन्न गर्दछन् । वर्गसङ्घर्षकै उच्चतम रूप क्रान्ति हो र क्रान्ति भनेको इतिहासको चालक शक्ति हो ।

यसरी, समाजको वर्गीय बनोट खास-खास समाजका मुख्य वर्गहरू, मानिसहरूका विचार तथा उनका क्रियाकलापसँग सम्बन्धित वर्गस्वार्थको अध्ययन गर्ने, बुझ्ने र बदल्ने तरिकालाई ऐतिहासिक भौतिकवादी सिद्धान्तले व्याख्या गरेको छ । मार्क्सवादी सौन्दर्य चिन्तनका क्षेत्रमा सौन्दर्यलाई विभिन्न कोणबाट परिभाषित गर्ने गरेको पाइन्छ । सौन्दर्यपरक प्रवर्ग (सुन्दर र कुरूप, उदात्त र निच, दुःखान्त र प्रहसन, सङ्गति र असङ्गति) वर्ग समाजमा वर्गीय नै हुन्छन् (भण्डारी, २०७५, पृ.४) । मार्क्सवादी सौन्दर्यदृष्टिलाई द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको समुच्चय योगमा विकसित सिद्धान्तसमेत मानिन्छ । यस सिद्धान्तले उत्पादन पद्धतिमा आउने परिवर्तनले कलासाहित्यमा के कस्तो भिन्नता ल्याउँछ ? समाजमा विद्यमान वर्गद्वन्द्वले कवितालाई कसरी प्रभावित गर्छ र कवितामा त्यसको प्रतिविम्बन कसरी हुन्छ भनी विश्लेषण गर्न सहायता प्रदान गर्दछ । मार्क्सवादले कलासाहित्यलाई अधिरचनाका रूपमा व्याख्या गर्छ र यस्तो कला साहित्यको निर्माणमा आधार (उत्पादक शक्ति) को भूमिका महत्त्वपूर्ण हुने मान्यता राख्दछ (पाण्डेय, २०७३, पृ. १५६) । अर्थात्, कुनै समाजको उत्पादन शक्ति र उत्पादन सम्बन्ध जस्तो छ त्यसैको प्रतिबिम्बन कलासाहित्यमा हुन्छ भन्नु नै मार्क्सवादी सौन्दर्यचिन्तनको मुख्य आशय हो ।

समाजमा द्वन्द्व सांस्कृतिक रूपान्तरणको उद्देश्यसहित नै चल्ने हुनाले सौन्दर्यको वर्गद्वन्द्वसँग अन्योन्याश्रित सम्बन्ध रहेको छ । मार्क्सवादले समाज वर्गमा विभाजित हुन्छ, वर्गविभाजित समाजमा वर्गद्वन्द्व हुन्छ र वर्गद्वन्द्वमा शोषकवर्गको पराजय र शोषित वर्गको विजय हुन्छ भन्ने मान्दछ । उत्पीडितवर्गले उत्पीडक वर्गबाट बलपूर्वक अधिकार खोसेर मात्रै सुन्दर जीवन तथा सुखद् भविष्यको निर्माण गर्न सक्छ भन्ने मान्यता मार्क्सवादको रहेको छ (भण्डारी, २०५५, पृ. ३१) । मार्क्सवादको यही मान्यताअनुरूप इच्छुकका कविताले समाजमा विद्यमान वर्गद्वन्द्वलाई अभिव्यक्ति दिँदै आएका छन् । मार्क्सवादी दृष्टिकोणमा आधारित भई काव्य रचना गर्ने इच्छुकका कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति सौन्दर्यमय बनेर आएको छ । वर्गीय समाजमा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा वर्गद्वन्द्वहरू विद्यमान रहन्छन् (गिरी, २०७२, पृ. २)। यसैअनुरूप इच्छुकका कवितामा वर्गद्वन्द्वले अभिव्यक्ति पाएको छ । सङ्क्षेपतः वर्गीय समाजमा विद्यमान वर्गद्वन्द्वलाई इच्छुकले आफ्ना कवितामा निकै महत्त्वका साथ प्रस्तुत गरेका छन् ।

वर्गद्वन्द्वको चित्रण गर्दै उत्पीडित वर्गको विजयको सुनिश्चितता प्रकट गर्दै रूपान्तरणको सन्देश दिनु तथा वर्गसङ्घर्षको चित्रणमार्फत् वर्गसौन्दर्यको अभिव्यक्ति दिनु यिनका कविताको विशिष्ट प्राप्ति हो । तसर्थ, कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्यको अभिव्यक्ति कसरी भएको छ र वर्गद्वन्द्वको के कस्तो प्रतिविम्बन भएको छ ? भन्ने कुराको निर्क्योल गर्नु नै प्रस्तुत शोधको प्रमुख विषय हो ।

## १.२ समस्याकथन

कृष्ण सेन इच्छुकका काव्यकृतिहरू प्राज्ञिक दृष्टिले गहन, मौलिक र अनुसन्धेय विषय हुन् । उनका काव्यकृतिको विभिन्न कोणबाट व्याख्या, विश्लेषण गर्ने कार्य भए तापनि वर्गसौन्दर्यको मूल स्रोतका रूपमा विद्यमान वर्गद्वन्द्व र त्यसबाट सृजित सौन्दर्यसम्बन्धी विषयलाई नै केन्द्रमा राखेर उनका कविताको प्राज्ञिक अध्ययन-अनुसन्धान हुन बाँकी रहेकाले प्रस्तुत विषयमा रिक्तता देखिन्छ । यस रिक्तताको परिपूर्तिका लागि नै यो शोधकार्य गरिएको हो । समाजमा विद्यमान वर्गसम्बन्धी वैचारिक एवम् साहित्यिक मान्यताप्रति प्रतिबद्ध उनका काव्यकृतिमा अभिव्यक्त वर्गसौन्दर्यको पहिचान गरी विश्लेषण गर्नु नै यस शोधको प्राज्ञिक अध्ययनको विषय हो । प्रस्तुत अनुसन्धानमा इच्छुकका कवितामा केन्द्रित

रही वर्गसौन्दर्यको विधिसम्मत विश्लेषण र मूल्याङ्कनसँग सम्बद्ध प्राज्ञिक समस्याको समाधानका लागि तयार पारिएका शोध्य प्रश्नहरू यसप्रकार रहेका छन् :

(क) कृष्ण सेन इच्छुकका कवितामा वर्गद्वन्द्वको के कस्तो अभिव्यक्ति पाइन्छ ?

(ख) कृष्ण सेन इच्छुकका कवितामा वर्गीय सौन्दर्य कसरी अभिव्यक्त भएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

इच्छुकका कवितामा अभिव्यक्त वर्गसौन्दर्यको खोजी गर्नु नै प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । शोध समस्याहरूको समाधानमा केन्द्रित प्रस्तुत शोधप्रबन्ध निम्नलिखित उद्देश्य प्राप्तितर्फ उन्मुख रहेको छ :

(क) कृष्ण सेन इच्छुकका कवितामा अभिव्यक्त वर्गद्वन्द्वको पहिचान गरी विश्लेषण गर्नु ।

(ख) कृष्ण सेन इच्छुकका कवितामा अभिव्यक्त वर्गीय सौन्दर्यको पहिचान गरी समीक्षा गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यअन्तर्गत काव्यविधाको श्रीवृद्धिमा उल्लेख्य योगदान पु-याउने कृष्ण सेन इच्छुक आधुनिक नेपाली प्रगतिवादी धाराका विशिष्ट कवि प्रतिभा हुन् । इच्छुक समाजमा विद्यमान वर्गीय विभेद र त्यसबाट सृजित समस्यालाई कविताको विषयवस्तु बनाई कविता रच्ने काव्यप्रतिभा हुन् । समाजमा व्याप्त शोषणका विरुद्ध कलम चलाउने उनका विभिन्न पत्रपत्रिकामा निबन्ध, फुटकर कविता तथा कवितासङ्ग्रह प्रकाशित छन् । तिनै काव्यकृतिबाट उनको साहित्यिक व्यक्तित्वले व्यापकता पाएको छ । विभिन्न कालखण्डमा उनको समग्र व्यक्तित्व तथा कृतित्वमा केन्द्रित भई विभिन्न समीक्षा/समालोचनाहरू प्रकाशित भएका छन् । यसका साथै स्नातकोत्तर एवम् दर्शनाचार्य तहमा समेत शोधकार्यहरू सम्पन्न भएका छन् । सौन्दर्यसम्बन्धी भिन्नताकै कारण वर्गद्वन्द्व हुने र वर्गद्वन्द्वको प्रक्रियामा नै वर्गसौन्दर्यको अभिव्यक्ति पाइने सन्दर्भमा प्रस्तुत शोधको समस्यासँग सम्बद्ध भएर गहन अध्ययन भएको पाइँदैन । प्रस्तुत शोधको सैद्धान्तिक आधार मार्क्सवादी सौन्दर्य चिन्तन भएका कारण नेपाली साहित्यमा यस दृष्टिकोणबाट भए गरेका नेपाली साहित्यका अध्ययनहरू यस शोधका पूर्वकार्यहरू हुन् । वर्गसौन्दर्यसम्बन्धी मान्यतासँग सम्बन्धित भएर गरिएका यस शोधकार्यसँग सम्बन्धित पूर्वअध्ययन एवम् समालोचनात्मक टिप्पणीहरू आंशिक अध्ययनका रूपमा मात्रै सीमित छन् । तसर्थ, प्रस्तुत

शोधकार्यसँग सम्बन्ध राख्ने जेजति चर्चा, परिचर्चा र पूर्वकार्यहरू उपलब्ध भएका छन् तिनको विवरण दिँदै समीक्षात्मक प्रस्तुति सहित कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ :

चैतन्य (२०५६) ले 'कलम' त्रैमासिक पत्रिकाको "इच्छुक रचित इतिहासको यस घडीमा शीर्षक कविता सङ्ग्रहबारे" शीर्षकको समालोचनात्मक लेखमा कवि इच्छुकले धार्मिक, जातीय लिङ्गीय, क्षेत्रीय सबैखाले उत्पीडन तथा भेदभाव सामन्ती निरङ्कुशता तथा संसदीय फाँसीवाद, वर्गसमन्वयवाद तथा अन्यायपूर्ण युद्धसहित सामन्ती पुँजीवादी वैचारिक मूल्यमान्यताका विरुद्ध जनवाद, देशभक्ति न्यायपूर्ण युद्ध जनताको वर्गीय मुक्ति र सर्वहारा अन्तर्राष्ट्रियतावादको दृढ पक्षपोषण गर्नुभएको छ भनेका छन् । शोध्य विषयको विश्लेषणका लागि असाध्यै उपयोगी भए पनि प्रस्तुत पूर्वकार्य एउटा कवितासङ्ग्रहका बारेमा मात्र केन्द्रित भएर गरिएको विश्लेषण हो ।

नन्दीश अधिकारी (२०५७) ले *कलम* साहित्यिक पत्रिकाको वर्ष ८ अङ्क १ को "बन्दी र चन्द्रागिरिमा इच्छुकको कवित्व" नामक समालोचनात्मक लेखमा इच्छुकको कवित्वबारे मूल्याङ्कन गर्दै कवि कृष्ण सेन इच्छुकका काव्यकृतिमा देवकोटाको पागलको सत्य, भूपिका कविताको लालित्य, युद्धप्रसाद मिश्रको परिपक्व वैचारिक दृढता र वर्गीय पक्षधरता, गोपालप्रसाद रिमालको क्रान्तिप्रतिको विश्वास र आस्था समष्टिगत रूपमा फेला पर्दछन् भनेका छन् । प्रस्तुत लेखमा इच्छुकका कवितालाई वर्गसौन्दर्यका आधारमा विश्लेषण गर्न स्पष्ट आधार प्राप्त हुने भएकाले उपयुक्त पूर्वकार्यका रूपमा यसलाई यहाँ समेटिएको हो ।

खगेन्द्रप्रसाद लुइँटेल (२०६०) ले *नेपाली कविताको इतिहास नामक* कृतिमा समसामयिक युगीन अनेक गतिविधि र घटनावलीको कवितात्मक प्रस्तुति पाइने सेनका रचनामा सामाजिक वर्गविभेदको विरोध, वर्गीय पक्षधरता, राष्ट्रियता, देशप्रेम, वर्गप्रेम, प्रकृतिप्रेम, मातृभूमिप्रेम, समाजवादी राजनीतिक आस्था र प्रतिबद्धता, दार्शनिक स्पष्टता क्रान्तिकारी र विद्रोही चेतना एवं मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनको उद्देश्यमूलक प्रस्तुति, बलिदानीपूर्ण भावनाका साथै जागरणको स्वरसमेत अभिव्यञ्जित छ भनेका छन् । उक्त कृतिमा समष्टिगत रूपमा इच्छुकको मूल्याङ्कन गर्ने प्रयत्न गरिएको छ । आर्थिक असमानताका कारण वर्गको उत्पत्ति, वर्गसौन्दर्य र वर्गद्वन्द्वका दृष्टिले यिनका कृतिको अध्ययन नगरिनु नै उक्त पूर्वकार्यको सीमा हो । शोध्य विषयसँग सम्बद्ध रहेर उक्त पुस्तकमा

गहन अध्ययन नगरिएको भए पनि शोध्य समस्या विश्लेषणका लागि भने सो पूर्वकार्य उपयोगी रहेको छ ।

घनश्याम ढकाल (२०६०) ले सुकुम शर्माद्वारा लेखिएको *कवि इच्छुक कविताका सन्दर्भमा* नामक समालोचनात्मक कृतिको भूमिकामा "इच्छुक युगचेतनाका आवाज हुन्, नेपाली धर्तीका कहिल्यै नओइलाउने गुराँस, जनसांस्कृतिक आन्दोलनका अथक यात्री मात्र होइनन्, वर्गयुद्धद्वारा सिर्जित नवीन यथार्थका अन्वेषक एवम् न्याय र समानताका पक्षधर, मानव सौन्दर्यका सर्जक हुन्" भनेका छन् । ढकालद्वारा व्यक्त उक्त भनाइमा शोध्य विषयका लागि पर्याप्त सहयोगी आधार प्राप्त हुने भएकाले नै यस पूर्वकार्यलाई आधार सामग्रीका रूपमा यहाँ राखिएको छ ।

सुकुम शर्मा (२०६०) ले *कवि इच्छुक : कविताका सन्दर्भमा* नामक अनुसन्धानमूलक कृतिमा आफ्नो वर्गप्रति वर्गीय ममतायुक्त भाव प्रस्तुत गर्नु सेनका कवितामा पाइने भावसौन्दर्यको वैशिष्ट्य हो भनेका छन् । उक्त पुस्तकमा शर्माद्वारा व्यक्त समालोचनात्मक टिप्पणीलाई केलाउँदा इच्छुकका कवितामा वर्गसौन्दर्यको स्पष्ट अभिव्यक्ति रहेको सूचना फेला पर्दछ र उक्त अभिव्यक्ति इच्छुकका कवितामा पाइने वर्गसौन्दर्यकोअध्ययनका लागि निकै महत्त्वपूर्ण स्रोत सामग्री हो ।

ईश्वरचन्द्र ज्ञवाली (२०६४) ले *आस्था र निष्ठाका सतिसाल* नामक ग्रन्थको "इच्छुक : अविचलित निष्ठाको अचल नक्षत्र" नामक समीक्षात्मक लेखमा इच्छुकका रचनाले जनताका आँसुको रमरम गन्ध, पसिनाको अमिलो स्वाद र जीवनको मर्मभेदी यथार्थ मात्र पोख्दैनन् तिनले त सहिदको रगतको नउग्लिने रङ त्यसको आत्मा र तिनका सपनाको अमीट आस्थाको प्रतिनिधित्व गर्छन्, जो इच्छुकको जीवन यथार्थकै अन्तर्य हुन् भनेका छन् । प्रस्तुत विवरण इच्छुकका कविताको विस्तृत अध्ययनमा आधारित छैन । तर, समाजशास्त्रीय अध्ययनको लक्ष्य निर्धारणमा सहयोगी बन्नुका साथै इच्छुकका कवितालाई मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गर्न सकिने सङ्केत भने पाइन्छ । यसर्थ, यसलाई पनि सहयोगी पूर्वकार्यका रूपमा लिएको छ ।

गोपीन्द्र पौडेल (२०६४) ले *आस्था र निष्ठाका सतिसाल कृष्ण सेन इच्छुक* ग्रन्थको "इच्छुक : व्यक्ति एक व्यक्तित्व अनेक" शीर्षक लेखमा इच्छुकको आस्था क्रान्तिकारी आन्दोलनप्रति, श्रमजीवी एवं उत्पीडित जनताप्रति र आमूल रूपान्तरणप्रति हुनाले आफ्नो

यही आस्था र निष्ठालाई उहाँका कविताले आत्मसात् गरेका छन् भनेका छन् । पौडेलद्वारा प्रस्तुत गरिएको यस समीक्षामा इच्छुकको कवि व्यक्तित्व एवं काव्य प्रवृत्तिबारे सूचित गरिएको छ । यसबाट कविले अपनाएको पेसा, त्यसबाट निर्मित कवि व्यक्तित्व, कविता रचनाको पृष्ठभूमि, वैचारिक आस्था एवं समय र समाजको आँकलन गर्न सहज हुने भएकाले उक्त विवरणलाई यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

चैतन्य (२०६४) ले *आस्था र निष्ठाका सतिसाल* नामक ग्रन्थमा "कविताका सन्दर्भमा कवि कृष्ण सेन इच्छुक" शीर्षकको लामो समालोचनात्मक लेख प्रस्तुत गर्दै वर्गसङ्घर्षको घातप्रतिघात र यसबाट सिर्जित संवेदनशीलता कवि इच्छुकका कविताको सृजन मुहान हो भनेका छन् ।

त्यसैगरी, चैतन्य (२०६४) ले नै *समीक्षा र सौन्दर्य*नामक अर्को कृतिमा सामन्तवाद, साम्राज्यवाद र विस्तारवादको उत्पीडनको विरोध र जनसमुदायको मुक्ति, राष्ट्रिय स्वाधीनता, जनवाद, समाजवाद र साम्यवादको आदर्शलाई इच्छुकले आफ्ना रचनाहरूको केन्द्रीय विषय बनाउँदै उहाँका कृतिहरूले देश, जनता र क्रान्तिप्रतिको प्रतिबद्धतालाई राम्रोसँग अभिव्यक्त गर्दछन् भनेका छन् । प्रस्तुत विवरणअनुसार इच्छुकका कवितालाई साम्यवादको आदर्श निर्माण गर्दै समाज परिवर्तनको चाहनाका साथ रचना भएको भएको सामग्रीका रूपमा चिनाइएको छ । जुन समाजशास्त्रीय अध्ययनसँग सम्बन्धित छ । यस पूर्वकार्यले प्रस्तावित शोधलाई सार्थक निष्कर्ष प्रदान गर्न सहयोगी भूमिका खेल्ने प्रस्ट छ ।

जगदीशचन्द्र भण्डारी (२०६४) ले *आस्था र निष्ठाका सतिसाल* नामक ग्रन्थको "इच्छुक : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि" नामक समालोचनात्मक लेखमा इच्छुक सर्वहारावर्गको मुक्तिका योद्धा हुनुहुन्छ र उहाँले आफ्ना काव्यकृतिमा सर्वहारावर्गकै पक्ष लिई तिनीहरूकै सङ्घर्षको अभिव्यञ्जना गर्नुभएको छ, भनेका छन् । प्रस्तुत समीक्षाका आधारमा 'इच्छुक' आफ्ना कवितामा सर्वहारा वर्गकै पक्षपोषण गर्दछन् र सोहीअनुरूप प्रतिरोधी चेतनाको अभिव्यक्ति दिन्छन् भन्ने विषय स्पष्ट रूपमा आएको छ । यो विवरण समाजशास्त्रीय अध्ययनसँग सम्बन्धित भएकाले यस पूर्वकार्यले शोध्य विषयलाई मार्गदर्शन गर्ने स्पष्ट आधार प्रदान गर्ने भएकाले यस पूर्वकार्यलाई यहाँ समावेश गरिएको हो ।

ताराकान्त पाण्डेय (२०६४) ले *आस्था र निष्ठाका सतिसाल* नामक ग्रन्थको "व्यक्तित्व र कृतित्वको आँखीझ्यालबाट" शीर्षक समालोचनात्मक लेखमा साम्यवादी

विचार र साम्यवादी भविष्यप्रतिको अविचल निष्ठा र आस्थाले नेपाली कविता साहित्यमा सम्भवतः इच्छुकका कवितामै सर्वोत्कृष्ट र सर्वोच्च अभिव्यक्ति पाएको छ भनेका छन् । पाण्डेयद्वारा प्रस्तुत गरिएको इच्छुकका काव्यकृतिको चर्चा गहन र बहुआयामिक छ । इच्छुकका कृतिमा अभिव्यक्त साम्यवादी विचार र साम्यवादी भविष्यप्रतिको विश्लेषणसमेत गरी इच्छुकका कवितामै उत्पीडनरहित समाज स्थापनाको लक्ष्य राखी शोषित वर्गप्रति प्रतिबद्ध भई सुखद भविष्यको सम्भावनातर्फ सङ्केत गरिएको छ । उक्त विवरणले शोध्य विषयसँगनिकट सम्बन्धराख्दछ । तसर्थ, इच्छुकका कवितामा वर्गसौन्दर्यसम्बन्धी अध्ययनलाई मार्गदर्शन गर्ने आधार सामग्रीका उल्लिखित विवरणलाई लिइएको छ ।

शक्ति लम्साल (२०६४)ले *आस्था र निष्ठाका सतिसाल* नामक ग्रन्थको "द्वन्द्ववादको प्रतीक र बिम्ब कृष्ण सेन इच्छुक" नामक समालोचनात्मक लेखमा कवि कृष्ण सेन 'इच्छुक' हाम्रो २१औं शताब्दीको उम्दा क्रान्तिकारी कवि हुनाका साथै हाम्रो यस शताब्दीको जनयुद्धका प्रतिनिधि र सर्वोच्च कवि हुन् भन्दै आफ्नोअभिमत प्रकट गरेका छन् ।यस टिप्पणीले पूर्णरूपमा 'इच्छुक'का कविताप्रति न्याय गर्न सकेको छैन । उपर्युक्त टिप्पणीमा 'इच्छुक'लाई उम्दा क्रान्तिकारी कवि हुन् भनिए पनि उनी के कति कारणले क्रान्तिकारी हुन् भन्ने विषयकेन्द्री अध्ययन भएको देखिँदैन । यति हुँदाहुँदै पनि अध्ययनको सहयोगी आधार सामग्रीका रूपमा प्रयोग गर्न भने उपयुक्त नै देखिन्छ ।

खेम थपलिया (२०६५) ले *नेपाली जनताका मुक्तिकामी सङ्घर्षहरू*पुस्तकको 'बन्दी र चन्द्रागिरि' कविता कृतिमा केन्द्रित समालोचनात्मक लेखमा भद्रगोल जेलमा बन्दी बनाइएका योद्धा नायकले चन्द्रागिरि पर्वतलाई साक्षी बनाएर क्रान्तिधर्मी विचार, कुरूप यथार्थको अनावरण, आफ्नो सामरिक निष्ठा, सर्वहारावादी भावना, वर्गशत्रुको अन्तर्बाह्य स्वरूपको चित्राङ्कन तथा नेपाली जीवनमा स्थापित, विकसित र परिष्कृत हुँदै गएको वर्गयुद्धको कलात्मक अभिव्यक्ति दिएका छन् भनेका छन् ।खेम थपलियाले प्रस्तुत गरेको उपर्युक्त समीक्षामा वर्गीय पक्षधरता 'इच्छुक'का कविताको मूल ध्येय रहेको कुरा औंल्याइएको छ । तसर्थ, यस अध्ययनका लागि आवश्यक पर्ने 'इच्छुक'का कवितामा वर्गसौन्दर्यसम्बन्धी आवश्यक दृष्टिकोण प्राप्त हुने भएकाले नै यसलाई यहाँ उल्लेखनीय पूर्वकार्यका रूपमा समेट्नु उपयुक्त देखिन्छ ।

हेमनाथ पौडेल (२०६५)ले *प्रगतिवादी दृष्टिमा कवि र कविता* नामक समालोचनात्मक कृतिमा इच्छुकमा अमरत्वको उच्चतम भावना, क्रान्तिकारी साहस, सत्यप्रतिको निष्ठा, शौर्य, पराक्रम र बलिदानको उदात्त सांस्कृतिक चेतना थियो, भनेका छन् । पौडेलको यस टिप्पणीमा कहाँ र कुन रूपमा इच्छुक रचित काव्यकृतिमा पराक्रम र बलिदानको उदात्त चेतना व्यक्त भएको छ भनी विश्लेषण गर्ने स्पष्ट आधार प्राप्त हुने भएकाले मार्क्सवादी दृष्टिकोणका आधारमा वर्गसौन्दर्यको खोजी गर्नका उक्त पूर्वकार्यले थप मद्दत पु-याउने देखिन्छ ।

प्रचण्ड (२०६५)ले *इच्छुक स्मृति-ग्रन्थ*का लागि दिएको अन्तर्वार्तामा "वर्गसङ्घर्षको जीवन्त, घनीभूत एवम् कलात्मक अभिव्यक्ति नै 'इच्छुक'का कविताका विशेषता हुन्" भनेका छन् । प्रचण्डद्वारा प्रस्तुत गरिएको यस टिप्पणीमा वर्गसङ्घर्षको जीवन्त र घनीभूत कलात्मक अभिव्यक्तिको आलोकमा 'इच्छुक'का कविताहरू विशिष्ट बनेका छन् भनिएकोछ । कुन कुन रचनामा वर्गसङ्घर्षको जीवन्त प्रस्तुति पाइन्छ भन्ने प्रस्ट नभए पनिमार्क्सवादीविचारका आधारमा कविताको विश्लेषण गर्न र विश्लेषणका आधार तय गर्न उक्त पूर्वकार्यले सहयोग गर्ने देखिन्छ ।

सुधा त्रिपाठी (२०६५) ले *इच्छुक स्मृति-ग्रन्थ*को "इतिहासको यस घडीमा पाइने आस्थाको स्वर" नामक समालोचनात्मक लेखमा शब्दले मात्र होइन कर्म र सम्पूर्ण जीवनशैलीले कम्युनिष्ट रहेका क्रान्तिकारी योद्धा कृष्ण सेनका सम्पूर्ण कविता श्रमजीवीवर्गको मुक्तिका निम्ति लेखिएका छन् भनेकी छन् । त्रिपाठीद्वारा प्रस्तुत गरिएको लेख विस्तृत अध्ययनमा आधारित नभई 'इच्छुक'को एउटै मात्र कृतिको विश्लेषणका आधारमा तयार गरिएकाले अपूर्ण देखिन्छ । यद्यपि, रचनाकारको वैचारिकता तथा कर्म र जीवनशैलीबारे स्पष्ट रूपमा सङ्केत गरिएकाले अध्ययनलाई मार्गदर्शन गर्ने आधार सामग्रीका रूपमा लिनु सान्दर्भिक देखिन्छ ।

सुरेश रानाभाट (२०६५).ले *कवि कृष्ण सेन इच्छुकको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन* नामक स्नातकोत्तर शोधपत्रको उपसंहार खण्डमा कवि इच्छुक वर्गीय स्वरमा स्पष्ट छन्, वर्गमुक्तिका लागि सङ्घर्षको आवाज कवितामार्फत अभिव्यक्त गर्नु उनको विशेषता हो र क्रान्तिकारी भावधारासँगै परिवर्तनका लागि त्याग, बलिदान र समर्पणको भावना उनका कवितामा पाइने विशेषता हुन् भनेका छन् । इच्छुक कवितामा वर्गीय स्वरमा स्पष्ट छन् र

वर्गमुक्तिका लागि सङ्घर्षको आवाज कवितामार्फत व्यक्त गर्नु उनको विशेषता हो भन्दै उनका कवितामा वर्गीयताको अभिव्यक्ति स्पष्ट रूपमा पाउन सकिने सूचना दिइएकाले वर्गीय प्रतिनिधित्व र अन्तर्विरोध एवम् वर्गद्वन्द्वका दृष्टिले उक्त सामग्री शोध्य विषयका लागि उपयोगी रहेको छ ।

नारायण खनाल (२०६६). ले *इच्छुकका कवितागत प्रवृत्तिको अध्ययन* शीर्षकको स्नातकोत्तर शोधपत्रमा इच्छुकको कविता लेखनबारे टिप्पणी गर्दै उनका कवितामा परिवर्तनप्रतिको आशावादी स्वर, स्वर्णिम भविष्यप्रतिको विश्वास, वर्ग दुस्मनलाई चुनौती, माटाको माया, प्रगतिशील चेतनाको जीवन्त प्रस्तुति प्रकट भएका छन् भनेका छन् । प्रस्तुत पूर्वकार्य उनका कवितामा अभिव्यक्त भाव एवम् विचारका सम्बन्धमा गरिएको सामान्य टिप्पणीमा मात्र केन्द्रित छ । तथापि, यस शोधको समस्यालाई पहिल्याउनका लागि सहयोग पुग्ने भएकाले उक्त सामग्रीलाई यहाँ समाविष्ट गर्नु सान्दर्भिक नै ठहर्छ ।

जगदीशचन्द्र भण्डारी (२०६७) ले *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य* नामक ग्रन्थको “इच्छुकका कविता : जनसमर र मुक्तिको कलात्मक अस्त्र” शीर्षकको समालोचनात्मक लेखमा आफ्नो समयको उन्नत र उच्च सङ्घर्ष, जनयुद्ध तथा सामन्तवादी साम्राज्यवादी तथा पुँजीवादी शोषणका विरुद्ध विद्रोह र युद्धचेतद्वारा संश्लिष्ट भई मुक्तिका निम्ति इच्छुक आफ्ना कवितामा दरिलोसँग उपस्थित भएर नेपाली कवितालाई वर्गयुद्ध र मुक्तिको अदम्य बलियो कलात्मक अस्त्रका रूपमा स्थापित गरेका छन् भनी टिप्पणी गरेका छन् । उपयुक्त पूर्वकार्यको अध्ययनले शोध्य विषयसँग स्पष्ट सरोकार राख्ने तथा अध्ययनका लागि आवश्यक आधार प्रदान गर्ने भएकाले त्यसलाई प्राथमिकताका समावेश गरिएको छ ।

अशोक सुवेदी (२०६८) ले *नौलो बिहानी* मासिक, वर्ष १४, अङ्क १ साहित्यिक पत्रिकामा प्रकाशित “नयाँ यथार्थ र कृष्ण सेन इच्छुक” शीर्षकको समीक्षात्मक लेखमा मार्क्सवादप्रतिको जब्बर निष्ठा र आस्थाका कारण ‘इच्छुक’का सम्पूर्ण रचना वर्गप्रेमले ओतप्रोत छन् र आफ्नो वर्गप्रति पूर्णतः समर्पित छन् भनेका छन् । उनका अनुसार जनयुद्धले सिर्जना गरेको नयाँ यथार्थको चित्रण होस् वा नयाँ यथार्थको निर्माणमा होस् ‘इच्छुक’ उत्तिकै प्रतिबद्ध र अविचलित देखिन्छन् । सुवेदीद्वारा प्रस्तुत गरिएको उक्त विवरणअनुसार ‘इच्छुक’का कवितामा वर्गप्रेमका साथै आफ्नो वर्गप्रति पूर्णतः समर्पणको भावना रहेको देखिन्छ । जुन समाजशास्त्रीय अध्ययनसँग सम्बन्धित छ । यस पूर्वकार्यले प्रस्तावित शोधलाई सार्थक निष्कर्ष प्रदान गर्न सहयोगी हुने स्पष्ट छ ।

ताराकान्त पाण्डेय (२०६८) ले *रत्न बृहत् समालोचना* नामक समालोचनात्मक ग्रन्थको "समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्ति" शीर्षकको समालोचनात्मक लेखमा इच्छुकरचित 'अस्वीकार' कविताको साक्ष्य प्रस्तुत गर्दै यहाँ केवल जातीय सन्दर्भ मात्रै छैन, वर्गीय र राजनीतिक सन्दर्भ पनि छ, अछूतहरूले सिनो फाल्नुपर्ने अवस्था केवल जातीय संस्कारसँग मात्र सम्बन्धित छैन, त्यो राज्यसँग पनि सम्बन्धित छ, यो यथार्थबोध नगरी दलित आन्दोलन अगाडि बढ्दैन र यही यथार्थबोध यस कवितामा व्यक्त भएको छ, यस्तै यथार्थबोधको अभिव्यक्ति इच्छुकको 'अस्वीकार' शीर्षकको कवितामा पाइन्छ भनेका छन् । पाण्डेयद्वारा प्रस्तुत उक्त विचार कविको समग्र प्रवृत्तिमा नभई कुनै एक कवितामा मात्र केन्द्रित विचार भए पनि यसबाट समेत सेनका कवितामा अभिव्यक्त वर्गसौन्दर्यलाई बुझ्न सहयोगी देखिएकाले उक्त पूर्वकार्यलाई यहाँ स्थान दिइएको छ ।

ईश्वरचन्द्र ज्ञवाली (२०७०) ले *आदर्श नायक कृष्ण सेन 'इच्छुक'* नामक पुस्तकको "वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य" नामक अन्वेषणात्मक लेखमा सेन समकालीन प्रगतिवादी स्रष्टा हुन्, क्रान्तिका गायक कवि हुन्, युगचेतनाको सञ्चार कविताबाट गर्न चाहने विचार, निष्ठा र आन्दोलनका कवि हुन्, वर्गचेतना, वर्गप्रेम, वर्गघृणा र वर्गमुक्तिको शाश्वत अभिव्यक्ति सेनका कविताको विशिष्टता हो भनेका छन् ।

ताराकान्त पाण्डेय (२०७०) ले *आदर्श नायक कृष्ण सेन इच्छुक* नामक ग्रन्थको "जनयुद्धको उदात्त संस्कृतितिर इच्छुकको आदर्श" नामक समीक्षात्मक लेखमा विचारमा साम्यवादप्रति, (मार्क्सवादप्रति) अटल आस्था र संस्कारमा त्यही आदर्श र आस्थाको सुरक्षार्थ मृत्युमै पनि सौन्दर्य देख्ने उदात्तता, यही हो इच्छुकले निर्माण गरेको मूल्यको धरोहर, भनेका छन् । प्रस्तुत विवरणमा इच्छुकलाई मार्क्सवादी विचारप्रति आस्थावान्, व्यवहार र विचारमा समान एवं सांस्कारिक व्यक्तिका रूपमा चिनाउने प्रयत्न गरिएको छ । पाण्डेयद्वारा प्रस्तुत गरिएको यो लेख कृतिकेन्द्री नभए तापनि 'इच्छुक'का कृतिमा व्यक्त वैचारिकताको अध्ययनका लागि उपयोगी हुने देखिन्छ ।

दिल साहनी (२०७०) ले *लेखक* वर्ष १, अङ्क १ साहित्यिक पत्रिकामा "कृष्ण सेन इच्छुकका कवितामा गुञ्जित स्वरहरू" नामक लेखमा वर्गशत्रुप्रति अत्यन्तै कठोर देखिने कृष्ण सेन इच्छुक वर्गमित्रप्रति अत्यन्त कोमल देखिन्छन् भनेका छन् । साहनीद्वारा प्रस्तुत गरिएको यस लेखमा इच्छुकका कवितामा अभिव्यक्त वैचारिकताका बारेमा स्पष्ट रूपमा

सङ्केत गरेको पाइन्छ । तसर्थ, 'इच्छुक'का काव्यात्मक विशेषता पहिल्याउन उक्त विवरणलाई यस अध्ययनका लागि उपयोगी सामग्रीका रूपमा समेट्न सकिन्छ ।

हीरामणि दुःखी (२०७०) ले *लेखक* वर्ष १, अङ्क १ मा 'इच्छुक' का कवितामा पाइने मूलतत्त्व वा प्रवृत्ति भनेको वर्गबोधी चिन्तन हो । इच्छुकले नेपाली समाजमा भएको वर्गीय, जातीय, क्षेत्रीय एवं लैङ्गिक उत्पीडनका कथा-व्यथाहरूलाई विभिन्न बिम्बमार्फत आफ्ना कविताहरूमा राम्रोसँग उजागर गर्नुभएको छ भनेका छन् । यस विवरणमा 'इच्छुक'का काव्यगत प्रवृत्तिबारे स्पष्ट रूपमा सङ्केत गरिएको छ जुन शोध्य विषयसँग पनि सम्बन्धित छ । तसर्थ, यहाँ उक्त पूर्वकार्यलाई उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

ताराकान्त पाण्डेय (२०७३) ले *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा सामाजिक रूपान्तरणको आन्दोलनमा संलग्न हुँदा आँसु र हाँसोका बीच जन्मिने भावावेगको ओजपूर्ण अभिव्यक्ति गर्न इच्छुकका कविता सक्षम छन् र त्यो सामर्थ्य अनुभूति र प्रविधिको फ्युजनबाटै प्राप्त भएको छ, यो फ्युजन यति शक्तिशाली छ कि पाठकलाई कविता पढिरहेको हो कि जीवन छुट्याउन गाह्रो हुन्छ, भनेका छन् ।यस विवरणमा इच्छुकका कवितामा मानवीय जीवनका सुखदुःखका आरोह अवरोहका बीच जन्मिने भावावेगको ओजपूर्ण अभिव्यक्ति पाइने कुरामा जोड दिइएको छ । उक्त विचार शोध्य विषयसँग पूर्ण रूपमा सम्बद्ध नभए तापनि यसबाट के कति कारणले उनका कवितामा अनुभूति र प्रविधिको तालमेल पाइन्छ भन्ने निष्कर्षमा पुग्न सजिलो हुने भएकाले पाण्डेयद्वारा प्रस्तुत उक्त विवरणलाई यहाँ स्थान दिनु सान्दर्भिक हुन आउँछ ।

नवीन विभास (२०७३) ले *इच्छुक,* वर्ष ३, पूर्णाङ्क ३, मा "उनका गीत गुञ्जिरहेछन् इतिहासको यस घडीमा" शीर्षकको लेखमा सौन्दर्य र विचारले लछप्पै भिजेका 'इच्छुक'का कविताहरू ज्यूँदाजाग्दा र उच्च छन् । जनजिब्रोका बोलीहरू चिम्टाले झैँ टिपिएका शब्दहरू छाम्दा कोमल र गाउँदा लयात्मक छन् । बिम्ब र प्रतीकका पक्की इँटाले बनेका प्रत्येक पङ्क्तिहरूमा पसिनाको गन्ध मात्र आउँदैन यसको मूल्य खोज्ने उज्यालो टर्च पनि छ र उनका कवितामा असीम र गहिरो वर्गीय माया भेटिन्छ भनेका छन् । विभासद्वारा प्रस्तुत गरिएको यस लेखमा इच्छुकका कवितामा अभिव्यक्त वर्गीय विचार एवं शैलीशिल्पगत पक्षमा जोड दिइएको छ । शैलीशिल्पगत पक्षको अध्ययन यस अध्ययनसँग असम्बन्धित भए पनि इच्छुकका कवितामा के कस्तो वर्गीय प्रेमको अभिव्यक्ति पाइन्छ भन्ने निष्कर्ष निकाल्न

आवश्यक मार्गनिर्देशन प्राप्त हुने भएकाले यस पूर्वकार्यले प्रस्तावित शोधलाई सार्थक निष्कर्ष प्रदान गर्न सहयोग पुऱ्याउने निश्चित छ ।

सुकुम शर्मा (२०७३) ले *कवि इच्छुक : कविताका सन्दर्भमा* कृतिको "नेपाली कविता परम्परामा इच्छुकको साधना" नामक समालोचनात्मक लेखमा कवि कृष्ण सेन 'इच्छुक' प्रतिबद्धता, त्याग र उत्सर्गका दृष्टिले मात्र नभई कवितात्मक सौन्दर्य र मूल्यका दृष्टिमा पनि उत्कृष्ट प्रतिभा हुन् । उपर्युक्त समीक्षामा कवि इच्छुकको वैचारिकताका सम्बन्धमा वस्तुतथ्यमा आधारित भई टिप्पणी गरेको पाइन्छ । उपयुक्त टिप्पणीबाट समेत इच्छुकका कविताहरू केकति कारणले सौन्दर्य र मूल्यका दृष्टिले उत्कृष्ट छन् भन्ने तथ्य बुझ्नका लागि आवश्यक दृष्टिकोण प्राप्त हुने भएकाले उक्त पूर्वकार्यलाई यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

हरिप्रसाद सिलवाल (२०७४) ले *नेपाली प्रगतिवादी कविताको इतिहास*नामक समालोचनात्मक कृतिमा कवि इच्छुकले तत्कालीन सामन्ती सत्ता र संस्कृति, साम्राज्यवाद, राज्यद्वारा गरिएका जनदमनप्रति कवितामा प्रतिरोध गरेका र बन्दी जीवनमा रहँदा आफ्नो कवित्व शिल्पबाटअत्याचारको विरोधमा चोटिला कविताहरू रचेर समाज परिवर्तनको मार्गमा क्रान्तिकारी योगदान पु-याएका छन् भनेका छन् । उनको यो टिप्पणी इच्छुकको कवितालेखनबारे गम्भीर विश्लेषणमा आधारित रहेकाले वर्गसौन्दर्यसम्बन्धी अध्ययनका कोणबाट अध्ययन गर्नका लागि उक्त टिप्पणी निकै सहयोगी रहेको छ ।

जगदीशचन्द्र भण्डारी (२०७५)ले *सौन्दर्यको अन्वीक्षण* नामक समालोचनात्मक कृतिमा 'इच्छुक' को कवितात्मक सौन्दर्यबारे समीक्षा गर्दै 'इच्छुक'का कविता जनयुद्ध, वर्गसङ्घर्ष तथा उच्च लक्ष्यका बीच रहेको एकात्मकताको विशिष्ट अभिव्यक्ति हुन् भनेका छन् ।

उपर्युक्त पूर्वकार्यको सर्वेक्षण र समीक्षाका आधारमा कवि इच्छुकको जीवनी, व्यक्तित्व र कृतित्व तथा कृतित्वअन्तर्गत उनको कवित्व र प्रवृत्तिमा केन्द्रित भएर गरिएका अध्ययन, शोध, समीक्षा/समालोचनाका आधारमा अहिलेसम्म इच्छुकका कविताको काव्यात्मक वैशिष्ट्य निरूपण गर्ने प्रयत्न मात्र भएको देखिन्छ । उक्त समीक्षामा कवि इच्छुकको व्यक्तित्व र काव्यप्रवृत्तिका बारेमा सङ्क्षिप्त टिप्पणी गरेको पाइए तापनि उनका कविताको अधिकांश शोध, समीक्षा एवम् समालोचनामा उनका कवितामा अन्तर्निहित

वर्गसौन्दर्यसम्बन्धी  विषयमा केन्द्रित भई गहन अध्ययन एवं शोधपरक विवेचना भने भएको देखिँदैन । तसर्थ, यस पूर्वकार्यबाट शोध्य विषयका लागि चाहिने आवश्यक सूचना पाइएकाले उक्त कार्यलाई यहाँ उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

कृष्ण सेन इच्छुकका कवितामा केन्द्रित भएर गरिएका उल्लिखित पूर्वकार्यमा अध्येताहरूले आ-आफ्नै दृष्टिकोणबाट मूल्याङ्कन तथा विश्लेषण गर्ने प्रयत्न गरेका छन् । उक्त विवरणमा सामाजिक वर्ग, लैङ्गिक वर्ग, लैङ्गिक विभेद, जातीय वर्ग, श्रमजीवी वर्ग, क्षेत्रीय वर्ग, वर्गीय विभेद, वर्गीय संरचना आदि विभिन्न आधारमा अध्ययन गरेको देखिए पनि वर्गसौन्दर्यसम्बन्धी सिद्धान्तअनुसार भने अध्ययन भएको छैन ।

## १.५ शोधकार्यको औचित्य

कृष्ण सेन इच्छुकका चारवटा काव्यकृतिहरू प्रकाशित रहेका छन् । उनका कवितामा नेपाली समाजमा उत्पादन सम्बन्धका आधारमा उत्पत्ति भएका विभिन्न वर्ग र ती वर्गका बीचको द्वन्द्व एवम् त्यससँग सम्बन्धित विषयलाई सौन्दर्यका रूपमा प्रस्तुत गरिएको छ । यिनका कवितामा अभिव्यक्त वर्गसौन्दर्य, वर्गद्वन्द्व, वर्गसङ्घर्ष, वर्गीय अन्तर्विरोध, वर्गप्रतिरोध र निम्नवर्गले प्राप्त गर्नुपर्ने सबै किसिमका स्वतन्त्रता एवं वर्गीय मुक्तिबारे जेजस्ता खोज विश्लेषण अध्ययन गरिएका छन् त्यससँग सम्बन्धित अध्ययनमा प्रस्तुत शोध केन्द्रित रहेको छ । प्रस्तुत शोधमा कृष्ण सेन इच्छुकका कवितामा भेटिने वर्गसौन्दर्यसम्बन्धी ज्ञानको वस्तुनिष्ठ रूपमा प्राज्ञिक प्रतिपादन गरिएको छ र यो नै यस शोधको मौलिकता हो । त्यही मौलिक र प्राज्ञिक अध्ययनका रूपमा सम्पन्न गरिने कार्य भएकाले यो शोध औचित्यपूर्ण भएको कुरा प्रस्ट हुन आउँछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

कृष्ण सेन इच्छुकको व्यक्तित्वलाई विभिन्न कोणबाट हेर्न सकिने आधारहरू भए तापनि उनी मूलतः कवि हुन् । यिनका *शोकाञ्जली* (शोककाव्य) (२०४८), *इतिहासको यस घडीमा* कवितासङ्ग्रह (२०५६), *बन्दी र चन्द्रागिरि* (लामो कविता) (२०५७), बन्दी आवाज ( कवितासङ्ग्रह) तथा आरम्भिक कविता (कवितासङ्ग्रह) जस्ता काव्यकृति प्रकाशित भए पनि यस शोधकार्यमा वर्गसौन्दर्य र वर्गद्वन्द्वको सघन अभिव्यक्ति भएका कविताकृतिको छनोट गरी प्रगतिवादी चिन्तनको मुख्य दार्शनिक आधार ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी (

मार्क्सवादी) दर्शनलाई आधार मानी वर्गसौन्दर्य र वर्गद्वन्द्वका आधारमा ४७ वटा कविताको विश्लेषण गरिएको छ । त्यसबाहेक, मार्क्सवादी सौन्दर्य चिन्तनमा प्रचलित सौन्दर्यका अन्य कोणबाट अध्ययन नगरिनु यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि तथा विश्लेषणको सैद्धान्तिक आधार र ढाँचाको प्रयोग सन्दर्भलाई तलका उपशीर्षकमा बेग्लाबेग्लै राखी स्पष्ट पारिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय अध्ययनबाट सङ्कलन गरिएका छन् । यस शोधमा इच्छुकका विश्लेष्य कृतिहरू प्राथमिक वा आधारभूत स्रोतका रूपमा रहेका छन् भने ती कवितामाथिको विवेचनासँगै वर्गसौन्दर्य एवम् यस्तो अभिव्यक्तिको मूल स्रोत मानिने वर्गद्वन्द्वसम्बन्धी सैद्धान्तिक अवधारणासँग सम्बन्धित सामग्री द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यी दुवैखाले सामग्री पुस्तकालयमै उपलब्ध हुने भएकाले सामग्रीहरूको महत्त्वपूर्ण स्रोतका रूपमा पुस्तकालय नै रहेको छ । विश्लेष्य कविताको चयनका लागि वर्गसौन्दर्य एवम् वर्गद्वन्द्वको सघन अभिव्यक्ति र कविताको स्तरीयतालाई आधार बनाइएको छ ।

### १.७. २ अध्ययन तथा विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोध कवितासँग सम्बन्धित भएकाले यसको मूल ढाँचा पाठ विश्लेषणमा आधारित गुणात्मक प्रकारको रहेको छ । यस शोधमा इच्छुकका कवितामा अन्तर्निहित वर्गसौन्दर्यको अभिव्यक्तिलाई मुख्य विश्लेष्य पक्ष बनाइएकाले प्रथमतः वर्गसौन्दर्य र वर्गद्वन्द्वको सैद्धान्तिक स्वरूपका बारेमा चर्चा गरी मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताका आधारमा त्यसको निरूपण गरिएको छ । उक्त अध्ययनबाट कविताका अन्तर्वस्तु र रूप दुवै तत्त्वमा वर्गसौन्दर्य र वर्गद्वन्द्वको अभिव्यक्ति हुने भए पनि यस शोधमा अन्तर्वस्तुका तहमा अभिव्यक्त वर्गसौन्दर्य र वर्गद्वन्द्वगत अभिव्यक्तिको गहन विश्लेषण गरिएको छ । त्यसक्रममा अन्तर्वस्तुअन्तर्गत इच्छुकका कवितामा अभिव्यक्त वर्गसौन्दर्य र वर्गद्वन्द्वका विभिन्न पक्षलाई संश्लेषण गर्दै विश्लेषणको आधार निर्माण गरी सामान्यीकृत् निष्कर्ष प्रदान गरिएको छ ।

प्रस्तुत शोधका सङ्कलित सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा शोध समस्याको क्रमअनुसार यसप्रकार रहेको छ :

(क) शोध समस्या 'क' मा उल्लिखित कृष्णसेन इच्छुकका कवितामा वर्गद्वन्द्वको के कस्तो अभिव्यक्ति पाइन्छ ? भन्ने प्रश्नसँग सम्बन्धित सामग्रीको विश्लेषणका लागि निम्नलिखित आधारहरूको प्रयोग गरिएको छ :

(अ) साम्राज्यवादको विरोध

(आ) वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था

(इ) आमूल परिवर्तनको स्वप्न एवम् क्रान्तिको महिमागान

(ई) राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध

(उ) दलित तथा आदिवासी जनतामाथि आर्थिक एवम् सामाजिक उत्पीडनको विरोध

(ऊ) लैङ्गिक असमानता तथा उत्पीडनको आलोचना

(ऋ) राज्य आतङ्कको विरोध

(ए) राजनीतिक विकृति र विसङ्गतिको चित्रण

(ऐ) वर्गद्वन्द्वमा सामेल योद्धा (सहिदहरू) को वीरता, साहस र त्यागप्रति सम्मान

(ओ) भविष्यप्रति आस्था एवम् विश्वास

(औ) वर्गीय चेतनाको अभिव्यक्ति

(ख) शोध समस्या 'ख' मा उल्लेख गरिएको कृष्ण सेन इच्छुकका कवितामा वर्गीय सौन्दर्य कसरी अभिव्यक्त भएको छ ? भन्ने प्रश्नसँग सम्बन्धित सामग्रीको विश्लेषणका लागि निम्नलिखित आधारहरूको प्रयोग गरिएको छ :

(क) दार्शनिक विश्वदृष्टिकोणका आधारमा

(ख) निम्नवर्गीय पक्षधरताका आधारमा

(ग) उत्पीडित वर्गको प्रतिरोधी चेतनाका आधारमा

(घ) सामाजिक समस्याप्रतिको सचेतना तथा वर्गबोधका आधारमा

(ङ) चिन्तनगत वर्गबद्धताका आधारमा

(च) वर्गीय, वैचारिक, राजनीतिक तथा साङ्गठनिक प्रतिबद्धताका आधारमा

**१. ८ शोधप्रबन्धको रूपरेखा**

प्रस्तुत शोधप्रबन्धलाई निम्नानुसारका परिच्छेदहरूमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : कृष्ण सेन इच्छुकका कवितामा वर्गद्वन्द्व

तेस्रो परिच्छेद : कृष्ण सेन इच्छुकका कवितामा प्रतिविम्बित सौन्दर्य

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

प्रस्तुत शोधप्रबन्धको अन्त्यमा सन्दर्भसामग्री सूची दिइएको छ :

# दोस्रो परिच्छेद

# कृष्ण सेन इच्छुकका कवितामा वर्गद्वन्द्व

## २.१. विषयपरिचय

कृष्ण सेन इच्छुकका कवितामा काव्य सृजनाको प्रारम्भिक चरणदेखि नै वर्गद्वन्द्वको अभिव्यक्तिले उच्च महत्त्व पाउँदै आएको पाइन्छ । पच्चीस वर्षभन्दा लामो कविता यात्रामा इच्छुकले आफ्नो युगको यथार्थलाई प्रगतिवादी कवितासम्बन्धी मान्यतामा अडिग रही प्रखर काव्यात्मक अभिव्यक्ति दिएका छन् । युगीन सौन्दर्य, वर्गसौन्दर्य र वस्तुसौन्दर्यको अभिव्यक्तिसँगै वर्गद्वन्द्वको काव्यात्मक अभिव्यक्तिलाई इच्छुकका कविताको प्रमुख विशेषतामध्ये एक मानिन्छ । इच्छुक रचित कविताको अध्ययन गर्दा उनका कवितामा दुई प्रमुख विरोधी वर्गहरूबीचको द्वन्द्वलाई निकै प्राथमिकताका साथ प्रस्तुत गरिएको पाइन्छ । शिल्प एवम् विचारको कलात्मक अन्तर्घुलन गर्दै वर्गद्वन्द्वको यथार्थपरक अभिव्यक्ति दिनु, यस्तो अभिव्यक्तिमा उत्पीडित वर्गको पक्ष लिनु, यस्तो वर्गले गर्ने सङ्घर्षको सफलताको कामना गर्नु, यस्तो सङ्घर्षमा उत्पीडित वर्ग अर्थात् सर्वहारावर्ग विजयी भएरै छाड्छ भन्ने सन्देश सम्प्रेषण गर्नु, उनीहरूमा काव्यात्मक अभिव्यक्तिका माध्यमबाट उत्साह जगाउनु वर्गद्वन्द्वका अनुभूतिहरूलाई मार्मिक रूपमा प्रस्तुत गर्नु आदि इच्छुकका कविताका प्रमुख विशेषता हुन् । यस परिच्छेदमा कवितामा वर्गद्वन्द्वको अभिव्यक्तिको अभिप्राय र इच्छुक रचित कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति कसरी भएको छ ? भन्ने विषयमा गहन रूपमा विश्लेषण गरिएको छ । यसका लागि मार्क्सवादको साहित्यिक संस्करणका नामबाट चिनिने प्रगतिवादी मान्यतालाई आधार मानी इच्छुकका कवितामा अभिव्यक्त वर्गद्वन्द्वका विविध रूप र त्यसलाई ठम्याउने प्रमुख आधारहरूका बारेमा समेत विस्तृत रूपमा चर्चा गरिएको छ ।

त्यसैगरी, दुई प्रमुख विरोधी वर्गहरूबीचको द्वन्द्वात्मक अभिव्यक्तिलाई पहिचान र विश्लेषण गर्नका लागि वर्गद्वन्द्वसम्बन्धी सिद्धान्तमा आधारित रही कृष्ण सेन इच्छुकका काव्यकृतिको विश्लेषण मार्क्सवादी सौन्दर्यचिन्तन एवम् ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादद्वारा अनुप्राणित वर्गद्वन्द्वसम्बन्धी मान्यताका आधारमा गरिएको छ । प्रस्तुत शोधमा 'द्वन्द्व' शब्दलाई मानव समाजको निर्माण, त्यसको विकास र विस्तारका क्रममा एक

अर्काभन्दा भिन्न वर्ग र समूहका बीच भएको वा हुने लडाइँ, सङ्घर्ष, अन्तर्विरोध वा टकरावको परिप्रेक्ष्यमा परिभाषित गर्ने सन्दर्भमा प्रयोग गरिएको छ ।

## २.२ वर्गद्वन्द्वको सैद्धान्तिक पृष्ठभूमि र मूल मान्यता

'द्वन्द्ववाद' ग्रिसेली भाषाको 'डायलेक्टिस' शब्दबाट लिइएको यस्तो विज्ञान हो, जसले प्रकृति र समाजका घटनाहरूलाई तिनको विकास र परिवर्तनबारे अध्ययन गर्छ । द्वन्द्ववादको प्रारम्भिक रूप पाइने प्राचीन ग्रिक दर्शनमा विचारहरूबीच पाइने द्वन्द्व, पक्षविपक्ष अर्थात् झगडालाई सत्यसम्म पुग्ने उत्तम उपायका रूपमा व्याख्या गरिएको छ भने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादका व्याख्याता कार्ल मार्क्सले वस्तुगत यथार्थताको अध्ययन गर्ने र त्यसलाई क्रान्तिकारी ढङ्गले फेर्ने तरिकाका रूपमा यसलाई चिनाएका छन् ।

कविता सौन्दर्यमय भावको अभिव्यक्ति भएकाले यसमा सामाजिक चेतनाको अभिव्यक्ति पाइन्छ । दर्शन, धर्म, राजनीति एवम् कानुन, कला, संस्कृतिजस्तै कविता पनि अधिरचनाकै एउटा रूप हो । त्यसैलाई आधारदेखि अलग गरेर यसको विश्लेषण गर्नु सर्वथा अनुपयुक्त मानिन्छ । मार्क्सले अधिरचनाको निर्माणमा आधार नै निर्णायक हुने कुरालाई जोड दिएका छन् । उनले उत्पादन सम्बन्धको कुल योगका रूपमा आर्थिक ढाँचा वा आधारलाई लिएका छन् । यसै आधारमा कानुन र राजनीतिको उपल्लो ढाँचा तयार हुने भएकाले यसैका आधारमा सामाजिक चेतनाका निश्चित रूपहरूको निर्माण हुने विचार उनले प्रस्तुत गरेका छन् । यसलाई अझै खुलस्त पार्दै उनी भन्छन् : मनुष्यको चेतनाले उसको अस्तित्वलाई निर्धारित गर्दैन बरू यसको ठीक उल्टो भौतिक जीवनको उत्पादन प्रणालीले जीवनको सामाजिक राजनीतिक र बौद्धिक प्रक्रियालाई निर्धारित गर्छ (मार्क्स, सन् १९८१, पृ.४७) । मार्क्सको यस अवधारणाबाट कविता पनि सामाजिक चेतनाकै एउटा विशिष्ट रूप हो भन्ने स्पष्ट रूपमा प्रमाणित हुन्छ । विचारहरूले वर्ग समाजका वर्गीय हितहरूलाई प्रतिनिधित्व र प्रतिविम्बित गर्छन् । राजनीतिक, कानुनी, नैतिक, सौन्दर्यात्मक, धार्मिक, दार्शनिक विचारहरूको एक प्रणालीका रूपमा रहने विचारधाराको क्षेत्र फराकिलो भएकाले वर्गद्वन्द्वको क्षेत्र पनि फराकिलो रहेको छ । राजनीतिक क्षेत्रमा चल्ने द्वन्द्वहरूदर्शन, कला, सौन्दर्यशास्त्र, कानुन आदिका क्षेत्रमा चल्ने विचारधारात्मक सङ्घर्षहरू सामान्यतया आफ्नो समयको वर्गद्वन्द्वसँग जोडिएका हुन्छन् । (गिरी, २०७१, पृ.७४) । पुँजीवादमा पुँजीपति र मजदुरवर्गका बीचमा समाधान गर्न नसकिने किसिमका अन्तर्विरोध र द्वन्द्वहरू हुन्छन् । यस प्रकारका

समस्याको समाधान समाजवादी क्रान्तिद्वारा मात्र सम्पन्न गर्न सकिन्छ भन्ने कुरामा गहिरो आस्था रहेको पाइन्छ ।

वर्गद्वन्द्वलाई सही किसिमले बुझ्नका लागि वर्गका बारेमा बुझ्नु निकै सान्दर्भिक हुन आउँछ । वर्गहरू मानिसका त्यस्ता ठूला समूहहरू हुन् जसमा सामाजिक अर्थतन्त्रको निश्चित अवस्थामा तिनले ओगटेका भिन्नाभिन्नै स्थानहरूले गर्दा एकले अर्काको श्रमको शोषण गर्न सक्छन् (लेनिन, सन् १९८२, पृ. ३३ ३४) । उत्पादनका साधनहरूसित वर्गहरूको सम्बन्ध नै यस परिभाषामा देखाइएका लक्षणमध्ये प्रमुख हो किनभने उत्पादनका साधनसित वर्गहरूको भिन्नाभिन्नै सम्बन्धले गर्दा नै सामाजिक उत्पादनको व्यवस्थामा तिनीहरूका भिन्नाभिन्नै स्थान रहन गएका हुन्छन् र सामाजिक श्रमसङ्गठनमा तिनीहरूका भिन्नाभिन्नै भूमिका हुन्छन् र सामाजिक धनमा वर्गहरूको हिस्साको आयाम र त्यसलाई प्राप्त गर्ने तरिका पनि भिन्नाभिन्नै हुन्छन् । वर्गसम्बन्धी लेनिनको अवधारणाले वर्गलाई उत्पादन सम्बन्धसँग जोड्दै इतिहासको एक खास चरणमा वर्गहहरू अस्तित्वमा आएका हुन् भन्ने अकाट्य तथ्य प्रस्तुत गर्छ । लेनिनले वर्गलाई सामाजिक आर्थिक श्रेणीका रूपमा प्रस्तुत गर्छन् । ज्ञानसम्बन्धी द्वन्द्ववादी सिद्धान्तले मानिसलाई वस्तुगत संसारबारे ज्ञान प्राप्त गर्ने र त्यसलाई बदल्ने बाटो देखाउँछ ।

संसारमा कुनै पनि चिज शाश्वत र निरपेक्ष छैन । यहाँका सबै चिजहरूभित्र द्वन्द्व चलिरहेको हुन्छ र यसकै कारण हरेक कुरा गतिशील, विकासशील र परिवर्तनशील छन् अर्थात् सारा संसारको स्वभाव नै द्वन्द्वात्मक छ भनी साबित गर्ने वैज्ञानिक सिद्धान्तलाई द्वन्द्ववाद भनिन्छ (के.सी., २०६७, पृ. १४६) । सामान्य बोलीचालीको भाषामा द्वन्द्व भन्नाले झगडा, मनमुटाव, वैरभाव, दुस्मनी, काटमार, हिंसा, लडाइँ आदि भन्ने बुझिन्छ । यस्ता शब्दहरूको प्रयोग व्यक्ति, स्थान एवम् परिस्थितिअनुसार भिन्न भिन्न तरिकाले भएको पाइन्छ । द्वन्द्व यस्तो परिस्थिति हो जहाँ व्यक्ति वा समूह बाझिने वा अमिल्दा उद्देश्यहरू, मूल्यमान्यता र चाखबाट प्रभावित हुन्छन् । कार्ल मार्क्सले द्वन्द्वकै आधारमा वर्गसङ्घर्षको विश्वव्यापी समाजवादी राजनीतिक सिद्धान्तको प्रतिपादन गरेको मानिन्छ । मार्क्सका अनुसार द्वन्द्व भनेको समाजका शक्ति र उत्पादनको स्रोतमाथि नियन्त्रण गरेका सम्पन्न वर्ग र स्रोत एवम् शक्ति कम भएका विपन्न वर्गबीचको उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो, जुन समाजमा असमानता रहेसम्म रहिरहन्छ । मार्क्सको

यस भनाइबाट पनि द्वन्द्व शोषणरहित समाजको निर्माण नभइन्जेलसम्म चलिरहने एक स्वाभाविक प्रक्रिया हो भन्ने बुझिन्छ । द्वन्द्वलाई समग्रमा बुझ्नुपर्दा समाजमा रहेका स्रोत र साधनहरूको असमान वितरण उपलब्ध अवसरहरूमा असमान पहुँच शक्तिको असमान प्रयोग, पुरस्कार, दण्ड र न्यायको विभेदपूर्ण प्रयोग, विचार, धर्म, संस्कृति, अभिव्यक्ति, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक, वर्ण र वर्गीय आधारमा राज्य र गैरराज्य शक्तिहरूबाट हुने सामाजिक, आर्थिक र राजनैतिक भेदभावकै कारणले कुनै पनि समाजमा द्वन्द्वको सिर्जना हुने र चर्कने गर्दछ । त्यसैले द्वन्द्वको प्रमुख कारक शक्ति, स्रोतहरू र पदको अभाव र तिनीहरूको प्राप्तिको महत्त्वाकाङ्क्षा नै द्वन्द्व हो (उप्रेती, २०७१, पृ. ३३) । उप्रेतीको द्वन्द्वसम्बन्धी अवधारणालाई केलाउँदा शक्तिप्राप्तिको उच्च महत्त्वाकाङ्क्षा एवम् शक्ति र स्रोतको असमान वितरण नै द्वन्द्वको मुख्य कारण हो भन्न सकिन्छ । समाज रहेसम्म अन्तर्विरोध पनि रहिरहन्छ भनी सुस्पष्ट तरिकाले व्याख्या गर्ने मार्क्सवादी दर्शन वर्गीय समाजमा रहने अन्तर्विरोध र द्वन्द्वको अवधारणालाई पर्गेल्ने अत्यन्त सटीक अवधारणा हो । समाजमा शक्ति र उत्पादनको स्रोतमाथि नियन्त्रण गरेका समान वस्तुहरूको समूह अर्थात् समान दृष्टिले कुनै जाति, पेसा, वर्ण, श्रेणी, स्तर, आकारप्रकार आदिको समूह नै वर्ग हो भने समाजमा समान र असमान वर्गहरूबीचको आपसी स्वार्थका निम्ति हुने टक्कर, शक्तिका लागि हुने सङ्घर्ष र विभिन्न विचारहरूबीचको भिन्नताबाट पैदा हुने विवाद नै वर्गद्वन्द्व हो ।

प्रगतिवादी कवितामा वर्गद्वन्द्वलाई शोषक र शोषित, मालिक र मजदुर, शासक र शासित, धनी र गरिब सम्पन्न र विपन्न आदि विपरीत वर्गका बीचमा हुने सङ्घर्षका रूपमा चित्रण गर्ने गरेको पाइन्छ । मार्क्सवादी धारणाअनुसार वर्गद्वन्द्व भनेको मानव समाजलाई सभ्यताको एक स्वरूपबाट अर्को स्वरूपमा रूपान्तरण गर्ने प्रेरक शक्ति हो किनभने समाजमा विभिन्न कालखण्डमा विभिन्न देशमा स्वतन्त्र मानिस र दास, अभिजात रजौटा र रैती, सामन्त र अर्धदास एवम् शिल्पसङ्घका मालिक र मजदुरहरू हुन्छन् । तिनीहरूबीच एक अर्काविरुद्ध सङ्घर्ष हुन्छ त्यो नै वर्गद्वन्द्व हो (श्रेष्ठ, २०६५, पृ.७५) । खासगरी मानिसद्वारा मानिसको शोषण हुने र त्यस्तो शोषणबाट मुक्त हुनका लागि गरिने सामूहिक सङ्घर्षलाई मार्क्सवादीहरू वर्गद्वन्द्वका रूपमा स्वीकार गर्दछन् । यही द्वन्द्वले नै समाजको विकासमा पनि निर्णायक भूमिका निर्वाह गर्दछ । प्रायः सबै मार्क्सवादी चिन्तकहरूले मूलतः

यिनै दुई प्रमुख विरोधी वर्गहरूका बीचमा चल्ने द्वन्द्वलाई नै वर्गद्वन्द्वका रूपमा परिभाषित गर्दै आएका छन् ।

पुँजीपति वर्गलाई सत्ताच्युत नगरीकन उत्पीडक वर्ग शोषणबाट मुक्त नहुने भएकाले त्यसबाट मुक्ति पाउनका लागि नै सर्वहारावर्गले राजनीतिक सङ्घर्ष गर्छ भन्ने धारणा मार्क्सवादी सौन्दर्यचिन्तकहरूको रहेको छ । पुँजीवादी युगमा सर्वहारा वर्गले सञ्चालन गर्ने वर्गद्वन्द्वका आर्थिक, राजनीतिक र वैचारिक गरी तीन प्रमुख रूपहरू रहेका छन् (गिरी, २०७१, पृ. १९) । सर्वहारा वर्गको हितसँग सीधै जोडिने भएकाले आर्थिक सङ्घर्षलाई सर्वहारा वर्गले सञ्चालन गर्ने वर्गद्वन्द्वको प्रारम्भिक रूप मानिन्छ । वर्गद्वन्द्वको दोस्रो एवम् महत्त्वपूर्ण कारणका रूपमा राजनीतिक सङ्घर्षलाई लिइन्छ । राजनीतिक सङ्घर्ष भनेको पुरानो राजनीतिक व्यवस्थालाई निर्मूल पार्नका लागि गरिने सङ्घर्ष हो । यो राज्यसत्ताका निम्ति सर्वहारावर्गको अधिनायकत्वका निम्ति गरिने सङ्घर्ष हो (आफ्नास्येभ, सन् १९७२, पृ. २८२) । पुँजीपतिवर्गका हातबाट सर्वहारावर्गले सत्ता आफ्नो हातमा लिने सचेत प्रयत्न नै राजनीतिक सङ्घर्ष भएकाले उक्त वर्गले सञ्चालन गर्ने सङ्घर्षका रूपहरूमा राजनीतिक सङ्घषको स्थान सबैभन्दा माथि रहेको छ । त्यसैगरी वैचारिक सङ्घर्षले विचारका तहमा गरिने सङ्घर्षलाई जनाउँदछ । यस्तो सङ्घर्षले राजनीतिक सङ्घर्षलाई निर्णायक तहमा पु-याउन मद्दत गर्दछ । वर्गद्वन्द्वका यी तीनवटै रूपहरू एकअर्कासँग अभिन्न रूपले गाँसिएका छन् । राजनीतिक सङ्घर्ष वर्गद्वन्द्वको सबैभन्दा उपल्लो स्तरको सङ्घर्ष भए पनि सङ्घर्षका तीनवटै रूपहरूलाई एकअर्काबाट छुट्याएर अलग गरेर हेर्नु अनुपयुक्त देखिन्छ । यसै कारणले गर्दा वर्गद्वन्द्वलाई समाज विकासको मेरुदण्ड मानिएको हो । यसै कारणले गर्दा वर्गहरूको उदयपछिको हरेक युगमा कविताले आफ्नो समयको यथार्थको प्रतिविम्बनका क्रममा वर्गद्वन्द्वलाई अभिव्यक्ति दिँदै आएको छ ।

प्रस्तुत शोधकार्यमा वर्गद्वन्द्वलाई मानव समाजको निर्माण र विकासका क्रममा एकअर्काभन्दा भिन्न वर्गहरूबीच उत्पन्न हुने द्वन्द्वबाट कसरी समाजमा आमूल परिवर्तन ल्याउन सकिन्छ र त्यसक्रममा परररस्परविरोधी विचारका रूपहरू इच्छुकका कवितामा के कसरी व्यक्त भएका छन् ? भन्ने सन्दर्भमा लिइएको छ । वर्गद्वन्द्वलाई बुझ्नका लागि वर्गलाई बुझ्नु आवश्यक भएजस्तै सही तरिकाले वर्गद्वन्द्वलाई बुझ्नका लागि अन्तर्विरोधलाई बुझ्नु पनि उत्तिकै आवश्यक देखिन्छ । एकको विभाजन र त्यसका अन्तर्विरोधी पक्षहरूको ज्ञान नै

द्वन्द्ववादको सार हो (लेनिन, सन् १९८२ पृ. ३५९) । द्वन्द्ववादको यस नियमअनुसार समाजमा रहेका हरेक व्यक्ति पक्ष वर्ग एवम् समूहहरूका बीचमा परस्परविरोधी गुणहरूविद्यमान हुन्छन् र तिनै अन्तर्विरोधी पक्षहरूबीच चल्ने सङ्घर्षको परिणामस्वरूप त्यसमा गति र परिवर्तन देखापर्छ । तर ती दुई पक्षहरू एक अर्कोबाट छुट्टिएर रहने नभई सँगसँगै अन्तर्सम्बन्धित रहन्छन् । ती विरोधी पक्षहरू आपसी निर्भरतामा बाँधिएर रहेकाले एउटा पक्षको अभावमा अर्को पक्षको अस्तित्व रहन सक्दैन । अन्तर्विरोध हरेक चिजमा व्याप्त भएकाले यो एउटा सर्वव्यापी नियम हो र यो नै गति विकास र परिवर्तनको आधारस्तम्भ हो । हरेक वर्गले आफ्नो हित अहितमा सञ्चालन गर्ने वर्गीय द्वन्द्व एवम् अन्तर्विरोधलाई आत्मसात् गर्दै मार्क्सवादले पुँजीपति वर्गको राज्यव्यवस्थालाई ध्वस्त पारी त्यसका ठाउँमा सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने सही बाटो देखाउँछ । यसरी वर्गसङ्घर्ष, उत्पादन सङ्घर्ष एवम् वैज्ञानिक प्रयोग तथा आविष्कारका निम्ति गरिने सङ्घर्ष गरी मानव समाजमा मुख्य रूपले तीन किसिमका सङ्घर्षहरू भइरहेका हुन्छन् । यिनै तीन किसिमका सङ्घर्षको इतिहास नै मानव जातिको इतिहास हो भन्ने मार्क्सवादी चिन्तकहरूको विचार रहेको पाइन्छ ।

प्रगतिवादी कविताका क्षेत्रमा कवि इच्छुकले यसै यथार्थलाई आफ्ना कवितामा सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । तसर्थ, कवितामार्फत् कवि इच्छुकका कवितामा वर्गद्वन्द्वले केकस्तो रूपमा अभिव्यक्ति पाएको छ भनी छुट्ट्याउनका लागि यस शोधमा इच्छुकरचित कविताहरूलाई क्रमशः साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी, यस परिच्छेदमा वर्गद्वन्द्वसम्बन्धी मार्क्सवादी ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको जगमा उभिएको सौन्दर्यशास्त्रीय मान्यतामा टेकेर इच्छुकका कवितामा अभिव्यक्त आर्थिक, राजनीतिक, वैचारिक, सामाजिक एवम् सांस्कृतिक वर्गद्वन्द्वका विविध रूपहरूको विस्तृत रूपमा अध्ययन गरी गहन विश्लेषण गरिएको छ ।

## २.३ कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानका अभिलक्षणहरू

इच्छुक रचित काव्यकृतिमा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान र विश्लेषणका लागि मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी प्रस्थापनामा आधारित भई तिनका उत्तरवर्ती चिन्तकहरूले विकास गरेको कविताको अन्तर्वस्तुमा विद्यमान वर्गद्वन्द्वलाई विश्लेषण गर्ने आधारहरूलाई यहाँ क्रमशः प्रस्तुत गरिएको छ :

### २.३.१ साम्राज्यवादको विरोध

कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान र विश्लेषणको एउटा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको साम्राज्यवादी शक्तिको विरोध पनि एक हो । वर्गपुँजीवादी राज्यव्यवस्थाको ठेकेदारका रूपमा परिचित साम्राज्यवादी शक्तिहरू प्रजातन्त्र एवम् उदार अर्थव्यवस्थाको गफ हाँकेर कहिल्यै पनि थाक्दैनन्, यद्यपि यो श्रमिकहरूकै दमनको साधन हो । व्यक्तिगत स्वामित्वको वफादारीपूर्वक संरक्षण गर्नु त्यसमा आधारित ज्यालादारी दासत्वको अनुशासनलाई जोगाएर राख्नु र सर्वहारावर्गको क्रान्तिकारी आन्दोलनलाई दबाउनु नै त्यसको वास्तविक उद्देश्य हो (आफ्नास्येभ, १९८५, पृ. ३३९) । अर्काको भूभागमा कब्जा गर्नु र आफ्नो भू-खण्डलाई बाह्य हमलाबाट रक्षा गर्नु नै यस्ता शक्तिहरूको प्रमुख वैदेशिक कार्य हो । यसै कार्यद्वारा कुनै पनि राज्यको अन्य राज्यहरूसितको सम्बन्ध निरूपित हुन्छ र त्यस राज्यको वैदेशिक नीतिमा स्वतः यसको अभिव्यक्ति हुन्छ । सैनिक साम्राज्यवाद, आर्थिक साम्राज्यवाद र सांस्कृतिक साम्राज्यवाद गरी साम्राज्यवादका तीन रूप विद्यमान छन् । यही यथार्थलाई प्रगतिवादी कविहरूले सौन्दर्य मूल्यका साथ आफ्ना कविता काव्यमा अभिव्यक्ति दिन्छन् । प्रगतिवादले सामन्तवाद साम्राज्यवाद र पुँजीवादका विरुद्धमा खरोसँग उत्रिँदै त्यसको तीव्र विरोध गर्दछ । त्यसैले, प्रगतिवादी कवितामा वर्गद्वन्द्वको विश्लेषणका लागि सामन्तवाद, साम्राज्यवाद र पुँजीवादका सबैखाले विकृति र उत्पीडनको विरोध र समाजवादी व्यवस्थाको पक्षपोषणसम्बन्धी अभिव्यक्ति एउटा प्रमुख आधार हो ।

### २.३.२ वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था

वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था र विश्वास कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचान गर्ने अर्को महत्त्वपूर्ण विषय हो । समाजमा आमूल परिवर्तन चाहने वर्गले वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था राख्नु स्वाभाविक कार्य हो । वर्गसमाजमा उत्पीडकवर्गका विरुद्ध सङ्घर्ष नगरी परिवर्तन सम्भव नभएकाले सङ्घर्षप्रति आस्थाको निर्माण गर्नु अनिवार्य बन्दछ । त्यसैले, समस्याप्रति आस्थाको निर्माण अनिवार्य बन्छ । कहिले पनि सङ्घर्ष एकल रूपमा नगरिने हुनाले वर्गसङ्घर्ष सामूहिक अर्थात् वर्गीय हुन्छ । वर्गीय समाज र वर्गीय मानिसहरूका बीच परस्परमा एकता र प्रेम हुने भएकाले एकता र प्रेमको सूत्रमा बाँधिएरै उनीहरूले सबै प्रकारका उत्पीडनका विरुद्धमा सङ्घर्ष गर्न सक्दछन् र त्यसमा सफल पनि हुन्छन् । परस्पर एकता र प्रेमको आधार वर्गीय उत्पीडनबाट मुक्तिका समान स्वप्नहरु

हुन्छन् । वर्गीय एकता र प्रेमको सूत्रमा बाँधिएरै उनीहरुले सबै प्रकारका उत्पीडनहरुका विरुद्ध संघर्ष गर्दै आमूल परिवर्तनको स्वप्नलाई साकार पार्न सक्दछन् । वर्गीय मानिसहरुका बीचमा उत्पीडक वर्गको विरुद्धको संघर्षको प्रक्रियामै एकता, प्रेम र परस्परको विश्वास पनि गहिरो बन्दै जान्छ । वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्थाको अभिव्यक्तिलाई वर्गद्वन्द्वकै अभिव्यक्तिका रूपमा लिइन्छ (गिरी, २०७२, पृ.३३९) । त्यसैले, वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रतिको आस्थालाई वर्गद्वन्द्वकै एक अंशका रूपमा लिन सकिने भएकाले यो वर्गद्वन्द्वको विश्लेषणका लागि एउटा प्रमुख आधार हो ।

### २.३.३ आमूल परिवर्तनको स्वप्न र रूपान्तरणको सन्देश

कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान र विश्लेषणको एउटा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको आमूल परिवर्तनको स्वप्न र रूपान्तरणको सन्देश पनि एक हो । प्रगतिवादी कविहरूले आफ्ना कविता काव्यमा समाजको यथार्थ प्रस्तुति दिनु वा विकृति, विसङ्गतिको कटु आलोचना गर्नु मात्र पर्याप्त मानिँदैन । बरु यसको सट्टा आमूल परिवर्तनको चेतना र रूपान्तरणको सन्देश पनि दिन सक्नुपर्दछ । आमूल परिवर्तनको स्वप्न नेपाली समाजमा विद्यमान खुला र प्रच्छन्न वर्गद्वन्द्वसँग जोडिन्छ (गिरी, २०७२ पृ. ३३४) । वर्गद्वन्द्व स्पष्टतः समाजसँग सम्बन्धित विषय हो र प्रगतिवादी कविमा इतिहास चेतना, वर्तमानको बोध र भविष्यदृष्टि समेत रहनुपर्दछ । सामान्य सुधार मात्र नभई आमूल परिवर्तन नै प्रगतिवादी कविको ध्ययेय हुनुपर्दछ (पौडेल, २०७५ पृ. १०३) । प्रगतिवादी साहित्य मार्क्सवादको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको सौन्दर्यशास्त्र भएको र यो समाज वैज्ञानिक दर्शनसँग सम्बद्ध समाजवादी यथार्थवादको लेखनपद्धति भएकाले यो प्रगतिशीलतामा मात्रै सीमित नरही यसले वैचारिक, सांस्कृतिक सङ्घर्षको माध्यम वा साधन बनेर राजनीतिक एवम् आर्थिक सङ्घर्षमा सहयोगीको भूमिकासमेत खेल्दछ । समाजमा पुँजी र श्रमका बीचको धनी र गरिबका बीचको, शोषक र शोषितका बीचको अन्तर्विरोधलाई पहिल्याई समाज रूपान्तरणमा भूमिका खेल्नु नै प्रगतिवादी कविहरूको मूलभूत विशेषता हो । रूपान्तरणको अर्थ सामन्ती एवम् पुँजीवादी समाज व्यवस्थाका समग्र विकृति र विषमताहरूको अन्त्य गरी मान्छेबाट मान्छेमाथि गरिने सबै प्रकारका शोषणबाट मानव समुदायलाई मुक्त गर्नु र जाति वर्ग, वर्ण, धर्म आदिका रूपमा विभक्त सामाजिक परम्पराको अन्त्य गरी समतामूलक समाजको स्थापना गर्नु हो (गौतम, २०४९, पृ. ९७) । प्रगतिवादी

कविहरू जीवनजगत्का गतिशील यथार्थलाई स्वीकार गर्दै वर्तमानबाटै अतीतको मूल्याङ्कन र भविष्यको सुन्दर कल्पना गर्दछन् । भविष्यको कल्पना वा दिग्दर्शन वा सन्देशविनाको रचना परिवर्तनमुखी कदापि बन्न सक्दैन । पुँजीवादी समाजका तमाम विकृति, विसङ्गति र अव्यवस्थाको समाप्ती र समाजवादी, साम्यवादी समाजको स्थापनाका निम्ति के कस्तो भूमिका खेलेको छ ? भन्ने आधारमा नै कुनै पनि रचनामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान गर्न सकिने भएकाले आमूल परिवर्तनको स्वप्न र रूपान्तरणको सन्देश वर्गद्वन्द्व पहिचान र विश्लेषणका लागि एउटा महत्त्वपूर्ण आधार हो ।

### २.३.४ राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध

कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान र विश्लेषणको एउटा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध पनि एक हो । देशभक्तिको भावना अथवा राष्ट्रवादी चेतनाको अभिव्यक्ति दिँदै बाह्य हस्तक्षेपको विरोध गर्नु प्रगतिवादी स्रष्टाहरूको आधारभूत विशेषता नै हो । यो भावना वा चेतनाको अभिव्यक्ति प्रगतिवादी इतर स्रष्टाहरूका रचनामा पनि पाइन्छ तर प्रगतिवादी कविहरूले चाहिँ यस भावनालाई राष्ट्रिय मुक्ति आन्दोलनसँगै जोडेर अभिव्यक्ति दिएका हुन्छन् (पौडेल, २०७५, पृ. ९८) । देशीय सामन्तवाद र पुँजीवादका साथै वैदेशिक साम्राज्यवाद र प्रभुत्ववादको विरोध गर्दै तिनीहरूको पञ्जाबाट मुलुकलाई मुक्त गर्ने एवम् वर्ग, जात, धर्म, लिङ्ग, क्षेत्र र संस्कृतिका नाममा भेदभाव हुन नपाउने वातावरण सृजना गरी समुन्नत राष्ट्र निर्माण गर्न अभिप्रेरित गर्ने काम प्रगतिवादी कविहरूले गर्दै आएका छन् । देशीय रूपमा सबैखाले शोषणबाट मुक्त र वैदेशिक रूपमा स्वाधीन वा अहस्तक्षेप रहेको वा राजनीतिक सांस्कृतिक र आर्थिक कुनै हिसाबले पनि परनिर्भर हुनुनपर्ने नियन्त्रित र निर्देशित हुनुनपर्ने स्वतन्त्र एवम् समृद्ध राष्ट्रको चाहना प्रगतिवादी कविहरूको चाहना हो । मार्क्सवादीहरू राष्ट्रियता, देशभक्ति र राष्ट्रिय स्वतन्त्रताको चेतना मजदुर किसान वा श्रमिकहरूमा बढी हुने बताउँदै राष्ट्रिय स्वतन्त्रताको भावनाले उठको मातृभूमिको प्रेम नै देशभक्ति वा राष्ट्रप्रेम हो भन्दछन् (आफ्नासयेभ, २०७२, पृ. २११) । त्यसैले, इच्छुकका कवितामा वर्गद्वन्द्वको पहिचान गर्ने यो एउटा मुख्य आधार हो ।

## २.३.५ दलित तथा आदिवासी जनतामाथि आर्थिक उत्पीडनको विरोध

इच्छुकका कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान र विश्लेषणको एउटा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको दलित तथा आदिवासी जनतामाथि आर्थिक उत्पीडनको विरोध पनि एक हो । आर्थिक असमानता, गरिबी तथा उत्पीडनले सामन्तवादी समाजको वास्तविक चरित्रलाई उद्घाटन गर्छ (गिरी, २०७२, पृ. २५४) त्यसैले, प्रगतिवादी कविहरू समाजमा रहेका सबैखाले शोषण र असमानताको विरोध गर्दै समतामूलक, समुन्नत समाजको निर्माणमा रुचि राख्छन् । नेपाली समाज दलित अदलित वा छूत–अछूतको जातीय विभाजन विशेषतः परम्परागत हिन्दू धर्ममा आधारित सामाजिक सांस्कृतिक सन्दर्भ हो र यस्तो यस किसिमको अन्यायपूर्ण अमानवीय जातीय विभाजनको पीडा दलित भनिएकाहरूले सदियौंदेखि भोग्दै आएका छन् । अर्को गोलार्धको रङ्गभेदका समकक्षको यो जातीय विभेद र त्यसले सिर्जेका विकृतिहरूले प्रगतिवादी कविहरूका रचनामा वर्षौंदेखिस्थान पाउँदै आएका छन् । जातीय आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोड्न सके मात्र साँचो अर्थमा दलित आन्दोलनले पूर्णता पाउने र साँचो अर्थमा दलितहरूको मुक्ति सम्भव हुने कुरामा प्रगतिवादी कविहरूको अटल विश्वास रहेको पाइन्छ । समाजमा व्याप्त यस किसिमको कुरूप अवस्थाबाट नै द्वन्द्वको सृजना भएकाले प्रगतिवादी कविहरूले आफ्ना कवितामा यस किसिमको अभिव्यक्तिमा अधिक रुचि राख्छन् । त्यसैले, दलित एवम् आदिवासी जनतामाथि आर्थिक उत्पीडनको विरोध इच्छुकका कविताको वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानको प्रमुख आधार हो ।

## २.३.६ लैङ्गिक असमानता एवम् उत्पीडनको आलोचना

प्रगतिवादी कविहरूले सामाजिक सांस्कृतिक शोषण र असमानताको विरोध सँगसँगै उठाउँदै आएको अर्को पक्ष नारी जातिमाथिको उत्पीडन पनि हो । यस क्रममा कतिपयले लैङ्गिक दृष्टिकोणबाट विरोध गर्ने गरे पनि लैङ्गिक उत्पीडन केवल लैङ्गिक मात्रै नभई मूलभूत रूपमा यसलाई वर्गीय सामाजिक सन्दर्भबाट नियाल्नु उपयुक्त हुन्छ । त्यसैले प्रगतिवादी कविहरू नारीहरूलाई हरेक प्रकारका सामाजिक बन्धनबाट मुक्त गर्नुपर्ने कुरामा जोड दिन्छन् र त्यसका लागि स्वयं नारीहरूले पनि वर्गसङ्घर्षमा सक्रिय रूपमा भाग लिनुपर्छ भन्दै उनीहरूलाई सामन्ती पुँजीवादी संस्कृतिका रूपमा उभिन अनुरोध गर्छन् (तिमल्सेना, २०६५, पृ.३६५) । नारीहरूको व्यापक सहभागिताविना सामाजिक र वर्गीय

मुक्ति सम्भव नरहेको तथा वर्गीय मुक्ति विना नारीमुक्ति पनि असम्भव नै रहेकाले प्रगतिवादी कविहरू नारीमाथि हुने हरेक प्रकारका शोषण एवम् विभेदको कडा आलोचना गर्दछन् । त्यसैले, लैङ्गिक असमानता एवम् उत्पीडनको आलोचनाइच्छुकका कविताको वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानको प्रमुख आधार हो ।

### २.३.७ राज्य आतङ्कको विरोध

राज्य आतङ्कको विरोध कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति भए नभएको पहिचान र विश्लेषण गर्ने अर्को मुख्य आधार हो । इतिहासको अध्ययन गर्दा भौतिक उत्पादन पद्धतिमा आएको परिवर्तनको फलस्वरूप नै राज्यको उत्पत्ति भएकाले वर्गविभाजित समाजमा राज्य एउटा वर्गमाथि अर्को वर्गको आधिपत्य कायम राख्ने यन्त्र अर्थात् राजनीतिक साधन हो । आर्थिक दृष्टिले सत्तारूढ वर्ग अर्थात् उत्पादनका साधनमा अधिकार राख्ने वर्गले राज्यका रूपमा उत्पीडित तथा शोषितहरूलाई दबाउने शक्तिशाली हतियार प्राप्त गरेको हुन्छ । यसमा राज्यको वर्गीय चरित्र स्पष्ट रूपमा व्यक्त भएको हुन्छ । निश्चित समाजको आर्थिक आधारमा खडा हुने आधेयको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा राज्यले यस आधारलाई मजबुत तुल्याउन र त्यसको संरक्षण गर्न सारा शक्ति लगाउँछ (आफ्नास्येभ, सन् १९७२, पृ. ३४०) भन्ने मार्क्सवादी चिन्तकहरूको धारणा रहेको पाइन्छ । सार्वजनिक सत्ताको अस्तित्व नै राज्यको प्रमुख लक्षण हो र यसले सम्पूर्ण जनताको नभएर आर्थिक दृष्टिले सत्तारूढ वर्गकै हितको मात्र अभिव्यक्ति गर्दछ । श्रमिकहरूलाई दबाउनु र तिनीहरूलाई एक मुट्ठी उत्पीडकहरूको इशारामा चल्न विवश तुल्याउनुमै शोषणमूलक राज्यको आन्तरिक कार्य निहित हुन्छ । यसले राज्यको वर्गीय चरित्रको अभिव्यक्ति गर्दछ र राज्यको आन्तरिक नीतिमा तथा उत्पीडित वर्गहरूका विरुद्ध सङ्घर्षमा त्यसले आफ्नो अभिव्यक्ति पाउँछ । राज्यको यही शोषण एवम् दमनमूलक चरित्र एवम् श्वेत आतङ्कको विरोधमा प्रगतिवादी कविहरूको विशेष चासो रहने गर्छ । तसर्थ, यस प्रकारको अभिव्यक्ति वा सृजनशीलता कवितामा छ कि छैन भन्ने कुराको खोजी नै कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति विश्लेषणको प्रमुख आधार हो ।

### २.३.८ राजनीतिक विकृति र विसङ्गतिको चित्रण

प्रगतिवादी कविहरू आफ्ना कवितामा सचेत रूपमा नै राजनीतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै त्यसको अन्त्यको चाहनालाई मुखरित गर्छन् । अन्त्यको यो

चाहना सुधारभन्दा बढी आमूल परिवर्तनको भावनासँग जोडिएको छ । समाजका पुराना रूढिगत परिपाटीहरू असमानताका द्योतक एवम् परम्परागत मूल्य मान्यताहरूको अपरिवर्तित अवस्था नै यथास्थिति हो र यस्तो प्रवृत्तिले नै समाजमा राजनीतिक हिसाबले विकृति तथा विसङ्गति निम्त्याउँछ । यथास्थिति समाजको विकास र उन्नतिका लागि बाधक हुने हुनाले यसलाई मार्क्सवादी कविहरू कुरूप पक्षका रूपमा चित्रण गर्छन् (पौडेल, २०७५, पृ.९२) । राजनीतिक विकृति र विसङ्गतिको विरोध पनि वर्गद्वन्द्वसँग कुनै न कुनै रूपमा जोडिएको पाइन्छ । राजनीतिक विसङ्गति र विकृतिविरुद्धको लडाइँ उत्पीडित जनताले उत्पीडकवर्गका विरुद्ध चलाउने सङ्घर्षको एउटा अङ्गका रूपमा रहँदै आएको छ । तसर्थ, राजनीतिक विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै त्यसको अन्त्यको चाहनाले कवितामा कत्तिको स्थान पाएको छ भनेर हेर्ने कार्य कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिल्याउने एउटा मुख्य आधार हो ।

### २.३.९ वर्गद्वन्द्वमा सामेल (सहिद, योद्धाहरू) को बलिदान, वीरता, साहस, त्यागप्रति श्रद्धा र सम्मान

प्रगतिवादी स्रष्टाका रचनामा वर्गयुद्धमा सामेल सहिदहरूप्रति निकै सम्मानको भाव व्यक्त गरिएको हुन्छ । सहिदहरुप्रति श्रद्धा र सम्मान समकालीन प्रगतिवादी नेपाली कविताको एक महत्त्वपूर्ण विशेषता रहँदै आएको छ (चैतन्य, २०६४, पृ.१९०) । राजनीतिक परिवर्तनका लागि आँधीहुरी सिर्जना गर्ने जनताका मुक्ति र परिवर्तनका निम्ति आत्मबलिदान गर्ने महान् सहिदहरूको स्मरण गर्दै प्रगतिवादी कविहरू परिवर्तनको शङ्खघोष गर्दछन् । वर्गद्वन्द्वको प्रक्रियामा देशका विभिन्न भूभागहरूमा जनसमुदाय र योद्धाहरूका त्याग, वीरता र बलिदानका उदात्त भावनाहरूको चित्रण प्रगतिवादी कविहरूको प्रमुख विशेषता हो । त्यसैले, कुनै पनि स्रष्टाका रचनामा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचानका लागि वर्गद्वन्द्वमा सामेल सहिदहरूको त्याग र उनीहरूप्रति श्रद्धा एवम् सम्मानको विषय यसलाई विश्लेषण गर्ने महत्त्वपूर्ण आधार हो ।

### २.३.१० भविष्यप्रति आस्था एवम् विश्वास

सामान्य सामाजिक सुधार मात्रै प्रगतिवादी कविहरूको उद्देश्य नभएकाले उनीहरू यो संसार एकदिन अवश्य पनि साम्यवादी संसारमा रूपान्तरण भएरै छाड्नेछ भन्ने भविष्यप्रति आस्था एवम् विश्वास प्रकट गर्छन् र सोही सपनाको अभिव्यक्ति आफ्ना

रचनामा प्रकट गर्छन् । मार्क्सले परिकल्पना गरेको वर्गविहीन समाजका लागि विचारका माध्यमबाट सहायता गर्नु तथा क्रान्तिलाई सुदृढ तथा सवल बनाउने खालका अभिव्यक्तिलाई प्रोत्साहन गर्ने भएकाले यो वर्गद्वन्द्वलाई पहिल्याउने अर्को प्रमुख आधार हो ।

### २.३.११ वर्गीय चेतनाको अभिव्यक्ति

कवितामा वर्गद्वन्द्वको पहिचान र विश्लेषण गर्ने अर्को मुख्य आधार वर्गीय चेतनाको अभिव्यक्ति हो । सौन्दर्य चेतना पनि सामाजिक चेतनाकै एउटा रूप भएकाले जुन समाजमा जुन वर्गको प्रभुत्व छ त्यो समाजमा त्यसै वर्गका विचारको प्रभुत्व कायम हुन्छ । सत्ताधारी वर्गका विचार हरेक युगमा सत्ताधारी हुने भएकाले जुन वर्ग समाजको सत्ताधारी भौतिक शक्ति हुन्छ त्यसका साथै त्यसको सत्ताधारी बौद्धिक शक्ति पनि हुन्छ (मार्क्स, एङ्गेल्स सन् १९७२, पृ. ५५) भन्ने मार्क्स र एङ्गेल्सको धारणा रहेको पाइन्छ । उनीहरूको यस मान्यतालाई विश्लेषण गरेर हेर्दा जुन वर्ग जुन कित्ताको सदस्य छ उसको सौन्दर्य चेतना वा विचारधारा पनि सोही कित्तासँग मिल्दोजुल्दो रूपमा रहेको हुन्छ । समाजमा विभिन्न किसिमका वर्गहरू विद्यमान भइसकेपछि हरेक वर्गले आफ्नो हित या अहितमा ध्यान दिनु र आवश्यक पहल गर्नु स्वाभाविक हो । यही वर्गहितका कारणले विभिन्न वर्गहरूका बीच अन्तर्विरोध पैदा भई सङ्घर्षको आरम्भसमेत हुन्छ । कुनै पनि वर्ग आफ्नो हित अहितमा भइरहेका सामाजिक कार्यप्रति सचेत वा जागरुक भई त्यसप्रति पक्ष वा विपक्षमा वैचारिक मत प्रकट गर्दै सङ्घर्षमा होमिनु वा आफूमाथि भइरहेको अन्यायका बारेमा थाहा पाउनु नै वास्तविक अर्थमा वर्गीय चेतना हो । साहित्यमा वर्गचेतनालाई केलाउँदा सर्वहारावर्गसँग साहित्यको सम्बन्धलाई केलाउनु अनिवार्य हुन आउँछ । वर्गचेतना मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित कला साहित्यलाई मूल्याङ्कन गर्ने एउटा वैज्ञानिक विश्वदृष्टिकोण हो । भाव र विचारको वर्गगत एवम् वर्गातीत रूप नै वर्गचेतना भएकाले प्रगतिवादी कवितामा वर्गवर्गद्वन्द्वको अभिव्यक्ति छ कि छैन भनी निर्क्योल गर्ने यो एउटा प्रमुख आधार हो ।

## २.४ वर्गद्वन्द्वका सन्दर्भमा इच्छुकका कविता

मानव सभ्यताको आदिकालदेखि नै भिन्न विचार, सपना, आदर्श एवम् स्वार्थ भएका मानिसहरूबीच द्वन्द्व एवम् टकराव हुँदै आएको पाइन्छ । आफ्ना हितको संरक्षणका लागि भएका सङ्घर्षहरूको गहन अध्ययन र विश्लेषण गर्दा इच्छुकका कवितामा अभिव्यक्त द्वन्द्व

पनि वर्गीय नै रहेको देखिन्छ । तसर्थ, यहाँ जर्मन दार्शनिक मार्क्स एवम् एङ्गेल्सले प्रतिपादन गरेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादसँग सम्बन्धित मान्यतामा आधारित भई यस काव्यमा अभिव्यक्त वर्गद्वन्द्वगत अभिव्यक्तिको क्रमशः विश्लेषण गरिएको छ :

### २.४.१ साम्राज्यवादको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

सामन्तवादी, साम्राज्यवादी उत्पीडनको विरोध गर्दै तिनको अन्त्यको चाहना राख्नु र न्यायपूर्ण समाजव्यवस्था स्थापनाको स्वप्न देख्नु कवि इच्छुकको प्रमुख विशेषता हो । गरिब मुलुकका जनतालाई एकआपसमा उचालेर, जुधाएर तथा फुटाएर नै साम्राज्यवादीहरूले संसारमा हैकम जमाएका हुन् । यस्तो यथार्थको प्रकटीकरण कविले यसरी गरेका छन् :

भाइलाई दाजुसँग फुटाएर

छोरालाई बाबुसँग जुधाएर

छिमेकीहरूलाई आपस्तमा बझाएर

बैरीले हामीलाई लडाइरहेको छ । ('जनताको ढाल या बैरीको अचानो', *इतिहासको यस घडीमा*, पृ. ३७)

साम्राज्यवादीहरूले विभिन्न रूप र आवरणमा मुलुकमा घुसपैठ गरेर मुलुकवासीलाई मुलुकवासीकै विरुद्ध प्रयोग गरिरहेको तीतो यथार्थको प्रस्तुति माथिको कवितांशमा पाइन्छ । आफ्नो स्वार्थमा अवरोध हुन सक्ने अवस्था आइपरेमा साम्राज्यवादी शक्तिले हरेक महादेशका कवि, कलाकार, शिक्षक, समाजसेवी, बालक, वृद्ध कोही कसैलाई पनि बाँच्न नदिने हुँदा दुनियाँमा साम्यवादी शासन स्थापना गर्ने स्वप्न देख्ने हो भने अब बलिदानका लागि तत्पर रहनुपर्ने तथ्यलाई काव्यात्मक पुट दिँदै कवि यसो भन्छन् :

तिम्रो आहुतिपछि
विप्लवको आँधी अझै प्रलयकारी हुनेछ, मोलाइस
युगान्तकारी मुक्तिको इतिहास
खुनी तरबार चलाएर रेटिइने छैन
भग्न विभेदको नग्न साम्राज्य धेरैसम्म अब टिक्ने छैन । ('बेंजमिन मोलाइसको सम्झनामा', *इतिहासको यस घडीमा,* पृ. ४१)

यस कवितांशमा कविले खुनी तरबार चलाएर कलमजीवीहरूको हत्या गर्दैमा क्रान्ति नरोकिने तथा भग्न विभेदको नग्न साम्राज्य धेरैबेर नटिक्ने बरु विप्लवको आँधी अझै प्रलयकारी भएर आउने आक्रोशपूर्ण अभिव्यक्ति दिएका छन् । कविको यो आक्रोश साम्राज्यवादी शासक र शोषकवर्गीय सत्ताको विरुद्ध छ । साम्राज्यवादी शक्तिहरूले एक हातले सहयोग र शान्तिपूर्ण मित्रताको हात अगाडि बढाएझैं गरे पनि अर्कातिर धूर्त ब्वाँसोले निर्बलिया जन्तुहरूको सिकार गरे झैं गरिब तथा कमजोर मुलुकमा हस्तक्षेप एवम् युद्ध थोपरिरहेको यथार्थलाई कवि इच्छुक यसरी व्यक्त गर्छन् :

विश्वजनमतको घोर उपेक्षा गरेर
ब्वाँसाको धापले निर्दोष जनहरूको नृशंस हत्या गरेर
तिमीमाथि युद्ध थोपरी आक्रमण गर्ने
बौलाएका अटेरी फ्याउराहरूसित
बमको मुस्लो र गोलीका पर्राहरूबीच
आत्मरक्षाका लागि मेरा मित्र तिमीहरू
निर्णायक युद्ध लडिरहेको बेला
शान्तिका नाममा
यहाँबाट आकाशमा परेवा उडाउनुको कुनै अर्थ छैन ।('प्यालेष्टिनी मित्रहरूका नाममा', *इतिहासको यस घडीमा,* पृ. १४)

अन्तर्राष्ट्रियस्तरको वर्गद्वन्द्वलाई प्रस्तुत गरिएको यस कवितांशमा कविले साम्राज्यवादी शक्तिराष्ट्रहरूले कसरी शान्ति, विकास, धर्म तथा मानव अधिकारका नाउँमा संसारमा आम नरसंहार मच्चाइरहेका छन् भन्ने तथ्यलाई उजागर गरेका छन् । यहाँ गरिबी, अनिकाल, कुपोषण र आन्तरिक कलहले आक्रान्त बनेका मुलुकको आन्तरिक मामिलामा भएको साम्राज्यवादी शक्तिहरूको हस्तक्षेपविरुद्ध कविले खुलेर विरोध गरेका छन् । यस्ता शक्तिहरूले कहिले अफ्रिकी महादेशमा, कहिले ल्याटिन अमेरिकामा, कहिले एसिया महादेशमा त कहिले पूर्वी युरोपमा युद्ध हस्तक्षेप र सत्ता कब्जाको रणनीति अङ्गीकार गर्दै आएको कुरा इतिहासको गम्भीर अध्ययनबाट समेत थाहा पाउन सकिन्छ । त्यसैले, कवि इच्छुक साम्राज्यवादविरुद्धको भावनालाई यसरी काव्यात्मक अभिव्यक्ति दिन्छन् :

मैले बेचिरहेको छैन बन्दुक

कतै जाति र सम्प्रदायका नाममा
फुट र विभाजनका रेखाहरू कोरेर
कतै धर्म र वर्णका नाममा
घृणा र विद्वेषको बीजारोपण गरेर
रुवान्डाली जनताको नरसंहार गराउँदै
प्रत्येक हुटु र तुत्सीका हात हात एक साथ
मैले बेचिरहेको छैन बन्दुक । ('तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध', *इतिहासको यस घडीमा,* पृ. ५५-५६)

यस कवितामा अफ्रिका महादेशदेखि ल्याटिन अमेरिका र एसियादेखि विघटनग्रस्त पूर्वी युरोपसम्म तथा एसिया, महादेशसम्म साम्राज्यवादी शक्तिले पूर्वी युरोपदेखि मृत्यु र महाविनाशको पसल थापेर प्रत्येक अफगानका घरघरमा युद्ध भड्काउँदै बन्दुक बेचेर अकुत मुनाफा आर्जन गर्न पल्केका सूदखोर साम्राज्यवादीहरूमाथि कडा प्रहार गरिएको छ । संसारका हरेक कुनामा कतै जाति, कतै वर्ण, कतै धर्म र सम्प्रदायका नाममा घृणा र विद्वेषको बिउ रोपेर रुवान्डा, बोस्नियाँदेखि लिएर अफगानिस्तानसम्म नरसंहार मच्चाउने कार्यमा साम्राज्यवादी शक्तिकै हात रहेको कुरामा कवि विश्वस्त छन् । त्यसैले, यस प्रकारको लडाइँलाई पनि वगद्वन्द्वकै रूपमा लिन सकिन्छ । वर्तमान विश्वमा साम्राज्यवादी शक्तिहरूको नेतृत्वकर्ता मुलुकका रूपमा अमेरिकालाई लिइन्छ । अमेरिकाले आफ्नो स्वार्थसिद्ध गर्नका लागि कहिले सैनिक हस्तक्षेप त कहिले राजनीतिक हस्तक्षेप गर्दै आएको कुरा जगजाहेरै छ । यसरी हुने हस्तक्षेपबाट नै द्वन्द्वको आरम्भ हुन्छ । तर, कुनै पनि प्रकारको धम्की, आतङ्क, अतिक्रमण या दादागिरीले संसारमा आइरहेको परिवर्तनलाई रोक्न नसक्ने भावलाई कवि इच्छुक यसरी व्यक्त गर्छन् :

यस घडी क्लिन्टनको दादागिरी
र पेन्टागनको आतङ्कले पनि
मेरो चेतनाको उज्यालो आभालाई
मेटाउन सक्ने छैन । (*बन्दी र चन्द्रागिरि,* पृ.३०)

प्रस्तुत कवितांशमा संसारभरि नै अमेरिकी साम्राज्यवादले चलाएको दादागिरीको विरोध गरिएको छ । साम्राज्यवादीहरूका गलत प्रवृत्तिका विरुद्ध संसारमा तीव्र गतिमा नवीन

विचारहरू विकसित भइरहेकाले एकदिन अवश्य नै यस्तो उत्पीडनको अन्त्य हुने विश्वास कविले उक्त कवितांशमा व्यक्त गरेका छन् । साम्राज्यवादीहरूले विभिन्न रूप, आवरण र बहानामा कमजोर राष्ट्रमाथि आक्रमण गरी तिनीहरूलाई दासमा परिणत गर्ने तिनको प्राकृतिक स्रोतसाधनमाथि कब्जा जमाउने तथा आन्तरिक मामिलामा राजनीतिक या सैनिक हस्तक्षेप गर्ने कार्यले साना मुलुकहरूका लागि वर्तमान विश्वमा सार्वभौमिकता र राष्ट्रियताको सवालमा निकै ठूलो चुनौती थपेको छ । विश्व आतङ्कवादको मुख्य जड साम्राज्यवाद हो भन्ने निष्कर्ष प्रस्तुत गर्दै साम्राज्यवादको पतनोन्मुख चरित्रको उद्घाटन कवि यसरी गर्दछन् :

कतिपटक भए अति धैर्यका साथ वासिङ्गटन वार्ता
कतिपटक बलात् लादिन खोजिए
सर्मलशेरण सम्झौता
कतिपटक निष्फल बने
बृहत् अरब शिखर सम्मेलन
र कतिपटक बगिरह्यो
फगत् शान्तिको नाममा
तिम्रो कोखबाट रक्तको अविराम धारा । ('जेरुसेलम', *इच्छुक रचनावली भाग*-२, पृ.१२९) ।

उल्लिखित कवितांशमा साम्राज्यवादको नाइके अमेरिकाले अरब मुलुकहरूमा शाान्तिका नाममा चलाइरहेको छद्मयुद्धको यथार्थलाई प्रस्तुत गरिएको छ । सामन्तवादलाई सहयोग गर्नु, मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप गर्नु, विश्व अर्थतन्त्र र राजनीतिलाई आफू अनुकूल चलाउन खोज्नु, क्रान्तिकारी आन्दोलनलाई दबाउन राज्यलाई हतियार बेच्नु आदि साम्राज्यवादी उत्पीडनका विविध रूपहरू हुन् । इच्छुकले आफ्ना कवितामा यस्तो प्रवृत्तिको सशक्त ढङ्गले प्रतिवाद गरेका छन् ।

### २.४.२ वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्थाको प्रस्तुतिका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

इच्छुक काव्यात्मक अभिव्यक्तिमार्फत् जनताका गीत गाउने जनवादी कवि हुन् । श्रमजीवी वर्गप्रति सम्मान जनाउनु प्रगतिवादी कविहरूको मूल प्रवृत्ति हो र वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था इच्छुकका कविताको केन्द्रीय विषय हो । उत्पीडित वर्गबीचको एकता

एवम् सङ्घर्षका क्रममा यस्तो सङ्घर्षमा सहभागी एवम् बलिदान गर्ने वर्गप्रति सहानुभूति राखेर तिनीहरूलाई आवश्यक पर्ने आर्थिक, राजनीतिक, तथा वैचारिक सहयोग गर्दै स्वयम् क्रान्तिमा होमिएका इच्छुक कवितामा उत्पीडित वर्गप्रति असीम प्रेम प्रकट गर्दछन् । यस यथार्थले यिनका कवितामा यसरी अभिव्यक्ति पाएको छ :

तिमीले माया गर्ने सहरका कारखानाहरूमा गएर
अब मैले भन्नुपर्नेछ
हामीलाई मुक्तिसंग्रामका जुक्तिहरू सिकाउने
हाम्रा ती प्यारा संगाती छैनन्
हामीलाई चिन्ने सडकका पेटी र फुटपाथहरूमा गएर
अब मैले भन्नुपर्नेछ,
हामीसँगै मुट्ठी कसेर इन्क्लाबका नाराहरू घन्काउने
हाम्रा ती जोशिला मित्र छैनन् । (*इच्छुक रचनावली भाग-१,* पृ.६७)

उल्लिखित कवितांशमा वर्गीय प्रेमप्रति आस्थाको सघन अभिव्यक्ति पाइन्छ । कवि इच्छुकका प्रिय मित्रसमेत रहेका मित्रमणि आचार्यलाई क्रान्तिप्रति निष्ठावान् एवम् क्रान्तिका मार्गदर्शकका रूपमा चिनाउँदै उनीप्रति असीम स्नेह प्रकट गरिएको यस काव्यांशमा उत्पीडक वर्गका विरुद्ध सङ्घर्षको मात्रै चित्रण नभई मित्रमणिको सहादत आफैंमा नेपाली समाजमा चलिरहेको वर्गद्वन्द्वकै परिणति हो भन्ने कुराको सुस्पष्ट सङ्केतसमेत पाइन्छ । महान् क्रान्तिकारी कवि इच्छुकले आफ्ना कवितामा यस यथार्थलाई सुन्दर तरिकाले अभिव्यक्त गरेका छन् । यस यथार्थले उनको कवितामा यसरी अभिव्यक्ति पाएको छ :

ती प्यारा प्यारा हिमाली मान्छे
त्यो प्यारो प्यारो नेपाली बस्तीको नाम थवाङ हो
थवाङ जो आज पनि
उत्तरतिर टल्कने निर्मल स्फटि हिमालजस्तै
मीठो मुस्कान मुस्काइरहेछ
थवाङ जो आज पनि
त्यहीँ हिमाल पल्तिर ऐतिहासिक चिङकाङसाङ जस्तै

गौरवको हाँसो हाँसिरहेछ ।('त्यो प्यारो प्यारो गाउँको नाम थवाङ हो', *इतिहासको यस घडीमा,* पृ.३)

उल्लिखित कवितांश नेपालमा कम्युनिष्ट क्रान्तिको आदर्शथलो एवम् आधारभूमिका रूपमा परिचित थवाङको आदर्शगानमा आधारित छ । पञ्चायती कालरात्रिका बेला चरम राज्य आतङ्कको सशक्त प्रतिवाद र प्रतिरोध गर्दै वर्गीय मुक्तिको लडाइँमा उच्च कीर्तिमान कायम गर्ने देशका अनेकौं गाउँमध्ये प्रमुख गाउँका रूपमा थवाङ रहेको यथार्थको प्रस्तुति छ । वर्गसङ्घर्षकै प्रतीकका रूपमा रहेको थवाङको प्रतीकात्मक परिवेशलाई चिनाउँदै 'ती प्यारा प्यारा हिमाली मान्छे र त्यो प्यारो प्यारो गाउँ' ले नेपाली समाजलाई निकै ठूलो गुन लगाएको अभिव्यक्ति कविले दिएका छन् । उत्तरतिर टल्कने स्फटिकजस्तै निर्मल र चीनमा माओत्सेतुङले चलाएको क्रान्तिमा आधार इलाकाका रूपमा रहेको चिङकाङसानको गौरव चीनमा जति छ त्यस्तै गौरव नेपाली क्रान्तिको इतिहासमा पनि थवाङको भएकाले यसले आजपर्यन्त पनि गौरवको हाँसो हाँसिरहेको हो भन्ने निष्कर्ष कविको छ । क्रान्तिमा सहभागी योद्धाहरूले मुस्कुराउँदै क्रान्तिका गाथाहरू सुनाउँदै हतियारमा सान लगाएको कविलाई असाध्यै मन पर्छ । यस्तै भावको प्रस्तुति 'प्रिय कामरेड' नामक कवितामा यसरी व्यक्त भएको छ :

जब तिमी मुस्कुराउन थाल्छौ
मलाई तिम्रो रसिलो ओठको हँसिलो मुस्कान मनपर्छ
जब तिमी हामीसँग हुन्छौ
मलाई तिम्रो निश्चल स्नेह औ सरल व्यवहार मनपर्छ
दजब तिमी केही बोल्न थाल्छौ
मलाई तिम्रो तेजिलो आँखाको चम्किलो आभा मनपर्छ
जब तिमी केही सिकाउन थाल्छौ
मलाई तिम्रो मृदु भाषा र मधुर वाणी मनपर्छ । ('प्रिय कामरेड', *इतिहासको यस घडीमा,* पृ.८)

उल्लिखित कवितांशमा नेपालका दुर्गम गाउँबस्तीमा जागरणका गीत गाउँदै परिवर्तनका निम्ति सङगठन निर्माणमा तल्लीन योद्धाहरूको मिठो मुस्कान सरल व्यवहार, मधुर वाणी, मृदु भाषा एवम् तेजिलो र चम्किलो आँखाको आलङ्कारिक ढङ्गले बयान गरिएको छ । क्रान्तिकारीहरूले गरेका जोशिला भाषण क्रान्तिका लागि गरेको कासन,

प्रशिक्षण एवम् उनीहरूका प्रत्येक क्रियाकलाप कविलाई मन पर्नुका पछाडि उनीभित्र निहित क्रान्तिप्रतिको समर्थन र स्नेह नै प्रमुख कारण हो । त्यसैगरी, इच्छुकका कवितामा क्रान्तिमा सहभागी सहिद एवम् सहिद परिवारका सदस्यहरूप्रति पनि कविको गहिरो स्नेह व्यक्त भएको कुरालाई निम्न अभिव्यक्तिबाट समेत बुझ्न सकिन्छ :

> उनी तिनै महान् सहिदकी आमा हुन्
> उनकै आभा र तेजले प्रकाशका राता राता किरणहरू छर्दै
> यो घाम पनि रापिएर तातो तातो छ आज ।('यो घाम पनि रापिएर तातो तातो छ आज', *इतिहासको यस घडीमा,* पृ. ११)

क्रान्तिकारीहरूको आफ्नो स्वार्थ भन्नु केही नहुने हुनाले उनीहरूको मूल उद्देश्य भनेकै जनताको सेवा हो । त्यसका लागि उनीहरूले व्यक्तिगत स्वार्थ, परिवारका इच्छा आकाङ्क्षालाई त्यागेर देश तथा समाजका लागि केही गर्ने अभीष्ट साँचेका हुन्छन् अर्थात् समाजबाट लिएर समाजलाई नै दिने कार्यमा उनीहरू जहिल्यै अग्रसर हुन्छन् । तर, परिस्थिति कहिलेकाहीँ प्रतिकूल भइदिनाले असामयिक सहादतसमेत हुने अवस्था आउन सक्छ । क्रान्तिमा सहादत हुनु क्रान्तिकारीहरूका लागि गौरवको विषय भए पनि यसले परिवारजन एवम् समाजलाई मर्माहत बनाउँदछ । माथिको कवितामा यस्तै कुराको सन्दर्भ छ तथापि यहाँ क्रान्तिमा सहादत प्राप्त गर्ने महान् सहिदकी आमाको शोकलाई कलात्मक ढङ्गले व्यक्त गरिएको छ । उल्लिखित कवितांशमा सहिदकी आमाको शौर्यको वर्णन मात्रै नभई सोहीअनुरूप वर्गसङ्घर्षलाई प्रेम गर्दै त्यसलाई काव्यात्मक अभिव्यक्तिसमेत दिइएको छ । समाजमा अनेक किसिमले वर्गद्वन्द्व चलिरहेको हुन्छ र परिवर्तनको यस्तो चालक तत्त्व द्वन्द्व नै भएकाले यसप्रति उनी आफ्नो समर्थन भाव यसरी जनाउँछन् :

> यो कुरूपता र सुन्दरताको लडाइँमा
> यो दुष्टता र भद्रताको लडाइँमा
> यो दासता र स्वाधीनताको लडाइँमा
> दिन र रातजस्तै
> हजारौं हार र जितले पल्टाबाजी खाइरहे पनि
> कसले भन्छ मेरो प्रिय देश
> मेरा अपराजेय निष्ठाहरूका विपक्षमा छ ? (*बन्दी र चन्द्रागिरि,* पृ.२१)

यस कवितांशमा नेपाली समाजमा निरन्तर चलिरहेको द्वन्द्वको सजीव चित्रण गरिएको छ । कवि वर्गमुक्तिका चल्ने सङ्घर्ष अर्थात् सुन्दरका पक्षमा दह्रो गरी उभिँदै त्यसप्रति आफ्नो समर्थन जनाउँछन् । मानव समाजमा द्वन्द्वका विभिन्न रूपहरू विद्यमान छन् । यहाँ सुन्दरता र कुरूपता, दुष्टता र भद्रता, दासता र स्वाधीनता, दिन र रातबीच विरोधको अवस्था छ तर कवि भने जहिल्यै कुरूपता र सुन्दरतामा सुन्दरता, भद्रता स्वाधीनतामा स्वाधीनता, रात र दिनमध्ये उज्यालो दिनको पक्षमा दृढ छन् । वर्गद्वन्द्व कतै आन्तरिक त कतै बाह्य रूपमा चलिरहने यथार्थलाई यस कवितांशले उजिल्याएको छ । यसका साथै उनी आफू मात्रै नभई सिङ्गै देश नै आफ्ना अपराजेय निष्ठाहरूका पक्षमा रहेकाले वर्गमुक्तिको लडाइँमा उत्पीडित वर्गको एकदिन अवश्य नै जित हुने विश्वासमा अडिग देखिन्छन् । भीषण सङ्घर्षविना वैश्विक एवम् सामाजिक रूपान्तरण सम्भव नहुने र जनता अधिकार सम्पन्न पनि नबन्ने भएकाले परिवर्तको मार्गनिर्देशक तथा संवाहक मानिने कवि कलाकारहरूले यस कुरामा रुचि राख्नु स्वाभाविक छ । त्यसैले, कविले आफ्ना कवितामा वर्गद्वन्द्वमा सामेल वर्गप्रति आस्था र भरोसा राख्दै सोहीअनुरूप यसरी काव्यात्मक अभिव्यक्ति दिएका छन् :

> जहाँ रहे पनि तिमी
> जहाँ रहे पनि हामी
> यतिखेर प्रिय छ हामीलाई
> तिम्रोजस्तै हाम्रो पनि अपहरित स्वतन्त्रता ('आन सान सुकी', *इच्छुक रचनावली भाग-२*, पृ.१७२)

संसारमा अथक सङ्घर्षको प्रतीकका रूपमा परिचित आन सान सुकीलाई सम्बोधन गरेर रचिएको यस कवितामा चमेराहरूलाई घामका स्निग्ध किरणहरूले छोएको उज्यालो प्रभात मन नपरेजस्तै उत्पीडनकारीहरूलाई पनि स्वतन्त्रताप्राप्तिका लागि सञ्चालन गरिएको आन्दोलन मन नपर्ने अभिव्यक्ति दिइएको छ । संसारको जुनसुकै कुनामा जो जहाँ रहे पनि अपहरित स्वतन्त्रताको माया र महत्त्व सबैलाई समान हुने भएकाले समयका उज्याला प्रभातहरूलाई सधैं अँध्यारा गुफाभित्र कैद गर्न चाहने चमेराहरूका विरुद्ध सङ्घर्षमा उत्रिन तयार रहनुपर्ने सन्देश कविले दिएका छन् । वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रतिको आस्था 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' कवितामा यसरी पोखिएको छ :

तिम्रा आँखाको भरभराउँदो आगोको तातो लप्का
मैले मेरा आँखामा साटिँदै गएको अनुभव गरेको छु
मैले मुटुभित्र ठेसहरू लागे पनि
कैले बाटाभरि पैराहरू गए पनि
पर्खालभित्रबाट तिमीलाई सम्झँदा
मैले आफूभित्र एउटा दरिलो आत्मविश्वास
महसुस गरेको छु । ('पर्खालभित्रबाट तिमीलाई सम्झँदा', *इच्छुक रचनावली भाग-२,* पृ. २१८)

परम्परित सोच, शैली र मानसिकताले ग्रस्त समाजमा क्रान्ति, सङ्घर्ष र विद्रोहविना यहाँ व्याप्त सबैखाले उत्पीडनको समूल नष्ट नहुने भएकाले वर्गद्वन्द्व र सङ्घर्षलाई उच्च प्राथमिकतामा राख्नु र त्यसप्रति भरोसा जनाउनु क्रान्तिकारीहरूका निम्ति स्वाभाविक कुरा हो । उल्लिखित कवितांशको 'तिम्रा आँखाको भरभराउँदो आगोको तातो लप्का मैले मेरा आँखामा साटिँदै गरेको महसुस गरेको छु' भन्ने उक्तिमा वर्गद्वन्द्व एवम् वर्गीय प्रेमको अभिव्यक्ति प्रखर रूपमा व्यक्त भएको पाइन्छ । सङ्घर्षका क्रममा विभिन्न बाधा अवरोध एवम् प्रतिरोध झेल्नुपरे पनि जेलनेल र कठोर यातना बेहोर्नुपरे पनि वर्गसङ्घर्षकै क्रममा कालकोठरीमा कैद भएका कवि पर्खालभित्रबाट क्रान्तिमा सहभागी योद्धा तथा उनीहरूले लिएको पवित्र उद्देश्यप्रति यहाँ कविले असीम श्रद्धा प्रकट गरेका छन् । त्यसैले, वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रतिको आस्थालाई वर्गद्वन्द्वकै एक अंशका रूपमा लिन सकिन्छ ।

### २.४.३ आमूल परिवर्तनको स्वप्न एवम् वर्गद्वन्द्वको चित्रण र क्रान्तिको महिमागानका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

आमूल परिवर्तनको स्वप्न एवम् वर्गद्वन्द्वको चित्रण र महिमागान इच्छुकका कविताको केन्द्रीय अभिव्यक्ति हो । यिनका कवितामा सर्वहारावर्गको अधिनायकत्व अर्थात् आमूल परिवर्तनका लागि गरिएका सङ्घर्षहरूले महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । आमूल परिवर्तनको स्वप्नप्राप्तिलाई यिनले निकै प्रमुखताका साथ आफ्ना कवितामा समेटेका छन् । समाजका हरेक वर्गले आआफ्नो ठाउँबाट समुचित पहल गर्न सकेको खण्डमा मात्रै परिवर्तन सम्भव हुने भए पनि क्रान्तिको नेतृत्व गर्नेहरू अरूको तुलनामा बढी जिम्मेवार हुने भएकाले क्रान्तिकारीहरूले जस्तोसुकै कठिन परिस्थितिमा पनि आमूल

परिवर्तनको स्वप्नबाट विचलित हुन नहुने तर्क कविको छ । कवि इच्छुक परिवर्तनका स्वप्नहरूलाई यसरी काव्यात्मक अभिव्यक्ति दिन्छन् :

ए ! मेरो युगको तरुण नायक
यसबेला मैले कविता लेखूँ नलेखूँ केही फरक पर्दैन
तर तिम्रो आँधीबेहरीमय यात्रा भने रोकिनुहुन्न
इतिहासको यस संक्रमणकालीन घडीमा
भोको पेटका उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पोछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ भद्रपुरुष
तिमी भने झुक्किनुहुन्न
कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस
तिमी भने यो फेदीमै अल्मलिनुहुन्न । ('इतिहासको यस घडीमा', *इतिहासको यस घडीमा,* पृ.३३)

उल्लिखित कवितामा परिवर्तनको स्वप्न अभिव्यक्त भएको छ । 'तिम्रो आँधीबेहरीमय यात्रा भने रोकिनुहुन्न' भन्ने कविकथनले यसै यथार्थको सङ्केत गर्दछ । कवि आफ्नो युगको तरुण नायकलाई समाजको आदर्श व्यक्तित्वका रूपमा देख्न चाहन्छन् जो जस्तोसुकै कठिन परिस्थितिमा पनि अविचलित रहोस् र कसैको प्रलोभनमा नपरी अगाडि बढिरहोस् । जनता नै इतिहासका वास्तविक निर्माता भएकाले जनतामा आउने चेतना वा जागरणले पुरानो इतिहास भत्किएर नयाँ इतिहास निर्माण हुनसक्ने यथार्थप्रति सङ्केत गर्दै कवि यसो भन्छन् :

त्यसैले गति रोकिँदैन
अँधेरो युगको कायाकल्प हुन्छ आमा
इतिहास फेरिन्छ इतिहास फेरि रचिन्छ
र फेरि नयाँ युगको नवीन यात्रा सुरु हुन्छ
र, फेरि नयाँ जीवनको नौलो कथा सुरु हुन्छ । ('बन्दी छोराको पत्र', *इतिहासको यस घडीमा,* पृ.७२)

सत्ताधारी अर्थात् उत्पीडकवर्गले चाहँदैमा परिवर्तनको गति नरोकिने यथार्थको अभिव्यक्ति उल्लिखित कवितांशमा व्यक्त भएको छ । समाजमा क्रान्तिको आगो

सल्किसकेकाले अँधेरो युगमा अत्याचार सहेर जिउने युगको अन्त्य भइसकेको ठम्याइ कविको छ । यहाँ 'आमा' शब्दले कुनै खास व्यक्तिकी आमालाई नजनाएर सबैकी आमा अर्थात् अझ व्यापक अर्थमा नेपाल आमालाई नै सङ्केत गरेको छ । आमालाई सम्बोधन गर्दै कविले इतिहास अन्तिम सत्य नभई यो रचिने र फेरिने विषय भएकाले जनताले चाहेको खण्डमा युगको कायाकल्प भई यसको पुनर्लेखनका साथ युगको नवीन यात्रा सुरु हुनाका साथै नवीन जीवनको नवीन कथासमेत सुरु हुने जनाएका छन् । यहाँ परिवर्तनको स्वप्न र वर्गद्वन्द्वको अभिव्यक्ति सँगसँगै अभिव्यक्त भएको छ । कवितामा परिवर्तनको स्वप्न मात्रै छैन वर्गद्वन्द्वप्रति प्रेम र त्यसको महिमागान पनि छ । इच्छुक रचित काव्यकृतिहरू नेपाली समाजमा नवीन समाज र व्यवस्थाका लागि जनताले सञ्चालन गरेको वर्गद्वन्द्व (जनयुद्ध) का गर्विलो दस्तावेज हुन् । उनका काव्यकृतिमा अभिव्यक्त आमूल परिवर्तनको स्वप्न एवम् वर्गद्वन्द्वप्रति अगाध आस्थाको अभिव्यक्ति यसरी प्रकट भएको छ :

मलाई वसन्तसँगै आउने
झञ्जावात् र उल्कापात प्रिय लाग्छ
कहाँ हुन्छ जीवन सुख्खा बगरजस्तो
मलाई वेगवान् पहाडी नदी
र जलप्रपात प्रिय लाग्छ । (*बन्दी र चन्द्रागिरि,* पृ.४-५)

कवि यथास्थितिका विरुद्धमा छन् त्यसैले त उनलाई वसन्तभन्दा यससँगै आउने उल्कापात र सुख्खा वगरभन्दा वेगवान् नदी र जलप्रपात बढी मन प्रिय लाग्छ । वेगवान् नदी उल्ककापात र जलप्रपात जस्ता शब्दद्वारा यहाँ वर्गद्वन्द्वकै सङ्केत र समर्थन व्यक्त भएको पाइन्छ । क्रान्तिकारीहरू घटनाको पछाडि होइन सपनाको पछाडि लाग्दछन् । सपनाको सम्बन्ध विचार भावधारा र सुष्पष्ट उद्देश्यसँग जोडिने विषय भएकाले हरेक वर्गयोद्धासँग कुनै न कुनै महान् सपना र आदर्श हुने गर्दछ र सोही आदर्श स्वप्नप्राप्तिको गायन इच्छुकको यस कवितांशमा यसरी मुखरित भएको छ :

प्रिय चन्द्रगिरि !
मसँग मेरो सुन्दर सपना छ
मसँग मेरो महान् आदर्श छ
त्यै सपना र आदर्श नै नरहे

भन म कसरी रहन सक्छु ? (*बन्दी र चन्द्रागिरि,* पृ.१५)

सुन्दर जीवन जिउनका लागि सुन्दर सपना र महान् आदर्श आवश्यक पर्ने भएकाले आफ्नो जीवन सोही आदर्शका निम्ति समर्पित भएको बयान कविले उल्लिखित कवितांशमा दिएका छन् । त्यही सपना र आदर्श नै नरहे जीवन जिउनु र नजिउनुको तथा धर्तीमा रहनु नरहनुको कुनै अर्थ नभएको कविको निष्कर्ष छ । निम्न कवितांशमा समेत कवि परिवर्तनको स्वप्नलाई जोडतोडका साथ यसरी अभिव्यक्त गर्न पुग्छन् :

तिम्रो महान् राष्ट्र
शुक्लपक्षको उज्यालो जूनजस्तै भएर
धर्तीमा उदाउनेछ एकदिन
तिम्रो रातो झण्डा स्वतन्त्रताको धुन बजाएर
फरफराइरहनेछ एकदिन । (*बन्दी र चन्द्रागिरि,* पृ.२६)

क्रान्तिकारीहरूको स्वाभिमानपूर्ण सुन्दर मुस्कानजस्तै हाम्रो देश पनि शुक्लपक्षको उज्यालो जूनजस्तै भएर धर्तीमा उदाउने विश्वास यहाँ व्यक्त भएको छ । तर समाजमा विद्यमान सम्पूर्ण खालका शोषणबाट मुक्ति पाउनका लागि वर्गसङ्घर्षमा होमिन आवश्यक छ र यसले ले तमाम शोषणबाट मानवलाई मुक्त गरेको दिन क्रान्तिकारीहरूको प्रिय लालझण्डा स्वतन्त्रताको मीठो धुन बजाएर फरफराइरहने विश्वास कविले व्यक्त गरेका छन् । कवि हुर्हुराउँदा आँधी र हुरीका बीच पनि सगर्व सङ्घर्षका तुफानी दिनहरूमा सतिसालजस्तै निर्भीक भएर वर्गसङ्घर्षमा सहभागी कुशल सङ्गठनकर्ता तथा मार्गदर्शक व्यक्तित्व भएकाले यिनका कवितामा सदैव यस यथार्थलाई निकै कलात्मकताका साथ प्रस्तुत गरिएको पाइन्छ । वर्गयुद्धमा सहभागी हरेक क्रान्तिकारी छापामारले जस्तै कविले आफ्नो जीवन नै क्रान्तिमा समर्पित गर्नुको मूल उद्देश्य साम्यवादी शासन व्यवस्थाको स्थापना हो । तसर्थ, सोही उद्देश्यको प्राप्ति भए मात्रै नवीन जीवनको प्राप्ति हुने निष्कर्षलाई कवि यसरी प्रकट गर्दछन् :

लामो अँध्यारो रातपछि
झलमलाउने उज्यालो प्रभातजस्तै
आजको कालो अँध्यारो चिरेर
हाम्रो आस्थाको साम्यवाद
एक न दिन जरुर झुल्कनेछ

हाम्रो निष्ठाको बीजबाट

एक न एक दिन जरुर

नयाँ जीवनको नवाङ्कुर फुट्नेछ । (*बन्दी र चन्द्रागिरि,* पृ. ५६)

कठिन त्याग, बलिदान र सङ्घर्षपछि मात्रै लामो अँध्यारो रातपछि झलमलाउने उज्यालो प्रभातजस्तै आजको कालो रात अर्थात् गरिबी, अन्याय र शोषणयुक्त व्यवस्थाको अन्त्य भई आस्थाको साम्यवाद उदाउने विश्वास कविको छ । वर्गद्वन्द्वको चित्रण गर्दै 'हाम्रो निष्ठाको बीजबाट एक न एक दिन जरुर नयाँ जीवनको नवाङ्कुर फुट्नेछ' भन्ने कविको अभिव्यक्तिबाट कवि समाजमा नवीन व्यवस्था र त्यसको स्थापनाका लागि सङ्घर्ष गर्न तयार एवम् प्रतिबद्ध छन् भन्ने कुरा स्वतः पुष्टि हुन्छ । आफ्नो आस्थाको साम्यवादलाई उज्यालो प्रभात ठान्ने कवि विश्वासको सभ्य संसारका निम्ति मरिमेट्नेहरूका निम्ति विश्वास विपनामा फेरिएरै छोड्ने विश्वासको अभिव्यक्ति यसरी दिन्छन् :

एक न एक दिन जरुर

हाम्रो विश्वासको सभ्य संसार

हाम्रो गुलाफी विपनामा फेरिनेछ

र, यो एक्काइसौं शदी हाम्रो मुक्तिको महान् शदी हुनेछ ।

र, यो तेस्रो सहस्राब्दी

हाम्रो विजयको महान् सहस्राब्दी हुनेछ । (*बन्दी र चन्द्रागिरि,* पृ.५६)

कविमा साम्यवादको विजय र जनताको मुक्तिप्रति अगाध विश्वास भएकाले उल्लिखित कवितांशमा यसै भावको काव्यमय प्रस्तुति पाइन्छ । यस काव्यांशमा भद्रबन्दी गृहभित्र चन्द्रागिरिसँग मौन संवाद गर्दै बन्दी जीवन बिताइरहेका कविले एक्काइसौं शताब्दीलाई मुक्ति र विजयको महान् शताब्दी र सहस्राब्दीका रूपमा प्रस्तुत गरेका छन् । उक्त कवितांश क्रान्तिप्रतिको अटल विश्वास एवम् आमूल परिवर्तनको स्वप्नको अभिव्यञ्जनामा केन्द्रित रहेको छ । साथै, क्रान्तिकारीहरूको विजयप्रतिको अटल आस्थालाई प्रतिनिधित्व गर्ने उक्त कवितांशलाई आदर्शमय काव्यात्मक अभिव्यक्तिका रूपमा ग्रहण गर्नु उपयुक्त देखिन्छ । आमूल परिवर्तन, शोषणरहित समाजको स्थापना, सबै किसिमको वर्गीय विभेदको अन्त्य, न्याय र उत्पीडनको अन्त्यका भएको तथ्यलाई उजागर गर्दै कविले यसरी काव्यात्मक अभिव्यक्ति दिएका छन् :

युगचेतनाका सचेत धुनहरूलाई थुन
अँध्यारोमा पिल्सेका जूनहरूलाई थुन
दमनका थाना चौकीहरूमा थुन
या उत्पीडनका काला कोठरीहरूमा थुन
यातनाका खुल्ला कारागाहरूमा थुन
या आतङ्कका गुप्त शिविरहरूमा थुन
कतै आवाज पनि विस्फोटक बन्ला
आवाजका गुञ्जनहरूलाई थुन
तर पनि थुनिँदैन कहिल्यै
हाम्रो सङ्कल्पको महान् सपना । ('अजम्बरी सपना', *इच्छुक रचनावली भाग-२,* पृ.१४८)

उल्लिखित कवितांशमा आमूल परिवर्तनको स्वप्न र वर्गद्वन्द्वको महिमागानलाई उच्च महत्त्वका साथ प्रस्तुत गरिएको छ । आततायी राज्यसत्ता चेतनाका सचेत धुनहरूलाई दमनका थाना चौकी र उत्पीडनका काला कोठरीहरूमा थुन्न तल्लीन देखिए पनि जनजनमा आतङ्कको सिर्जना गरेर सत्ता टिकाउने तानाबाना बुन्न उद्यत देखिए पनि जनताका अजम्बरी सपनाहरूलाई यातनाका कारागार वा गुप्त शिविरमा थुनेर राख्न नसकिने तर्क कविको छ । सुन्दर समाजको निर्माणका लागि नै वर्गद्वन्द्व हुने भएकाले सबैखाले उत्पीडनबाट मुक्तिको स्वप्न देख्नु र त्यसको अभिव्यक्ति दिनु हरेक क्रान्तिकारी कविको रुचिको विषय हो । कवि इच्छुक आफ्ना तिनै आस्थामय स्वप्न र वर्गद्वन्द्वलाई यसरी काव्यात्मक अभिव्यक्ति दिन्छन् :

हामी सुन्दर जीवन
र सुन्दर संसार निर्माणका खातिर
साझा युद्धमा सामेल छौं
ह्रम्रो युद्ध हाम्रो सुन्दर भविष्यका लागि हो
ह्रम्रो युद्ध धर्तीका समस्त उत्पीडित वर्गका लागि हो
ह्रम्रो युद्ध सत्य र न्यायका लागि हो । ('प्युठान, म पनि तिमीसँगै छौं',*इच्छुक रचनावली भाग-२,* पृ.१९७)

उल्लिखित कवितांशमा परिवर्तनको स्वप्न र वर्गवर्गद्वन्द्वको अभिव्यक्ति सँगसँगै व्यक्त भएको पाइन्छ । कवितामा युद्ध, सङ्घर्ष र द्वन्द्वको अनिवार्यतालाई प्रस्तुत गरिएको छ । सुन्दर जीवन र सुन्दर संसारको स्थापनाका लागि नै युद्ध हुने र युद्धपश्चात् नै धर्तीबाट उत्पीडन सदाका लागि हराएर जाने भएकाले यस्तो साझा युद्ध, सत्य र न्यायको स्थापनामा समस्त देश नै जुट्नुपर्ने सन्देश कविले दिएका छन् । युद्ध, सङ्घर्ष र बलिदानबाट नै सपनाको नयाँ युग आरम्भ हुन्छ । तर, यस्तो सपनाको प्राप्तिका लागि लड्दालड्दै कतिबेला कुन कालकोठरीमा भौतिक शरीरसहित स्वतन्त्रता नै बन्दी हुने हो केही ठेगान हुन्न । जेलभित्र वा जेलको छत देख्दा मात्रै पनि मनमा उत्पन्न हुने स्वतन्त्रताको अनुभूति वास्तवमै कति अमूल्य हुन्छ भन्ने बोध कवितामा यसरी व्यक्त भएको छ :

मुक्तिको वास्तविक अर्थ
स्वाधीन जीवनको सुन्दर सपना
आँखामा झलल बल्दछ
हरेक दिन साँझबिहान
कारागारको छतमाथि चढेर
जब घुम्न थाल्दछन् बन्दीहरू
बन्दीको मनभित्र
स्वतन्त्रताको मीठो अनुभूति
फूलजस्तै फक्रिन थाल्दछ ।('कारागारको छतमाथि चढेर', *इच्छुक रचनावली भाग-२,* पृ.१४८)

उल्लिखित कवितांशमा मुक्तिको वास्तविक अर्थ र स्वाधीन जीवनको सुन्दर सपना मुखरित भएको पाइन्छ । प्राप्त भइन्जेल केहीझैं नलागे पनि मानिसका लागि जीवनमा सबैभन्दा प्रिय वस्तु नै स्वतन्त्रता हो । जेलको अन्धकारमय पर्खालभित्र निस्सासिएर बसेको बन्दीलाई खुला आकाशको स्वतन्त्रता अत्यन्त प्रिय वस्तु बन्न पुग्छ र ऊ जेलको छतमाथि चढेर घुमफिर गर्न पाए मात्र पनि स्वतन्त्र भएको महसुस गर्न पुग्छ । यसै भावको अभिव्यक्तिले यहाँ काव्यात्मक बान्की प्राप्त गरेको छ । बन्दीहरू छतमा विचरण गर्न पाउँदा मात्र पनि स्वतन्त्रताको फूल फक्रिएको अनुभूति गर्न पुग्दछन् भन्दै बन्दीहरूका अनुभूतिमार्फत् कवि स्वयम्ले परिवर्तनको आमूल परिवर्तनको स्वप्नको महिमागान यस कवितांशमा गरेका छन् ।

### २.४.४ राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध इच्छुकका कवितामा सशक्त रूपमा प्रस्तुत भएको छ । कवि इच्छुकले यस विषयलाई आफ्ना कवितामा निकै महत्त्वका साथ प्रस्तुत गरेका छन् । साम्राज्यवादी उत्पीडनको समूल नष्टपछि नै नेपाल साँच्चिकै स्वाधीन हुन्छ र नेपाली जनताका बीच एकताको भावना पनि बलियो हुन्छ । यही यथार्थलाई स्पर्श गर्दै इच्छुकले आफ्ना कवितामा हस्तक्षेपविरोधी भावनाहरूलाई अभिव्यक्ति दिएका छन् । राष्ट्रप्रेम एवम् बाह्य हस्तक्षेपको विरोधमा इच्छुक यसरी पोखिएका छन् :

सुन्दर वसन्तमा मीठो रस घोली
किन कोइली कुहु कुहु बोलिरहेको छैन
किन शीतल सुगन्धी पवन मन्द मन्द चलिरहेको छैन
कुन शोकले राष्ट्र भर सन्ध्यामा
घर घर बत्ती बलिरहेको छैन
कुन छली, बलीको प्रपञ्चमा परी
यो नाकाबन्दी टलिरहेको छैन । (कविसँग, *इतिहासको यस घडीमा,* पृ.२६)

उल्लिखित कवितांशमा इच्छुकले बाह्य हस्तक्षेपका कारण उत्पन्न परिस्थितिको यथार्थपरक ढङ्गले चित्रण गरेका छन् । प्रजातन्त्रको पुनर्बहालीको पूर्वसन्ध्यामा रचिएको यस कवितामा तत्कालीन समयमा भारतले नेपालमाथि लगाएको आर्थिक नाकाबन्दी र त्यसले नेपाली जनजीवनमा पारेको गहिरो प्रभावलाई आलङ्कारिक तरिकाले प्रस्तुत गरिएको छ । इच्छुक नाकाबन्दीका कारण देशको जनजीवन नै अस्तव्यस्त हुँदै गएकामा असाध्यै चिन्तित छन् । शासकहरूले आफ्नो निहित स्वार्थमा रमाएर पराइका साम्‌ घुँडा टेक्दै जाँदा यस्तो स्थिति आउने राष्ट्रको स्वाभिमान जोगाउन देशका स्वाभिमानी तथा सचेत नागरिकहरू एकजुट हुनुपर्ने कुरामा जोड दिन्छन् । आमूल परिवर्तनका निम्ति चलेको सङ्घर्षको एउटा महत्त्वपूर्ण विषयमा राष्ट्रियता पनि पर्छ । त्यसैले यो पनि वर्गद्वन्द्वसँगै सम्बन्धित विषय हो र यसले इच्छुकका कवितामा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ । त्यसैले त कवि कतै अपमानबोधले शिर झुकाइरहेको त कतै सीमा मिचिएको देशबारे काव्यात्मक अभिव्यक्तिमार्फत् यसरी प्रस्तुत हुन्छन् :

प्रत्येक पल पराई पाइलाले कुल्चिरहेझैं लाग्छ

घाइते सुस्ता र मानेभञ्ज्याङ मात्र होइन
सिङ्गै मेरो देश अपमानबोधले निहुरिरहेझैं लाग्छ
खोई, नेपाली चिनाउने
खर्पन, डोका र नाम्लाहरू यहाँ
खोई नेपाल चिनाउने
पहिरन बोली र भाषाहरू यहाँ
पोइल गएकी आमाको खल्लो काखझैं
काठमाडौं, मेरो देशको मुटुमा बसे पनि
म कुनै बिरानो मुलुकमा गएझैं लाग्छ । ('काडमाडौं मेरो देशको राजधानी',
*इतिहासको यस घडीमा,* पृ. २९)

इच्छुकले निकम्मा शासक र बाह्य हस्तक्षेपका कारण मुलुकले आफ्नो परिचय र अस्तित्व गुमाउँदै गएको तथा अपमानबोधले सिङ्गै देश निहुरिरहेझैं भएको देशको कठोर वास्तविकतालाई कविले यस कवितामा व्यक्त गरेका छन् । हस्तक्षेपका समेत अनेक रूप हुने भएकाले कविलाई मुलुकमा राजनीतिक मात्रै नभई सांस्कृतिक हस्तक्षेप पनि तीव्र बन्दै गएको अनुभूति भएको छ । सोहीकारण नेपालीलाई चिनाउने पहिरन, लवज तथा भाषाका मीठा बान्कीहरू देशकै मुटुमा समेत भेट्न मुस्किल छ भएकाले कविलाई आफ्नो देशको राजधानी पनि कुनै विरानो मुलुकमा गएझैं लाग्छ । मुलुकले आफ्नो स्वत्व गुमाउँदै गएकाले नै यस्तो अनुभूति भएको हो । जब मुलुकले सांस्कृतिक, आर्थिक, राजनीतिक तथा भौगोलिक अतिक्रमण बेहोर्छ तब कविको स्वाभिमानमा गहिरो आघात पुग्छ । यस्तो आघात तथा देशप्रतिको असीम स्नेहको परिणामस्वरूप कवि काव्यमार्फत् यसरी व्यक्त हुन्छन् :

मेरो रगत देशकै लागि बगोस् आमा
म जहाँ मरूँ देशकै लागि मरूँ
मुक्तियुद्धको हवनकुण्डमा
मेरो जीवन पवित्र समिधा बनोस्
मेरो प्राण प्रज्ज्वलित अग्नि बनोस्
र, म जैले मरूँ देशकै निम्ति मरूँ ।('बन्दी छोराको पत्र',*इतिहासको यस घडीमा,* पृ.७२)

उल्लिखित कवितांशमा कवि हृदयमा उत्पन्न देशप्रतिको स्नेह एवम् बलिदानी भावनाको अभिव्यक्ति पाइन्छ । जहाँ मरे पनि र जहिले मरे पनि देशकै लागि मर्न पाए हुन्थ्यो भन्ने कवि चाहनाको अभिव्यक्ति भएको उक्त अंशमा मरेपछि प्राण प्रज्ज्वलित अग्नि र जीवन पवित्र समिधा बनोस् भन्ने आदर्श विचारको प्रकटीकरण भएको पाइन्छ । अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामै रहिआएको नेपालमा विद्यमान वैदेशिक हस्तक्षेपप्रति कवि इच्छुक निकै सजग, सचेत र संवेदनशील देखिन्छन् । राष्ट्रिय स्वाभिमानलाई अँध्यारो खोपीमा मिल्काएर आफ्नो स्वार्थ सिद्ध गर्न मरिहत्ते गर्ने सत्ता सञ्चालकहरूका कारण नै आज मुलुकले बाह्य हस्तक्षेप बेहोर्नुपरेको हो भन्ने यथार्थलाई कवि यसरी व्यक्त गर्दछन् :

> राष्ट्रिय स्वाभिमान यतिखेर अँध्यारो खोपीमा मिल्केको छ
> अतिक्रमणको पीडा र अपमान सहेर
> आज मेरो कालापानी एक्लै कहालिरहेको छ
> घरि सुस्ता लुटिएको छ
> घरि महेशपुर कुल्चिएको छ
> घरि घरि देशको अस्मिता लुछिएको छ
> दशगजाबाट हरदिन हराइरहेका सीमास्तम्भसँगै
> घरि टनकपुर दुखेर टन्किरहेको छ (*बन्दी र चन्द्रागिरि,* पृ.७)

प्रस्तुत कवितांशमा भारतीय विस्तारवादी चिन्तन, उसको हेपाहा प्रवृत्ति तथा बाह्य हस्तक्षेपबाट उत्पन्न विषम परिस्थितिलाई निकै मार्मिक ढङ्गले व्यक्त गरिएको छ । उल्लिखित काव्यांशमा देशको आन्तरिक राजनीतिमा हुने गरेको कलहका कारण नै बाह्य हस्तक्षेप निम्तिएको यथार्थको सङ्केत पाइन्छ । गरिब र कमजोर राष्ट्रमाथि शक्तिशाली राष्ट्रले गर्ने हस्तक्षेपलाई यहाँ प्रस्तुत गरिएको छ । हाम्रो देश नेपालका सन्दर्भमा भारतीय सीमा अतिक्रमणबाट नेपाली जनतामा उत्पन्न पीडाबोधलाई यहाँ प्रस्तुत गरिएको छ । भारतको विस्तारवादी नीति तथा राज्यसञ्चालकहरूको सत्तास्वार्थका कारण नै राष्ट्रिय स्वाभिमान सङ्कटमा परेको, दसगजाबाट सीमास्तम्भ हराएको, कालापानी-सुस्ता लुटिएको, महेशपुर मिचिएको तथा टनकपुर टन्केर दुखिरहेको कविको निष्कर्ष छ । देशको महान् मानचित्रबाट लिम्पियाधुरा हराउँदै जानुको पीडा एकातिर छ भने अर्कोतिर आम नागरिकमा

राष्ट्रियताको भावना कमजोर बन्दै गएको देखेर कवि अत्यन्तै मर्माहत हुँदै कवितामार्फत् यसरी पोखिएका छन् :

मेरो देशको महान् मानचित्रबाट
आज लिम्पियाधुरा हराएजस्तै
मेरो राष्ट्रियता हराउँदै गएको यस घडीमा
म कसरी सक्छु अराष्ट्रिय भएर बाँच्न ? (*बन्दी र चन्द्रागिरि,* पृ. ८)

देशको मानचित्रबाट लिम्पियाधुरा हराएजस्तै आम नागरिकमा राष्ट्रियता हराउँदै गए पनि आफू अराष्ट्रिय भएर बाँच्न नसक्ने उद्घोष कविले माथिको काव्यांशमा व्यक्त गरेका छन् । आफ्नो देशको सीमा र आफ्ना नागरिकको सुरक्षा समेत गर्न असमर्थ सत्ताले आतङ्ककारी घोषणा गरेर जेलमा कोचेको भए पनि देशको असीम मायाका कारण देशविकास र उन्नतिका लागि आफू क्रान्तिमा होमिएको साबिती बयान इच्छुक कवितामार्फत् यसरी दिन्छन् :

मेरो छातीभित्र मुटुमा छ
मेरो राष्ट्र  र राष्ट्रियता
मेरो सङ्कल्प र सद्भावनामा छ
मेरो राष्ट्र  र राष्ट्रियता
मेरो जिउँदो धुकधुकीमा छ
मेरो राष्ट्र  र राष्ट्रियता । (*बन्दी र चन्द्रागिरि,* पृ. ९)

यस कवितांशमा राष्ट्र र राष्ट्रियताप्रति गहिरो प्रेमको तथा आस्था र सम्मानको अभिव्यक्ति पाउन सकिन्छ । त्यसैगरी, राष्ट्रिय स्वाधीनता अपहरित हुने तथा देशको स्वाभिमानमा आँच आउने परिस्थितिबाट कवि मनमा उत्पन्न चिन्ताको भावना यसको मुख्य भाव बनेर आएको छ । उल्लिखित काव्यांशमा कवि देशप्रतिको मायामा भावविह्वल भएका छन् । उनी देशलाई प्राणभन्दा प्यारो र राष्ट्रियतालाई जीवनभन्दा प्यारो ठान्दै शरीरको नसा नसामा, सङ्कल्प र सद्भावनामा तथा जिउँदो धुकधुकीमा राष्ट्र  र राष्ट्रियता भएकाले राष्ट्र र राष्ट्रियताप्रतिको निष्ठामा शङ्का नगर्न सत्ताधारीहरूलाई सचेततापूर्वक स्मरण गराउँछन्  । व्यक्तिगत स्वार्थका लागि देश बेच्नसमेत पछि नपर्ने पात्र तथा प्रवृत्तिका विरुद्ध आगो ओकल्दै कवि वर्गयुद्धको अनिवार्यतासहित देशप्रेमको भावना कवि यसरी व्यक्त गर्छन् :

म कुनै कैदी होइन

केवल देशलाई अतिशय माया गर्ने

एक देशभक्त

म कुनै कैदी होइन

सधैं जनताको हिताकाङ्क्षी

म एक राजबन्दी हुँ । ('कैदी', *इच्छुक रचनावली भाग-२,* पृ. १४४)

उल्लिखित कवितांशमा वर्गयुद्धमा सामेल देशप्रेमको भावनाले ओतप्रोत एक राजबन्दीको भावनालाई व्यक्त गरिएको छ । बन्दी र राजबन्दीबीचको अन्तर स्पष्ट पार्दै कविले आफू बन्दी नभई सधैंभरि देश र जनताको भलाइ चाहने राजबन्दीका रूपमा आफूलाई उभ्याएका छन् । उत्पीडक र उत्पीडित पक्षका बीच चल्ने सङ्घर्षमा उत्पीडित वर्ग नै साँचो अर्थमा राष्ट्रका पक्षमा उभिने भएकाले उत्पीडित वर्गले कसरी राष्ट्रको रक्षा गरिरहेको भन्ने यथार्थलाई कवि इच्छुकले आफ्ना कवितामा व्यक्त गरेका छन् । साम्राज्यवादी एवम् विस्तारवादी उत्पीडनको समूल नष्ट नभई देश बलियो नहुने र देश बलियो नभई राष्ट्रिय एकता पनि बलियो नहुने भाव यिनका कवितामा अन्तर्निहित छ । त्यसैले राष्ट्रप्रेम एवम् बाह्य हस्तक्षेपविरोधी भावनालाई कवि यसरी अभिव्यक्त गर्दछन् :

प्रिय हिमालहरू !

कतै तिम्रो हिमपाखामा

कुनै विदेशी बुटले कुल्चियो कि ?('उत्तरतिर', *इच्छुक रचनावली भाग-२,* पृ. १८५)

नेपाल भौगोलिक एवम् प्राकृतिक हिसाबले सुन्दर हिमाली मुलुक हो । प्राकृतिक स्रोतसाधनको कुनै कमी नभए पनि नेपाल भूराजनीतिक सङ्घर्षको चपेटामा पर्दै आएको छ । विभिन्न शक्तिकेन्द्रहरूको चलखेलका कारण मुलुकले कहिले दृश्य रूपमा त कहिले अदृश्य रूपमा विभिन्न किसिमको हस्तक्षेप बेहोर्दै आएको छ । यस्तो अवस्थालाई नजिकबाट नियालेका कवि कतै विदेशीहरूले हाम्रा प्रिय हिमपाखामा बुट बजारिरहेका त छैनन् ? भन्दै त्यसप्रति गहिरो चिन्ता जाहेर गर्दछन् । निकम्मा शासक र बाह्य हस्तक्षेपका कारण कसरी देशको छातीमा विदेशीहरूले बुट बजार्ने दुस्साहस गरिरहेका छन् भन्ने यथार्थको अभिव्यक्ति उल्लिखित कवितांशमा व्यक्त भएको पाइन्छ ।

### २.४.५ दलित तथा जनजाति जनतामाथि आर्थिक उत्पीडनको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

कवितामा दलित एवम् आदिवासीमाथिको उत्पीडनको विरोध र मुक्तिको चाहनाको अभिव्यक्ति इच्छुकका कविताको एक महत्त्वपूर्ण विशेषता हो । इच्छुकले दलित एवम् आदिवासीमाथिको उत्पीडन र त्यसबाट मुक्तिको स्वप्नलाई वर्गीय मुक्तिसँग जोडेर हेरेका छन् र त्यसैअनुसार काव्यात्मक अभिव्यक्ति दिएका छन् । नेपाली समाजमा दलित र आदिवासी जनतामाथिको उत्पीडन र उनीहरूको मुक्तिको प्रश्नलाई वर्गीय मुक्तिसँग भिन्न गरेर हेर्ने दृष्टिकोणहरू पनि रहेका छन् तर इच्छुक यस्ता दृष्टिकोणसँग सहमत छैनन् । उनले दलित र आदिवासीमाथि उत्पीडनको अन्तलाई व्यापक परिप्रेक्ष्यमा हेर्दै वर्गीय मुक्तिसँग अलग गरेर जातीय मुक्तिको मात्रै कुरा गर्नेहरूको कटु आलोचना गरेका छन् । वस्तुतः दलित मुक्तिको प्रश्न सांस्कृतिक विषय मात्र नभएर वर्गीय विषय पनि हो । यही कुरा आदिवासीको हकमा पनि सत्य हो । यी विषयहरूलाई वर्गदेखि अलग गरेर हेर्नु भनेको दलित र आदिवासी जनतामाथिको मुक्तिको प्रश्नलाई पछि धकेल्नु हो (गिरी, २०७२, पृ. ९४) । नेपाली समाजमा दलित तथा आदिवासीमाथिको उत्पीडन निकै भयानक रहेको छ । फलतः इच्छुकका कवितामा यस्तो अवस्थाप्रति तीव्र आक्रोश व्यक्त भएको पाइन्छ । इच्छुकले आदिवांसीमाथि हुँदै आएको उत्पीडनको प्रतिवाद यसरी गरेका छन् :

ए घोमपाल !
कहाँ गयो त्यो सरस बचपनको
स्वप्नमय सुन्दर संसार
अचेल कुन दुःखको गाउँमा छौ ?
माछालाई माझीको नयाँ जालजस्तै
प्रत्येक साल माघीमा नयाँ जिम्दार फेर्दै
बुढान पुग्यौ कि
अझै दाङमा छौ ? ('घोमपाल', *इतिहासको यस घडीमा,* पृ. ५०-५१)

उत्पीडितवर्ग एवम् समुदायप्रति इच्छुकका कवितामा सहानुभूतिको भाव व्यक्त भएको पाइन्छ । यस कवितांशमा मध्यपश्चिम क्षेत्रमा थारू समुदायले झेल्नुपरेको आर्थिक उत्पीडनलाई मर्मस्पर्शी ढङ्गले चित्रण गरिएको छ । यस कवितामा प्रस्तुत गरिएको

घोमपाल तमाम उत्पीडित थारू समुदायको प्रतिनिधि पात्र हो । यही पात्रलाई सम्बोधन गर्दै कविले अतीतमा सरस र स्वप्नमय रहेको उसको जीवन वर्तमानमा कुन दुःखको गाउँमा गएर बास बस्न पुगेको होला भनी जिज्ञासु भाव व्यक्त गरेका छन् । साहुको ऋण तिर्न नसकी जीवनभर बँधुवा जीवन बिताउन बाध्य थारू समुदायको मुक्तिको कामना गरिएको यस कवितामा थारूहरूका लागि माघी पर्व माछालाई माझीको नयाँ जालजस्तै भएको यथार्थको अभिव्यक्ति छ । प्रत्येक साल माघीमा नयाँ जिम्दार फेर्दै बुढान तथा दाङ पुग्न विवश थारू समुदायका मानिसहरूले आजीवन एउटै मालिकका घरमा पितापुर्खाझैं जीवन बिताउनुपर्ने अवस्थाबाट पार पाउनका लागि सङ्घर्ष नै एक मात्र उपाय भएको ध्वन्यार्थ यहाँ व्यक्त भएको छ । जहाँ रहेर जीवन बिताए पनि उत्पीडन र यसको असर वास्तवमा भयानक नै हुन्छ भन्ने निष्कर्ष कविको छ । रैथाने आदिवासीहरूमाथि भइरहेको दमन र उत्पीडनलाई उजागर गर्दै गोचाली कवितामार्फत कवि यसो भन्छन् :

गोचाली !
धरतीका आदिपुत्र
तिम्रै आदिभूमिलाई उजाड पारी जङ्गली बाँदरहरू
कसरी तिम्रै फूलबारीका माली बने
जसको असली हक छ यो पृथ्वीमाथि
तिनै तिमीलाई उठिबास पारी
कसरी लुटेरा बर्बरहरू
उल्टै सारा ऐश्वर्यका अधिकारी बने ?('गोचाली', *इतिहासको यस घडीमा,* पृ.६६)

इच्छुकले यस कवितामा आदिवासी माथिको आर्थिक उत्पीडनको विरोध गर्दै अब अपमानित समुदायमाथि भएको अत्याचारको हिसाब खोज्ने सही समय आएको सङ्केत गरेका छन् । हजारौं वर्षदेखि खनजोत गर्दै आए पनि श्रमिकवर्ग वर्तमानमा कसरी भूमिहीन बन्यो र बाँदर तथा लुटेराहरू धरतीका आदिपुत्रको आदिभूमिलाई उजाड पारी कसरी फूलबारीका माली तथा सारा ऐश्वर्यका अधिकारी बन्न पुगे ? भन्ने प्रश्नको उत्तर खोज्न अब विलम्ब गर्न नहुने तर्क कविको छ । आफूमाथि भइरहेको अत्याचारलाई सहेर बस्नु भनेको पुनः अर्को उत्पीडनलाई नै आमन्त्रण गर्नुसरह भएकाले उत्पीडक वर्गका विरुद्धको सङ्घर्षबाट मात्र मुक्तिको सपनाले सार्थकता पाउन सक्ने भाव उल्लिखित कवितांशमा प्रकट

भएको छ । यसका साथै इच्छुकका कवितामा दलितमाथि भएको उत्पीडनको विरोधभावलाई पनि उत्तिकै महत्त्वका साथ स्थान दिइएको पाइन्छ । नेपाली समाजमा दलितमाथि भएको उत्पीडनको भावले यिनका कवितामा यसरी अभिव्यक्ति पाएको छ :

धान भएर पनि
सधैं अपहेलित म
हिन्दु भएर पनि
मानौं अछुत जात हुँ
धर्म लेख्ने
अधर्मी हातहरू बताऊ
तिम्रो विभेदको
कर्मशास्त्रमा
कुन नीच कुलको
म कुन कुजात हुँ । ('सिम्ठारो धान', *इतिहासको यस घडीमा,* पृ.६९)

वर्तमान समाज शिक्षित र चेतनशील बन्दै जाँदा आज दलितहरूमा पनि जागरण आएको छ र उनीहरू आफ्ना हकअधिकारका निम्ति सङ्घर्षरत छन् । श्रम र सीपका मालिक भएर पनि सधैं अपहेलित भएर बाँच्नुपर्दा दलितहरूमा खपिनसक्नुको पीडा र आक्रोश व्याप्त छ त्यो देखेर कवि द्रविभूत बन्छन् । जसरी धान भएर पनि सिम्ठारो धान अधिकांश मानिसको रोजाइमा पर्दैन त्यसैगरी मान्छे भएर पनि मान्छेको दर्जा नपाउनुमा सम्पूर्ण सामाजिक संरचनामा कब्जा जमाएर बसेको राज्यव्यवस्था नै दोषी छ । समाजमा आर्थिक असमानता एवम् विभेदको पर्खाल निकै अग्लो भएकाले नै उँच नीच छूत अछूत जात कुजातजस्ता अन्धविश्वासयुक्त चिजहरू समाजमा अद्यापि व्याप्त छन् । दलितको श्रम र सीप चल्ने तर पानी नचल्ने नियम लेख्ने अधर्मी हातहरूले लेखेको विभेदको कर्मशास्त्रलाई नच्यात्दासम्म न्यायपूर्ण समाजको स्थापनामा व्यवधान आइरहने तथ्यलाई कविले निकै सरल तरिकाले प्रस्तुत गरेका छन् । त्यसैले, दलित तथा आदिवासीमाथि भइरहेको उत्पीडनलाई पहिचानसँग मात्र गाँसेर नहेरी यसलाई वर्गीय मुक्तिसँग जोडेर हेर्नुपर्छ भन्ने दृष्टिकोण कविको छ । उनीहरूमाथिको उत्पीडन वर्तमान समयको एक गम्भीर समस्या भएकाले यस्तो यथार्थलाई कवि इच्छुकले आफ्ना कवितामा निकै महत्त्वका साथ प्रस्तुत गरेका छन् । कवि इच्छुकले आफ्ना काव्यकृतिमा दलित एवम् आदिवासी

जनतामाथिको आर्थिक उत्पीडन र त्यसबाट मुक्तिको स्वप्नलाई वर्गीय मुक्तिसँग गाँसेर हेरेका छन् । जातीय उत्पीडनको प्रश्न दुःखीराम कवितामा यसरी मुखरित भएको छ :

दुःखीराम !
तिमीसँग सोध्न मन लागिरहेछ एउटा प्रश्न
के अब तिम्रा दुःखका दुर्दिनहरू गए ?
बिहानीको सुन्दर प्रकाशसँगै
गहन रातको अन्धकार बिते जसरी
के तिम्रो कष्टमा डुबेका
भोकका कहालीलाग्दा दिनहरू बिते ?
के तिम्रा शोकसन्तप्त साँझहरू बिते ? ('कमैया दुःखीरामलाई प्रश्न', *इच्छुक रचनावली भाग-२,* पृ. १५०)

सार्वजनिक खपतका लागि चर्को भाषण गर्दैमा र मुक्त भएको घोषणा गर्दैमा जातीय उत्पीडन र थिचोमिचोको अन्त्य नहुने यथार्थ माथिको कवितांशमा व्यक्त भएको छ । वर्षौंदेखि गरिबी र उत्पीडनको मार खेपिरहेका थारूहरूको पीडा नै उल्लिखित कवितांशको मूल भाव हो । मुलुकमा कमैया मुक्तिको घोषणा गरिएको वर्षौं भइसके पनि उनीहरूको दुःख र कष्ट भने ज्युँ का त्युँ रहेको यथार्थलाई यहाँ निकै मार्मिक ढङ्गले व्यक्त गरिएको पाइन्छ । बिहानीको सुन्दर प्रकाशसँगै गहन रातको अन्धकार हराएर गएझैं कमैया मुक्तिको घोषणा गरेसँगै भोक र कष्टका कहालीलाग्दा दिन तथा शोकसन्तप्त साँझहरू के सधैंका लागि बितेर गएका हुन् भन्दै कविले गम्भीर प्रश्नसहित चिन्तासमेत व्यक्त गरेका छन् । कसैले घोषणा गरिदिँदैमा केही नहुने बरु जीवनमा उज्यालो बिहानी ल्याउन र अधिकार सम्पन्न बन्नका का लागि कठोर सङ्घर्षको मैदानमा होमिन तयार रहनुपर्छ भन्नु नै उल्लिखित कवितांशको प्रमुख आशय हो ।

### २.४.६ लैङ्गिक असमानता एवम् उत्पीडनको आलोचनाका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

नेपाली समाजमा लैङ्गिक असमानता एवम् उत्पीडनको अवस्था निकै कमजोर रहेको छ । महिलाहरू आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिकलगायत विभिन्न किसिमका उत्पीडनको चपेटामा छन् । त्यसैले, यिनले नारीमाथिको उत्पीडन र मुक्तिको

स्वप्नलाई आफ्ना कवितामा काव्यात्मक अभिव्यक्ति दिएका छन् । नेपाली समाजमा नारीमाथि भइरहेको उत्पीडनलाई उनी यसरी पोख्छन् :

भट्टीमा भात पाकिरहेछ
भातसँगसँगै कान्छीको लाज पाकिरहेछ
भट्टीमा मासु पाकिरहेछ
मासुसँगसँगै कान्छीको आँसु पाकिरहेछ
भट्टीमा रक्सी बिकिरहेछ
रक्सी सँगसँगै कान्छीको श्री बिकिरहेछ
नेपाली छोरी ऊ
हिमालकी गोरी ऊ
विदेशका कोठीमा बेचिएकी अबोध चेलीझैं
गहबाट बहका नदीहरू झारिरहिछ
कान्छी भट्टी थापिरहिछ । ('कान्छी, भट्टी र देश', *इतिहासको यस घडीमा,* पृ. ३२)

यहाँ कान्छी, भट्टी र देशको चित्रणमार्फत् नेपाली समाजमा नारी उत्पीडनको स्थितिलाई सशक्त रूपमा उजागर गरिएको छ । यस कवितांशमा दु:ख र पीडामा रहेर कष्टपूर्ण जीवन यापन गरिरहेका तमाम नेपाली महिलाहरूको प्रतिनिधि पात्रका रूपमा कान्छीलाई प्रस्तुत गरिएको छ । यहाँ भट्टी थापेर बसेकी कान्छीलाई विदेशका कोठीमा बेचिएकी चेलीसँग दाँज्दै नेपाली नारी अस्मिताको समस्यालाई निकै गम्भीर र मार्मिक तरिकाले अभिव्यक्त गरिएको पाइन्छ । नेपाली समाजमा महिलाहरूले झेलेको दमन र उत्पीडनले इच्छुकका कवितामा विशिष्ट स्थान ओगटेको देखिन्छ । कवि इच्छुक नारीमाथिको उत्पीडनको विरोध कवितामार्फत् यसरी गर्छन् :

दाजु हैकमको उन्मत्त नशा धोक्छन्
र तपाईंलाई मनपरी गोद्छन्
तपाईं उनलाई रिस पोख्ने भाँडो बन्नु भको छ
दाजु लोग्नेको निरङ्कुश पगरी गुँथ्छन् र तपाईंमाथि सौता हाल्छन्
तपाईं उनलाई काम नचाहिँदको ठाँडो बन्नु भको छ

दाजु नपुङ्सक सत्ताको जुवा खेल्छन् र तपाईंलाई बाजी थाप्छन्
तपाईं उनलाई दुई कौडीको घाँडो बन्नु भको छ
भाउजू, नारी कहाँकी अर्धांगिनी र गृहलक्ष्मी हुनु
तपाईं केवल हेलाकी कमारी बन्नु भको छ ।('भाउजू', *इतिहासको यस घडीमा,* पृ.३६)

उत्पीडित महिलावर्गप्रति सम्मानको भाव इच्छुकका कविताको केन्द्रीय विषय हो । इच्छुकका कवितामा लैङ्गिक उत्पीडनमा परेका ग्रामीण महिलाहरूलाई विशेष स्थान दिइएको पाइन्छ । उल्लिखित कवितांशमा उत्पीडनमा परेकी नारीको मनोदशालाई निकै सुबोध्य भाषामा प्रस्तुत गरिएको छ । नेपाली समाज पितृसत्तात्मक सोचले ग्रस्त छ । सम्पत्तिमाथि पूर्णतः पुरुषहरूको एकाधिकार भएका कारणले गर्दा जीवनका महत्त्वपूर्ण निर्णयमा नारीहरूले लोग्नेकै भर पर्नुपर्ने अवस्था छ । परनिर्भर भएरै जिन्दगी गुजार्नुपर्ने दयनीय अवस्थाका कारण पुरुषले गरेको अत्याचारलाई सहेर बाँच्नुपर्ने हाम्रो समाजका नारीहरूको प्रतिनिधि पात्रका रूपमा यस कवितामा भाउजूलाई उभ्याइएको छ । नेपाली समाजमा नारीलाई अर्धाङ्गिनी तथा गृहलक्ष्मी भनेर पुकारिए पनि उनीहरू आफ्नै लोग्नेबाट समेत अपहेलित छन् । आफूमाथि अन्याय भएको जान्दाजान्दै पनि हेलाको पात्र भएर बाँच्न विवश नारीहरूको पीडालाई यहाँ मार्मिक ढङ्गले व्यक्त गरिएको छ । निरङ्कुश एवम् नपुङ्सक सत्ताको जुवा खेल्ने दाजुहरूबाट नै भाउजू अर्थात् समस्त नारीजन प्रताडित छन् भन्ने निष्कर्ष कविको छ । उत्पीडित र सङ्घर्षशील नारीका रूपमा यस कविताामा प्रस्तुत गरिएकी नारी कष्टपूर्ण दैनिकी झेल्दै लोग्नेको दासत्वको बन्धनमा बाँधिएकी छे । आधार जस्तो छ अधिरचना पनि सोही प्रकारको हुन्छ भन्ने मार्क्सवादी विचारलाई मध्यनजर गर्दा सम्पत्तिमाथिको स्वामित्वका कारण पुरुषहरूमा उत्पन्न हैकमवादी सोचका कारण नै नारीहरूमाथि यस्तो दमन भएको हो भन्न सकिन्छ ।

### २.४.७ राज्य आतङ्कको विरोधका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

माओवादीले सञ्चालन गरेको दसवर्षे जनयुद्धमा राज्यसत्ताले गरेको दमन, हत्या, आतङ्क र अत्याचार निकै कहालीलाग्दो विषय हो । राज्यसत्ताले निर्दोष एवम् निहत्था नागरिकहरूलाई समेत आतङ्ककारीको बिल्ला भिराएर तिनको निर्मम हत्या गर्नु तथा यातना दिनु त्यसबेला सामान्यजस्तै बनेको थियो । त्यसैको काव्यात्मक बयान एवम् विरोध

इच्छुकका कवितामा सजीव बनेर आएको छ । त्यतिबेला समाजका हरेक तह र तप्काका मानिस राज्य आतङ्कको सिकार भएका थिए । तसर्थ, जनवादी कवि इच्छुकका कवितामा यस यथार्थको सुन्दर कलात्मक पुनःसृजन गरिएको पाइन्छ । यस यथार्थलाई उनले यसरी अभिव्यक्ति दिएका छन् :

जहाँ बेला कुबेला रमन घुमिरहन्छ
जहाँ कारण अकारण साइरन बजिरहन्छ
सडकमाथि बेलगाम घोडाको टापजस्तै
जहाँ चर्को आवाज गरी मार्च पास चलिरहन्छ
अनि जहाँ मौसम बेमौसम बारुदहरू गर्जेर
सधैं रगतको झरी परिरहन्छ
पर्खालभित्र होस् या पर्खालबाहिर होस्
के फरक पर्‍यो र ?
मित्र, सधैं छातीमा चाँदमारी थापेको जिन्दगी
जहाँ गुजार्नु परे पनि त्यो जेल हुन्छ । ('जेल', *इतिहासको यस घडीमा,* पृ.३५)

उल्लिखित कविता राज्य आतङ्कको चित्रण गरिएको उत्कृष्ट रचना हो । जनताको अभिभावक बनेर विद्यमान समस्याको सुनुवाइ गर्नुपर्ने दायित्व बोकेको राज्यव्यवस्था क्रान्ति र सङ्घर्षमा होमिएका कवि, कलाकार, लेखक तथा श्रमजीवीहरूलाई झुटा मुद्दा लगाएर जेल हाल्न तथा यातना दिन उद्यत देखिन्छ । जेल कवितामा जेलभित्रै र बाहिर पनि सधैं छातीमा चाँदमारी थापेको उत्पीडित जिन्दगीको बन्धन र पीडाको मर्मलाई उजागर गरिएको छ । कविका लागि जेलभित्र र बाहिरको जिन्दगी समान रहेको यथार्थको प्रतिविम्बन यहाँ गरिएको छ । जहाँ बेला कुबेला रमन घुमिरहको कारण अकारण साइरन बजिरहेको सडकमा घोडाको टापजस्तै बेलगाम मार्च पास चलिरहेको तथा मौसम बेमौसम निहत्थाहरूमाथि बारुदहरू बर्सेर रगतको झरी परिरहेको भन्दै कविले राज्य कसरी र कुन हदसम्म आतङ्कमा उत्रिन सक्छ भन्ने यथार्थको अभिव्यक्ति यस कवितामा प्रस्तुत गरेका छन् । जेलबाहिर होस् वा जेलभित्र होस् जहाँसुकै पनि राज्यको चरित्र हिंस्रक नै भएकाले आफूलाई जेलभित्र वा बाहिर समान लाग्ने यथार्थलाई कविले कलात्मक अभिव्यक्ति दिएका छन् । तसर्थ, प्रस्तुत कवितामा अभिव्यक्त यथार्थ उत्पीडित तथा उत्पीडक वर्गबीचको सङ्घर्षका

क्रममा चलेको वर्गद्वन्द्वकै हो । त्यसैगरी, राज्य आतङ्क र दमनले 'दार्बोटको जङ्गलमा' नामक कवितामा यसरी अभिव्यक्ति पाएको छ :

दार्बोटको जङ्गलमा सैनिकले छापा मारेर गए
आतंककारी गतिविधिमा संलग्न
रित्ता बिस्कुट र चाउचाउका सन्दिग्ध खोलहरूलाई
अन्ततः घेराबन्दीमा पारेर
सिगरेटका ठुटाहरूलाई समेत
सप्रमाण गिरफ्तार गरेर गए
दार्बोटको जङ्गलमा सैनिकले छापा मारेर गए । ('दार्बोटको जङ्गलमा', *इतिहासको यस घडीमा,* पृ.४९)

उल्लिखित कवितांशमा बहुदलवादको बिल्ला भिरेर शासन सञ्चालन गर्ने दमनकारी राज्यसत्ताले मुक्तिका लागि जनताले चलाएको सङ्घर्षमा गरेको भीषण दमनको यथार्थ चित्र उतारिएको छ । जनताको आन्दोलनमाथि बर्बर दमन गर्ने, क्रममा जङ्गल अप्रेसनका नाममा रोल्पा जिल्लाको दार्बोटस्थित जङ्गलमा गरिएको सैनिक अप्रेसनको यथार्थलाई कविले निकै मार्मिक एवम् व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । प्रकृतिको मानवीकरण गर्दै कविले रोल्पाको दार्बोटमा जनता मात्र नभई जङ्गल, त्यहाँका वृक्ष र लहराहरूसमेत क्रान्तिकारी रहेको भाव व्यक्त गरेका छन् । दार्बोटको जङ्गलमा अप्रेसन गर्न गएकाहरू रित्ता बिस्कुट र चाउचाउका संदिग्ध खोलहरूलाई घेराबन्दीमा पारेर अन्तिममा सिग्रेटका ठुटाहरूलाई समेत सप्रमाण गिरफ्तार गरेर गए भन्दै कविले क्रान्तिकारीहरूलाई फेला पार्न वा पक्रिन नसकेपछि दमनकारी राज्यसत्ता क्रान्तिको आधार इलाकाबाट लाचार भएर लुरुलुरु फर्किन बाध्य भएको सन्दर्भलाई निकै रोचक पाराले व्यक्त गरेका छन् । साथै दार्बोटलगायत ग्रामीण इलाकामा सल्किएको क्रान्तिको आगो यस्तो अप्रेसनले निभाउन सक्दैन भन्नु नै उल्लिखित कवितांशको अन्तर्य हो । इच्छुक वर्गसङ्घर्ष र क्रान्तिप्रति असीम निष्ठा भएका क्रान्तिकारी कवि हुन् । त्यसैले, उनी युद्धको कठोरता र मानवीय संवेदनाबीच सन्तुलन कायम गर्दै सौन्दर्य सृष्टि गर्न माहिर देखिन्छन् । उनको कवि हृदय फूलजस्तै कोमल छ तर क्रान्तिविरुद्ध राज्यले चलाएको आतङ्क र विषम परिस्थितिले उनलाई चुप लागेर बस्न दिँदैन । त्यसैले, उनी करुणा र बीभत्सताको कठोर द्वन्द्वमा अभिसिचिन्त भावलाई घृणा र आक्रोशमय भावमा यसरी व्यक्त गर्दछन् :

तिमीसँग पनि मान्छेको मन छ भने
मनभित्र आगो र जलन छ भने
आऊ एकचोटि मेलगैरीमा आऊ
आऊ एकचोटि तिनकै बलिवेदीमा आऊ
र, मेरो छातीभित्र
बर्बरहरूको वीभत्स नाङ्गो नाच हेर
हेर, नृशंस जल्लादहरूका टाउकामाथि
निर्लज्ज प्रजातन्त्रको ताज हेर
घर घर निहत्था मान्छेको शिकार खेल्ने
नरभक्षी कायरहरूको जङ्गली राज हेर
म त निस्पन्द र निष्पृह सेतु जैसीको घर ।('सेतु जैसीको घर', *इतिहासको यस घडीमा,* पृ.५३)

यस कवितामा वर्णित घर बहादुरी, सङ्घर्ष र त्यागको बलिदानपूर्ण इतिहासको प्रतीक हो । जनयुद्धको उषाकालीन समयमा रुकुमको पोखरा गाविसमा राज्यसत्ताले घरभित्र थुनेर ६ जना युवाहरूको बीभत्स तरिकाले हत्या गरेको घरको नाउँबाट यस कविताको नामकरण गरिएको छ । कविले सेतु जैसीको घरलाई सहिदहरूको रगत बगेको पवित्र स्थलका रूपमा चित्रण गर्दै यो स्थान सहिदको अमर गाथा बोकेर युगौंयुगसम्म जनजनको स्मरणमा आइरहने विश्वास व्यक्त गरेका छन् । इच्छुकका कविता जनयुद्ध र यसले सिर्जना गरेका नवयथार्थको अभिव्यक्तिमा केन्द्रित रहेकाले द्वन्द्वमय सामाजिक यथार्थ उनका कवितामा निकै सशक्त र प्रभावकारी रूपमा व्यक्त भएको पाइन्छ । उल्लिखित कवितांशले यही कुराको पुष्टि गर्दछ । जनयुद्धको समयमा शोषण र उत्पीडनको भारी बोकिरहन अस्वीकार गर्ने असल मान्छेहरूमाथि राज्यले के कसरी यातना र मृत्युको त्रासदी थोपरेको थियो भन्ने भावलाई अभिव्यक्ति दिन यो कविता सक्षम देखिन्छ । नेपालको पश्चिमोत्तर पहाडी जिल्लाहरूमा मारिएका सर्वसाधारण जनताको सन्दर्भ प्रस्तुत गर्न कविले स्थानीय ठाउँ तथा प्रकृतिको पर्याप्त सहयोग लिएको पाइन्छ । रक्तमुछेल ती ठाउँ र प्राकृतिक सन्दर्भले राज्यआतङ्कको बीभत्स तस्बिरलाई प्रस्तुत गरेको छ । यथास्थितिबाट मुक्ति चाहने वर्गले उत्पीडनको त्रासदी भोग्नुपर्ने, जेलनेल बेहोर्नुपर्ने, यातनाका कारण ज्यान गुमाउनुपर्ने, आस्था, स्वाभिमान र स्वतन्त्रताको हत्या सहनुपर्नेजस्ता कुरूप यथार्थको प्रस्तुति उल्लिखित

कवितांशमा प्राप्त गर्न सकिन्छ । मानव जातिको इतिहासमा सत्य र असत्य न्याय र अन्यायका रूपमा उत्पीडित र उत्पीडक वर्गका बीच भीषण सङ्घर्ष चल्दै आएको छ । यसक्रममा सत्य र न्यायका पक्षपाती मानिने उत्पीडितवर्गले अनेकौं दुःखकष्ट यातना भोगेर भए पनि शोषणरहित समाजको स्थापनाका लागि सङ्घर्ष गरिरहेका हुन्छन् तर यस्तो कुराले उत्पीडक वर्गका स्वार्थहरूमा ठेस पुग्न थालेको महसुस भएपछि तिनीहरू उत्पीडित वर्गका विरुद्ध बर्बर दमनमा उत्रिन्छन् र त्यहीँबाट द्वन्द्व आरम्भ हुन्छ । यस यथार्थलाई कविले यसरी काव्यात्मक अभिव्यक्ति दिएका छन् :

प्रिय चन्द्रागिरि !
जब होचिँदै गएको मेरो सगरमाथालाई
मैले मेरो अग्लो शिरमाथि राखेर उठाउन चाहेँ
पातकीहरूले मेरो शिर नै उडाउन खोजे
जब साँघुरिँदै गएको मेरो देशको सीमारेखालाई
मैले मेरो विशाल छातीको आयतनभरि तन्काउन चाहेँ
मलाई पामरहरूले ठिँगुरामा ठोके । (*बन्दी र चन्द्रागिरि,* पृ. ६)

यहाँ भाव र विचारका तहमा बन्दी कविको आक्रोश तथा वर्गीय विचारको अभिव्यक्ति पाइन्छ । विचारधाराका तहमा तीव्र रूपमा समाजमा चलिरहेको द्वन्द्वलाई कविले निकै रोचक ढङ्गले यहाँ व्यक्त गरेका छन् । गिर्दै गएको देशको स्वाभिमानलई माथि उठाउन खोज्ने स्वाभिमानीहरूमाथि भइरहेको दमनलाई यहाँ निकै मार्मिक ढङ्गले अभिव्यक्त गरिएको छ । देशलाई हृदयदेखि नै माया गर्नेहरूलाई दबाउन राज्यसंयन्त्रले युद्धकालमा के कस्तो हतकन्डा अपनाएको थियो र समाजका कवि, लेखक र कलाकारहरूले देशको पक्षमा बोल्दा के कस्तो यातना सहनुपरेको थियो भनी बुझ्न चाहनेहरूका लागि उल्लिखित कवितांश सन्दर्भ सामग्री नै बनेर आएको छ । देश र जनताका पक्षमा उभिनेहरूप्रति राज्यले गरेको निर्लज्जतालाई कवि यसरी प्रस्तुत गर्छन् :

जब मैले राष्ट्र हितको पक्षमा
बेरोकटोक आवाज उठाएँ
कायरहरूले मलाई आतङ्ककारी घोषित गरेर
गिरफ्तारीको पागल पुर्जी थमाए

अनि मेरो आँखामा कालोपट्टी बाँधेर
तिनका गुप्त शिविरहरूमा घुमाए
देशलाई अन्धकारमा राख्न चाहनेहरू
मेरो आँखामा कालोपट्टी बाँधेर
के देशभक्तिको उज्यालो ज्योति
निभाउन सक्छन् र ? (*बन्दी र चन्द्रागिरि,* पृ.१०)

नेपाली जनताले राज्यको आतङ्क र दमनका कारण असङ्ख्य दु:खकष्टको सामना गरेका छन् । उल्लिखित कवितांशमा द्वन्द्वकालीन समयमा देश र जनताको पक्षमा आवाज उठाउनेहरूप्रति राज्यसत्ताले गरेको दमनको कुरूप चित्रलाई प्रस्तुत गरिएको छ । तत्कालीन समयमा क्रान्तिमा सहभागी कवि, कलाकार, लेखक, पत्रकार एवम् आमनागरिक सबैलाई आतङ्ककारीको आरोप लगाई गिरफ्तार र धरपकड गरिन्थ्यो, आँखामा कालोपट्टी बाँधेर गुप्त शिविरमा राखी चरम यातना दिइन्थ्यो । यस्तो यातना कैयौंपटक कवि स्वयम्ले पनि भोग्नुपरेको थियो । चरम यातना बेहोर्नुपरे पनि कवि आफ्नो उद्देश्यप्रति दृढ देखिएका छन् । क्रान्तिकारीहरूलाई छलकपटपूर्ण तरिकाले गिरफ्तार गर्ने कार्यलाई कायरताको संज्ञा दिँदै सङ्घर्षको मैदानमा उत्रेका वीर साहसी योद्धाहरूको आँखामा कालोपट्टी बाँधेर देशभक्तिको उज्यालो छेक्न तथा निभाउन नसकिने उद्घोष कवि गर्दछन् । विपरीत विचार समूहहरूको वैचारिक टकरावका कारण द्वन्द्व भएको र द्वन्द्व भएकै कारण राज्य दमनमा उत्रिएको देखाइएबाट यहाँ राज्य आतङ्कको विरोधलाई पनि वर्गद्वन्द्वकै अभिव्यक्तिका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

### २.४.८ राजनीतिक विकृति र विसङ्गतिको चित्रणका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

राजनीतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य इच्छुकका कवितामा सचेततापूर्वक व्यक्त भएको पाइन्छ । राजनीतिक विकृति र विसङ्गतिको भण्डाफोर नगरी सामन्ती, पुँजीवादी एवम् साम्राज्यवादी खराबीहरूलाई नङ्ग्याउन नसकिने भएकाले पनि प्रगतिवादी कवितामा राजनीतिक विकृति एवम् विसङ्गतिको भण्डाफोर गर्ने कार्यलाई निकै नै महत्त्व दिइन्छ । राजनीतिक विकृति र विसङ्गतिबाटै समाजमा वर्गद्वन्द्वको आरम्भ हुने भएकाले यसलाई पनि वर्गीय हित या राजनीतिक विचारधारासँगै जोडेर हेर्ने गरेको पाइन्छ । कवि इच्छुकले आफ्ना कवितामा विकृति विसङ्गतिमुक्त समाजको परिकल्पना गर्दै आमूल

परिवर्तनको स्वप्नलाई आफ्ना रचनामा प्राथमिकताका साथ प्रस्तुत गरेका छन् । समाजमा अव्यवस्था, राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक विकृति विद्यमान रहेसम्म वर्ग रहने र वर्ग रहेसम्म शोषण, उत्पीडन र दमन पनि रहने भएकाले विकृति विसङ्गतिको भण्डाफोर एवम् व्यङ्ग्यलाई कवि इच्छुकले वर्गद्वन्द्वसँग सम्बन्धित विषयका रूपमा ग्रहण गरेको पाइन्छ । त्यसैले, कवि इच्छुक राजनीतिक विकृति र विसङ्गतिप्रति यसरी व्यङ्ग्य प्रकट गर्छन् :

यसपल्ट
नयाँ सालकै प्रारम्भमा
शिखण्डीको भेषमा पाखण्डी चण्डालहरूले हामीलाई
परम वेदनाको गहिरो पिँधमा चुर्लुम्म डुबाउने रहेछन्
सप्तरंगी सपना हाम्रा मनहरू
यसपल्ट बाक्लो डढेलो लागेर ढाकिदिने रहेछ । (*इच्छुक रचनावली भाग-१,* पृ.७८)

यस कवितांशमा राजनीतिक विकृति र विसङ्गतिको जीवन्त तस्बिर पाइन्छ । एकातिर समाजमा विभिन्न रूप र आवरणमा शिखण्डीको रूप धारण गरेका चण्डालहरूले सप्तरङ्गी सपनामा आगो लगाइरहेका छन् भने अर्कातिर जनआकाङ्क्षाको निर्मम तरिकाले हत्या भइरहेको छ । जनतालाई पीडैपीडाको गहिरो सागरमा डुबाएर भित्रभित्रै उत्सव मनाउन पल्केका सत्ताका पहरेदारहरूले उत्पीडनकारीहरूकै सेवा गरिरहेका छन् र त्यसो हुनु हाम्रो समाजका लागि निकै घातक हुने भन्दै कविले त्यसको आलोचनासमेत गरेका छन् । उत्पीडितवर्गले यस प्रकारका विकृति र विसङ्गतिविरुद्ध निरन्तर रूपले सङ्घर्ष गरिरहेको छ र सो क्रममा असाध्यै कष्टको समेत सामना गरेको छ जुन मूल रूपमा वर्गद्वन्द्वसँगै गाँसिएको विषय हो । त्यसैले, उनले राजनीतिक विकृति र विसङ्गतिको आलोचनालाई उत्पीडित जनताको सङ्घर्षसँग गाँस्तै यसलाई वर्गद्वन्द्वसँग सम्बन्धित विषयका रूपमा ग्रहण गरेका छन् । उनी काव्यात्मक अभिव्यक्तिमार्फत देशमा व्याप्त राजनीतिक विकृति र विसङ्गतिको विरोध यसरी गर्छन् :

बाजले झम्टेर चल्ला टिपेजस्तै
सबैलाई हुकुमी पञ्जाभित्र गाँजेर

आकाशमाथि जङ्गी परेवाहरू उडाउँदै
तिमी कतै चाहारिरहेछौ कि त भनी खोजेँ। ('बन्दी सुगा र उन्मुक्तिको चाहना', *इतिहासको यस घडीमा,* पृ. ३९)

प्रस्तुत कविता निरङ्कुश व्यवस्थाभित्र थुनिएर रहेका नेपाली जनताले उन्मुक्तिका लागि वर्षौंदेखि गरेको सङ्कल्पमा आधारित छ । बाजले झम्टेर चल्लाहरू टिपेजस्तै सबैलाई हुकुमी पञ्जाभित्र गाँजेर आकाशमाथि जङ्गी परेवाहरू उडाउँदै पञ्चायती राज्यसत्ताले नेपाली जनतालाई अँध्यारो युगमै बन्दी बनाउन चाहेको राजनीतिक सन्दर्भलाई यहाँ कविले निकै सशक्त तरिकाले प्रस्तुत गरेका छन् । जनतामाथि दमन यातना र चरम गरिबी बाँड्दै शान्ति र अमनचयनको कामना गर्ने, सत्ता जोगाउनका लागि हिमालका कञ्चन जलधाराहरू दुष्टलाई सुम्पिने, नेपाली दिदीबहिनीहरूको अस्मिता लुट्नेहरूसित घुम्ने मेचमा बसेर रमाउँदै दिल्लगी गर्ने जनहरूमाथि यहाँ तीव्र व्यङ्ग्य एवम् असन्तोष प्रकट गर्दै यिनले त्यसको अन्त्यको चाहना व्यक्त गरेका छन् । जीवनको उज्यालो पक्षलाई उद्घाटन गर्दै नेपाली समाजमा विकसित हुँदै गएको वर्गद्वन्द्वबाट नै सुन्दर भविष्यको आगमन हुने भएकाले प्रतिकूल परिस्थितिका बीच पनि सङ्घर्षलाई निरन्तरता दिनुपर्ने पक्षमा कवि उभिएका छन् । त्यसैगरी, परिश्रमपूर्वक जीवन निर्वाह गरिरहेका गरिबहरूको आँखाबाट देशमा व्याप्त बेथितिको चित्रण कविले यसरी गरेका छन् :

घर हेर्छु घर रित्तै छ
देश हेर्छु देश रित्तै छ
कसरी भनूँ आमा, सधैंको गनगन छोड्नुस्
कसरी भनूँ बुबा, एक खुराक खाएर अलिकति तङ्ग्रनुस्
चारैतिर हेर्छु हात लाग्यो शून्य
मेचीदेखि महाकालीसम्म जम्मै उस्तै छ
यो नूतन परिवर्तन हो या पाखण्डीपनको नर्तन ?
म छली इतिहाससँग बारम्बार सोधिरहेछु । ('हात लाग्यो शून्य', *इतिहासको यस घडीमा,* पृ.४५)

उल्लिखित कवितांशमा कविले नेपाली समाजमा विद्यमान गरिबी र अभावको सजीव चित्र उतारेका छन् । प्रजातन्त्रको पुनर्बहालीपछि पनि नेपाली जनताको दुःखलाई न्यूनीकरण

गर्न नसकेको बोधले कविलाई निकै पिरोलेको भाव यहाँ प्रस्तुत भएको पाइन्छ । कवि घर हेर्छन्, देश हेर्छन् र चारैतिर हेर्छन् तर उपलब्धि भने शून्य नै छ । छली इतिहास बारम्बार दोहो-याएर जति घोकाए पनि त्यो गरिब जनताका लागि उपलब्धिविहीन भएको यथार्थको उद्घाटन कविले गरेका छन् । कविको दृष्टिमा वि. सं. २०४६ सालको परिवर्तन नूतन परिवर्तन नभई खालि पाखण्डीपनको नर्तन मात्रै भएकाले छली इतिहाससँग जनता झुक्किनु मूर्खतापूर्ण कार्य हो । उल्लिखित कवितांशमा आधारित भई इच्छुकका कविताको विश्लेषण गर्नुपर्दा राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य र त्यसको अन्त्यको चाहनाले यिनका काव्यकृतिमा महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ । जनतालाई शक्तिसम्पन्न बनाउनका लागि प्रजातन्त्र ल्याइएको र प्रजातन्त्रलाई बलियो बनाउनका लागि निर्वाचन गरिएको भन्नेहरूप्रति रोष प्रकट गर्छन् र मुलुकको निर्वाचन प्रणालीलाई गाईजात्राको संज्ञा दिँदै कवि यसो भन्छन्:

यसपल्ट पनि
कुजात्राजस्तै महानिर्वाचनको जात्रा
मानौं भर्खर भर्खर देशमा
सत्ताका दाबेदारहरूको
एउटा नयाँ गाईजात्रा सुरु भएको छ
थरीथरीका नाम
र, रङ्गीविरङ्गी झण्डामा देखिन थालेका छन्
चिरपरिचित प्रहसनहरू
र, सुनिन थालेका छन्
पुरानै नौटङ्कीहरू । (*बन्दी र चन्द्रागिरि,* पृ.१३)

बुर्जुवा प्रजातन्त्रको कुरूप र सक्कली अनुहारलाई उदाङ्गो पारिएको उल्लिखित कवितांशमा प्रजातन्त्रको पुनर्बहालीपछि देशमा विकसित भइरहेको विकृत राजनीतिक अवस्थाप्रति तीव्र व्यङ्ग्य प्रस्तुत गरिएको छ । यहाँ देशमा प्रजातन्त्रको बहाली भए पनि त्यसको अनुभूति जनताले कहिल्यै गर्न नपाएको अभिव्यक्ति दिइएको छ । नेपालको राजनीति सत्ताको दाउपेचमै सीमित भएको, निर्वाचनको नाउँमा जनताले तिरेको करको दुरुपयोग गरी निर्वाचन गरिएको तथा तथा छेपाराले रङ फेरेझैं नयाँ नयाँ आवरण र रूपमा र विभिन्न स्वार्थ भएका मानिसहरू सत्ताको स्वाद चाख्न तल्लीन रहेको कुरूप अवस्थालई उजागर गर्दै कविले यस्तो घटनाक्रमलाई गाईजात्रा, प्रहसन र नौटङ्कीको संज्ञा दिएका छन् । जीवनको

सुखमय सपनाका लागि जनताले विभिन्न सङ्घर्ष आन्दोलन गरेका भए पनि पूर्ण विपनाहरूको सत्कामना गर्दागर्दै जिन्दगी हाँडीगाउँको जात्रामा रूपान्तरण हुँदै गएको यथार्थको अभिव्यञ्जना कवि यसरी गर्दछन् :

> अपूर्ण सपनाहरूको विशाल भण्डार बाँधेर
> पूर्ण विपनाहरूको
> सत्कामना गर्दागर्दै
> जिन्दगी हाँडीगाउँको जात्रामा
> कबाडीखानाको व्यापार जस्तै भइरहेछ । (*बन्दी र चन्द्रागिरि,* पृ.१७)

उल्लिखित काव्यांशमा अपूर्ण सपनाहरूको विशाल भण्डार बाँधेर पूर्ण विपनाहरूको सत्कामना गर्दागर्दै दीनदुःखीहरूको जीवन हाँडीगाउँको जात्रामा कबाडीखानाको व्यापारजस्तै बन्न पुगेको र यस्तो हुनुमा राज्यसञ्चालकहरूको कमजोरी नै मुख्य कारण रहेको यथार्थलाई प्रस्तुत गरिएको छ । समाजमा भएका यस्ता विकृतिहरू उजागर गर्दै वर्गद्वन्द्वबाट मात्रै यस्ता गम्भीर समस्याको समाधान गर्न सकिन्छ भन्नु नै यस काव्यांशको मूल अभिप्राय हो । देशको राजनीति जति विसङ्गतिपूर्ण हुन्छ द्वन्द्वको स्वरूप र गति पनि त्यत्तिकै कठोर र तीव्र हुने भएकाले प्रगतिवादी कविहरू यसलाई विचारधारात्मक सङ्घर्षकै एउटा प्रभावशाली रूपका ग्रहण गदै आफ्ना कवितामा उच्च महत्त्व प्रदान गर्दछन् । कवि इच्छुक राजनीतिक विकृति र विसङ्गतिप्रति यसरी व्यङ्ग्य गर्छन् :

> रङ्गमञ्चमा थुप्रै कलाकारहरू छन्
> महान् प्रतापी नायक छ
> सुन्दर परिधानमा सम्भ्रान्त नायिका छे
> र, प्रतिनायकको भूमिकामा तनभिखारी जनता पनि छन्
> नाटक बडो सुन्दर छ
> र अझ बडो सुन्दर अभिनय गर्दै
> नेपथ्यबाट आइरहेको आर्तनादहरूको कोरस गीतमा
> नरमुण्डहरूको मादाल ठोकेर गाइरहेछ
> माछो माछो भ्यागुतो ! ('माछो माछो भ्यागुतो', *इच्छुक रचनावली भाग-२,* पृ. १०७)

उल्लिखित कवितांशमा राजनीतिक परिदृश्यमा विभिन्न किसिमका रूप र प्रवृत्तिका पात्रहरू देखिए पनि गुणात्मक हिसाबले कुनै परिवर्तन हुन नसकेको यथार्थलाई प्रस्तुत गरिएको छ । रङ्गमञ्चमा देखापरेको नायक बाहिरी रूपमा बडो प्रतापी र नायिका सम्भ्रान्त देखिए पनि उनीहरूको सजधजपूर्ण जीवनका पछाडि हजारौं गरिब जनताको बलिदान र दुःख मिसिएको तर्क कविको छ । बाहिरबाट हेर्दा राजनीति जतिसुकै सुन्दर देखिए पनि जनताले दुःखका अतिरिक्त केही प्राप्त गर्न नसेकेको अवस्थाप्रति कविले तिखो व्यङ्ग्य प्रहार गरेका छन् । पुँजीवादीहरूले नरमुण्डको मादल ठोकेर प्रजातन्त्रको जतिसुकै गीत गाए पनि यसले जनताको दैनिकीमा आमूल परिवर्तन ल्याउन नसकेको यथार्थलाई कवि यसरी व्यक्त गर्दछन् :

दूधको मीठो धारा तन्तनी पिइरहेछ
या उसकै तिखा दाह्रा र नंग्राले क्षतविक्षत
निरीहजनका वीभत्स छातीबाट
भलभली बगेको रगतको तातो प्याला पिइरहेछ
केही पनि थाहा छैन उसलाई
यो सानो शिशु
मेरो देशको बबुरो प्रजातन्त्रलाई । ('मेरो देशको शिशु प्रजातन्त्र', *इच्छुक रचनावली भाग-२,* पृ. १८९)

२०४६ सालको परिवर्तनलाई शिशु प्रजातन्त्र भनिए पनि यो व्यवस्था यथार्थमा भाँडतन्त्र र भिडतन्त्रका रूपमा देखापरेको तर्क कविको छ । जनतालाई अधिकारसम्पन्न, स्वतन्त्र र स्वाधीन बनाउनका लागि हजारौं नागरिकले बलिदान गरेका भए पनि यसको चरित्र असाध्यै निरङ्कुश देखिएको भन्दै कविले यस्तो विकृतिको यथाशीघ्र अन्त्य होस् भन्ने चाहना व्यक्त गरेका छन् । जनताले सुशासन, न्यायको अनुभूति एवम् रोजगारीका अवसर सहज रूपमा प्राप्त होऊन् भन्ने चाहे पनि यसले दूधको मीठो धारा पिइरहेछ या दमनकारी निरङ्कुशताको नङ्ग्राले क्षतविक्षत निरीहजनका छातीबाट भलभली बगेको रगतको तातो प्याला ? भन्दै कविले कसले दीनदुःखीमाथि अन्याय गरिरहेको छ र कोमाथि अन्याय भइरहेको छ ? भन्ने कुराको ज्ञानसमेत देशको बबुरो प्रजातन्त्रलाई नभएको यथार्थलाई यहाँ प्रस्तुत गरेका छन् । देशमा भइरहेको बेथितिको चित्रण र त्यसले आम सर्वसाधारणमा पारेको प्रभाव इच्छुकका कवितामा यसरी पोखिएको छ :

र, यस्तो लाग्छ
जीर्ण रोगीहरूको उपचार गर्ने
यो कुनै अस्पताल होइन
स्वयम् मेरो देश हो
जो आफैं सन्निपातले थला परिरहेको छ । ('रोगी देश', *बन्दी आवाज,* पृ.१८२)

समाज वर्गमा विभाजित रहँदासम्म राजनीतिक विकृति र विसङ्गति विद्यमान रहन्छ भन्ने दृष्टिकोण समकालीन प्रगतिवादी कविहरूको रहँदै आएको छ (गिरी, २०७१, पृ.१०२) । गिरीको यस दृष्टिकोणका आधारमा उल्लिखित कवितांशलाई हेर्दा यहाँ कवि बाँचेको सन्त्रासमय परिवेशको कटु यथार्थको चित्रण पाइने तथा राजनीतिक विकृति, विसङ्गतिको अन्त्यको चाहना राख्दै त्यसको अन्त्यका लागि सङ्घर्ष गर्ने कुरा द्वन्द्वसँग सम्बन्धित विषय भएकाले वर्गद्वन्द्वको अभिव्यक्तिले इच्छुकका कवितामा ठाउँठाउँमा प्रखर अभिव्यक्ति पाएको निष्कर्षमा सहजै पुग्न सकिन्छ ।

### २.४.९ वर्गद्वन्द्वमा सहभागी (सहिद, योद्धाहरू) को त्याग, साहसप्रति आस्था र सम्मानका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

उदात्त सपना एवम् आकाङ्क्षाहरूको महिमागान गर्ने जनवादी कवि भएकाले यिनका कवितामा क्रान्तिमा संलग्न भई सहादत प्राप्त गर्ने सहिद तथा वर्गमुक्तिको सङ्घर्षमा होमिएका कर्मठ योद्धा एवम् क्रान्तिकारी वर्गप्रति असीम श्रद्धा एवम् सम्मान व्यक्त भएको पाइन्छ । वर्गद्वन्द्वमा सामेल सहिद तथा क्रान्तिकारी योद्धाहरूको साहस, त्याग एवम् उनीहरूप्रति सम्मान व्यक्त गर्दै कवि इच्छुकले दर्जनौं कविताको रचना गरेका छन् । यसलाई पनि कवितामा वर्गद्वन्द्वकै अभिव्यक्तिका रूपमा ग्रहण गर्न सकिन्छ । कवि इच्छुक यस कृतिमा वर्गद्वन्द्वमा सामेल सहिद तथा योद्धाप्रति यसरी सम्मान प्रकट गर्छन् :

तिम्री आमाले पनि तिमीलाई चिन्नै सकिनन् कहिल्यै
तिम्रा बाबुले पनि तिमीलाई चिन्न सकेनन् कहिल्यै
जसरी चिन्न सक्नुपर्थ्यो तिनले
तिमी एउटा वीरको वीरतापूर्ण जीवनलाई
जसरी चिन्न सक्नुपर्थ्यो तिनले

तिमी एउटा शहीदको स्वाभिमानपूर्ण जीवनलाई । (*इच्छुक रचनावली भाग-१,* पृ.७३)

माथिको कवितांशमा कवि इच्छुकले आफ्ना वर्गसखाको मृत्युपश्चात् भावविह्वल भई उनको स्मरण गरेको सन्दर्भ छ । यहाँ कविले सहिद मित्रमणिलाई फुल्नुअघि कमलका फूलहरू हिलोभित्रै लुकिरहेजस्तै, औंसीको कालो रातमा पूर्णिमाका ज्योतिर्मय प्रभाहरू आकाशमाथि नै छिपेजस्तै गाउँ, समाज, छरछिमेक र आफन्त सबैलाई छक्याएर छिपिरहेको भन्दै आलङ्कारिक भाषामा सहिदप्रति सम्मान प्रकट गरेका छन् । कालीगण्डकीले आफ्नै बगरमा लडीबुडी गरिरहेका शालिग्राम नचिनेजस्तै बुबा, आमा, छरछिमेक, समाज र आफन्तले पनि मित्रमणिको स्वाभिमानपूर्ण जीवनलाई जसरी चिनेर समाजका लागि अग्रसर गराउनुपर्थ्यो सो कार्यमा कमजोरी देखिएको प्रति कविको गम्भीर चिन्ता र चासो यहाँ व्यक्त भएको देखिन्छ । कुनै पनि क्रान्तिकारी वा सर्वहाराको सहादत हुनुको कारण समाजमा विद्यमान वर्गद्वन्द्व नै भएकाले कवितामा वर्गद्वन्द्वमा सामेल योद्धा एवम् सहिदहरूको वीरता, साहस एवम् श्रद्धा र त्यागसम्बन्धी अभिव्यक्तिलाई पनि वर्गद्वन्द्वकै अभिव्यक्तिका रूपमा लिन सकिन्छ । नेपालको इतिहासमा स्वतन्त्रता, समानता, र सामाजिक न्यायका निम्ति सङ्घर्ष गर्दागर्दै नेपाल आमाका हजारौं सपुतहरू सहिद भएका छन् । त्यसैले, वर्गद्वन्द्वमा सामेल योद्धाहरूको आस्था, आदर्श, वीरता, साहस र त्यागलाई विषयवस्तु बनाएर इच्छुकले प्रशस्तै कविताहरूको रचना गरेका छन् । यसलाई पनि कवितामा वर्गद्वन्द्वको अभिव्यक्तिका रूपमा लिन सकिन्छ । इच्छुक आफ्ना कवितामा वर्गद्वन्द्वका योद्धा र सहयात्रीहरूप्रति यसरी सम्मानको भाव व्यक्त गर्छन् :

तिमीबिना गाउँ गाउँ हुने थिएन
तिमीबिना बस्ती बस्ती हुने थिएन
तिमीले पसिना नपोखेको भए
आजजस्तै यो धर्ती सुन्दर हुने थिएन ।('तिमी र तिम्रो पसिना', *इतिहासको यस घडीमा,* पृ.१७)

'तिमी र तिम्रो पसिना' श्रमजीवीवर्गको महिमागानमा केन्द्रित सुन्दर रचना हो । श्रम गरेर खाने वर्गको योगदानबाट नै गाउँ बस्ती एवम् यो सारा धर्ती सुन्दर भएको र यहाँ परिवर्तन आएको हो।श्रमिकहरू नै इतिहासकावास्तविक निर्माता भएकाले उत्पीडकवर्गसँगको

सङ्घर्षमा पनि उनीहरूकै प्रबल भूमिका रहन्छ । तसर्थ, यस धर्तीमा शासनको पहिलो अधिकार पनि उनीहरूकै हुनुपर्ने तर्क कविले गरेका छन् । तर, यस्तो वर्गले शासन सत्ता लिन खोज्दा राज्यव्यवस्था दमनमा उत्रिन्छ र कम्युनिष्ट शासन व्यवस्थाका लागि लड्ने क्रान्तिकारीहरू सहिद बन्न पुग्छन् । यसरी वर्गयुद्धमा मृत्युवरण गर्न पुगेका क्रान्तिका योद्धा तथा जनताको त्याग, शौर्य र बलिदानी भावनाको उच्च सम्मान गर्दै इच्छुकका कवितामा उनीहरूलाई उदात्त आदर्शका रूपमा प्रस्तुत गरिएको पाइन्छ । निम्न कवितांशमा यसै यथार्थको प्रस्तुति पाइन्छ :

यसबेला सिङ्गो राष्ट्र नै एउटै जुलुस भएको छ
बर्मभिया, तिम्रो प्रत्येक थोपा रगत ब्युँभेर
आज बैरीलाई कालकूट भएको छ
तिम्रो सम्मानमा गौरवले भुकेर उठ्दै
सारा देश नै अरिङ्गालको गोलो भैं एकजुट भएको छ ।('बर्मभिया', *इतिहासको यस घडीमा,* पृ.४८)

उल्लिखित कवितांशमा 'मास्टरसाहेब' नामबाट प्रख्यात महान् सहिद क. रामवृक्ष यादवलाई सम्मानपूर्वक स्मरण गरिएको छ । यस कवितामा कविले उनको गोली ठोकेर हत्या गरिए पनि उनले बोकेको विचार अमर रहेको अभिव्यक्ति दिएका छन् । समाजमा विकसित भइरहेको आन्तरिक द्वन्द्वकै कारण रामवृक्ष यादव क्रान्तिमा सामेल भएका र क्रान्तिमा सामेल भएकै कारण उनको हत्या भए पनि उनको बलिदानले बैरीहरूका सबै दाउ निष्फल बनेको भावको सुन्दर प्रस्तुति यहाँ छ । मातृभूमिका महान् सन्ततिहरूको महान् बलिदानका कारण नै सिङ्गो राष्ट्र एउटै जुलुसमा रूपान्तरण भएकाले सारा देश सहिदहरूको सम्मानमा गौरवले भुकेको र बैरीका विरुद्ध हुङ्कार गर्दै एकजुट भएको भन्दै कवि महान् सहिदहरूको त्याग र बलिदानप्रति नतमस्तक बन्छन् । वर्गद्वन्द्वमा सामेल हुने क्रममा नेपाल आमाका हजारौं सन्ततिले सहादत प्राप्त गरेका छन् । सन्तानको सहादत एउटी आमाका लागि निकै पीडादायी क्षण हो तर पनि कैयौं आमाका लागि यो क्षण पीडाका साथै गर्वको विषय पनि बन्दछ भन्ने यथार्थलाई कवि यसरी व्यक्त गर्दछन् :

मेरो छोरा पुर्खे सुनारको नाम
कहिल्यै नबिसाउने माडी खोलाको

अशान्त र बेचैन भुल्काहरूमा छ
ऊ गीत भएको छ व्यथाहरूको
ऊ सङ्गीत भएको छ पीडाहरूको
ऊ विद्रोह भएको छ निर्धाहरूको
र उसको चम्किलो नाम
यतिबेला रगतको भेटी चढाइरहेका
जनमुक्तिपथका अग्रज योद्धाहरूमा छ ('पुर्खे सुनारकी आमा', *इतिहासको यस घडीमा,* पृ.६०)

उल्लिखित कवितांशमा कविले पुर्खे सुनारले क्रान्तिमा सहादत प्राप्त गरेपछि उसको गौरवमय गाथाको स्मरण गरिरहेकी उसकी आमाको दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । सहादतपछिको पुर्खेलाई कहिल्यै नबिसाउने माडी खोलाको अशान्त र बेचैन भुल्को, व्यथाहरूको गीत, पीडाहरूको सङ्गीत, निर्धाहरूको विद्रोहका लागि चम्किलो नाम तथा जनमुक्तिपथका योद्धाहरूमध्ये अग्रपङ्क्तिमा आउने योद्धाका रूपमा चिनाउँदै उसको महिमा गान गरिएको छ । समाजमा आमूल परिवर्तन ल्याउन भूमिका खेल्ने योद्धाहरूको सम्मान प्रकट गर्नका लागि कविले विभिन्न पूर्वीय तथा पाश्चात्य मिथकहरूको समेत प्रयोग गरेका छन् । पाश्चात्य मिथकमार्फत् क्रान्तिकारीहरूको महानतालाई कवि यसरी प्रस्तुत गर्दछन् :

अँध्यारोको अवशान र उज्यालोको आह्वानमा
युग युग
आगोका गीतहरू गाइरहने
रक्तबीजहरू जन्माइरहन
स्पार्टाकसका वंशजहरू तिमीलाई
कुन् महान् सपनाको प्रेरणाले
नयाँ जनसमरको युगनायक तुल्यायो ?('यक्ष प्रश्न',*इतिहासको यस घडीमा* पृ.६२)

उल्लिखित कवितांशमा स्वर्गबाट आगो चोरेर धर्तीमा ल्याई मानव जातिको  कल्याण र उज्यालोका निम्ति कार्य गर्ने प्रमिथसलाई महाभारतमा यक्षले युधिष्ठिरलाई सोधेजस्तै गहन प्रश्न सोधिएको मिथकीय सन्दर्भ छ । अँध्यारोको अन्त्य र उज्यालोको आह्वानमा युगौं युगसम्म आगोका गीतहरू गाइरहने सन्तान जन्माइरहन र स्पार्टाकसका वंशजलाई कुन्

महान् सपनाको प्रेरणाले नयाँ जनसमरको युगनायक बनाउन प्रेरित गरेको होला भन्ने प्रश्न कविका मनमा जोडसँग उब्जिएको छ । धर्तीमा परिश्रम गरेर परिवर्तनको खोजी गर्ने श्रमिकवर्गको सभ्यताको कालखण्डको चित्रण यहाँ गरिएको छ । आदिविद्रोहको शङ्खघोष गर्ने स्पार्टाकस तथा स्वर्गबाट आगो चोरेर धर्तीमा ल्याई जसरी उनीहरूले युगलाई बदल्न अहम् योगदान गरे त्यसैगरी समाजमा आमूल परिवर्तन ल्याउनका लागि सहिद-क्रान्तिकारी योद्धाहरूले पनि योगदान दिएकाले श्रमिक वर्गको योगदानलाई हामी सबैले कदर गर्नुपर्ने अन्तर्य उल्लिखित सन्दर्भमा निकै कलात्मक ढङ्गले व्यक्त भएको छ ।

वर्गयुद्धमा वर्गमित्र र क्रान्तिकारी योद्धाहरूको सहादत एकातिर शोक, करुणा र पीडाको विषय बन्छ भने अर्कातिर त्यो विषय उदात्त एवम् गौरवको विषयमा बदलिन्छ । सहयोद्धाको बलिदानीपछि क्रान्तिकारीहरूको मनमा आक्रोश र बलिदानीको भाव स्वतः पैदा भएर जान्छ । तसर्थ, युद्धमा सहभागी योद्धाहरूको युद्धकौशल, चातुर्य, वीरता र साहसजस्ता कुराहरूले स्वयम् जनयुद्धमा सहभागी कवि हृदयलाई पनि उद्वेलित गरिदिन्छ । यस्तै भावको अभिव्यक्ति निम्न कवितांशमा यसरी व्यक्त भएको छ :

साहसी अभिलाषा लिएर
मुक्ति सङ्घर्षमा सहभागी बन्दै
सगौरव शहादत प्राप्त गर्ने
याङ्डी र ज्याङ्मु शेर्पाजस्तै
अनगिन्ती मुक्ति योद्धाहरू
जो उत्सर्गको उतुङ्ग शिखरमा चढे
र, म देख्न चाहन्छु तिम्रो अनुहारमा
तिनकै रक्तिम लालीहरूलाई
र, म ती सबै निष्ठाका विभूतिहरूलाई
अपार सम्मानले सम्झन थाल्छु । (*बन्दी र चन्द्रागिरि,* पृ.३३)

कवि इच्छुकका कवितामा सहिद तथा क्रान्तिकारी योद्धाहरूको वीरता, त्याग, युद्ध चातुर्य, कार्यकुशलता र बलिदानप्रति निकै आस्था र सम्मानको भाव रहेको पाइन्छ । यस कवितांशमा पनि साहसी अभिलाषा लिएर मुक्ति सङ्घर्षमा सहभागी बन्ने क्रममा सहादत प्राप्त गरेका याङ्डी र जाङ्बु शेर्पालगायतका महान् क्रान्तिकारीहरूलाई ससम्मान स्मरण

गरिएको छ । देश र जनताको मुक्ति तथा स्वतन्त्रताप्रति समर्पित उत्सर्गको शिखरमा चढ्ने सहिदहरूको गाथा गाउँदै र तिनीहरूको सम्मान गर्दै कवि इच्छुकका कविताले मुक्ति र स्वतन्त्रताका लागि वर्गसङ्घर्षको महत्त्व र मूल्यलाई आत्मसात् गरेका छन् । निर्बन्ध बलिदानी चेतनाको धारा कुनै तानाशाहका पर्खालभित्र कैद हुन नसके पनि सहयोद्धाको निधनबाट कवि मर्माहत बन्छन् तर हतास नभई त्यसबाट प्रेरणा र दृढसङ्कल्प एवम् ऊर्जाशक्ति ग्रहण गर्दै अघि बढ्ने प्रण गर्दछन् । जस्तैः

मेरो मन दुःखी भनूँ या सुखी छ भनूँ
नयाँ जनसमरको अमर योद्धा बन्यो ऊ
म उसको महान् शहादतमा
गौरवले शिर ठाडो पारेर
शोकले आँसु झारिरहेछु
म उसको महान् वीरगतिमा
खुसीले छाती चौडा पारेर
संवेदनाले भक्कानो छाडिरहेछु । (*बन्दी र चन्द्रागिरि,* पृ.४०)

उल्लिखित कवितांशमा क्रान्तिमा सहभागी सहयोद्धाको सहादतपश्चात् कवि मनमा उत्पन्न क्रान्तिकारी भावावेगको प्रस्तुति पाइन्छ । सहयोद्धाको निधनपछि कवि खुसीले छाती चौडा पारेर संवेदनाले भक्कानो छोडिरहेको तथा गौरवले शिर ठाडो पारेर शोकले आँसु झारिरहेको विरोधाषपूर्ण अभिव्यक्ति दिन पुग्छन् । तर, आत्मस्वार्थ, तुच्छ वैयक्तिक हित, लोभीपापी चेतना, पदप्रतिष्ठा र मपाइँत्वका विरुद्ध उभिएर मात्रै त्याग गर्न सकिने भएकाले यी सबै कुरालाई त्यागेर गएगुज्रेको जीवनभन्दा सहादत रोज्ने महान् योद्धाहरूप्रति यिनका कवितामा सम्मानको भाव प्रकट गरिएको पाइन्छ । कवि इच्छुक वर्गद्वन्द्वमा सामेल भई वर्गीय लडाइँ लड्ने क्रममा क्रान्तिकारीहरूले देखाएको साहस, वीरता, त्याग र बलिदानीको चित्रण गर्न तथा तिनीहरूप्रति सम्मान व्यक्त गर्नमा असाध्यै रुचि राख्छन् । यिनका कवितामा सहिदहरूप्रतिको सम्मान एवम् महिमागानको सन्दर्भ काव्यात्मक बान्कीमा यसरी अभिव्यक्त भएको छ :

तिमी असङ्ख्य ताराहरूमध्ये कीर्तिमय तारा ध्रुवतारा हौ
तिमी असङ्ख्य फूलहरूमध्ये सुन्दर फूल लालीगुराँस हौ

तिमी असङ्ख्य ज्योतिहरूमध्ये चम्किलो ज्योति महाज्योति हौ
प्रिय शहीद तिमी महान् छौ, श्रद्धेय छौ अमर छौ
र, युगयुग सदासर्वदा अमर रहिरहनेछौ । ('शहीद', *इच्छुक रचनावली भाग-२*, पृ. २००)

उल्लिखित काव्यांशमा वर्गद्वन्द्वमा सामेल भई जीवन बलिदान गर्ने अमर क्रान्तिकारी सहिदहरूप्रति श्रद्धा एवम् सम्मानको भाव व्यक्त गरिएको छ । यहाँ सहिदहरूलाई असङ्ख्य ताराहरूमध्ये कीर्तिमय ध्रुवतारा असङ्ख्य फूलहरूमध्ये सुन्दर फूल लालीगुराँस र असङ्ख्य ज्योतिहरूमध्ये चम्किलो महाज्योतिका रूपमा चित्रण गर्दै सहिदहरू समाजमा युग युगसम्म श्रद्धेय तथा अमर रहने भन्दै उनीहरूप्रति असीम श्रद्धा प्रकट गरिएको छ । उल्लिखित कवितांशमा मुक्तिका निम्ति सङ्घर्ष गर्दागर्दै सहिद भएका व्यक्तिहरूप्रतिको सम्मान र श्रद्धालाई कथ्य बनाएर प्रस्तुत गरिएकाले यसलाई यहाँ वर्गद्वन्द्वकै अभिव्यक्तिका रूपमा ग्रहण गर्न सकिन्छ । वर्गसङ्घर्षमा सामेल योद्धाहरूको साहस, वीरता, त्याग, बलिदान र सहिदहरूप्रतिको श्रद्धा इच्छुकका कविताको केन्द्रीय भाव भएकाले यिनका कवितामा पनि यो भाव प्रखर रूपमा व्यक्त भएको पाइन्छ । समाजमा शोषण नभई वर्ग नहुने, वर्ग नभई द्वन्द्व नहुने र द्वन्द्व नभई मानवीय हताहती नहुने भएकाले सहिदहरूको वीरता, त्याग र बलिदानीको अभिव्यक्तिलाई वर्गद्वन्द्वकै अभिव्यक्तिका रूपमा ग्रहण गर्नु उल्लेखनीय देखिन्छ ।

### २.४.१० भविष्यप्रति गहिरो आस्था एवम् विश्वासको प्रस्फुटनका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

कवि इच्छुकका कवितामा भविष्यप्रति गहिरो आस्था एवम् विश्वास प्रकट भएको पाइन्छ । निम्न कवितांशमा क्रान्ति एवम् त्यसको भविष्यप्रतिको आस्था एवम् विश्वास यसरी अभिव्यक्त भएको छ :

केही दिनका
यी उराठ उराठ शून्यताहरू पनि
तिम्रै उत्कृष्ट सपनाहरूको सुन्दर आह्वानले
जीवनका अक्षय्य आह्लादहरूमा फेरिँदै जानेछन्
केही छिनमा
यी तरल पीडा र अन्तरवेदनाहरू पनि
आकाशको नीलो पछ्यौरीको सप्काले कालो मेघझैं

पुछिँदै जानेछन् । (*इच्छुक रचनावली भाग-१,* पृ.८२)

जनवादी कविहरू रातपछि दिन, दुःखपछि सुख,अँध्यारोपछि उज्यालो, पराजयपछि विजय, मृत्युपछि जीवन र निराशापछि निश्चय नै आशाको आगमन हुने सपना देख्दछन् । तसर्थ, आशावादी जीवनदृष्टि प्रगतिवादी कविहरूको मूलभूत विशेषता हो । उल्लिखित कवितांशमा वर्गसखाको निधनपछि केही दिनसम्म घनीभूत भएका उराठ-उराठ शून्यताहरू पनि सहिद मित्रका उत्कृष्ट सपनाहरूको सुन्दर आह्वानले जीवनका अक्षच आह्लादहरूमा रूपान्तरण हुँदै जाने तथा तरल पीडा र अन्तरवेदनाहरू पनि आकाशको नीलो पछ्यौरीको सप्काले कालो मेघ पुछिएझैं हामीभित्र तथा हाम्रो समाजभित्र भएका हताशा एवम् निराशाहरू क्रमशः पुछिँदै जाने विश्वास प्रकट भएको छ । क्रान्तिकारीहरू फासीवादी शासकहरूको जेलनेल र कठोर यातनाका सामु झुक्दैनन् बरु मृत्युवरण गर्न तयार हुन्छन् । उनीहरूले अव्यवस्थाभित्र व्यवस्था, हारहरूभित्र सफलता एवम् पराजयभित्र विजयको मार्ग पत्ता लगाउने ढङ्ग र ढाँचालाई हृदयदेखि नै आत्मसात् गर्न जानेका हुन्छन् । कालो बादलभित्र पनि चाँदीको घेरा देख्ने खुबी भएकाले आशावादिता नै क्रान्तिकारीहरूको मुख्य पहिचान हो । भविष्यप्रति यस्तै आशावादी दृष्टिकोणको केन्द्रमा रहेर नै इच्छुकले आफ्ना काव्यिक अभिमत प्रकट गरेकाले प्रस्तुत विषयलाई पनि वर्गद्वन्द्वकै अङ्ग मान्नु उपयुक्त देखिन्छ । विकृत, सम्भावनाशून्य परिस्थिति र अराजकताविरुद्धको सङ्घर्ष पनि वर्गद्वन्द्वको एक अङ्ग नै हो । यी विरुद्ध सङ्घर्ष नगरी वर्गद्वन्द्वमा विजयी हुन सम्भव छैन । उत्पीडक वर्गले जहिले पनि र आमूल परिवर्तनको भविष्यप्रति अविश्वास पैदा गरेर क्रान्तिलाई असफल पार्ने हरसम्भव प्रयत्न गर्दछ । कवि इच्छुकले यसै यथार्थलाई हृदयङ्गम गर्दै यसलाई सजीव रूपमा काव्यात्मक अभिव्यक्ति दिएको पाइन्छ । भविष्यप्रतिको आस्था र विश्वास कवि इच्छुकका कवितामा यसरी पोखिएको छ :

> औंसी हैन पुर्णेका जून हुन् यी बच्चाहरू
> झुल्के घामका राता किरणहरू हुन् यी बच्चाहरू
> कलिला आशाका भरिला साना मुनाहरू
> यी त कोपिलाहरू हुन् फुल्न पाउनुपर्छ
> यी त सुगन्धी फूलहरू हुन् फुलेर मगमगाउनुपर्छ
> वरपर धरतीभरि सर्वत्र

यिनैले मीठो सुगन्ध फैलाउनुपर्छ ।('झुल्केको घामका राता किरणहरू', *इतिहासको यस घडीमा,* पृ.२५)

क्रान्तिकारी कविहरू भविष्यप्रति निकै आशावादी दृष्टिकोण राख्छन् । यस्तो दृष्टिकोण इच्छुकका कवितामा ठाउँ ठाउँमा मुखरित भएको भेट्न सकिन्छ । उल्लिखित कवितांशमा कविले बालबालिकाहरू समस्त मानव जातिका लागि नै भविष्यका चम्किला तारा, पूर्णेका चम्किला जून, झुल्के घामका राता किरण तथा  कलिलो आशाका भरिला मुना भएकाले उनीहरू चम्किन तथा पल्लवित भई धर्तीमा सुगन्ध छरेरै छाड्ने अटल विश्वास जाहेर गरेका छन् । फूलबारीका कोपिलाहरूले फक्रिने वातावरण पाए मात्र त्यसको सुवास मगमगाएजस्तै बालबालिकाहरूले पनि कलिलो उमेरदेखि नै उचित वातावरण पाए मात्र देशका लागि योगदान गर्न सक्ने यथार्थलाई कविले यहाँ प्रस्तुत गरेका छन् । भविष्यप्रतिको आस्था र विश्वास विभिन्न सन्दर्भमा व्यक्त हुन सक्ने भए पनि यसलाई उत्पीडित वर्गले उत्पीडक वर्गका विरुद्ध चलाउने सङ्घर्षमा उत्पीडित वर्गको विजयको स्वप्नले सार्थकता पाएको अवस्थाका रूपमा बुझ्नु बढी सान्दर्भिक हुन्छ । भविष्यप्रतिको अटल आस्था र विश्वास इच्छुकका कवितामा यसरी पोखिएको छ :

हो आमा ! त्यसैले
यी चिसा चिसा छिँडीका अँधेरा दिनमा पनि
म अतिशय उजेला आशाहरूले भरिएको छु
म अतिशय चम्किला विश्वासहरूले चुल्लिएको छु
तपाईंको मधुर सपना विपना बन्छ
हाम्रो चीर सपना जरुर विपना बन्छ । ('बन्दी छोराको पत्र', *इतिहासको यस घडीमा,* पृ.७१)

यस कवितामा सङ्घर्षका क्रममा जेल परेको छोराले आफ्नी आमालाई पत्र पठाउँदै भविष्यप्रति आस्था प्रकट  गरेको सन्दर्भ छ । क्रान्तिकारीहरूलाई पक्रेर जेलको चिसो र अँध्यारो छिँडीमा बन्दी बनाए पनि उनीहरूको चेतनालाई बन्दी बनाउन नसकिने यथार्थप्रति कवि सचेत छन् । त्यसैले त उनी चिसा चिसा छिडीका अँध्यारा दिनमा पनि अतिशय उज्याला आशाहरूले भरिएको तथा चम्किला विश्वासहरूले चुलिएको विचार प्रकट गर्दै निकै लामो समयदेखि हरेक नेपाली आमाहरूले देखेको परिवर्तनको सपनाले एकदिन अवश्य

मूर्तता प्राप्त गर्ने निश्चय व्यक्त गर्छन् । नवीन विचार, नयाँ कार्यशैली तथा नवीन उत्पादन प्रणालीबाट नै पुरानो सामाजिक संरचनालाई बदल्न सकिने भएकाले कवि इच्छुक वर्गसङ्घर्षमार्फत सुन्दर, सार्थक, समुज्ज्वल भविष्यको खोजी गर्न सकिने आशावादी दृष्टिकोण आफ्ना कवितामार्फत् यसरी प्रस्तुत गर्दछन् :

मैले चाहेँ सधैं आँधी र हुरीमय जीवन
मैले चाहेँ सधैं सार्थक र गरिमामय जीवन
मैले कुरूपताहरूबीच पनि सधैं
जीवनको सुन्दरता खोजेँ
अर्थ खोजेँ महत्त्व खोजेँ
र सधैं नीचता र दुष्टताहरूलाई पिच्च थुकेँ । (*बन्दी र चन्द्रागिरि,* पृ.२०)

कवि इच्छुक वर्गीय शोषण अन्याय असमानता र उत्पीडनको एक दिन अन्त्य भई त्यसको ठाउँमा श्रमजीवीवर्गको प्रभुत्व सम्मान र प्रतिष्ठा स्थापना भएरै छाड्छ भन्दै भविष्यप्रति गहिरो विश्वास प्रकट गर्दछन् । सङ्घर्षको निरन्तरताबाट वर्गविहीन, राज्यविहीन, शोषणविहीन, भेदभाव र पक्षपातविहीन न्यायपूर्ण संसार सम्भव छ भन्ने आशा विश्वास र सङ्कल्प यिनका कविताको केन्द्रीय विषय बनेर आएको देखिन्छ । बन्दुक र हतियारको बलमा पुँजीपति वर्गले थोपरेको उत्पीडन र शोषणको अन्धकारमय संसार समाप्त भई नवीन संसारको उदय हुने तर त्यसका लागि भीषण वर्गयुद्ध वा हतियारबद्ध सङ्घर्ष अपरिहार्य भएको निष्कर्ष यिनका कवितामा व्यक्त भएको पाइन्छ । जनयुद्ध पुरातन र नवीन, उत्पीडक र उत्पीडित वर्गबीचको भीषण वर्गसङ्घर्षको केन्द्रीकृत अभिव्यक्ति भएकाले यस काव्यमा सर्वहारावर्गको मुक्ति यात्रालाई छेक्न खोजे झैं गरी घरिघरि तर्साउँदै जेलको पर्खालभित्र कैद गर्नेहरूका विरुद्ध यिनी आगो ओकल्दै सर्वहारावर्गको लक्ष्यको धरहरा भेटिने सङ्कल्पको भट्टेडाँडा टेकिने तथा आशाका सुन्दर गुराँसहरू एक दिन अवश्य पनि फुल्ने विश्वास यसरी जाहेर गर्दछन् :

चिन्ता नगर मेरा प्रियजनहरू
समयको गतिलाई पक्र
एक न एक दिन
हाम्रा आशाका सुन्दर गुराँसहरू फुल्नेछन् । (*बन्दी र चन्द्रागिरि,* पृ.५३)

क्रान्तिका सहयात्री र प्रियजनहरूलाई सम्बोधन गरिएको उल्लिखित कवितांशमा मुक्तियात्रामा क्रममा कहिलेकाहीँ केही बाधा व्यवधान आएका भए पनि समयको माग र आवश्यकतालाई चिनेर अघि बढ्न सकेको खण्डमा शोषणमुक्त समाज तथा आशापूर्ण जीवन हासिल गर्न सकिने विश्वासप्रकट भएको छ । त्यसैले, परिवर्तनका निम्ति सङ्घर्षरत जनताका भावनाहरूलाई उल्लिखित कवितांशमा सहजै अनुभूत गर्न सकिन्छ । इच्छुकका कविता मूलभूत रूपमा जनयुद्धको सापेक्षतामा वर्गदुस्मनप्रति तीव्र घृणा र आक्रोश व्यक्त गर्दै सहिदले देखाएको मार्गमा अदम्य साहस बोकेर अग्रसर हुनुपर्छ भन्ने भावको केन्द्रीयतामा संरचित छन् । त्यसैले, भविष्यप्रतिको आशावादी दृष्टिकोण इच्छुकको 'म अहिले निराश छैन' कवितामा यसरी पोखिएको छ :

म देखिरहेछु, भोलिको उज्यालो संसार
जहाँ खुसीको स्वागतद्वारमा उभेर
सुनिरहेछु तिम्रो विशाल जयजयकार
र मेरो सुन्दर स्वर्णिम प्रभात
निराशा मृत्यु हो आशा जीवनको आधार
म अहिले निराश छैन
म कत्ति हतास छैन । ('म अहिले निराश छैन', *इच्छुक रचनावली भाग-२,* पृ.१७७)

उत्पीडितवर्गले उत्पीडकवर्गका विरुद्ध चलाउने सङ्घर्षमा उत्पीडितवर्गको विजयप्रतिको अटल विश्वासको भाव उल्लिखित कवितांशमा व्यक्त भएको पाइन्छ । निराशा, निरूपायता, अविश्वास, अनास्था र अराजकताविरुद्धको सङ्घर्ष पनि वर्गद्वन्द्वसँग सम्बन्धित विषय हो । त्यसैले, मार्क्सवादी विचारप्रति झुकाव राख्ने कवि कलाकारहरू क्रान्तिको भविष्यप्रति अटल आस्था प्रकट गर्दै त्यसलाई आआफ्ना सिर्जनामा उच्च महत्त्वका साथ स्थान दिन्छन् भने उत्पीडक वर्गपक्षधर तथा मार्क्सवादविरोधीहरू क्रान्तिको भविष्यप्रति अनास्था पैदा गरी त्यसलाई असफल तुल्याउन अनवरत प्रयत्न गर्दछन् । सोही कारण समाजमा द्वन्द्व तथा टकरावको स्थिति उत्पन्न हुन्छ । यस्तै विषय या परिस्थितिको चित्रण इच्छुकका कवितामा सजीव बनेर आएको देखिन्छ । भविष्यप्रतिको आशावादी दृष्टिकोण यिनका कवितामा यसरी व्यक्त भएको छ :

हेमन्तको चिसो हिमपातमा पनि
महसुस गरिरहेको हुन्छु
ग्रिष्मको प्रचण्ड उष्णता
कठ्याङ्ग्रिएका नाङ्गा डाँडाहरूमा
देखिरहेको हुन्छु बग्रेल्ती
टुसाइरहेका आँकुरा मैले
र, शिशिरको आर्त उच्छ्वासमा पनि
वसन्तको मधुमास देखिरहेको हुन्छु । ('भविष्य', *इच्छुक रचनावली भाग-२,* पृ. १८०)

अनेकौं बाधाव्यवधानहरूलाई छिचोल्दै अघि बढ्नु नै जीवन हो भन्ने कुरामा प्रगतिवादी कविहरू अटल विश्वास राख्छन् । प्रकृतिमा हेमन्त र शिशिर ऋतुका कठ्याङ्ग्रिँदा र चिसा दिनहरूमा पनि उष्णता महसुस गर्नु तथा तुषारोले खाएका रूख तथा डाँडाहरूमा पनि वसन्तको मधुमास देख्न समर्थ हुनुमा कविभित्र रहेको आशावादी दृष्टिकोण नै प्रमुख कारणका रूपमा रहेको देखिन्छ । प्रकृतिमा जाडो, गर्मी, घाम, पानी, चिसो, तातोजस्ता विपरीतधर्मी तत्त्वहरू विद्यमान भएजस्तै मानव जीवनमा पनि दुःख, सुख, असफलता, सफलताजस्ता चिजहरू विद्यमान छन् भन्ने कुरामा कवि सचेत छन् । शिशिरको आर्त उच्छ्वासमा पनि वसन्तको मधुमास देखिरहेको हुन्छु भन्ने काव्यांशमा समुज्ज्वल भविष्य र परिवर्तनप्रति कवि कति आश्वस्त छन् भन्ने कुराको स्पष्ट सङ्केत पाउन सकिन्छ । उज्ज्वल भविष्यप्रतिको आशावादिता र जनताको अजेय शक्तिप्रतिको आत्मविश्वासयुक्त विचारको अभिव्यक्ति दिनु इच्छुकको प्रमुख काव्यात्मक विशेषता हो । भविष्यप्रति गहिरो आस्था एवम् विश्वास गर्दै कवि यसो भन्छन् :

नगाएकै गीतले मलाई
किन यति सारै लट्ठ पार्छ
नआएकै भोलिले मलाई
किन यति सारै मक्ख पार्छ
यसैले होला म आउने दिनहरूप्रति
कति सारै आश्वस्त छु
यसैले होला म

हाम्रो भोलिको स्वर्णिम भविष्यप्रति

अति सारै विश्वस्त छु । ('भोलिप्रति', *इच्छुक रचनावली भाग-२,* पृ.२०५)

प्रस्तुत कवितांशमा क्रान्तिकारी आशावाद व्यक्त भएको छ । यहाँ कविले 'भोलिप्रति' भनेर क्रान्ति सम्पन्न भएपछिको सुन्दर समाजलाई सङ्केत गरेका छन् । क्रान्तिकारी योद्धाहरू जहिले पनि समुज्ज्वल भविष्य निर्माणको सपना आँखाभरि सजाएर क्रान्तिमा सहभागी भएका हुन्छन् । उनीहरू दिन रात क्रान्तिकै गीत गाउँछन् र त्यो गीतको भावसँगै एक दिन आफ्नो सपना पूरा भई स्वर्णिम भविष्य निर्माण हुने कुराप्रति असाध्यै विश्वस्त हुन्छन् भन्ने भाव यहाँ व्यक्त भएको छ । समाजले मात्रै नभई मानिसलाई प्रकृतिले समेत आशावादी बन्न हरबखत प्रेरणा दिइरहेको हुन्छ । यस कुराको बोध हुन सके अवश्य नै कसैले पनि निराशाको भुमरीमा परी उदास भएर बाँच्नुपर्दैन भन्ने भाव व्यक्त गर्दै कवि यसो भन्छन् :

पात झरेका उजाड रुखझैं भए पनि म

फेरि अर्को वसन्त पर्खेर बसिरहेछु

औंसीका रातजस्ता दिग्दारीका दिनहरूमा पनि

बिहानीको उज्यालो कुरेरबाँचिरहेछु । ('मेरा पश्चात्तापपछिका केही सुस्केराहरू', *इच्छुक रचनावली भाग-२,* पृ.२११)

उल्लिखित कवितांशमा शिशिर ऋतुको तुषारोले खाएर उजाड भएका रूखहरूमा पालुवा पलाएको देख्न वसन्त पर्खनुपरेझैं कवि औंसीका रातजस्ता दिग्दारीका दिनहरूमा पनि बिहानीको उज्यालो कुरेर बाँचिरहेको भन्दै भविष्यप्रति आशावादी स्वर अभिव्यक्त गर्दछन् । यहाँ नेपाली समाजलाई पात झरेको उजाड रूख तथा उज्यालो कुरेर बसेको औंसीको कालो रातका रूपमा चित्रण गर्दै कविले जीवनमा वसन्त ल्याउन तथा कालो रातलाई हटाउन सङ्घर्ष गर्नुपर्ने सङ्केत गरेका छन् । हरेक वर्गीय समाजमा शोषक र शोषित भनेर चिनिने मुख्य दुईवटा वर्गलाई मार्क्सवादीहरू आधारभूत वर्गका रूपमा लिन्छन् ।जसमध्ये शोषकवर्गले समाजलाई आर्थिक या वैचारिक रूपले समाजलाई पश्चगमनतिर धकेल्ने प्रयत्न गर्छ भने शोषित वर्ग तीव्रतर रूपमा परिवर्तनको प्रक्रियामा सामेल हुन्छ । विकासको यही प्रक्रियामा समाजमा मुठभेड हुन गई त्यसले द्वन्द्व निम्त्याउँछ र एक दिन सङ्घर्षमार्फत नै समाजमा परिवर्तन आउँछ । तर, क्रान्तिकारीहरू जीवनमा आइपर्ने कठिनाइहरूसँग डराउँदैनन् बरु त्यसको सामना गरेर अगाडि बढ्छन् । यस

कवितांशमा द्वन्द्वको यही प्रक्रियाको विम्बमय अभिव्यक्ति पाइने हुनाले यसलाई भविष्यप्रतिको आस्थाकै अभिव्यक्तिका रूपमा लिन सकिन्छ । यस्तै किसिमको अभिव्यक्ति हामी विश्वस्त छौं, कवितामा यसरी व्यक्त भएको छ :

बदलिँदै गरेको मलीन दिनजस्तै
उदास उदास र सन्तप्त मन भएको क्षणिक बेला
भलै तिमी जीवनलाई निस्सारमय ठान
तर संसार चिनेर बाँच्न सक्नुको अर्थ बुझ्न सकेको दिन
तिमी पनि धर्तीलाई सुन्दर पार्न
कम्मर कसौला भनेर हामी विश्वस्त छौं । ('हामी विश्वस्त छौं', *इच्छुक रचनावली भाग-२*, पृ. २१२)

उल्लिखित रचनामा भविष्यप्रति अटल आस्था एवम् विश्वासको अभिव्यक्ति पाइन्छ । त्यसैले, समाज रूपान्तरणको प्रक्रिया अग्रगामी कार्य भएकाले सामन्तवादी पुँजीवादी व्यवस्थाको पतन तथा न्यायमूलक समाज रूपान्तरणको स्थापना अवश्यम्भावी छ भन्दै भविष्यप्रति आस्थाको अभिव्यक्ति इच्छुकका अधिकांश कविताको मुख्य विशेषता बनेर मुखरित भएको पाइन्छ ।

### २.४.११ वर्गीय चेतनाको अभिव्यक्तिका क्रममा अभिव्यक्त वर्गद्वन्द्व

मार्क्सवाद, लेनिनवाद र माओवादमा अटल विश्वास राख्ने प्रगतिवादी कवि कृष्ण सेन इच्छुकका कवितामा वर्गीय चेतनाले प्रखर अभिव्यक्ति पाएको छ । वर्गीय चेतनाले वर्गीय सचेततालाई बुझाउँछ जो मूलतः वर्गीय द्वन्द्व र मुक्तिसँग गाँसिन्छ । (गिरी, २०७१ पृ. १०९) । वर्गीय चेतना जति स्पष्ट, प्रखर र जुझारु हुन्छ त्यसले त्यति नै वर्गीय द्वन्द्वलाई गति प्रदान गर्दछ । प्रखर वर्गीय चेतनाविना वर्गीय लडाइँ सम्भव छैन र लडे पनि त्यो गन्तव्यसम्म पुग्न सक्दैन । इच्छुकका कवितामा वर्गीय चेतना यसरी व्यक्त भएको छ :

यसरी
ती जो लाहुर गएर
अर्कैको मुलुकमा पसिना बगाउने गर्छन्
तिनको पसिनाले खडेरीमा

आफ्नै घरको एक बत्ता बारी भिजे कति हुन्छ
ती जो नाहकमै लडेर व्यर्थै मर्ने गर्छन्
तिनको रगतले आफ्नै देशका
बंजर मरू र टार रातै पारी सिंचे कति हुन्छ
आइती, अब त मुख फोरेर बोली देऊ
पराईको लाखमा घिनले बाँच्नुभन्दा
आमाको काखमा हाँसी हाँसी मर्न सिके कति हुन्छ ? ('आइती', *इतिहासको यस घडीमा,* पृ. ६)

इच्छुकको यस कवितांशमा वर्गीय सचेतता पाइन्छ । गरिब वर्गले दुःख पाउनुमा आर्थिक विभेद त प्रमुख कारण हो नै साथै आफूमाथि भइरहेको अत्याचार के कारणले भएको हो भन्ने चाल नपाउनु पनि अर्को प्रमुख कारण हो । तर, उल्लिखित कवितांशमा शोषण र उत्पीडनबाट बच्नका लागि आत्मनिर्भरताको बाटो समात्दै अघि बढ्नुपर्ने सचेत चिन्तन प्रकट भएको छ । आफ्नो बारी बाँझै राखेर लाहुर जानेहरूले रगत पसिनाले आफ्नै देशका टार बारी सिंचे कति उन्नति हुन्थ्यो होला भन्दै कवि पराइको लाखमा घिनले बाँच्नुभन्दा आमाको काखमा हाँसी हाँसी मर्न सिके कति राम्रो हुन्थ्यो भन्ने भाव व्यक्त गर्दछन् । यहाँ कवि आफ्नो वर्गप्रति सचेत भएकाले आफूहरूले गर्नुपर्ने कार्यप्रति संवेदनशील देखिन्छन् । यस्तो वर्गीय चेतनाले नै वर्गद्वन्द्वमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले नै यसरी सचेततापूर्वक गरिने निर्णय वा रोजिने विचारलाई नै वर्गीय चेतनाका रूपमा लिइन्छ । वर्गीय चेतना इच्छुकको अर्को कवितामा यसरी अभिव्यक्त भएको छ :

म त वञ्चित छु/उपेक्षित छु
तर मेरो जीवन प्रसन्न भएर हाँस्दा तिम्रो भूस्वर्गको अमनचैन गुम्ने भयले
तिमीले मलाई तिम्रो प्रकाशको प्रभामण्डलमुनि थुनिरहेछौ
मैले त केवल मेरै पौरखको सौगात मागिरहेछु
मैले त केवल मेरै गौरवको प्रभात मागिरहेछु । ('तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध', *इतिहासको यस घडीमा,* पृ.५७)

उल्लिखित कवितांशमा वर्गीय सचेतना प्रखर रूपमा मुखरित भएको पाइन्छ । कवितामा 'म वञ्चित र उपेक्षित छु तर मेरो जीवन प्रसन्न भएर हाँस्दा तिम्रो भूस्वर्गको

अमनचैन गुम्ने भयले तिमीले मलाई तिम्रो प्रकाशको प्रभामण्डलमुनि थुनिरहेका छौ' भनिएको छ । उत्पीडनको सबैभन्दा प्रमुख कारण वर्गीय समाज हो । सामाजिक आर्थिक स्रोतमाथिको स्वामित्वको लडाइँबाट समाज विभिन्न वर्गमा विभाजित भएको हो । वर्गीय समाजमा विद्यमान असमानता, अन्याय, उत्पीडनको मुख्य कारण उत्पीडक वर्गको सत्तामोह एवम् द्रव्यमोह नै हो भन्ने दृष्टिकोण यस कवितांशमा व्यक्त भएको छ । आधार जस्तो छ अधिरचना पनि त्यस्तै हुने भएकाले समाजको आर्थिक संरचनाबाट सृजित समस्या नै नेपाली समाजमा विद्यमान द्वन्द्वको मुख्य कारण हो । यसैको प्रभावस्वरूप समाजमा कुनै वर्ग सुखसुविधामा रमाइरहेको छ भने कुनै वर्ग सम्पूर्ण सामाजिक अवसरहरूबाट वञ्चित एवम् उपेक्षित छ । समाजमा निम्न वर्गको प्रगतिलाई आफ्नो वर्गको दुर्गति ठान्ने वर्गको अझैसम्म पनि कमी छैन भन्दै कवि अरू हाँस्दा आफ्नो सिंहासन डग्मगाउने डरले उत्पीडक वर्ग गौरवको प्रभात चाहने गरिब दीनदुःखीहरूलाई अन्धकारभित्रै थुनेर शासन गरिरहन चाहन्छ भन्ने अभिव्यक्ति दिन्छन् । यो वर्गीय चेतनाको उत्कृष्ट दृष्टान्त हो । यसरी उत्पीडकवर्गले आफूमाथि अत्याचार गरिरहेको छ भन्ने चेतना सर्वहारावर्गमा आएपछि नै वर्गद्वन्द्वको आरम्भ हुने कुरालाई उल्लिखित कवितांशले पुष्टि गर्दछ । वर्गीय चेतनाले वर्गको होसियारी, चलाखी या सचेतनालाई बुझाउँछ जसको सम्बन्ध मूलतः वर्गीय मुक्ति या वर्गद्वन्द्वसँग गाँसिएको हुन्छ । उत्पीडित वर्गको प्रखर अभिव्यक्ति पाइने इच्छुकका कवितामा वर्गीय चेतना यसरी अभिव्यक्त भएको छ :

> मेरा तिनै मृदुल सपनाहरूको क्रूर हत्या गरेर
> बर्बर बगरेहरूले मलाई
> जिउँदो लास बनाउन खोजिरहेका छन्
> मेरा हातहरूमा विद्रोहको कालो झण्डा होइन
> तिनको स्वागतमा
> दासताको पुष्पगुच्छा बोक्ने आदेश दिएर
> तिनले मलाई कृतदास तुल्याउन खोजिरहेछन् । (*बन्दी र चन्द्रागिरि*, पृ.१६)

उल्लिखित काव्यांशमा उत्पीडित वर्गको वर्गीय सचेतता पाइन्छ । 'म' पात्र अर्थात् कविले जनताका मृदुल सपनाहरूको हत्या गरेर मानिसलाई जिउँदो लासमा बदल्न खोज्ने कसाहीहरूको पहिचान गरेको भाव यहाँ व्यक्त भएको पाइन्छ । वर्गविभक्त समाजमा दास मानसिकता बोकेर अरूमाथि शासन गर्न खोज्ने कसाहीहरूको कत्ति पनि कमी नभएकाले

तिनीहरू क्रान्तिकारीहरूका हातमा विद्रोहको झन्डा नभई दासताको पुष्पगुच्छा देख्न चाहन्छन् । तर, हातमा युग बदल्ने विद्रोहको राँको बोकेर वर्गयुद्धमा होमिएका कविलाई कुन वर्गको सेवा र कुन वर्गको तिरस्कार गर्नुपर्छ भन्ने कुराको चेतना आइसकेको छ भन्ने यथार्थको प्रस्तुति यहाँ पाइन्छ । विपरीत र भिन्न स्वार्थ भएका वर्गहरूबीच समाजमा निरन्तर रूपमा टकराव एवम् द्वन्द्व भइरहने कारणले गर्दा जुन आस्था र आदर्शलाई उत्पीडित वर्गले चेतनाको धरोहर ठान्छ सो आदर्श वा आस्थालाई उत्पीडक वर्गले अस्वीकार गर्ने गर्दछ । सोही टकरावको अवस्थालाई निम्न कवितांशमा यसरी व्यक्त गरिएको छ :

जुन आस्थालाई मैले सबैभन्दा महान्
मेरो चेतनाको धरोहर भनेर ठानिरहेछु
त्यसैलाई यो जुलुसले मुर्दावाद भनिरहेछ । (*बन्दी र चन्द्रागिरि,* पृ.१९)

उल्लिखित कवितांशमा वर्गीय सचेतना प्रखर रूपमा व्यक्त भएको छ । कविभित्र भएको वैचारिक सचेतनालाई यहाँ निकै महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ । कवि आफ्नो आस्था, आदर्श र चेतनाप्रति सचेत छन् र समाजमा द्वन्द्व हुनुको कारण र परिणामबारे स्पष्ट छन् । कविका अनुसार जुन आस्था र विश्वासलाई उनले चेतनाको धरोहर ठानिरहेछन् सोही विचार वा चेतनालाई अर्को पक्षको जुलुसले मुर्दावाद भनिरहेछ । जसरी उनी आफ्नो कित्ता र कार्यप्रति सचेत एवम् गम्भीर देखिन्छन् अर्को वर्ग पनि उसको वर्ग र कित्ताप्रति प्रतिबद्ध देखिन्छ । तसर्थ, यसलाई वर्गीय चेतनाका रूपमा लिनु उपयुक्त देखिन्छ । यही वर्गीय चेतनाले नै वर्गद्वन्द्वमा महत्त्वपूर्ण भूमिका खेल्दछ । उल्लिखित तथ्यहरूलाई मध्यनजर गर्दा इच्छुकका कवितामा वर्गद्वन्द्वको विश्लेषण गर्दा वर्गीय चेतनाको खोजी गर्नु निकै सान्दर्भिक ठहरिन्छ । सामाजिक जीवनमा वर्गका अतिरिक्त वर्ण, लिङ्ग या जातजातिका आधारमा विभिन्न प्रकारका उत्पीडनहरू देखिएका भए पनि यस प्रकारका उत्पीडनहरू वर्गसङ्घर्षकै फरक रूप मात्रै हुन् । कवि इच्छुक 'तिम्रो र हाम्रो संसार' कवितामा संसारभरि नै दुई वर्गबीच स्पष्ट रेखाङ्कन भएको सत्यताको यसरी उद्घाटन गर्दै भन्छन् :

कुन त्यस्तो ठाउँ छ
कुन त्यस्तो गाउँ छ
कुन त्यस्तो देश

र, कुन त्यस्तो महादेश
जहाँ तिम्रो र हाम्रो संसार छुट्टिएको छैन
तिम्रो र हाम्रो बीचमा
जहाँ विभेद र विभाजनको रेखा कोरिएको छैन
तिम्रो र हाम्रो वर्ग छुट्टिएको छैन ?
व्यवहार छुट्टिएको छैन ?
जीवन दर्शन र विचार छुट्टिएको छैन ? ('तिम्रो र हाम्रो संसार',*इच्छुक रचनावली भाग-२,* पृ.१२०)

यस कवितांशमा वर्गीय सचेतना प्रखर रूपमा अभिव्यक्त भएको छ । कवितांशमा विभेद र विभाजनको रेखा नकोरिएको गाउँ, देश र महादेश नभएको र वर्गविभक्त समाजमा हरेक वर्गको जीवन दर्शन र विचार भिन्नै हुने तर्क गरिएको छ । निश्चित सामाजिक उत्पादन पद्धतिभित्र रहेका मानिसहरू उत्पादनका साधनहरूमाथिको स्वामित्व, उत्पादन कार्यमा श्रमको लगानी र उत्पादित वस्तुको हिस्सा प्राप्ति एवम् हिस्सा प्राप्तिको तरिकाका कारणले विभिन्न समूहमा विभाजित हुन्छन् । ती समूहहरू नै वर्ग हुन् (भुषाल, २०७८, पृ. २११) । भुषालको यस भनाइलाई आधार मानेर हेर्दा समाज वर्गमा विभाजित छ र विभिन्न वर्गमा विभाजित भएकाले नै उत्पीडित वर्गमाथि उत्पीडन भइरहेको हुन्छ । उत्पीडित वर्गमा उनीहरूमाथि भइरहेको उत्पीडनको कारणबारे सचेतना आएपछि नै समाजमा सङ्घर्ष वा द्वन्द्वको आरम्भ हुन्छ । उल्लिखित कवितांशमा उत्पीडित वर्गभित्र आएको सचेतनालाई निकै सुस्पष्ट रूपमा प्रस्तुत गरिएकाले यहाँ वर्गीय चेतनाको अभिव्यक्तिलाई कविले निकै महत्त्वका साथ प्रस्तुत गरेको कुरा स्वतः स्पष्ट हुन्छ । वर्गीय चेतनाको अभिव्यक्ति यस सङ्ग्रहका कवितामा ठाउँ-ठाउँमा आएको देखिन्छ । 'सिंहदरबारअघि नारा लाइरहेकी फूलमती' शीर्षकको कवितामा कवि इच्छुक वर्गीय चेतनालाई यसरी काव्यात्मक अभिव्यक्ति दिन्छन् :

घरि घरि
काखको नानीको चम्किलो आँखामा हेरेर
सिंहदरबारअघि कमैयाहरूको जुलुसमा नारा लगाउँदै
सोचिरहन्छे फूलमती
केका निम्ति जुन र आशाहरूले

आफ्नै जीवनको भेटी चढाए
अब बल्ल उसले बुझ्ेजस्तो लाग्छ ।('सिंहदरबारअघि नारा लाइरहेकी फूलमती', *इच्छुक रचनावली भाग-२,* पृ. १३५)

यहाँ नेपाली समाजमा विद्यमान चरम जातीय उत्पीडनलाई प्रस्तुत गरिएको छ । नेपाली समाजमा वर्गीय मुक्तिका लागि विभिन्न कालखण्डमा ठुल्ठुला लडाइँहरू भए पनि सोचेअनुरूप जनताले अझै अधिकार प्राप्त गरिनसकेको यथार्थ यहाँ अभिव्यक्त भएको छ । दुधे नानीलाई पिठ्युँमा बोकेर सिंहदरबारअघि कमैयाहरूको जुलुसमा नारा लगाइरहेकी फूलमतीले के कुराको प्राप्तिका लागि जून र आशाहरूले आफ्नै जीवनको भेटी चढाए बल्ल बुझ्ेजस्तो लाग्छ भन्ने भन्ने उक्तिमा वर्गीय चेतनाको सुन्दर अभिव्यक्ति पाउन सकिन्छ । नेपाली समाजमा आर्थिक मात्र नभई सांस्कृतिक एवम् जातीय उत्पीडनले गहिरोसँग जरा गाडेर बसे पनि बिस्तारै आफूमाथि भइरहेको उत्पीडनका बारेमा जनता सचेत बन्दै सङ्घर्ष गर्न तयार छ भन्ने यथार्थलाई कवि इच्छुक 'अस्वीकार' कवितामा यसरी अभिव्यक्ति दिन्छन्:

अछुत र दलितको घृणित पगरी भिराएर
ज्युँदै नर्कमा पु-यायौ तिमीले
जब बुझें मैले तिम्रो कालो रीतिलाई
अपमानले तल निहुरेको मेरो शीर
आज स्वाभिमानले माथि उठाएँ मैले
फाल्नुपर्ने त कालो प्रथा रहेछ
मिल्काउनुपर्ने त दुष्ट चाल रहेछ
जब बुझेँ मैले बुझ्नैपर्ने कुरा
मेरो मालिक !
तिम्रो आज्ञालाई तिरस्कार गरेँ मैले
आज सिनो फाल्न अस्वीकार गरेँ मैले । ('अस्वीकार', *इच्छुक रचनावली भाग-२,* पृ.१५४)

निश्चित सामाजिक उत्पादन पद्धतिभित्र रहेका मानिसहरू उत्पादनका साधनहरूमाथिको स्वामित्व, उत्पादन कार्यमा श्रमको लगानी र उत्पादित वस्तुको हिस्सा प्राप्ति एवम् हिस्सा प्राप्तिका कारणले गर्दा विभिन्न समूहमा विभाजित हुन्छन् (भुषाल,

२०७८, पृ.२११) भन्ने मार्क्सवादी मान्यताका आधारमा उल्लिखित कविताांशको विश्लेषण गर्दा उत्पादनका साधनहरूमाथि उत्पीडित वर्गको स्वामित्व भएकै कारण उत्पीडित वर्गले दलितहरूमाथि हैकम जमाएको तर समाज जागरुक र चेतनशील बन्दै जाँदा सो वर्गलाई उनीहरूमाथि भइरहेको षड्यन्त्रको बोध भइसकेको देखाउँदै कविले वर्गीय सचेतनालाई कलात्मक ढङ्गले व्यक्त गरेका छन् । उत्पादन कार्यमा श्रमको लगानी तथा उत्पादित वस्तुको हिस्सा प्राप्तिका कारणले अछुत र दलितको पगरी भिराएर दलितहरूको स्वाभिमानमाथि प्रहार गरिएको, उनीहरूमाथि थिचोमिचो गरिएको तर उत्पीडकवर्गले आफूहरूमाथि किन दमन र षड्यन्त्र गरिरहेको छ र त्यस्तो दुष्ट चालको अन्त्यका लागि के गर्नुपर्नेरहेछ भन्ने चाल पाएपछि उत्पीडित वर्ग प्रतिकारमा उत्रिएको देखाइएबाट यहाँ पीडितवर्गमा वर्गीय चेतनाको विकास स्पष्ट रूपमा भएको देखिन्छ । वर्गीय चेतना जति स्पष्ट, प्रखर र जुझारु हुन्छ त्यसले त्यति नै वर्गीय द्वन्द्वलाई गति प्रदान गर्दछ (गिरी, २०७१, पृ. १०९) भन्ने मार्क्सवादी सौन्दर्यचिन्तकहरूको विचारलाई दृष्टिगत गर्दा प्रखर वर्गीय चेतनाविना वर्गीय लडाइँ असम्भव भएकाले उल्लिखित कविताांशमा वर्गीय चेतनाले सुन्दर अभिव्यक्ति पाएको कुरा स्वतः पुष्टि हुन्छ ।

### २.४.१२ निष्कर्ष

कृष्ण सेन इच्छुकका काव्यकृतिमा आर्थिक, राजनीतिक तथा सामाजिक-सांस्कृतिक कारणबाट नेपाली समाजमा उत्पन्न द्वन्द्वलाई अभिव्यक्त गरिएको छ । यिनै कारण र तिनबाट सृजित परिणामको सेरोफेरोमा यिनले काव्यरचना गरेको देखिन्छ । यिनका काव्यकृतिमा मूलतः साम्राज्यवादको विरोध, वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रतिको आस्था, आमूल परिवर्तनको स्वप्न एवम् वर्गद्वन्द्वको चित्रण र क्रान्तिको महिमागान, राजनीतिक विकृति तथा विसङ्गतिको चित्रण, दलित तथा आदिवासी जनतामाथि आर्थिक उत्पीडनको विरोध, लैङ्गिक, असमानता एवम् उत्पीडनको आलोचना, राज्य आतङ्कको विरोध, राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध, वर्गद्वन्द्वमा सहभागी सहिदहरूको त्याग र साहसप्रति आस्था र सम्मान, भविष्यप्रतिको आस्था एवम् विश्वास तथा वर्गीय चेतनाको अभिव्यक्तिलाई प्रस्तुत गर्ने क्रममा वर्गद्वन्द्वको अभिव्यक्ति भएको पाइन्छ ।

इच्छुकले आफ्ना कवितामा नेपाली समाजमा विद्यमान आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक विषयलाई वर्गद्वन्द्वको मूल कारणका रूपमा चित्रण गर्दै वर्गसङ्घर्षका

माध्यमबाट मात्रै सर्वहारावर्गको मुक्ति सम्भव हुने काव्यात्मक अभिव्यक्ति दिएका छन् । वर्गद्वन्द्वलाई समाज विकासको मूल चालक शक्ति मान्ने मार्क्स र उनका अनुयायीहरूको अवधारणाप्रति अटल आस्था प्रकट गर्दै यिनले समाज वर्गमा विभाजित हुनुको मूल कारण सामन्तवादी उत्पादन पद्धति भएको र नयाँ उत्पादन पद्धतिको स्थापना र पुरानो उत्पादन पद्धतिको अवशान हुनमा वर्गद्वन्द्वको भूमिका अहम् हुने साङ्केतिक अभिव्यक्ति कवितामार्फत् दिएका छन् । मार्क्सवादीहरूले भन्ने गरेजस्तै नेपाली समाज विभिन्न वर्गमा विभाजित छ र साहित्य पनि समाजकै कलात्मक पुनर्सृजन भएकाले वर्गद्वन्द्वको प्रभाव यिनका कवितामा सघन रूपमा देखापरेको छ भने यिनका कविताले पनि वर्गद्वन्द्वमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । वर्गद्वन्द्व सामाजिक जीवनका विभिन्न क्षेत्रमा देखापर्ने भएकाले वर्गीय भिन्नताका कारण नै मानिसका चरित्र, व्यवहार र दृष्टिकोणमा अन्तर आई वर्गद्वन्द्वको कारणसमेत बन्ने यथार्थलाई यिनले निकै कलात्मक ढङ्गले अभिव्यक्ति दिएका छन् । युगीन आवश्यकता र यथार्थलाई मौलिक विशेषतासहित प्रस्तुत गरिएका यिनका कवितामा सोही यथार्थको प्रतिबिम्बनकै प्रक्रियामा वर्गद्वन्द्वले सार्थक अभिव्यक्ति पाएको देखिन्छ ।

## तेस्रो परिच्छेद

## कृष्ण सेन इच्छुकका कवितामा प्रतिविम्बित सौन्दर्य

### ३.१. विषयपरिचय

प्रस्तुत शोधको मूल विषय वर्गसौन्दर्यका दृष्टिले कृष्ण सेन इच्छुकका काव्यकृतिको अध्ययन गर्नु हो । यो अध्ययन कार्य कुनै पनि काव्यकृतिमा सन्निहित सौन्दर्यको अन्वीक्षण एवम् विश्लेषण गर्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणमा आधारित प्रगतिवादी कविता समालोचनाको वर्ग, वर्गद्वन्द्व एवम् वर्गसौन्दर्यसम्बन्धी मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यतामा आधारित रहेर गरिएको छ । मार्क्सवादी सौन्दर्यशास्त्रले कृतिमा सौन्दर्यको निर्क्योल गर्नका लागि विश्वदृष्टिकोण, वर्गीय पक्षधरता, वर्गप्रतिरोध, समाजपठन र वर्गबोध, चिन्तनगत वर्गबद्धता एवम् प्रतिबद्धता र वर्गबोध आदि के कस्तो प्रकटीकरण भएको छ ? भन्ने विषयको अध्ययन गर्दछ । प्रस्तुत शोधको उद्देश्य प्राप्तिका लागि वर्गसौन्दर्यसम्बन्धी अवधारणाको अध्ययन गर्नु जरुरी छ । तसर्थ, यस परिच्छेदभित्र कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्यको अभिव्यक्ति के कसरी भएको छ ? भन्ने कुराको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ३.२ आधार र अधिरचनासम्बन्धी मार्क्सवादी दृष्टिकोण

ऐतिहासिक भौतिकवादले विविध सामाजिक सम्बन्धहरूमध्येबाट भौतिक उत्पादन सम्बन्धलाई नै प्रमुख र निर्णायक सम्बन्धका रूपमा अलग्याउँछ । यी उत्पादन सम्बन्धहरूको समुच्चय नै समाजको आर्थिक ढाँचा हो, आधार हो । उत्पादन सम्बन्धको समुच्चय भन्नाले स्वामित्वका रूपहरू बुझिन्छन् जसअन्तर्गत उत्पादनको प्रक्रियामा मानिसहरूको सम्बन्ध र जीवनयापनका साधनहरूको वितरणका रूपहरू पर्न आउँछन् । आधारको सर्वाधिक महत्त्वको विषय के हो भने यसले त्यस्तो वास्तविक जगका रूपमा काम गर्दछ जसमाथि आधेय अर्थात् समाजका न्यायिक, दार्शनिक, नैतिक, कलात्मक एवम् धार्मिक दृष्टिकोणहरू र तिनकै अनुरूप सम्बन्धहरू, संस्थाहरू एवम् सङ्गठनहरू खडा हुन्छन् । तसर्थ, आधेय नै उत्पादन पद्धतिको त्यो पक्ष हो जसले प्रत्यक्षतः समाजको रूप त्यसका विचार र संस्थाहरू निश्चित गर्दछ (आफ्नास्येभ, १९८५, पृ. २४६) । आर्थिक जगकै आधारमा मानिसका सौन्दर्यसम्बन्धी दृष्टिकोणको निर्माण हुने भएकाले सौन्दर्यको

पहिचान गर्न आधार र आधेयसम्बन्धी नियमका बारेमा स्पष्ट हुनु निकै आवश्यक हुन्छ । उत्पादन कुनै खास आर्थिक संरचनाका आधारमा एउटा अधिरचनाको निर्माण हुनु सामाजिक विकासको एउटा सामान्य, सर्वव्यापी नियम हो (श्रेष्ठ, २०६०, पृ.८१) । भौतिक उत्पादनको प्रक्रियामा मानिसहरूमाझ यस्ता उत्पादन सम्बन्धहरू स्थापित मानिसलाई बाँच्नका लागि उत्पादनका सम्बन्धहरूप्रतिको सम्बन्धबाट नै सामाजिक उत्पादनमा वर्गहरूको स्थान, वर्गीय दृष्टिकोण एवम् भूमिका निर्धारण हुने भएकाले त्यसकै आधारमा आम्दानीको मात्रा र त्यसको प्राप्तिको पद्धतिसमेत निरूपित हुन्छ भन्ने मान्यता मार्क्सवादी चिन्तकहरूको रहेको पाइन्छ ।

सामाजिक विकासको सिंहावलोकन गर्दै मार्क्सवादले आदिम साम्यवादपछि दासयुग, सामन्तयुग र पुँजीवादी युग आएको ठानेको छ । यस दृष्टिकोणअनुसार अर्थतन्त्र वा उत्पादन प्रकारको विकाससँगै सामाजिक उत्पादनमा विभिन्न सम्बन्धहरू विकसित हुन्छन् र पुँजीवादी युगमा यो सम्बन्ध पुँजीपति र सर्वहाराको द्वन्द्वका रूपमा देखापरेको छ जसअन्तर्गत सामाजिक उत्पादनको अतिरिक्त मूल्य लिँदै पुँजीपतिवर्गले शोषण गर्छ र श्रमिक सर्वहारा शोषित रहेका हुन्छन् । दासयुगदेखि नै थालिएको यस वर्गसङ्घर्षमा द्वन्द्वात्मक नियमअनुसार सर्वहारावर्गको विजय अवश्यम्भावी छ भन्ने विश्वास मार्क्सवाद गर्दछ । अति संक्षेपमा भन्दा मार्क्सवादको आधारभूत दृष्टिकोण यही हो (त्रिपाठी, २०६५, पृ १५१) । यही विचारलाई कवि, लेखक तथा साहित्यकारहरूले आ-आफ्ना कृतिमा विभिन्न तरिकाले प्रयोग गदै आएको पाइन्छ । मार्क्सवादी साहित्यले समाजमा रहेको अन्याय, अत्याचार र विभेदको अन्त्य गरी समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्ने उद्देश्य राख्दछ । यही समतामूलक समाजको समाजका स्थापनाका लागि शोषितपीडित जनताले गर्ने सङ्घर्षलाई नै प्रगतिवादी कविहरू सौन्दर्यको रूपमा ग्रहण गर्दै काव्यात्मक अभिव्यक्ति दिन अत्यधिक रुचि राख्दछन् ।

### ३.२.१ सौन्दर्यशास्त्रको व्युत्पत्तिगत अर्थ र इतिहास

सौन्दर्य 'एस्थेटिक्स' शब्दको नेपाली रूपान्तरण हो । अङ्ग्रेजीको 'एस्थेटिक्स' शब्द ग्रिक शब्द 'एस्थेटिकोस्' बाट व्युत्पन्न भएको हो । यसको अर्थ संवेदनाका माध्यमबाट संज्ञान गर्ने भन्ने हुन्छ (पौडेल, २०६८, पृ. ११-१२) । सुरु-सुरुमा इन्द्रियजन्य सुखको चेतनालाई जनाउने 'सौन्दर्यशास्त्र' को उत्पत्ति साढे दुई हजार वर्ष पहिले दास-मालिक

समाजको युगमा मिश्र बेविलोन, भारत र चीनमा भएको थियो (ढकाल, २०५४, पृ. १) । सौन्दर्यशास्त्र 'एस्थेटिक्स' शब्दको पहिलो प्रयोग बाउम गार्टेनले आफ्नो अपूर्ण कृति 'एस्थेटिका' को पहिलो खण्ड (सन् १७५०) मा गरेका हुन् । उनले त्यस पुस्तकमा मनुष्यद्वारा सौन्दर्यको संवेदनात्मक संज्ञान एवम् उक्त सौन्दर्यको कलात्मक रूपमा हुने अभिव्यक्तिलाई सौन्दर्यशास्त्र भनी नामकरण गरेका छन् (चापागाईं, २०५४, पृ. १२८) । त्यसयता विज्ञानसम्मत ज्ञानको विशिष्ट क्षेत्रलाई सङ्केत गर्ने यो पदावली मार्क्सवादी चिन्तन परम्परामा सामाजिक जीवन र कलामा विद्यमान सौन्दर्यको अध्ययन गर्ने सन्दर्भमा प्रयोग हुँदै आएको छ । सुन्दरको भाव नै सौन्दर्य हो र सौन्दर्यशास्त्रमा प्रकृति, जीवन र कलामा रहेको सौन्दर्यका सामान्य नियमहरूको अध्ययन गरिन्छ । सौन्दर्यशास्त्रीय अध्ययन मूलतः कलासम्बन्धी सौन्दर्य सिद्धान्त, विश्वदृष्टिकोण, सौन्दर्यपरक प्रवर्ग, सौन्दर्यपरक आदर्श एवम् सौन्दर्यमूल्यको खोजजस्ता विषयसँग सम्बन्धित छ । तर, कलात्मक ज्ञान र वैज्ञानिक ज्ञान दुवै यथार्थमा आधारित ज्ञान भएकाले मार्क्सवादीहरूले सौन्दर्यशास्त्रलाई जीवन र जगत्को सौन्दर्यात्मक आत्मसात्करणका नियमानुसार सिर्जनात्मक कार्यको सार र रूप बुझाउने विज्ञानका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ ।

### ३.२.२ मार्क्सवादी चिन्तनमा सौन्दर्य

वर्गीय साहित्यले मुक्तिधर्मी प्रवृत्तिलाई मुक्तिगामी चेतनासँग जोड्ने काम गर्छ । मुक्तिगामी चेतनाको प्रकटीकरण कसरी भएको छ ? भन्ने कुराको खोजी गर्नु नै वर्गसौन्दर्यसम्बन्धी अध्ययनको मूल विषय हो । कलाको चरित्र नै वर्गीय भएकाले कवितामा वर्गसौन्दर्यसम्बन्धी अध्ययनका लागि यसका मूलभूत आधारको पहिचान हुन आवश्यक छ । कलासाहित्यमा वर्गसौन्दर्यको व्याख्या विश्लेषण गर्ने मुख्य दार्शनिक आधार जर्मन दार्शनिक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा प्रतिपादित ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद हो । मार्क्सवादी चिन्तकहरू मानिसका सौन्दर्यसम्बन्धी धारणाहरू विशिष्ट सामाजिक व्यवस्थाअनुरूप हुने तर्क प्रस्तुत गर्दछन् । सामाजिक व्यवस्थामा जुन वर्गको पकड रहन्छ सौन्दर्य चेतनाले पनि त्यसै वर्गको सेवा गर्दछ । वर्गीय समाजमा शोषक वर्गीय र शोषित वर्गीय सौन्दर्य चेतनाबीच टक्कर परि नै रहन्छ । नयाँ उत्पादक शक्ति र पुरानो उत्पादन सम्बन्धबीच सङ्घर्ष चल्छ र आखिरमा उत्पादन सम्बन्ध पनि नयाँ उत्पादक शक्तिअनुरूप बन्नैपर्छ (चैतन्य, २०६५, पृ. ५९) । त्यसैले, सामाजिक व्यवस्थामा फेरबदल आउनासाथ

मानिसका सुन्दरता र कुरूपतासम्बन्धी धारणामा पनि फेरबदल आउँछ । सौन्दर्यचिन्तनका क्षेत्रमा यस मान्यतालाई प्रगतिवादका नामबाट चिनिन्छ । सौन्दर्यसम्बन्धी यो चिन्तन वैज्ञानिक विश्वदृष्टिकोण हुनाका साथै ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादका दार्शनिक केन्द्रबाट जीवन जगत्को मूल्यबोध गर्ने आधार पनि हो । यो समाज रूपान्तरण या परिवर्तनको गतिबोध गर्ने वैज्ञानिक आधार पनि हो (शर्मा, २०७४, पृ. ८४) । मार्क्सवादी-लेनिनवादी-माओवादी सौन्दर्य चिन्तनपद्धति समाजवादी यथार्थवादको कलासिद्धान्तमा उभिएको छ र यसले मूलतः द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण, वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्वको सिद्धान्तका साथै सामाजिक सांस्कृतिक एवम् सांस्कृतिक रूपान्तरणका निम्ति यसले निर्दिष्ट गर्ने क्रान्तिकारी भूमिका र कला-साहित्यको ऐतिहासिक, सामाजिक अवस्था एवम् त्यसले निर्माण गरेको अग्रगामी चेतना आदि कुराको अभिव्यञ्जना गर्दछ (भण्डारी, २०७५, पृ. १) । यही दृष्टिकोणलाई नेपाली काव्यचिन्तन परम्परामा प्रगतिवादका नामबाट सम्बोधन गर्ने गरिएको पाइन्छ । सामाजिक रूपान्तरणमा कला-साहित्यको महत्त्व उच्च रहेको तथ्यप्रति मार्क्सवादी चिन्तकहरूको कत्ति पनि विमति पाइन्न । त्यसैले, कला-साहित्यमा अन्तर्वस्तु र रूपका बीचमा पाइने द्वन्द्वात्मक अभिव्यक्तिभित्रै सौन्दर्यात्मक आधार निर्माण गरी कविताको मूल्यबोध गर्न सकिन्छ ।

कला-साहित्यमा सौन्दर्यलाई पर्गेल्ने क्रममा मार्क्सवादी साहित्य चिन्तनको परम्परालाई विभिन्न विद्वान्हरूले अतुलनीय योगदान दिएका छन् । तीमध्ये यस चिन्तनको प्रवर्तकमा (मार्क्स र एङ्गेल्स), प्रमुख राजनीतिक विचारकमा (लेनिन, स्टालिन, ट्राटस्की, खुस्चोभ, ब्रेजनेभ, माओत्सेतुङ, चाउ एन लाई, कुमोजो), साहित्य चिन्तक तथा रचनाकारमा प्लेखानोभ, लुनाचार्स्की, म्याक्सिम गोर्की, मिखाइल सोलोखोभ, क्रिस्टोफर कडवेल, राल्फ फक्स, जर्ज थम्सन हावर्ट फास्ट, अन्र्स्ट फिसर, चाउचाङ्ग आदि प्रमुख रहेका छन् । विभिन्न विद्वान्हरूको मतलाई आधार मान्दा प्रगतिवादी कविताको सौन्दर्यपरक विश्लेषणमा युगीन सौन्दर्य, वर्गसौन्दर्य, वस्तुसौन्दर्य, भाव सौन्दर्य, लयसौन्दर्य र भाषिक सौन्दर्यजस्ता विषयलाई केन्द्रमा राखी कुनै पनि कृतिको मूल्य निर्धारण गर्नु उपयुक्त देखिन्छ (शर्मा, २०७३, पृ.६४) । मार्क्सवादी चिन्तनका क्षेत्रमा सौन्दर्यलाई विविध आधारमा निर्क्योल गर्न सकिए पनि यस शोधमा मूलतः वर्गसौन्दर्यसम्बन्धी उपकरणलाई मात्रै आधार मानी इच्छुकका काव्यकृतिको मूल्यनिर्धारण गरिएको छ ।

## ३.३ वर्गसौन्दर्य पहिचानका मुख्य आधारहरू

कवितामा वर्गसौन्दर्यलाई पहिल्याउनका वर्गबोध, वर्गमूल्य र सोहीअनुसारको प्रतिबद्धता, पक्षधरता एवम् विश्वदृष्टिकोणको प्रस्तुतिबारे खोजी गर्नु आवश्यक छ । यस शोधमा इच्छुकका कवितामा सौन्दर्यगत अभिव्यक्तिको पहिचान एवम् विश्लेषणका लागि मार्क्सवादी चिन्तनका क्षेत्रमा प्रचलित अभिलक्षणहरूलाई क्रमशः प्रस्तुत गरिएको छ :

### ३.३.१ विश्वदृष्टिकोण

मार्क्सवादी चिन्तनका क्षेत्रमा कवितामा सौन्दर्यगत अभिव्यक्ति पहिचान र विश्लेषणको एउटा मुख्य अभिलक्षण रचनामा रहेको विश्वदृष्टिकोण हो । संसारमा प्रकृति जीवन र समाजलाई विश्लेषण गर्ने विभिन्न विश्वदृष्टिकोण विद्यमान छन् । चेतना र पदार्थमध्ये कुन पहिलो भन्ने प्रश्न नै विश्वदृष्टिकोणसम्बन्धी आधारभूत प्रश्न हो । यस सम्बन्धमा विश्वका चिन्तकहरू सारभूत रूपमा दुई वर्गमा विभाजित देखिन्छन् । जुन दाशनिकहरू चिन्तन वा विचारलाई परमात्माले उत्पन्न गरेको हो भन्छन् ती आदर्शवादी वा भाववादी हुन् भने जसले वस्तु नै प्रमुख हो र चेतना वा विचार पनि वस्तुबाटै रूपान्तरित कुरा भन्छन् ती भौतिकवादी हुन् (ज्ञवाली, २०६९, पृ. ३४) । कृष्ण सेन इच्छुक यही भौतिकवादी दृष्टिकोणसँग निकट रही कलम चलाउने कुशल शब्दशिल्पी हुन् । उनी मार्क्सवाद, लेनिनवाद र माओवादको वैचारिक सौन्दर्यलाई व्यवहारमा उतार्न अधिकतम प्रयत्न गर्ने प्रगतिवादी कवि हुन् । उनी यही विचार संश्लेषण गर्न कवितामा वर्गबोध गर्दै गरिब, दुःखी र शोषित समूहलाई आफ्नो चिन्तनको छहारीमा गोलबद्ध गर्दै शब्दमार्फत श्रमजीवीवर्गको पसिनाको हिसाब खोज्छन् । संसारमा श्रमिकको पसिनाको मूल्य खोज्ने सेन त्यही श्रमभित्रको सौन्दर्यमा कवितात्मक विश्वदृष्टिकोण निर्माण गर्छन् (शर्मा, २०६०, पृ. १०२) । समाजमा विद्यमान वर्गीय समस्याको निर्क्योल गरी क्रान्ति र सङ्घर्ष र विजयको मार्गचित्र तय गर्ने आधार नै दृष्टिकोण भएकाले सेनका कविताहरूको रचनामा मार्क्सवादी चिन्तनप्रेरित भाव वा विचारको प्रकटीकरण पाइन्छ । यही विश्वदृष्टिकोणका कारण उनका कवितामा वर्गसौन्दर्य घनीभूत रूपमा व्यक्त भएको छ । कलामा मार्क्सवादलाई प्रयोग गर्नुको अर्थ यथार्थ अन्वेषण गर्न द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको प्रयोग गर्नु हो सामाजिक जीवनमा रहेका असङ्ख्य परिघटनाहरूको विश्लेषण गर्नु अन्तर्विरोध पत्ता लगाउनु विकास अवसानको गति तथा नियम पत्ता लगाउनु, सुरूप र कुरूपबीच शिव र

अशिव, सत्य र असत्य बीचको भेद पत्ता लगाउनु आदिमा मार्क्सवादी विश्वदृष्टिकोणको उपयोग हुन्छ (माओत्सेतुङ, २०४१, पृ. ९६) । कलात्मक सिर्जनशीलता र कलाकारको विश्वदृष्टिकोण एउटै सिक्काका दुईवटा पाटा भएकाले कला साहित्यमा के कस्तो विश्वदृष्टिकोणको अभिव्यक्ति छ ? भन्ने आधारमा नै सौन्दर्यको पहिचान हुने भएकाले यो वर्गसौन्दर्य विश्लेषणको एउटा महत्त्वपूर्ण आधार हो ।

### ३.३.२ पक्षधरता तथा समूहीकरण

मार्क्सवादी चिन्तनका क्षेत्रमा सौन्दर्यगत अभिव्यक्तिको पहिचान र विश्लेषणको एउटा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको वैचारिक पक्षधरता हो । वास्तवमा कला कलाको निम्ति वर्गहरूभन्दा माथिको कला वा राजनीतिबाट अलग्गिएको वा स्वतन्त्र रहेको कला भन्नेजस्तो चीज कतै पनि हुँदैन । सिर्जना किन र कसका लागि भन्ने सवाललाई समाधान नगरी कसैले पनि सिर्जना गर्न सक्दैन । कसैले कला कलाका लागि भनेर सिर्जना गर्न सक्छ कसैले स्वान्त सुखायको निम्ति सिर्जना गर्न सक्छ र कसैले श्रमिक जनसमूहको लागि भनेर सिर्जनाको उद्देश्य राख्न सक्छ (माओत्सेतुङ, २०४१, ८६) । तर, माओका अनुसार कला क्रान्तिकारी मजदुर वर्ग र व्यापक जनसमूहका लागि हो । कला सिर्जनाको वर्गीय तथा पक्षधरताको धारणालाई उनले विकास र विस्तार गरेका छन् । शोषक र उत्पीडक वर्गको सेवा गर्ने कला, देशद्रोही कला र जनताको कला गरी पक्षधरताका आधारमा कलालाई माओ तीन श्रेणीमा विभाजन गर्दछन् । वर्ग र राजनीतिभन्दा माथि उठेको कलाको कुरा गर्नेहरूको पक्षधरता पुँजीवादी पक्षधरता हो (ढकाल, २०५४, पृ. ११३) । सर्वहारा वर्गीय अडानविना जनताका लागि कला सिर्जना गर्न सम्भव छैन यिनै अडानलाई माओ सिद्धान्तको आधारभूत सवाल बताउँछन् । तसर्थ, यस अभिलक्षणले कलात्मक प्रतिविम्बनमा निर्णायक प्रभाव पार्दछ । यही अडानले कलाको अन्तर्वस्तु निर्माण गर्दछ, यथार्थको छनोट गर्दछ र यसको पुनर्निर्माण गर्दछ । कलाकारको वर्गीय अडान प्रस्ट हुनु भनेको जीवन र जगत्लाई हेर्ने बुझ्ने र सौन्दर्यात्मक अवबोधन गर्न सक्ने क्षमताको उल्लेख्य अभिवृद्धि हुनु हो । तसर्थ, पक्षधरता तथा समूहीकरण प्रगतिवादी कवितामा वर्गसौन्दर्यको विश्लेषण गर्ने एउटा प्रमुख आधार हो ।

### ३.३.३ वर्गप्रतिरोध

मार्क्सवादी चिन्तनका क्षेत्रमा सौन्दर्यगत अभिव्यक्ति पहिचान र विश्लेषणको एउटा मुख्य अभिलक्षण रचनामा रहेको वर्गप्रतिरोधको अभिव्यक्ति हो । पुँजीवादी व्यवस्थाको उन्मूलन गर्नु र वर्गरहित साम्यवादी समाजको स्थापना गर्नु नै सर्वहारावर्गको महान् ऐतिहासिक कार्य हो र यस्तो दायित्व पूरा गर्नका श्रमिक वर्ग वा सर्वहारावर्गले चलाएको युद्धमा राज्यले दमन सुरु गरेपछि आफ्ना हितहरूको रक्षाका निम्ति उत्पीडित वर्गले गर्ने बाधा वा प्रतिकार नै वर्गप्रतिरोध हो । बुर्जुवावर्गको प्रतिरोध दबाउन र भीषण वर्गसङ्घर्षमा त्यस वर्गमाथि विजय प्राप्त गर्न नै सर्वहारा अधिनायकवादको आवश्यकता पर्दछ ( आफ्नास्येभ, १९८५, पृ. ३५०) । सर्वहारा अधिनायकवाद भनेको अति शक्तिशाली दुस्मनका विरुद्ध, बुर्जुवावर्गको विरुद्ध नयाँ वर्गको अति निःस्वार्थ र अति भीषण युद्ध हो किनभने आफ्नो पतनपछि यस वर्गको प्रतिरोध दसौं गुना बढ्न जान्छ (लेनिन, १९९८, पृ.६) । द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणअनुसार प्रकृतिका सबै बाह्य रूपहरूमा भावपक्ष र अभावपक्ष दुवै छन्, यिनीहरू दुवैको अतीत छ भने अनागत पनि छ र एउटा पक्ष मरणशील छ भने अर्को पक्ष विकासोन्मुख । यी दुई विरोधी पक्षहरूको सङ्घर्ष पुरातन र नवीन, मरणशील र विकासोन्मुख, निर्वाण र निर्माणको सङ्घर्ष नै विकासक्रमको आन्तरिक प्रक्रिया हो । परिमाण भेद गुण भेदमा परिवर्तन हुनुको आन्तरिक प्रक्रिया यही नै हो । सामाजिक जीवनमा पश्चगति र प्रगति, अपूर्णता र पूर्णताका बीच निरन्तर सङ्घर्ष चल्दै आएको छ । यो सङ्घर्षमा सौन्दर्यपरक आदर्शले प्रगति र पूर्णताको पक्षपोषण गरेको हुन्छ । मानिस प्रगति र पूर्णतातर्फ अघि बढ्न चाहन्छ । तर, मानिसका प्रगति र पूर्णताका आशा र आकाङ्क्षाका सपनाहरूलाई पश्चगामी कुरूप शक्तिले हमेशा ध्वस्त पार्ने चेष्टा गर्दछ । परन्तु, सौन्दर्यपरक आदर्शले मानवीय प्रगति र पूर्णतामा बाधक बन्ने सबै साँध सीमा र बारबन्धनलाई भत्काइदिन्छ (२०५४, पूर्ववत्, पृ. १८९) । अहिलेसम्मको सम्पूर्ण लिखित इतिहास वर्गसङ्घर्षको इतिहास, अन्य वर्गहरूमाथि निश्चित सामाजिक वर्गहरूको शासन र अनुक्रमको इतिहास रहिआएको छ र यो वर्गसङ्घर्ष तथा वर्गहरूको शासन र विजयको अनुक्रमको इतिहास रहिआएको र यो वर्गसङ्घर्ष तथा वर्गशासनका जगहरू निजी सम्पत्ति तथा अराजक सामाजिक उत्पादन लोप नभएसम्म रहिरहनेछन् । सर्वहाराका हितहरूले ती जगहरूको ध्वंसको माग गर्दछन् र त्यसैकारण सङ्गठित श्रमिकहरूको सचेत वर्गसङ्घर्ष तिनीहरूको विरुद्ध निर्देशित हुनुपर्छ र हरेक वर्गसङ्घर्ष राजनीतिक वर्गसङ्घर्ष हो (लेनिन,

२०६४, पृ. १४-१५) । वर्गसङ्घर्षका क्रममा युद्धरत पक्षका बीचको सङ्घर्ष र जनपक्षीय प्रतिरोधको सन्दर्भ प्रगतिवादी कविका कवितामा केन्द्रीय विषय बनेर आउँछ । जनसाहित्यको रचनाका लागि जनताका सुखदुःखमा सहभागी भई सृजनकार्यमा तल्लीन हुन सके मात्रै त्यस्तो रचना प्रभावकारी बन्छ । नयाँ उत्पादक शक्ति र पुराना उत्पादन सम्बन्धको सङ्घर्षबाट र समाजका नयाँ आर्थिक मागबाट नयाँ सङ्गठित विचारको जन्म हुन्छ । वर्गसङ्घर्षका क्रममा राज्यसत्ताले दमन सुरु गरेपछि नै वर्गप्रतिरोध सुरु हुन्छ । मार्क्सवादी दर्शनको आधारभूत मान्यता वर्गसङ्घर्ष, बलप्रयोगको अनिवार्यता तथा सर्वहारावर्गको अधिनायकत्व हो । मानवीय चेतनाका विविध रूप, वर्गहित वा वर्गस्वार्थमा आधारित एवम् आश्रित हुन्छन् । वर्गनिरपेक्ष वा गैरवर्गीय चिन्तन विचारधारा हुँदैन । सामाजिक चेतनाकै एउटा रूप रहेको कला वा साहित्य पनि वर्गीय वा वर्गसापेक्ष हुने कुरा निश्चित नै छ । ( भण्डारी, २०७५, पृ.३९) मार्क्सवादी सौन्दर्यशास्त्रअनुसार सम्पूर्ण इतिहासको गति वर्गविरोधहरू र वर्गसङ्घर्षहरूको बीचमा रहेको हुन्छ । अर्थात् यस्तो सङ्घर्ष शासक र शासित शोषक र शोषित वर्गहरूका बीचमा रहन्छ । त्यसैले, वर्गप्रतिरोध प्रगतिवादी कवितामा वर्गसौन्दर्यलाई पहिचान र विश्लेषण गर्ने एउटा प्रमुख आधार हो ।

### ३.३.४ समाजपठन र वर्गबोध

मार्क्सवादी चिन्तनका क्षेत्रमा कवितामा सौन्दर्य विश्लेषण गर्ने महत्त्वपूर्ण आधार समाजपठन र वर्गबोध हो । सामाजिक चेतना सामाजिक अस्तित्वको जटिल प्रतिविम्ब हो । समाजको आत्मिक तथा वैचारिक जीवन नै सामाजिक चेतना भएकाले यो भौतिक जीवनको प्रतिविम्ब हो । दैनिक जीवनमा हुने यथार्थको प्रतिविम्बनभन्दा यो बढी व्यवस्थित हुन्छ । मार्क्सका अनुसार आम रूपमा नै जीवनका सामान्य सामाजिक, राजनीतिक तथा बौद्धिक प्रक्रियाहरू भौतिक जीवनको उत्पादन प्रणालीमा निर्भर हुन्छन् । यही उत्पादन प्रणालीले समाजको आर्थिक ढाँचा तयार पार्दछ । सामाजिक जीवनका विभिन्न रूपहरू यही आर्थिक ढाँचामा खडा हुन्छन् । राजनीतिक, विचारधारा, कानुन, नैतिकता, धर्म र वस्तुजगत्को विविधताले सामाजिक चेतनामा पनि विविधता ल्याउँछ । अर्थात् यथार्थका भिन्न पक्ष र रूपहरूलाई सामाजिक चेतनाका भिन्न पक्ष र रूपहरूले अभिव्यक्ति दिन्छन् । विशेषतः कलामा अन्तर्निहित सौन्दर्यात्मक गुणले गर्दा यो सामाजिक चेतनाका अन्य रूपहरूभन्दा विशिष्ट हुन्छ (ढकाल, २०५४, पृ.७५) । मानिसको अस्तितत्व रहेसम्म चेतना पनि रहने

भएकाले कवितामा अभिव्यक्ति विचार व्यक्तिगत रूपमा अभिव्यक्त भए पनि त्यसको प्रकृति भने सामाजिक नै हुन्छ । अधिरचना आर्थिक जगमा खडा हुने भए पनि विचारधाराको सक्रिय भूमिकाले आर्थिक आधारलाई नेतृत्व प्रदान गर्दछ भन्ने अवधारणा मार्क्सवादीहरूको छ । त्यसैले, कला र सामाजिक चेतनाका विविध रूपहरूसहितको अन्तरसम्बन्ध र एकले अर्कोमाथि पार्ने प्रभाव मार्क्सवादी सौन्दर्यशास्त्रीय अध्ययनको विषय हो । यसप्रकारको अभिव्यक्तिको खोजी नै प्रगतिवादी कवितामा सौन्दर्यको विश्लेषणको प्रमुख आधार हो ।

### ३.३.५ चिन्तनगत वर्गबद्धता

चिन्तनगत वर्गबद्धता प्रगतिवादी कविताका क्षेत्रमा मार्क्सवादी सौन्दर्यचिन्तनद्वारा विकसित महत्त्वपूर्ण अवधारणा हो । कला साहित्यको मापदण्ड राजनीति र कलाका तहबाट हुने भए पनि विचारको प्रधानता नै प्रगतिवादी कविताको मुख्य पक्ष हो (शर्मा, २०६०, पृ. १०५) । व्यक्तिको वर्गीय भूमिकाले उसको चेतनाका सीमाहरू निर्धारण गर्दछ र यसैका आधारमा भौतिक जगत् (वस्तुजगत्) को एउटा विशिष्ट छवि उसको चेतनामा प्रस्फुटित हुन्छ जसमा वस्तुजगत्का महत्त्वपूर्ण पक्ष कि त अलक्षित रहन्छन् कि त फेरि प्रतिविम्बित हुन्छन् (ग्रेवाल, २०६७ पृ. २४०) । यही वर्गीय भूमिकाका आधारमा व्यक्तिले तत्कालीन परिवेशमा कसरी परिवर्तन ल्याउन सकिन्छ र त्यसका लागि के गर्नुपर्दछ भन्ने कुराको निर्क्योल गर्दछ । वर्गीय समाजमा प्रत्येक व्यक्ति अनिवार्य रूपमा कुनै न कुनै वर्गसँग आबद्ध हुन्छ । उसका सम्पूर्ण चिन्तन र भावप्रणाली कि त उसको आफ्नो वर्गीय दृष्टिकोणद्वारा नियन्त्रित हुन्छ कि त ऐतिहासिक विकासको त्यस विशिष्ट कालमा उत्पादन प्रणालीमा प्रमुख स्थान पाएको हुनाले अरू वर्गमाथि पनि आफ्नो प्रभुत्व स्थापित गरिसकेको वर्गको दृष्टिकोणबाट नियन्त्रित भएको हुन्छ । शब्द र कर्मको आलोकमा चम्किएको रचनामा नै विचारको प्रधानता पाउन सकिने भएकाले प्रगतिवादी कवितामा सौन्दर्य निर्धारणका लागि चिन्तनगत वर्गबद्धता एउटा महत्त्वपूर्ण आधार हो ।

### ३.३.६ प्रतिबद्धता र वर्गबोध

कला साहित्यका क्षेत्रमा प्रचलित प्रतिबद्धताको सिद्धान्त समाजवादी यथार्थवादको अर्को अभिन्न अङ्ग हो र यसका प्रवर्तक लेनिन हुन् । लेखकीय प्रतिबद्धताभित्र मूलतः वर्गीय प्रतिबद्धता,विचारधारात्मक प्रतिबद्धता, राजनीतिक प्रतिबद्धता र साङ्गठनिक प्रतिबद्धताजस्ता विषयहरू पर्दछन् । मार्क्सवादी समालोचना एवम् साहित्यमा प्रतिबद्धतासम्बन्धी सिद्धान्तलाई

कलाको समीक्षा गर्ने एक महत्त्वपूर्ण मानदण्ड मानिएको छ । कला सधैं एउटा खास वर्गप्रति प्रतिबद्ध रहेको हुन्छ । तर, यसको वर्गीय चरित्र विशेष गरेर सामाजिक अन्तर्द्वन्द्वहरू तीव्र रूपमा सतहमा आएको समयमा स्पष्ट रूपमा देखिन्छ (जिस, २०७२, पृ.२७५) । मार्क्स र एङ्गेल्सले बताएको साहित्य र कला प्रवृत्तिमूलक हुन्छ भन्ने विषयलाई आधार मानेर लेनिनले विकसित गरेको यस सिद्धान्तलाई थप विकास र विस्तार गर्ने काम भने माओत्सेतुङले गरेका हुन् । आजको संसारमा सबै संस्कृति सबै साहित्य र कला कुनै खास वर्गका लागि हुन्छन् र तिनलाई कुनै खास राजनीतिक कार्यदिशातर्फ लगाइएको हुन्छ । वास्तवमा कला कलाका निम्ति वर्गहरूभन्दा माथिको कला वा राजनीतिबाट अलग्गिएको वा स्वतन्त्र रहेको कला भनेजस्तो चिज कतै पनि हुँदैन । सर्वहारावादी साहित्य र कला सम्पूर्ण सर्वहारावादी क्रान्तिकारी मिसनका दाँती र पुर्जा हुन् (माओत्सेतुङ, २०५७, पृ. ६२) । यो सिद्धान्तले कलाकारलाई सर्वहारावर्ग र त्यसको पार्टीसँग सन्धि गराएपछि कलाकार पार्टीको उद्देश्य र कार्यसँग एकाकार हुन्छ ।त्यसैले, प्रगतिवादी कवितामा सौन्दर्यगत अभिव्यक्तिको पहिचान र विश्लेषणको एउटा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको वैचारिक प्रतिबद्धताहो । कलाको वर्गीय चरित्रका बारेमा मार्क्सवादी सौन्दर्यशास्त्रमा विशद परिचर्चा भएको पाइन्छ । प्रतिबद्धता कलामा प्रतिविम्बित जीवनको प्रकृति, वर्गविशेषको स्वार्थ, वर्गयुद्धको स्थिति र विचारधारात्मक तत्त्वबाट निर्धारित हुन्छ । कलाकार सचेत भएर होस् वा नभईकन, ऊ एउटा न एउटा वर्ग धरातलमा उभिएकै हुन्छ । उसको सिर्जनाले कुनै न कुनै वर्गको सेवा गरेकै हुन्छ । मार्क्सवादी सौन्दर्यशास्त्रमा वर्गीय प्रतिबद्धताको सिद्धान्त सन् १९०५ मा लेनिनले *पार्टी सङ्गठन र पार्टी* साहित्य नामक कृतिमा प्रस्तुत गरेको मान्यतामा आधारित कृतिलाई मूल्याङ्कन गर्ने आधारभूत दृष्टिकोण हो । लेनिनले स्थापना गरेको यो प्रतिबद्धताको सिद्धान्त समाजवादी यथार्थवादको अर्को अभिन्न अङ्ग हो । यो सिद्धान्तले कवि कलाकारलाई सर्वहारा वर्ग र त्यसको पार्टीसँग सन्धि गराउँछ । कवि कलाकार पार्टीको उद्देश्य र कर्मसँग एकाकार हुन्छ । महान् उद्देश्यमा ऊ पार्टी कलाकार हुन्छ । शब्द र कर्म उसका लागि एकै हुन्छन् । वर्गीय, सैद्धान्तिक, राजनीतिक र दार्शनिक प्रतिबद्धताविनाको पार्टी प्रतिबद्धता, प्रतिबद्धताको सर्वोच्चताको सर्वोच्च द्योतक हुन सक्दैन । पार्टी प्रतिबद्धताको महान् ध्येयभित्र सैद्धान्तिक राजनैतिक र दार्शनिक प्रतिबद्धताको एकाकार स्वरूपको प्रतिविम्बन हुन्छ (ढकाल, २०५४, पृ. १०८) । यस्तो अवस्थामा सर्वहारारहित भन्दा कलाकारको आफ्नो छुट्टै हित हुँदैन । उसका समस्त भावना इच्छा र आकाङ्क्षाहरूको

कार्यान्वयन सर्वहारा चेतनाको अग्रदस्ता कम्युनिष्ट पार्टीले गरिरहेको हुन्छ । प्रतिबद्धताको सिद्धान्तको मूल सार भन्नु नै सर्वहारावर्ग र पार्टीप्रतिको प्रतिबद्धता हो । सम्पूर्ण शोषित पीडित जनता र राष्ट्रहरूको मुक्तिप्रतिको प्रतिबद्धता हो । यिनै प्रतिबद्धताको पूर्ण अभिव्यक्ति गर्नु प्रगतिवादी कविहरूको धर्म हो । त्यसैले मार्क्सवादी, लेनिनवादी, माओवादी विश्वदृष्टिकोणसितको प्रतिबद्धता प्रगतिवादी कवि कलाकारको अर्को महत्त्वपूर्ण प्रतिबद्धता हो । तसर्थ, सौन्दर्यको अभिव्यक्ति कुनै विश्लेष्य कवितामा छ कि छैन भनेर निर्क्योल गर्नका लागि प्रतिबद्धताको पहिचान एउटा प्रमुख आधार हो ।

## ३.४ वर्गसौन्दर्यसम्बन्धी चिन्तनका आधारमा इच्छुकका कविताको विश्लेषण

उल्लिखित मान्यताहरूलाई आधार मानी कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्यको अभिव्यक्ति के कसरी भएको छ ? भन्ने विषयको खोज र विश्लेषण विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी निम्नानुसार गरिएको छ :

### ३.४.१. इच्छुकका कवितामा प्रतिविम्बित विश्वदृष्टिकोण

द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई आत्मसात् गरिएका रचनामा आध्यात्मिक अन्धता र रहस्यवादको विरोध गर्दै वस्तु जगत्लाई गतिशील परिवर्तनशील, स्वसत्ता सम्पन्न र द्वन्द्वात्मक चरित्रका रूपमा स्वीकार गरिएको हुन्छ । अधिभूतवादका विपरीत यस दृष्टिकोणले वस्तुजगत्लाई पहिलो तत्त्व एवम् अनादि अविनाशी र परिवर्तनशील मान्दै यसैबाट जगत्को मूल आधार चेतना नभएर भौतिक तत्त्व हो भन्ने मान्दछ (पौडेल, २०७५, पृ.९६) । यसका विपरीत अध्यात्मवादले ईश्वरीय सत्तालाई केन्द्रमा राख्ने हुनाले यसले भौतिक वस्तुको स्वतन्त्र अस्तित्व स्वीकार नगर्ने हुनाले जीवन जगत्लाई हेर्ने, बुझ्ने र पारख गर्ने सवालमा यी दुई दृष्टिकोणका बीच तीव्र मतभेद वा भिन्नता छ । त्यसैले प्रगतिवादी कविहरू मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी वैज्ञानिक दर्शन र दृष्टिबाट अनुप्राणित भएका हुनाले परम्परागत धार्मिक, नैतिक मूल्य मान्यताप्रति विद्रोह गर्छन् र सामन्ती पुँजीवादी संरचनामा आधारित ईश्वरीय सत्तालाई चुनौती दिँदै मानिसका शक्ति सामर्थ्यमा विश्वास गरी वस्तुगत् भौतिकवादी जीवनदृष्टिलाई आत्मसात् गर्दछन् । समाजमा रहेका प्रत्येक वस्तु वा समाजलाई प्रत्येक व्यक्तिले हेर्ने दृष्टिकोणगत भिन्नताका कारण नै एउटै वस्तु, प्रकृति, एउटै विचार वा व्यक्ति कसैका लागि प्रिय र कसैका लागि अप्रिय हुने

तथ्यप्रति कवि निकै सचेत देखिन्छन् । यस्तो भाव वा विचारको प्रकटीकरण इच्छुकको *शोकाञ्जली* शोककाव्यमा यसरी प्रस्तुत भएको पाइन्छ :

लुकिरहेजस्तै नफुल्दासम्म
हिलोभित्र कमलका सुन्दर थुङ्गाहरू
छिपिरहेजस्तै औंसीको कालो रातमा
आकाशमाथि पूर्णिमाका ज्योतिर्मय प्रभाहरू
लुकेका रहेछौ हाम्रा अघि हामीलाई नै छक्याएर तिमी
छिपेका रहेछौ, हाम्राअघि हामीलाई नै झुक्याएर तिमी
र त गण्डकीको बगरले काला शालिग्रामहरू नचिनेजस्तै
तिम्री आमाले पनि तिमीलाई चिन्नै सकिनन्, कहिल्यै
तिम्रा बाबुले पनि तिमीलाई चिन्नै सकेनन्, कहिल्यै । (*इच्छुक रचनावली भाग-१*, पृ.७३)

एक भाव झोक्कालाई एक अनुच्छेद मानिएको यस काव्यमा सहिद मित्रमणि आचार्यको त्याग, निष्ठा र समर्पणको महिमागान गरिएको छ । प्रस्तुत काव्यांशमा कविले आफ्ना क्रान्तिकारी मित्र मित्रमणि आचार्यको सम्मानपूर्वक स्मरण गर्दै उनलाई फुल्नुअघिसम्म हिलोभित्रै लुकिरहेका कमलका सुन्दर थुँगा तथा औंसीको कालो रातभित्र छिपिरहेको पूर्णिमाको ज्योतिर्मय प्रभासँग तुलना गरेका छन् । कुनै पनि व्यक्ति वा वस्तुको अस्तित्व जीवनशील र मरणशील दुई विरोधी पक्षबीचको लडाइँमा आधारित हुने भएकाले समाजमा यी तत्त्वबीच निरन्तर रूपमा भीषण सङ्घर्ष चलिरहन्छ । तर यस्तो सङ्घर्षको परिणाम सधैं सुखद् भने अवश्य पनि हुँदैन । यस्तो जान्दाजान्दै पनि क्रान्तिकारी योद्धाहरू मानवमुक्तिको महान् यात्रामा सहभागी हुन्छन् र अमरत्व प्राप्त गर्दछन् भन्दै कवि इच्छुकले उक्त अंशमा यस्ता अमर सहिदहरूलाई समयमै समाजले चिन्नु आवश्यक छ भन्दै यस्तो वर्गप्रति असीम स्नेह व्यक्त गरेका छन् । वर्तमान केही समयका लागि शोकमय भए पनि

भविष्यमा सर्वहाराहरूको विजय भएरै छाड्छ भन्ने वर्गीय दृष्टिकोण निम्न कवितांशमा यसरी व्यक्त भएको छ :

ए मेरो प्रिय सखा !
अग्ला अग्ला पर्वत शृङ्खलाहरूमा
झुल्किने रूपौला आलोकको जगमग भएर
तिमी अब ज्योतिर्मय प्रभाझैं दिगन्त फैलिनेछौ
तिम्रै जाज्वल्यमान पूर्ण छटामा हाँसेर
सदा उज्यालिने समस्त दुनियाँ हुनेछ । (*इच्छुक रचनावली भाग-१*, पृ.८२)

प्रस्तुत कवितांशमा कविको ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण सुस्पष्ट रूपमा व्यक्त भएको छ । कविता रचनामा प्रथमतः यथार्थले स्रष्टाका मानसमा प्रभाव पार्दै अनुभूतिलाई जन्म दिएको हुन्छ । यस्तो अनुभूति वा संवेदनाले मूर्त रूप लिने क्रममा रचनाकारसँग विद्यमान विश्वदृष्टिकोणको भूमिका महत्त्वपूर्ण हुन्छ । कुनै पनि स्रष्टा विश्वदृष्टिकोण अर्थात् विचारविहीन नहुने भएकाले स्रष्टाको वर्गीय धरातल वा स्थानले विचारको निर्माणमा भूमिका निर्वाह गरिरहेको हुन्छ।अनि वर्गीयस्तरमा स्रष्टाको विश्वदृष्टिकोण जस्तो छ, अनुभूति पनि त्यसैअनुरूप जन्मिन्छ वा त्यसैअनुरूपको भाव पैदा हुन्छ । मृत्युको सन्दर्भ समान भए पनि अनुभूति भिन्न हुनसक्ने भएकाले युद्धमा कुनै जघन्य उत्पीडकको मृत्युमा उत्पीडित वर्गका मानिसलाई सुखको अनुभूति हुन्छ भने आफ्नै वर्गसखाको मृत्युमा पीडाको अनुभूति हुन्छ । यस्तो भिन्न अनुभूति केवल घटनाले मात्र नभई यथार्थले स्रष्टाका मानसमा प्रभाव पार्दा उसको वर्गीय चिन्तन र विश्वदृष्टिकोणको साहचर्यका कारणले हुन्छ (पाण्डेय, २०७३, पृ. १२) । यहाँ उल्लेख गरिए झैं यस काव्यका सन्दर्भमा कवि इच्छुकलाई उत्पीडित वर्गको निधनमा भिन्न अर्थात् पीडाको गहिरो अनुभूति भएको छ । सामाजिक उथलपुथलका क्रममा क्रान्तिकारीहरूको सहादत हुनु कुनै अनौठो विषय होइन । आफ्ना प्रिय वर्गमित्र मित्रमणिप्रति उच्च सम्मान र पीडाको बोध गर्दै कवि इच्छुकले अब उनी कविताभन्दा पनि सुन्दर कविता भएर, गीतभन्दा पनि मीठो गीत भएर देशैभरि पढिने कविता तथा जनजनका मधुरतम लयहरूमा सुसेलिने एवम् युगौंयुगसम्म गाइने मीठो गीत भएर अमर रहने विश्वास लिएका छन् । यसरी, आम मानिसले झैं आफ्ना वर्गमित्रको वियोगमा केवल आँसु झारेर मात्रै नबसी शोकलाई शक्तिमा बदल्दै

दुनियाँलाई उज्यालो बनाएरै छोड्ने कविको अनुभूतिमा स्पष्टतः कविभित्र रहेको वर्गीय विश्वदृष्टिकोणले निर्णायक भूमिका खेलेको कुरा स्वतः पुष्टि हुन्छ ।

साहित्यमा व्यक्त हुने वैचारिकता वा दार्शनिकता मूलतः आदर्शवाद र भौतिकवादमध्ये यिनै दुई विश्वदृष्टिकोणकै प्रकारान्तर अभिव्यक्ति हो । वर्गीय पक्षधरता बोकेको साहित्य प्रतिबद्धता र पूर्ण विचारसहित आएको छ भने त्यसलाई विश्वदृष्टिकोणले नै डो-याएको हुन्छ । त्यसैले वर्गद्वन्द्व वा वर्गसौन्दर्यको अभिव्यक्तिमा केन्द्रित साहित्यमा विश्वदृष्टिकोणको स्वरूप कस्तो छ भनेर ठम्याउनु आवश्यक हुन्छ । साहित्यमा सुन्दरको अभिव्यक्ति दिने लक्ष्य राखिन्छ तर सुन्दर के हो भन्ने कुराको निर्धारण विश्वदृष्टिकोणका आधारमा हुन्छ (ज्ञवाली, २०६९, पृ. ३५) । आदर्शवादीहरूका लागि सुन्दर मानिएका कुरा भौतिकवादीहरूलाई कुरूप लाग्न सक्छन् । त्यसैले, वर्गीय साहित्यमा विश्वदृष्टिकोणको स्वरूप पहिल्याउनका लागि सुन्दरता र कुरूपतासम्बन्धी मान्यताका बारेमा स्पष्ट हुनु जरुरी हुन्छ । (प्लेखानोव, सन् २००३, पृ. ३६) का विचारमा सुन्दर वस्तु ती हुन् जुन मानिसलाई बहुमूल्य लाग्छन् । बहुमूल्य वस्तु सुन्दर लाग्नुका पछाडि सम्पत्तिको धारणाले काम गर्दछ किनभने सम्पत्तिका आधारमा जीवनलाई सुन्दर बनाउन सकिन्छ । जुन चिजले जीवनलाई प्रगतितर्फ डो-याउने काममा उत्कृष्ट भूमिका खेल्छ त्यो सुन्दर हो र यसका विपरीत मानिसलाई पश्चगतितर्फ धकेल्ने भूमिका निर्वाह गर्ने काम जुन चिजले गर्छ त्यो कुरूप हो । सुन्दरले मानवजीवनलाई अपूर्णताबाट पूर्णता विसङ्गतिबाट सङ्गति र अव्यवस्थाबाट व्यवस्थातर्फ अघि बढाउने काम गर्छ (चैतन्य, २०६५, पृ. २२१) । यहाँनेर के कुरामा स्पष्ट हुनु जरूरी छ भने सौन्दर्यसम्बन्धी उक्त धारणाहरू निरपेक्ष रूपमा सत्य होइनन् किनभने व्यक्तिको सौन्दर्यबोध वर्गीय पक्षधरता र वर्गीय अनुभूतिका आधारमा तय हुन्छ भने सौन्दर्यको धारणा वर्गीय रूपमा रहेको सौन्दर्यपरक आदर्शसम्बन्धी धारणामा निर्भर हुन्छ । इच्छुकका कवितामा व्यक्त भएको यस पक्षलाई निम्न उद्धरणबाट सान्दर्भिक बनाउन सकिन्छ :

तिमी हामीजस्तै अन्धाहरूका आँखामा
ज्योति बाल्दै हिँड्दा रहेछौ
तिमी हामीजस्तै सुधाहरूका मुटुमा
राँको सल्काउँदै हिँड्दा रहेछौ

तिमी हामीजस्तै अबुझहरूका बीचमा
चेतना जगाउँदै हिँड्दा रहेछौ
अनि हामीले पहिलोपल्ट थाहा पायौं
तिमी जनतालाई गोलबन्द गर्दै हिँड्ने
सिपालु सङ्गठनकर्ता र भूमिगत क्रान्तिकारी रहेछौ । ('प्रिय कामरेड', *इतिहासको यस घडीमा* पृ.७-८)

उल्लिखित कवितांशमा कविले क्रान्तिकारी कमरेडहरूलाई जनताको आँखाको नानी, आशा र भरोसाका केन्द्र एवम् सुन्दर भविष्यका स्वप्नद्रष्टाका रूपमा प्रस्तुत गरेका छन् । यस कवितांशमा सर्वहारावर्गको मुक्तिका लागि जीवन बलिदान गर्न तम्तयार क्रान्तिकारी कामरेडहरूलाई हेर्ने कविको विश्वदृष्टिकोण प्रकट भएको पाइन्छ । सर्वहारावर्गको अधिनायकत्व स्थापानार्थ जीवनमरणको पर्वाह नगरी क्रान्तिमा होमिएका योद्धाहरू कहिले मृत्युको मुखमा पुग्छन् त कहिले जेलनेल भोग्न बाध्य हुन्छन् । कैयौं मान्छेहरू जेलबाहिर रहेर पनि स्वतन्त्र भएर बाँच्न नसकेका तर आफू जेलभित्र भए पनि स्वतन्त्र महसुस गरिरहेको भावनाको अभिव्यक्ति निम्न कवितांशमा यसरी व्यक्त भएको छ :

म यातनागृहमा छु
तिमी खुल्ला शिविरमा छौ
शिकारीले बाँधेको छाँद होस्
अथवा त्यो उसको फाँद होस्
के फरक प-यो र ?
मित्र, अर्काको मुठ्ठीभित्र पराधीन जिन्दगी
जहाँ काट्नुपरे पनि त्यो जेल हुन्छ । ('जेल', *इतिहासको यस घडीमा,* पृ.३५)

विश्वदृष्टिकोण भनेको कुनै पनि वस्तु एवम् विषयलाई ठीक तरिकाले पर्गेल्ने एक दार्शनिक मान्यता हो । समाजवादी कलामा कलाकारको विश्वदृष्टिकोणले पुरानो ढाँचाको कलामा भन्दा गुणात्मक हिसाबले नै अलग प्रकारको भूमिका खेल्छ । मार्क्सवादी सौन्दर्यशास्त्रमा प्रतिपादित विश्वदृष्टिकोणसम्बन्धी अवधारणलाई आधार मान्दा यस कवितामा इच्छुकको जीवनजगत्लाई हेर्ने यथार्थवादी दृष्टिकोण प्रस्तुत भएको छ । क्रान्तिलाई सही दिशा दिनका लागि स्वयम् नै सङ्घर्षमा होमिएका कवि सङ्घर्षकै क्रममा

जेल परेको सन्दर्भलाई यहाँ उल्लेख गरिएको छ । अनेकौं थिचोमिचो सहेर पराधीन जिन्दगी बाँच्नुभन्दा वर्गीय मुक्ति र सङ्घर्षका क्रममा जेल पर्नु नै बेस हुन्छ भन्ने कविको विचारमा उनीभित्र भएको सर्वहारापक्षीय विश्वदृष्टिकोणकै प्रमुख भूमिका देखिन्छ । इच्छुक रचित कवितामा व्यक्त निम्नवर्गीय दृष्टिकोणलाई निम्न कवितांशबाट समेत बुझ्न सकिन्छ :

ती जो अर्केका लागि नाहकमै लडेर व्यर्थैमा मर्ने गर्छन्
तिनको रगतले आफ्नै देशका
बन्जर मरु र टार रातै पारी सिञ्चे कति हुन्छ
आइती अब त मुख फोरेर बोलीदेऊ
पराईको लाखमा घिनले बाँच्नुभन्दा
आमाको काखमा हाँसी हाँसी मर्न सिके कति हुन्छ । ('आइती', *इतिहासको यस घडीमा,* पृ.६)

उल्लिखित कवितांशमा अर्काका लागि अनाहकमै लडेर व्यर्थै मर्ने मानिसहरूको रगतपसिना आफ्नै देशका बन्जर मरु र टारमा पोखिएको खण्डमा छिट्टै देशको विकास हुने विश्वास कविको छ । पराईको लाखमा घिनले बाँच्नुभन्दा आमाको काखमा हाँसी हाँसी मर्न सिके बेस हुन्छ भन्ने काव्योक्तिका आधारमा उल्लिखित कवितांशको विश्लेषण गरेर हेर्दा यहाँ श्रम गरेर खाने तमाम श्रमजीवीहरूको पीडा एवम् उनीहरूले देशविकासमा खेल्न सक्ने भूमिकालाई कविले उच्च महत्त्व दिएको देखिन्छ । साथै यहाँ श्रमजीवी जनताप्रति कविको भरोसा, आत्मनिर्भरयुक्त स्वाभिमानी विचारको भाव व्यक्त हुनुमा कविभित्रको निम्नवर्गीय विश्वदृष्टिकोणले भूमिका खेलेको कुरा स्वतः स्पष्ट हुन्छ । क्रान्तिकारीहरूको कुनै जात वा निश्चित भूगोल हुँदैन उनीहरू संसारभरिकै मान्छेको मुक्तिका लागि सङ्घर्ष गर्नुपर्ने कुरामा जोड दिन्छन् । शोषणरहित र सीमाविहीन संसारको परिकल्पना गर्ने कम्युनिष्ट विचारको पक्षपोषण गर्दै सर्वहारावादी अन्तराष्ट्रिय विश्वदृष्टिकोण कवि यसरी व्यक्त गर्दछन् :

पवित्र शहीदस्थलजस्तो
सुन्दर-सुन्दर तिम्रो जन्मथलोबाट
जबरजस्ती बर्बरहरूद्वारा
निष्काशित गरिएका मेरा मित्र तिमीहरूले
आफ्नै खोसिएको देश खोज्नु

तिम्रो कुनै अपराध थिएन

प्यारो-प्यारो तिम्रो घर-दैलो र आँगनबाट खेदिएर

बलजफ्ती लुटेराहरूद्वारा

विस्थापित पारिएका मेरा मित्र तिमीहरूले

आफ्नै गुमेको राष्ट्र खोज्नु

तिम्रो कुनै अपराध थिएन ('प्यालेष्टिनी मित्रहरूका नाममा', *इतिहासको यस घडीमा,* पृ. १४-१५)

यस कवितांशमा कवि इच्छुकको अन्तर्राष्ट्रिय सर्वहारावादी विश्वदृष्टिकोण प्रखर रूपमा व्यक्त भएको छ । यहाँ देश र भूगोलभन्दा माथि उठेर कविले प्यालेष्टिनी जनताको अधिकारप्राप्तिको सङ्घर्षलाई पर्गेल्ने प्रयत्न गरेका छन् । साम्राज्यवादीहरूको चर्को दमन र नाङ्गो हस्तक्षेप खेपिरहेका प्यालेष्टिनी जनताका पक्षमा कवि दृढताका साथ उभिएका छन् । कवि इच्छुक जनवादी कवि हुन् । त्यसैले, यिनी आफ्नो समाजमा भएको शोषणमा मात्र नभई संसारका जुनसुकै ठाउँमा भइरहेका शोषण तथा राजनीतिक हस्तक्षेपबाट असाध्यै मर्माहत हुन्छन् । वर्गीयस्तरमा स्रष्टाको विश्वदृष्टिकोण जस्तो छ अनुभूति पनि त्यसैअनुरूप जन्मिन्छ वा त्यसैअनुरूपको भाव पैदा हुन्छ भन्ने मार्क्सवादी सौन्दर्यचिन्तकहरूको मान्यता रहेको छ । उदाहरणका लागि युद्धमा एकजना क्रूर शासक वा त्यस्तै कुनै जघन्य उत्पीडकको मृत्युमा जनता अर्थात् उत्पीडित वर्गका मानिसलाई सुखानुभूति हुन्छ भने भने आफ्नै वर्गसखाको मृत्युमा पीडाको अनुभूति हुन्छ । मृत्युको सन्दर्भ एउटै हुन्छ तर अनुभूति भिन्न हुन्छ । यस्तो भिन्न अनुभूति केवल घटनाले मात्र होइन यथार्थले स्रष्टाका मानसमा प्रभाव पार्दा उसको वर्गीय चिन्तन र विश्वदृष्टिकोणको साहचर्यका कारणले हुन्छ (पाण्डेय, २०७३, पृ. १२) । यस दुनियाँमा प्यालेष्टिनीहरूको दुःखमा खुसी हुने साम्राज्यवादीहरूको कुनै कमी छैन तर इच्छुक उनीहरूले पाएको दुःखमा आफू पनि दुःखी महसुस गर्दै उनीहरूले आफ्नो गुमेको स्वाभिमान र आफ्नै खोसिएको देश खोज्नु कुनै अपराध थिएन भन्दै तिनीहरूप्रति दृढ समर्थन व्यक्त गर्दछन् । उल्लिखित कवितांशमा व्यक्त विचारबाट कवि इच्छुकको उत्पीडितवर्गप्रतिको दृष्टिकोण स्पष्ट हुन आउँछ । जीवनका भौतिक अवस्थाहरूमा हुने भिन्नता समाजमा वर्गहरूको भेदको आधारभूत कारण र कसी हो (श्रेष्ठ, २०६०, पृ.१४०) भन्ने मार्क्सवादी चिन्तकहरूको विचार रहेको पाइन्छ । उक्त भिन्नताका कारण नै वर्गहरूको सम्पूर्ण चेतनामा वर्गीय मनोस्थिति र वर्गीय विचारधारामा असर परिरहेको हुन्छ ।

अर्को शब्दमा भन्ने हो भने कुनै वर्गको सोचाइ तथा विचारधारालाई आधारभूत रूपमा निर्धारित गर्ने तत्त्व नै सम्बन्धित वर्गको आर्थिक अवस्था भएकाले कवि इच्छुकको कविता लेखनमा पनि यसको अत्यधिक प्रभाव परेको देखिन्छ । यस्तो प्रभाव व्यक्तिगत रूपमा मात्र सीमित नभई जब यसले सामूहिक रूप धारण गर्छ तब यो कुनै न कुनै विचारधाराको पक्षपोषक भएर अभिव्यक्त हुन्छ । यस्तो प्रवृत्ति इच्छुकका कवितामा निकै प्रभावकारी रूपमा व्यक्त भएको देखिन्छ । भविष्यप्रतिको आशावादी विश्वदृष्टिकोणलाई निम्न कवितांशमा कवि यसरी प्रस्तुत गर्दछन् :

मेरा कलिला आशाका विश्वासहरू लिएर
म फेरि तिम्रै बाटो हेरिरहेको छु
मेरो मीठो बोलीलाई मेरो दयालु मालिक
सधैं आफ्नै हवेलीभित्र थुनिरहन चाहन्छ
र केवल आफ्नै खुसीको लागि मेरो गीत सुनिरहन चाहन्छ
मेरा पखेटाहरू काटिएका छन्
पिञ्जराको ढोका खुलै छ, तर म कैद छु
मेरो त्यो चीर सपना सपनै भएको छ ('इतिहासको यस घडीमा' *इतिहासको यस घडीमा*, पृ.४०)

मार्क्सवादी मान्यताअनुसार आधार अर्थात् उत्पादन सम्बन्धले अधिरचनाको निर्माण गर्दछ र उत्पादन सम्बन्ध जुन युगमा जस्तो छ त्यस युगको अधिरचना पनि त्यसैअनुकूलको हुन्छ । आधारमा परिवर्तन आएपछि अधिरचनामा पनि परिवर्तन आउँदै जान्छ । अधिरचनामा परिवर्तन आउनु भनेको विचारमा पनि परिवर्तन आउनु हो । वर्गविभक्त समाजमा सामाजिक विचार र सिद्धान्त सधैंभरि र सर्वत्र वर्ग चरित्रका हुन्छन् । प्रत्येक वर्गले आफ्नो स्थिति आवश्यकता तथा हितअनुसारको आफ्नो विचार पद्धति आफ्नो विचारधाराको प्रतिपादन गर्दछ । कुनै पनि विचारधाराको पछिल्तिर कुनै खास वर्गका हित तथा आवश्यकताहरू रहेका हुन्छन् (श्रेष्ठ, २०६०, पृ. ९३) भन्ने श्रेष्ठको दृष्टिकोणलाई मध्यनजर गर्दा यस कवितामा कवि इच्छुकले आफ्नो वर्गको अवस्था, आवश्यकता र हितअनुकूलको निम्नवर्गीय दृष्टिकोणलाई आत्मसात् गरेको देखिन्छ । क्रान्तिको सुनौलो भविष्य एकदिन उदाएरै छोड्ने दृढ विश्वास बोकेर बाँचेका कवि इच्छुक युग नायकलाई पर्खेर बसिरहेको र ऊ एक दिन अवश्य पनि आउने आशावादी दृष्टिकोण राख्दछन् । राज्यसत्ताले क्रान्तिकारीहरूका मधुर

आवाजलाई हवेलीमा थुनेर सधैं आफ्नै प्रशस्ती सुन्न चाहे पनि उसको त्यो सपना कहिल्यै पूरा नहुने निष्कर्ष कविको छ । अरूको शोषणमा रमाउने वर्गको विरोधी चिन्तन कविभित्र पलाउनुमा उनीभित्र रहेको उत्पीडितवर्गीय विश्वदृष्टिकोणकै मुख्य भूमिका देखिन्छ । कला कलाका लागि भन्ने वैयक्तिक सौन्दर्यवादी चिन्तनलाई अस्वीकार गरी कला जीवनका लागि र त्यसमा पनि बहुसङ्ख्यक जीवनका लागि भन्ने जीवनवादी र जनपक्षीय विचार प्रस्तुत गर्दै कथ्यलाई अगाडि बढाइएका अनेक सन्दर्भहरू यिनका काव्यमा पाइन्छन् । जनपक्षीय कला सदैव त्याग, समर्पण, बलिदान र शौर्यमा मुखरित र प्रकाशित हुन्छन् भन्ने कुराप्रतिको विश्वदृष्टिकोण निम्नलिखित उद्धरणमा देख्न सकिन्छ :

> प्रिय चन्द्रागिरि !
> समयको यस मोडसम्म
> मैले कहिल्यै चाहिनँ निरुद्देश्य जीवन
> उमेरको यस खण्डसम्म
> मैले कहिल्यै निष्क्रिय जीवन
> काँडाको अँगालोमा पनि
> मुस्कुराइरहने फूलहरूभित्र
> मैले जीवनको सौन्दर्यबिम्ब देखेँ
> समुद्रको छातीमाथिबाट
> उठिरहने अशान्त ज्वारभाटाहरूभित्र
> मैले जीवनको यथार्थ प्रतिविम्ब देखेँ
> मैले चाहेँ सधैँ आँधी र हुरीमय जीवन
> मैले चाहेँ सधैँ सार्थक र गरिमामय जीवन
> मैले कुरूपताहरूबीच पनि सधैँ
> जीवनको सुन्दरता खोजेँ
> अर्थ खोजेँ, महत्त्व खोजेँ
> र, सधैँ नीचता र दुष्टताहरूलाई
> हरपल घृणाले पिच्च थुकेँ । (*बन्दी र चन्द्रागिरि*, पृ.४)

साहित्य वा कलासिर्जनाका दुईवटा केन्द्रबिन्दु हुन्छन् र ती हुन् रचनाकार र उसको विषय । सिर्जना यथार्थको प्रतिलिपि होइन, विषयलाई राम्ररी आत्मसात् गरिसकेपछि

त्यसलाई सर्वप्रथम मौलिक, समृद्ध, नयाँ र सौन्दर्यात्मक आशयहरूसहित पुनरुत्थान गर्नका लागि रचनाकारले आफ्ना निजी भावना, विचार, मनोविज्ञान, विचारधारात्मक एवम् सौन्दर्यात्मक दृष्टिकोण र मूल्याङ्कन समावेश गर्दछ । त्यसैले, साहित्य कलामा वस्तुतत्त्व मात्र होइन आत्मगत पक्ष, रचनाकारको जीवनबोध जीवनप्रतिको अभिवृत्ति सारांशमा भन्दा रचनाकारको विश्वदृष्टिकोण पनि समाहित भएको हुन्छ (चापागाईं, २०६५, पृ.२६४) । त्यसैले, वर्गमित्रप्रतिको तीव्र वर्गीय प्रेम र वर्गशत्रुप्रतिको चर्को वर्गीय घृणा व्यक्त गर्दै समाजवादी सन्देश दिने काम मार्क्सवादी विश्वदृष्टिकोणअन्तर्गत पर्दछ ।उल्लिखित काव्यांशमा यस्तो अभिव्यक्ति केन्द्रीय भाव व्यक्त भएको पाइन्छ । यस काव्यांशमा जीवन उद्देश्यपूर्ण बाँच्न चाहने जीवनवादी कवि इच्छुकको अभीष्ट एवम् दुःखैदुःखमा पनि हाँसेर जिउनुपर्ने अठोट अभिव्यक्त भएको छ । शान्त र निष्क्रिय जीवनभन्दा आँधीहुरीमय जीवन कविको मुख्य रोजाइ रहेको छ । काँडाको बीचमा मुस्कुराइरहने फूलहरूभित्र जीवनको सौन्दर्यविम्ब देखेर आशावादी बनेका कवि इच्छुक कुरूपताहरूबीच पनि जीवनको सुन्दरता खोजौँ भन्दै यस काव्यांशमा आफ्नो जीवनवादी विश्वदृष्टिकोण प्रकट गर्दछन् । उल्लिखित हरफहरूमा नीचता र दुष्टतालाई हरपल थुक्दै उच्चता र उत्कृष्टताको मार्गमा अग्रसर रहेका कविको वर्गप्रेम र वर्गघृणालाई क्रमशः देख्न सकिन्छ । महान् सपनाबाट नै महान् कर्मको थालनी हुने र महान् कर्मबाट नै मान्छे महान् हुने भएकाले सपनाहीन भएर मान्छे बाँच्न नसक्ने भन्दै कवि यसो भन्छन् :

> प्रिय चन्द्रागिरि !
> मसँग मेरो सुन्दर सपना छ
> मसँग मेरो महान् आदर्श छ
> त्यै सपना नै नरहे
> भन म कसरी रहन सक्छु ? (*बन्दी र चन्द्रागिरि,* पृ. १५)

उल्लिखित कवितांशमा महान् आदर्श र सुन्दर सपनाविनाको जीवन निरर्थक हुन्छ भन्ने कविको जीवनवादी विश्वदृष्टिकोणको अभिव्यक्ति पाइन्छ । उद्देश्य, सपना र महान् आदर्शविनाको जीवनलाई तुच्छ ठान्ने इच्छुकका कवितामा द्वन्द्व र गतिमै जीवन हुन्छ भन्ने जीवनदृष्टि व्यक्त भएको पाइन्छ । साम्यवादको विजय र मुक्तिप्रति अगाध विश्वास राख्ने कवि इच्छुक सर्वहारावर्गको मुक्तिप्रति विश्वस्त हुँदै यस्तो अभिव्यक्ति दिन्छन्:

र एक न एक दिन जरुर
हाम्रो विश्वासको सभ्य संसार
हाम्रो गुलाफी विपनामा फेरिनेछ
र, यो एक्काइसौं शदी
हाम्रो मुक्तिको महान् शदी हुनेछ !
र, यो तेस्रो सहस्राब्दी
हाम्रो विजयको महान् सहस्राब्दी हुनेछ !! (*बन्दी र चन्द्रागिरि*, पृ. ५६)

मुक्तिको महान् आदर्श र क्रान्तिकारी दृढता इच्छुकका कविताको मूलभूत विशेषता हो । यस कवितांशमा कविको महान् आदर्श र क्रान्तिकारी आशावादिता तथा विजयप्रतिको गहिरो आस्थाको अभिव्यक्ति पाइन्छ । आफ्नो मुक्तिका लागि लडिरहेका शोषित पीडित जनताका निम्ति दरो विश्वास दरो सिद्धान्त र सुसङ्गत विश्वदृष्टिकोण हुनु अति आवश्यक छ । यी चीजहरू मार्क्सवादी, लेनिनवादी दर्शनले मात्र प्रदान गर्न सक्छ त्यसैले यो उनीहरूको मुक्ति सङ्घर्षमा वर्ग शत्रुविरुद्ध निर्मम सङ्घर्षमा एउटा अपरिहार्य हतियार रहन्छ (श्रेष्ठ, २०५३ पृ. ३९) । उल्लिखित कवितांशमा कविले आफ्नो आस्थाको साम्यवादलाई उज्यालो प्रभातसँग तुलना गर्दै विश्वासको सभ्य संसार गुलाफी विपनामा फेरिने विचार प्रकट गरेका छन् । महान् सङ्कल्प र सपनालाई जीवित राख्दै सङ्घर्ष गर्नुपर्ने तर्क गर्दै कविले एक्काइसौं शताब्दीलाई मुक्ति र विजयको महान् शताब्दी र सहस्राब्दीका रूपमा प्रस्तुत गरेका छन् । यहाँ कवि मस्तिष्कमा क्रान्ति, यसको भविष्य र विजयप्रतिको गहिरो विश्वास उत्पन्न हुनुमा वर्ग एवम् वर्गीय मुक्तिलाई हेर्ने कविको विश्वदृष्टिकोणको भूमिका नै उल्लेखनीय रहेको पाइन्छ । त्यसैले, यस परिच्छेदमा इच्छुकका कवितामा व्यक्त विश्वदृष्टिकोणको खोजी गरिएको छ । लेखकको वर्गदृष्टिकोण वर्गसम्बन्धी लेखकीय विचारधारा हो । निम्नवर्ग वा उच्चवर्गप्रतिको पक्षधरता र प्रतिबद्धताका आधारमा मार्क्सवादी लेखकको वर्गदृष्टिकोण र अन्य लेखकको वर्गदृष्टिकोणमा भिन्नता पाइन्छ (भट्टराई, २०७७, पृ. १३) । द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणअनुसार प्रकृतिमा विद्यमान आन्तरिक अन्तर्विरोधहरूबाट नै यसमा परिवर्तन एवम् विकास भई समाजमा विद्यमान आन्तरिक अन्तर्विरोधहरूबाट नै सामाजिक परिवर्तन र विकास पनि हुन जान्छ । अर्थात् उत्पादक शक्ति र उत्पादक सम्बन्धहरूका बीचको अन्तर्विरोध, वर्गहरूका बीचको अन्तर्विरोध तथा पुरानो र नयाँबीचको अन्तर्विरोधको विकासबाट नै समाज अगाडि बढ्दछ । द्वन्द्वात्मक

भौतिकवादी विश्वदृष्टिकोणले मानवलाई मुख्य रूपमा विभिन्न वस्तुहरूमा निहित विपरीत तत्त्वबीच गतिको दक्षतापूर्ण निरीक्षण र विश्लेषण एवम् यस्तो विश्लेषणका आधारमा अन्तर्विरोधहरूको कसरी हल गर्नुपर्दछ भन्ने तरिकासमेत सिकाउन मद्दत गर्दछ । मार्क्सवादी चिन्तकहरूका उल्लिखित भनाइलाई आधार मान्दा इच्छुकका कवितामा वर्गीय चेतनाको उदात्ततम अभिव्यक्ति पाइनुमा उनीभित्र रहेको विश्वदृष्टिकोण नै कारक रहेको कुरालाई निम्न कवितांशबाट थप स्पष्ट रूपमा बुझ्न सकिन्छ :

> विल्कुल फरक छ
> तिम्रो र हाम्रो संसार
> र, हाम्रो विचार पनि धेरै फरक छ
> हामी सबथोक फेर्न चाहन्छौं
> हाम्रो दुःख हाम्रो दुर्भाग्य हाम्रो दुर्दिन
> तिमी सबथोक जोगाउन चाहन्छौ
> तिम्रो सुख तिम्रो समृद्धि हाम्रो दुर्दिन । ('तिम्रो र हाम्रो संसार', *इच्छुक रचनावली भाग-२*, पृ. १२२)

मार्क्सले साहित्य र कलालाई विचारधारात्मक अधिरचनाको अङ्ग मानेका छन् । विचारधारात्मक अन्तर्वस्तुको साहित्य र कलामा प्रमुखता तथा त्यसको निर्णायक भूमिकाका बारेमा पनि मार्क्सवादी विचारकहरूले प्रमुखताका साथ सङ्केत गरेका छन् । सामाजिक जीवनको परिवर्तनमा कलाको सार्थक सहभागिता पनि कलाको विचारधारात्मक अन्तर्वस्तुमा आधारित हुन्छ र सर्वहारा क्रान्ति र सर्वहाराका हितहरूसँग पनि कला आफ्नो प्रखर अन्तर्वस्तुका माध्यमले गाँसिन्छ (मिश्र, २०६७, पृ. १२१) । उल्लिखित काव्यांशमा पुरानो राज्यसत्तालाई जोगाउन चाहने र नयाँ समाजवादी व्यवस्था स्थापित गर्न चाहने वर्गबीचको सङ्घर्षको चित्रण गरिएको छ । यहाँ कविको यथास्थितिलाई कुरूप र आमूल परिवर्तनलाई सुन्दर देख्ने विश्वदृटिकोण प्रकट भएको छ । क्रान्तिकारीहरू समाजका विकृति विसङ्गतिहरूलाई फाल्न चाहन्छन् तर प्रतिगामीहरू आफ्ना हितको संरक्षणका लागि पुराना विचार र संरचनाहरूलाई जोगाउन चाहन्छन् । यही फाल्ने र जोगाउने वर्गबीचको सङ्घर्ष नै द्वन्द्व हो । यस आधारमा विश्लेषण गर्दा यहाँ कविको द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणको अभिव्यक्ति स्पष्ट रूपमा पाउन सकिन्छ । कवि यथास्थितिका पक्षमा नभई परिवर्तन र गतिशीलताका पक्षमा यसरी उभिएका छन् :

म सोच्छु
माछालाई बन्द पोखरी होइन
गतिशील नदी मन पर्छ
मान्छेलाई कारागार होइन
उन्मुक्तिको खुला संसार मन पर्छ । ('पोखरी र कारागार', *इच्छुक रचनावली भाग-२,* पृ.१२७)

वर्गीय साहित्यमा विश्वदृष्टिकोणको स्वरूप पहिल्याउनका लागि सुन्दरता र कुरूपतासम्बन्धी मान्यतामा स्पष्ट हुनुपर्ने धारणा मार्क्सवादी सौन्दर्यचिन्तकहरूको रहेको छ । सुन्दर वस्तु ती हुन् जुन मानिसलाई बहुमूल्य लाग्छन् । (प्लेखानोभ, २००३, पृ. ३६) । सामान्यतया प्रगतिवादी कविहरूलाई मरणशील कुराहरू कुरूप लाग्छन् भने जीवनशील कुरा बहुमूल्य र सुन्दर लाग्छन् भन्ने सौन्दर्य दृष्टि प्रस्तुत गर्ने काम अधिकांश सौन्दर्य चिन्तकहरूबाट भएको देखिन्छ अर्थात् सौन्दर्यको धारणा वर्गीय रूपमा रहेको सौन्दर्यपरक आदर्शसम्बन्धी धारणामा निर्भर हुन्छ (ज्ञवाली, २०६९, पृ. ३५) । यस दृष्टिकोणका आधारमा उल्लिखित कवितांशलाई विश्लेषण गर्दा कवि इच्छुक जीवनवादी एवम् प्रगतिवादी कविका रूपमा देखा पर्छन् । पोखरीमा पालिने माछा हुन् या कारागारभित्र थुनिने बन्दीहरू दुवैको नियति एउटै हुने यथार्थको उद्घाटन गर्दै कविले माछालाई बन्द पोखरीको सट्टा गतिशील नदी मनपरे जस्तै मान्छेलाई पनि कारागार नभई उन्मुक्तिको खुला संसार मनपर्ने धारणा व्यक्त गरेका छन् । यहाँ कविले माछाको प्राकृतिक स्वतन्त्रता तथा मानवीय उन्मुक्तिको वकालत गर्नुमा त्यही उनीभित्र रहेको निरङ्कुशतालाई कुरूप तथा स्वतन्त्रतालाई सुन्दर ठान्ने सौन्दर्यपरक आदर्शसम्बन्धी विश्वदृष्टिकोणले काम गरेको कुरा स्वतः स्पष्ट हुन्छ । नवीन यथार्थका लागि अथक सङ्घर्ष, युगीन आवश्यकताका लागि बलिदानको भाव एवम् परिवर्तनको गायन गर्दै उन्मुक्ति र स्वतन्त्रताको उत्कट भावना इच्छुकका कवितामा यसरी मुखरित भएको छ :

कति प्यारो हुन्छ
उन्मुक्तिको तीव्र चाहना
कति सुन्दर लाग्छ
स्वतन्त्रताको उत्कट भावना
त्यो बन्दी भएर बाँच्नेले जान्दछ

स्वतन्त्र उड्ने पन्छीलाई
सुनकै पिन्जराभित्र थुने पनि
त्यो उसका लागि बन्धन नै हुन्छ । ('कारागारको छतमाथि चढेर', *इच्छुक रचनावली भाग-२*, पृ. १३८)

उल्लिखित कविताांशमा कविले निरङ्कुशताको विरोध एवम् स्वतन्त्रताका पक्षमा सशक्त ढङ्गले आवाज उठाएका छन् । मान्छेका लागि स्वतन्त्रताको महत्त्व दर्शाउँदै कविले स्वतन्त्रतापूर्वक आकाशमा उड्ने पन्छीलाई सुनकै पिन्जराभित्र थुने पनि त्यो उसका लागि बन्धन नै हुने अभिव्यक्ति दिएका छन् । कवि इच्छुक मानव जीवनलाई असुन्दरबाट सुन्दर, अपूर्णताबाट पूर्णता विसङ्गतिबाट सङ्गति तथा अव्यवस्थाबाट व्यवस्थातर्फ लैजानुपर्छ भन्ने मान्यतामा आधारित भई कलम चलाउने सशक्त प्रगतिवादी कवि हुन् । त्यसैले, उनका कवितामा वर्गीय समाजमा विद्यमान सबैखाले शोषण र बन्धनबाट मुक्तिको चाहना मुखरित भएको पाइन्छ । सर्वहारावर्गीय विश्वदृष्टिकोणप्रति प्रतिबद्ध कवि इच्छुक क्रान्तिकारीहरूलाई झ्यालखानामा थुन्दैमा वर्गीय आन्दोलन रोक्न नसकिने अभिव्यक्ति यसरी दिन्छन्:

सिङ्गो देशलाई दुराचारको कैदखाना बनाएर
अत्याचारको पाले पहरा राख्दै
सन्त्रासको अग्लो पर्खाल ठड्याएर
विकृतिको दरबारभित्र बन्दी हुँदै
चैनले मस्ती मार्नेहरू नै
वास्तविक अर्थमा कैदी हुन्
जो सधैं देशको नजरबन्दीमा हुन्छन्
जो सधैं समयको घेराबन्दीमा हुन्छन् । ('कैदी', *इच्छुक रचनावली भाग-२*, पृ.१४५)

यहाँ वर्गीय आन्दोलनमा जेलनेल भोग्ने योद्धा र तिनीहरूको बन्दी जीवनलाई हेर्ने कविको विश्वदृष्टिकोण प्रस्तुत भएको छ । जनताको मुक्तिका लागि सङ्घर्ष गर्दागर्दै जेलपर्नेहरू कैदी नभएको बरु चिडियाखानाजस्तो सिङ्गो देशलाई दुराचारको कैदखाना बनाएर अत्याचारको पाले पहरा राख्दै सन्त्रासको अग्लो पर्खाल ठड्याउने तथा विकृतिको दरबारभित्र बन्दी बन्दै चैनले मस्ती मार्नेहरू नै वास्तविक अर्थमा कैदी भएको अभिव्यक्ति

कविले दिएका छन् । कुनै वस्तु वा विषयलाई जस्तै कुनै व्यवस्था वा पद्धतिलाई हेर्ने मानिसको आआफ्नै दृष्टिकोण भएझैं कवि साहित्यकारहरूको पनि हरेक व्यवस्थालाई हेर्ने र बुझ्ने भिन्न दृष्टिकोण रहेको हुन्छ । व्यवस्था परिवर्तन गर्ने उद्देश्यका साथ स्वयम् सङ्घर्षमा होमिएका गणतन्त्रात्मक व्यवस्थाका पक्षपाती कवि इच्छुक सामन्ती पुँजीवादी विचारधाराका विरुद्ध सर्वहारावादी विचारधाराको पक्षपोषण गर्दै यसो भन्छन् :

मेरो देशको शिशु प्रजातन्त्र
जन्मँदै हिंस्रक बाघको खुनी दाह्रा र
भालुको नङ्ग्रा लिएर आएको यो सुकुमार शिशु
आफ्ना कलिला र कोमल हातले
अनमोल जीवनका ढुकढुकीहरू चुँड्दै
गाउँ र बस्तीमा क्रूरताको सिकार खेलिरहेछ । ('मेरो देशको शिशु प्रजातन्त्र', *इच्छुक रचनावली भाग-२*, पृ. १७८)

उल्लिखित कवितांशमा २०४६ सालको परिवर्तित व्यवस्थालाई हेर्ने कविको दृष्टिकोण प्रकट भएको देखिन्छ । ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमा अटल विश्वास राख्ने कवि इच्छुकलाई पुँजीवादी अर्थ व्यवस्थाकै एउटा हिस्सा मानिने प्रजातन्त्रिक शासन पद्धतिबाट देशविकास हुन्छ भन्ने कुरामा पटक्कै विश्वास छैन । त्यसैले त उनी आवरणमा ठीकठाक देखिए पनि देशको प्रजातन्त्र जन्मँदै हिंस्रक बाघको खुनी दाह्रा र भालुको नङ्ग्राजस्तै विषाक्त भएको अभिव्यक्ति दिन्छन् । मुलुकका लागि यो व्यवस्था भर्खरै जन्मिएको बच्चाको शरीरझैं सुकुमार लागे पनि आफ्ना कोमल र कलिला हातले नेपाली जनताका अनमोल ढुकढुकीहरू चुँड्दै गाउँबस्तीमा क्रूरताको सिकार खेलिरहेकाले यो व्यवस्थाप्रति उदारमनले भरोसा गर्नु निरर्थक कार्य भएको तर्क कविको छ । कुनै पनि व्यवस्थालाई हेर्ने दृष्टिकोण पनि वर्गीय उत्पादन सम्बन्धसँग गाँसिएर आउने कुरा हो । वर्गीय साहित्यमा स्रष्टाले आफ्नै वर्गीय चेतनाको उदात्ततम अभिव्यक्ति दिने प्रयत्न गर्छ । वास्तवमा सामाजिक संरचना नै वर्गीय भएकाले त्यसबाट निर्मित सामाजिक चेतनाको रूप पनि वर्गीय नै हुन्छ अर्थात् वर्गचेतना एक वर्गकै दोस्रो वर्गप्रतिको प्रभुत्वको स्वरूप हो ( कारचेदी, सन् १९९९, पृ. १४४) । आदर्शवादी विश्वदृष्टिकोण र चेतना बोक्ने रचनाले उत्पीडक वर्गको हित गर्ने लक्ष्य लिएको हुन्छ भने भौतिकवादी तथा ऐतिहासिक विश्वदृष्टिकोणलाई आत्मसात् गर्ने रचनाले उत्पीडितवर्गको हित गर्ने कुरामा जोड दिएको

हुन्छ । कवि इच्छुक जनवर्गीय कवि भएकाले यिनका कवितामा श्रमजीवी वर्गका भाव, विचार, आकाङ्क्षा र मान्यताहरूलाई उदात्तीकरण वा आदर्शीकरण गर्ने उद्देश्य लिइएको पाइन्छ । सामूहिक आकाङ्क्षाहरूलाई पूरा गर्न बल पुग्ने गरी जीवनमुखी वा जीवनशील विश्वदृष्टिकोणको प्रतिविम्बन पाइनु यिनका कविताको विशिष्ट पक्ष हो । समाजमा निरन्तर चलिरहने क्रान्ति र प्रतिक्रान्तिका समस्यालाई ठीकसँग बुझ्न र तिनको सही हल गर्न पनि हरेक रचनाकारले कुनै न कुनै विश्वदृष्टिकोण अपनाएकै हुन्छ । त्यसैले, कुनै पनि रचनामा अभिव्यक्त विश्वदृष्टिकोणको अध्ययन नगरी त्यसमा अभिव्यक्त वर्गद्वन्द्व र वर्गसौन्दर्यको स्वरूप निर्धारण गर्न नसकिने भएकाले वर्गसौन्दर्यको अध्ययन, विश्लेषणका लागि विश्वदृष्टिकोणको निर्क्योल गर्नु सान्दर्भिक हुने कुरा स्वतः स्पष्ट हुन्छ ।

### ३.४.२ इच्छुकका कवितामा पक्षधरता तथा समूहीकरण

पक्षधरता तथा समूहीकरण इच्छुकका कवितामा पाइने अर्को विशिष्ट विशेषता हो । मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताअनुसार साहित्यमा वर्गीय पक्षधरताको अभिव्यक्ति सचेत वा असचेत कुनै न कुनै रूपमा भएकै हुन्छ । तर, प्रतिबद्ध स्रष्टाका रचनामा यस कुरालाई प्रमुख महत्त्वका साथ प्रस्तुत गरिएको हुन्छ । जनविरोधी विचारधारा प्रस्तुत गर्ने सामन्ती अभिजात्यवादले भने साहित्यकलामा वादविशेषको आग्रह राख्नुहुन्न भन्दै घुमाउरो पाराले लेखकीय अभिव्यक्ति स्वतन्त्रतामाथि नै निर्मम प्रहार गर्दै आएको पाइन्छ जुन आग्रह प्रकारान्तरले सामन्ती विश्वदृष्टि र उत्पीडकवर्गीय विचारधाराकै अभिव्यक्ति हो । प्रगतिवादी विचारधारालाई निस्तेज पार्ने उद्देश्य लिई यस्ता धारणा व्यक्त गर्ने साहित्यिक मान्यताले आफ्नै मान्यताविपरीत परम्परागत शास्त्रीयतावाद, विस्तारवाद र विशेषतः स्तुतिवादको पक्षपोषण गर्दै निरंकुशतावाद तथा प्रतिगामी विचारधाराप्रति पूर्ण प्रतिबद्धता जाहेर गरेको हुन्छ (चैतन्य, २०६४, २१६) । चैतन्यको यस दृष्टिकोणलाई आधार मानेर हेर्दा कुनै पनि कृतिमा उत्पीडित वर्गको आवाजलाई मुखरित गरिएको कृति नै वर्गीय पक्षधरताका दृष्टिले सर्वोत्कृष्ट ठहर्छ । वर्गीय पक्षधरतासम्बन्धी सौन्दर्यलाई इच्छुकका कवितामा यसरी प्रस्तुत गरिएको पाइन्छ :

> इस्पातजस्तै तिम्रो दरिलो हातलाई मुठीमा कसेर
> अब म गरमजोशीका साथ
> फेरि तिम्रो अभिवादन गर्न सक्ने छैन

भेट हुँदाको प्रिय घडीमा
गहिरो आत्मीयताले डोरिएर
पहिलेजस्तै फेरि तिमीलाई
अब म बलियो अँगालोमा कस्न सक्ने छैन
तिमीलाई भेट्ने मनको रहर
रहर नै रहनेछ
तिमीलाई देख्ने दिलको तलतल
तलतल नै रहनेछ
तिम्रो स्निग्ध आँखामा आँखाहरू जोडेर
अब म फेरि कहिल्यै
तिम्रो साहचर्यको न्यानो पाउन सक्ने छैन (*इच्छुक रचनावली भाग-१*, पृ. ६५) ।

उपर्युक्त काव्यांशमा 'तिमी'लाई खालि आफ्नो मित्रका रूपमा मात्र नभई 'तिमीहरू' अर्थात् क्रान्तिमा सहादत प्राप्त गर्ने तमाम सहिदहरूका रूपमा समूहीकरण गरी प्रस्तुत गरिएको छ । इस्पातजस्तै दरिलो हातलाई मुठीमा कसेर गरमजोशीका साथ अभिवादन गर्दै देशनिर्माणको अभियानमा जुट्ने मित्रको स्मरण गर्दै कवि सेनले मित्रमणि एवम् मित्रमणिजस्ता हजारौं योद्धाहरूको वीरता, शौर्य र त्यागको स्मरण गर्दै उनको हत्या गर्नेप्रति घृणा तथा सहादत प्राप्त गर्ने वीर योद्धाहरूप्रति सम्मानको भावना व्यक्त गरेको देखिएबाट यस काव्यांशमा वर्गीय पक्षधरताको समुचित प्रयोग भएको कुरा स्पष्ट हुन्छ । विचारधारा इतिहास प्रक्रियाको देन मात्र नभई इतिहासको प्रक्रियालाई समेत प्रभाव पार्ने तत्त्व हो भन्ने तथ्यलाई मनन गर्दै समाज रूपान्तरणमा सहभागी इच्छुकको काव्य रचनाको यस पक्षलाई निम्न उद्धरणबाट स्पष्ट पार्न सकिन्छ :

तिमी शत्रुका घेरा, पहरा, गोली र छालहरूलाई
निर्भीकतापूर्वक तोड्दै र छल्दै हिँड्दा रहेछौ
तिमी कष्टसाध्य कठोर क्रान्तिकारी जिन्दगी
स्वेच्छाले सगर्व लड्दै हिँड्दा रहेछौ
अनि हामीले पहिलोपल्ट थाहा पायौं
तिमी जनताको निम्ति बाँच्ने र मर्ने

आँखाका नानीजत्तिकै प्यारा प्यारा भरपर्दा साथी रहेछौ । ('प्रिय कामरेड', *इतिहासको यस घडीमा,* पृ.८)

उल्लिखित कवितांशमा कविले वर्गसङ्घर्षमा सहभागी क्रान्तिकारी योद्धाहरूका गुणको महिमागान गरेका छन् । समाजमा भइरहेको सङ्घर्ष  वर्गीय मुक्तिका लागि भएकाले शत्रुका घेरा, गोली, पहरा र छालहरूलाई  पार गर्दै निर्भीकतापूर्वक तोड्दै र छल्दै जनताको निम्ति बाँच्ने र मर्ने आँखाको नानीजत्तिकै प्यारा र भरपर्दा साथीका रूपमा कामरेडहरूलाई यहाँ प्रस्तुत गरिएको छ । वर्गीय पक्षधरताको सुस्पष्ट अभिव्यक्ति पाइने यस कवितांशमा एकवचनबोधक सर्वनाम तिमी को प्रयोग गरिए पनि यस सर्वनामले क्रान्तिमा होमिएका तमाम क्रान्तिकारीहरूलाई नै जनाउने भएकाले यसमा पक्षधरतासँगसँगै समूहीकरण पनि भएको छ । क्रान्तिमा जीवन आहूति गर्न होमिएका क्रान्तिवीर तथा क्रान्तिको समर्थन गर्दै 'यो घाम पनि रापिएर रापिएर तातो तातो छ' आज कवितामा कवि यसो भन्छन् :

उनको मर्मभेदी शब्द र अँगालोको तातो स्पर्शले
हाम्रो मन तातिँदै गयो, हामी तातिँदै गयौँ
मान्छेको हूल तातिँदै गयो, जुलुस तातिँदै गयो
गाउँ गाउँ घर घर र जम्मै देश नै
यसकारण तातिँदै गएका छन् कि आज पनि
उनको तातो तातो रापले
बादल तातिँदै गइरहेछ
सागर तातिँदै गइरहेछ ।
उनी तिनै महान् शहीदकी आमा हुन्
उनकै आभा र तेजले प्रकाशका राता राता किरणहरू छर्दै
यो घाम पनि रापिएर तातो तातो छ  आज  । ('यो घाम पनि रापिएर तातो तातो छ आज', *इतिहासको यस घडीमा,* पृ. ११)

उल्लिखित कवितांशमा क्रान्तिमा सहादतप्राप्त सहिदकी आमाको मर्मभेदी शब्द, आभा, तेज र अँगालोको तातो स्पर्शले मान्छेको हूल, उत्पीडित वर्गको मन, सम्पूर्ण परिवेश तथा प्रकृति नै तातिएको भन्दै क्रान्तिप्रतिको आफ्नो वैचारिक पक्षधरता व्यक्त गरिएको छ । व्यक्तिगत सुखसुविधालाई चटक्कै त्यागेर मानवमुक्तिका लागि सङ्घर्षमा होमिएका

क्रान्तिवीरहरूका कारण नै समाजमा परिवर्तन आएको भन्दै कविले क्रान्ति तथा क्रान्तिमा सहभागी वर्गप्रति न्यानो समर्थन यस कवितांशमा जनाएका छन् । निम्नवर्गप्रतिको सहानुभूति एवम् क्रान्तिप्रति समर्थनको भाव निम्न कवितांशमा यसरी अभिव्यक्त भएको छ :

यतिखेर भयातुर बैरीले आफ्ना लुला हातहरूले
तिम्रादरबिला पाखुरीहरू सापटी लिएर
हाम्रो घाँटी थिच्न चाहिरहेछ
यतिखेर रीसले चुर बैरीले आफ्ना डुँडा खुट्टाहरूले
तिम्रा बलिया खुट्टाहरूको वैशाखी टेकेर
हाम्रो शिर कुल्चन खोजिरहेछ
तिमी जनताको ढाल बन या बैरीको अचानो बन
त्यो तिम्रो खुसी हो
तिमी मरे पनि जनताको प्रिय शहीद बन
याँ बाँचे पनि बैरीलाई बलीको बोको बन
हो, त्यो तिम्रै खुसी हो । ('जनताको ढाल या बैरीको अचानो', *इतिहासको यस घडीमा,* पृ.२१)

कविताको स्रष्टा एकल व्यक्तित्व भए पनि ऊ सामाजिक र अझ वर्गीय व्यक्ति भएकाले ऊ सामाजिक अहम्द्वारा निर्दिष्ट हुन्छ । यही सामाजिक अहम्ले कविताको सहजवृत्तिलाई सामाजिक स्वरूप दिन्छ र अनिर्दिष्टबाट निर्दिष्ट अनुभूतितर्फ लैजान्छ । विलियम्सले भनेझैं कवि रचना कक्षमा एक्लै भए पनि मानसमा उसका वरिपरि समुदाय हुन्छन्, तिनका अनुभूति हुन्छन्, तिनको भाषा र संवाद हुन्छ वर्गविभक्त समाजमा पनि कम्तीमा एउटा वर्गको सामूहिक आवेगका रूपमा कविता लेखिन्छ (पाण्डेय, २०७०, पृ. ५१) । यस वैचारिक मान्यतालाई आधार मानेर हेर्दा उल्लिखित कवितांशमा कवि इच्छुकको निम्नवर्गीय पक्षधरता स्पष्ट रूपमा व्यक्त भएको देखिन्छ । भयातुर बैरीका लुला हातहरूले क्रान्तिकारीहरूका दरबिला पाखुरीहरू सापटी लिएर उत्पीडितवर्गकै घाँटी थिच्न तथा आफ्ना डुँडा खुट्टाहरूले लालयोद्धाहरूका बलिया खुट्टाहरूको बैशाखी टेकेर सर्वहारावर्गकै शिर कुल्चन चाहिरहेको रणनीतिक दाउपेचको सन्दर्भ यहाँ व्यक्त भएको छ । मानव मुक्तिका लागि जनताको ढाल बन्ने क्रममा प्रिय सहिद बन्ने या बाँचे पनि बैरीको अचानो या बैरीका लागि बलीको बोको बन्ने भनेर निर्णय गर्ने समय आएको भन्दै कवि आफू भने

उत्पीडितवर्ग र उसले सञ्चालन गरेको सङ्घर्षका पक्षमा दृढतापूर्वक उभिएको उद्घोष गर्दछन् । आमूल परिवर्तन र क्रान्तिको भविष्यप्रति कवि निकै आश्वस्त छन् । त्यसैले उनी पुरानो राजनीतिक आर्थिक संरचनालाई ध्वस्त पार्दै नवीन बिहानीका निम्ति सङ्घर्षरत वर्गको पक्षमा आफ्नो समर्थन यसरी व्यक्त गर्दछन् :

ए, मेरो युगको तरुण नायक !
यसबेला मैले कविता लेखुँ नलेखुँ केही फरक पर्दैन
तर तिम्रो आँधीबेहरीमय महायात्रा भने रोकिनुहुन्न
इतिहासको यस सङ्क्रमणशील घडीमा
भोको पेटका उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पोछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ भद्रपुरूष
तिमी भने झुक्किनुहुन्न
कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस
तिमी भने यो फेदीमै अल्मलिनुहुन्न । ('इतिहासको यस घडीमा', *इतिहासको यस घडीमा* पृ.३३)

व्यथित देशको चिन्ता एवम् दुःखी जनताको पीडा र सुस्केरा सहन गर्न नसकी सङ्घर्षमा होमिएका क्रान्ति नायकहरूलाई सम्बोधन गर्दै लेखिएको यस कविताांशमा कविले कविता लेखे पनि नलेखे पनि केही फरक नपर्ने तर युगनायकहरूको आँधीबेहरीमय यात्रा भने कुनै पनि हालतमा रोकिन नहुने विचार प्रकट गरेका छन् । इतिहास सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको र जनताले भोकभोकै रात काट्नुपरेको कठिन समयमा प्रतिगमनकारी विचारका मतियारहरूले दयालु मुद्रामा विषालु खाजा पस्किरहे पनि क्रान्तिकारीहरू भने नझुक्किकन निरन्तर अगाडि बढिरहनुपर्ने निष्कर्ष कविको छ । डाँडाको फेदीमा राताम्मे भई लालीगुराँस नफुलेजस्तै क्रान्तिलाई निष्कर्षमा पु-याउन सङ्घर्ष एवम् कठिन यात्राका लागि कुनै अलमल नगरी शिखरको बाटोमा पाइला चाल्नुपर्ने सुझाव कविले दिएका छन् । यस कविताांशमा व्यक्त विचार कविको निजी विचार मात्रै नभई नेपाली समाजकै सामूहिक आवाजका रूपमा आएको छ भने 'तिम्रो आँधीबेहरीमय यात्रा रोकिनुहुन्न' भन्ने काव्यात्मक उक्तिमा कविको वर्गीय पक्षधरता निम्नवर्गीय छ भन्ने कुरासमेत स्पष्ट रूपमा व्यक्त भएको छ । क्रान्तिकारीहरू आफ्नो इतिहास आफैं निर्माण गर्छन् र आफ्नो

भविष्यको मार्गचित्र आफैं कोर्दै अघि बढ्छन् । कुनै समाजका केही सदस्यका चेष्टाहरू अन्य सदस्यहरूका चेष्टाहरूसँग टकराउँछन्, सामाजिक जीवन अन्तर्विरोधले पूर्ण छ, इतिहासले राष्ट्रहरू र समाजहरूका पारस्परिक तथा आन्तरिक सङ्घर्षको अतिरिक्त क्रान्ति र प्रतिक्रान्ति युद्ध र गतिरोध  र तीव्र प्रगति अथवा अवनतिका पालैपालोसँग आउने अवधिहरूलाई दर्शाउँछ, यी तथ्यहरू आम रूपमा सुविदित छन् (लेनिन, २०६४, पृ. ३९) । लेनिनको यस भनाइलाई दृष्टिगत गर्दा समाजमा क्रान्ति प्रतिक्रान्तिको शृङ्खला नेपाली समाजमा मात्र नभई संसारैभरि निरन्तर चलिरहन्छ र युद्धभूमिमा बगेको रगतको रङ संसारभरि नै  समान रहन्छ । युद्ध, क्रान्ति र सङ्घर्ष जहाँ भए पनि वर्गीय नाता भने एउटै भएको अभिव्यक्ति कवि यसरी व्यक्त गर्दछन् :

एउटै वर्गको नाता रहेछ आखिर
कमला र भेरीका छालहरूमा
एउटै धर्मको उपासना रहेछ आखिर
झापा र धनुषाका बलिदानहरूमा
एउटै कर्मको आराधना रहेछ आखिर
गोर्खा र रोल्पाका अनुष्ठानहरूमा
निरन्तर चलिरहेको रक्तिम युद्धमा
मिसीसिपीदेखि भोल्गासम्म एउटै रङ छ
निरन्तर फैलिरहेको वर्गीय युद्धमा
लिमादेखि मनिलासम्म एउटै तरङ्ग छ । ('बर्मझिया', *इतिहासको यस घडीमा,* पृ.४७)

लिङ्ग, धर्म, जाति आदि जुनसुकै नाउँमा लडाइँ भएको भए पनि एउटै वर्गको नाता भएको, एउटै धर्मको उपासना भएको एउटै कर्मको आराधना भएको र क्रान्तिमा बगेको रगत संसारको जुनसुकै कुनामा बगेको भए पनि त्यसको रङ्ग र तरङ्ग एउटै भएको भन्दै कविले निम्न वर्गका पक्षमा आफ्नो सुस्पष्ट अभिमत प्रकट गरेका छन् । मेचीदेखि महाकालीसम्म मिसीसिपीदेखि भोल्गासम्म, लिमादेखि मनिलासम्म निरन्तर रूपमा फैलिरहेको वर्गीय युद्ध फरक फरक भूगोलमा भएको देखिए पनि त्यसमा अन्तर्निहित उद्देश्य समान अर्थात् पुरानो उत्पादन सम्बन्धलाई छिन्नभिन्न पार्दै नवीन समाजवादी शासन व्यवस्थाको स्थापना नै हो भन्ने निष्कर्ष कविको छ । जनताका सुख र उन्मुक्तिमा नै

जीवनको सौन्दर्य देख्ने कवि इच्छुकका कवितामा वर्गीय मुक्तिको सन्दर्भ निकै आभामय ढङ्गले व्यक्त भएको पाइन्छ । इच्छुकका कवितालेखनको यस पक्षलाई निम्न उद्धरणबाट सान्दर्भिक बनाउन सकिन्छ :

म मरे पनि
देशका जम्मै सन्ततिहरू
तपाईंकै प्रियपुत्र हुन् आमा
तपाईंकै सपनामा
ती आज सुनबुट्टे विपना कुँद्दै छन् । ('बन्दी छोराको पत्र', *इतिहासको यस घडीमा,* पृ. ७२)

क्रान्तिकारी साहित्य कलामा अभिव्यक्त भावधारा कुनै पनि व्यक्तिपरक भावधारा नभई सामूहिक भावधारा हुन्छ । भावको साधारणीकरण वा प्रारूपीकरणबाट जनताको मनोभावको एउटै भावधारामा सामान्यीकरण हुन पुग्छ । त्यो बेला हजारौं करोडौं दिल दिमागहरूले दुस्मनप्रति घृणा र मित्रहरूप्रति प्रेम गर्न थाल्दछन् (चैतन्य, २०५४, पृ.२५ । चैतन्यको यस भनाइबाट वैयक्तिक चिन्तन कसरी सामूहिक अभिव्यक्तिका रूपमा प्रकट हुन्छ भनेर केलाउन सहयोग पुग्ने देखिन्छ । उक्त चिन्तनलाई आधार मानेर हेर्दा उल्लिखित कवितांशमा कवि इच्छुकको चिन्तन वर्गमा रूपान्तरण भएर आएको छ । 'म मरे पनि देशका जम्मै सन्ततिहरू तपाईंकै प्रिय पुत्र हुन् आमा' भन्ने काव्यांशमा व्यक्तिगत चाहनाको अभिव्यक्तिभन्दा सामूहिक उन्नतिको भावना नै अधिक रूपमा पोखिएको छ । आफू मरेर गए पनि देशका जम्मै सन्ततिहरू नेपाल आमाकै प्रिय सन्तति भएकाले हरेक आमाले देखेका सपनामा तिनीहरूले सुनौलो भविष्यको खाका कोरेरै छाड्ने विश्वास कविको छ । साङ्केतिक रूपमा यहाँ आमाले देखेको सपनाका रूपमा कविले क्रान्तिलाई उल्लेख गरेका छन् । आमाले देखेको रूपान्तरणको सपना कविकी आमाको मात्र नभई तमाम क्रान्तिकारीहरूकी आमाकै आवाज भएकाले यस कवितांशमा कविको वर्गपक्षधरता सामूहिक अभिव्यक्तिका रूपमा प्रकट भएको छ ।

नेपाली समाज अर्धसामन्ती संरचनामा आधारित छ । यसभित्र जातीय, क्षेत्रीय, लिङ्गीय र वर्गीय उत्पीडनका स्वरूप अन्तर्निहित छन् । एकातिर शोषण र दोहनमा टिकेको परम्परावादी सामन्ती संस्कृतिको उत्पीडन कायम छ भने अर्कोतिर साम्राज्यवादी संस्कृतिको

हस्तक्षेप पनि तीव्र छ । यही सामन्ती संस्कृतिका उत्पीडनविरुद्ध जनवादी संस्कृतिको स्थापना गर्नु आजको प्रमुख आवश्यकता हो । कवि इच्छुक यस काव्यमा स्पष्ट रूपमा शासवर्गका विरुद्ध शोषित वर्गका पक्षमा वकालत गर्न कम्मर कसेर लागेका छन् । त्यसैले वर्गसङ्घर्षका क्रममा निर्मम यातना र जेलनेल भोगेका क्रान्तिकारी योद्धाहरूका महान् बलिदानका पक्षमा आवाज बुलन्द पार्दै कवि यसो भन्छन् :

ऊ जति बाँच्यो
पछि नफर्कने नदीजस्तै गतिशील जीवन बाँच्यो
बैरीहरूले गिरफ्तार गरेर
उसलाई कैद गरे पनि
उसका उन्मुक्त सपना र कल्पनाहरू
कैद भएनन् कहिल्यै
ऊमाथि यातनाको
हिमपात बर्साए पनि
उसका अजेय सङ्कल्प र भावहरू
चिसिएर सेलाएनन् कहिल्यै । (*बन्दी र चन्द्रागिरि,* पृ.४५)

उल्लिखित कवितांशमा वर्गीय मुक्तियुद्धमा सामेल वर्गयोद्धा एवम् क्रान्तिप्रति कविको पक्षधरता तीव्र रूपमा मुखरित भएको पाइन्छ । अर्धसामन्ती अर्धऔपनिवेशिक अवस्थामा रहेको नेपालमा सामन्त, नोकरशाह र दलाल पुँजीपतिवर्ग सत्तामा छ र नेपाली मूल्यमान्यताको दार्शनिक चिन्तनमा पनि यसै वर्गको प्रभुत्व छ । श्रमिक जनताको स्वत्व र स्वतन्त्रताको अपहरण गर्नु, जनता र जनअधिकारको हत्या गर्नु, नेपालको राष्ट्रिय स्वाभिमानका विरुद्ध राष्ट्रघात गर्नु, रूढिवादी तथा अवैज्ञानिक विचारहरूको पक्षपोषण गर्नु, देश तथा जनता र नेपाली सर्वहारावर्गको वर्गसङ्घर्षका हितहरूका विरुद्ध वैचारिक तथा भौतिक दमनचक्र चलाउनु प्रतिक्रियावादी मूल्यदर्शनका आधारभूत मान्यता हुन् (किरण, २०६०, पृ.१३७) । तर, कवि सर्वहारावर्गले चलाएको वर्गसङ्घर्षका हितहरूका विरुद्ध भौतिक दमनचक्र चलाउने प्रतिक्रियावादी मूल्यदर्शनको आधारभूत मान्यताका विरुद्धमा उभिएका छन् । वर्गीय पक्षधरताका साथै प्रस्तुत कृतिमा प्रतिनिधिमूलकताको संवहन निकै प्रभावकारी रूपमा भएको पाइन्छ । जस्तै :

ए सिन्धुलीकी महान् आमा !

तिम्रा तीन छोराहरू

आकाशमा तीनतारा भएर

सँगसँगै चम्किरहेका छन्

जब जब तिनको झल्को लाग्छ

माथि आकाशतिर हेर्नू

नभन्नू बैरीहरूलाई

मेरा ती पुत्र फिर्ता देऊ भनेर

तिनलाई त्यहीँ चम्किरहन दिनू

बरु आफ्ना वीर पुत्रहरूका निम्ति

फिक्कल र फापरचुलीले जस्तै आफ्नो शिर ठाडो पारिरहनू । (*बन्दी र चन्द्रागिरि,* पृ.४६)

उल्लिखित कविताांशमा वर्गयुद्धमा सामेल भई सहादतप्राप्त सहिदकी आमालाई सम्बोधन गर्दै कविले सन्तानको झल्को आए आकाशमा तीनतारा भएर चम्किरहेका छोराहरूको सम्झना गर्नु तर मेरा पुत्र फिर्ता देऊ भनेर वैरीका सामु बिलौना गर्नुको साटो फिक्कल र फापरचुलीले जस्तै आफ्नो शिर ठाडो पारिरहनू भन्दै क्रान्ति र क्रान्तिमा सामेल वर्गयोद्धाहरूप्रतिको निष्ठा प्रकट गरेका छन् । यहाँ व्यक्त गरिएकी सिन्धुलीकी आमा सहादतप्राप्त तीन सन्तानकी आमा मात्र नभएर क्रान्तिमा सामेल तमाम क्रान्तिकारीहरूकी आमा भएकाले यहाँ क्रान्ति र यसमा सम्बद्ध लालयोद्धाप्रतिको वर्गपक्षधरता मात्र नभई समूहीकरणसमेत भएको देखिन्छ । वर्गीय पक्षधरताको निर्माण कुनै पनि विषयलाई हेर्ने विश्वदृष्टिकोणका आधारमा निर्धारण हुन्छ । मार्क्सवादका अनुसार राजनीति र साहित्य त्यस अधिरचननका अङ्ग हुन् जसको आधार वर्गीय समाज हो । दुवैमा नै शोषक र शोषितका बीचमा हुने सङ्घर्षहरूको अभिव्यक्ति हुन्छ । तापनि राजनीति र साहित्यमा एउटा महत्त्वपूर्ण अन्तर छ । साहित्य विचारधारात्मक अधिरचनाको एउटा अङ्ग हुन्छ जब कि राजनीति वर्गसङ्घर्षको सत्ताका लागि गरिने सङ्घर्षको एउटा प्रत्यक्ष रूप हो (सिंह, २०६५, पृ. १३३) । विचारधारात्मक रूपमा साहित्यिक रचनाहरू र कलाकृतिहरू मनुष्यको मस्तिष्कमा पर्ने विभिन्न सामाजिक जीवनका प्रतिबिम्बहरूका परिणाम हुन्छन् । जनताको जीवन वस्तुतः साहित्य र कलाका निम्ति अपरिष्कृत खानी हो । त्यस्तो अपरिष्कृत सामग्री

जुन आफ्नो स्वाभाविक रूपमा हुन्छ । कुनै पनि मार्क्सवादी लेखकको निम्ति जनतासँगको निकटता र उसका सङ्घर्षहरूमा सहभागिता नै सबैभन्दा ठुला प्रेरणास्रोत हुन्छन् । मार्क्सवाद विचारहीन साहित्यको विरोधी छ । यसले विचारधारालाई कलाकारका निम्ति जीवन र जगत्को व्याख्याको साधन मान्दछ । विभिन्न विचारधाराहरूका आधारमा दार्शनिक साहित्यकारहरूले जीवन र जगत्को फरक फरक व्याख्याहरू गर्दछन् । मार्क्सका विचारमा मानिसको जीवनको भौतिक प्रणालीले नै अन्ततः मानिसको बौद्धिक जीवनलाई निर्धारित गर्दछ । मार्क्सवादी दर्शनमा अटल विश्वास राख्ने कवि इच्छुक स्वयम् क्रान्तिमा सहभागी एवम् जनतासँग निकट र विभिन्न सङ्घर्षहरूमा जेलनेल र यातना भोगेका स्रष्टा भएकाले उनको बौद्धिक कर्मलाई भौतिक परिवेशले गम्भीर ढङ्गले प्रभावित गरेको पाइन्छ । कुनै पनि लेखकको निम्ति जनतासँगको निकटता र उसका सङ्घर्षहरूमा सहभागिता नै सबैभन्दा ठुला प्रेरणास्रोत हुन्छन् भन्ने मार्क्सवादीहरूको विचारलाई मध्यनजर गर्दा यही मान्यताका कारण नै इच्छुकका कविताहरूमा ठाउँठाउँमा वर्गीय पक्षधरता प्रकट भएको हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

वर्गीय समाजमा सिर्जना र विकास भएका दर्शन सिद्धान्त विचार आदिले उक्त समाजको कुनै न कुनै वर्गको हित प्रतिनिधित्व एवम् पक्षपोषण गर्ने मात्र होइन कि कुनै न कुनै वर्गको दृष्टिकोणका रूपमा काम गर्ने गर्दछन् (भुषाल, २०६८, पृ.२८२) । इतिहास निर्माणमा कुनै अलौकिक शक्ति वा वीर पुरुषहरूको नभई श्रमशक्ति वा जनताको भूमिका प्रधान हुन्छ र वर्गसङ्घर्ष नै इतिहासको चालक शक्ति हो भन्ने मान्यतामा दृढ विश्वास राख्ने कवि इच्छुकले आफ्ना निजी भावनाहरूलाई यस सङ्ग्रहका कवितामा समूहीकरण गरी प्रस्तुत गरेका छन् । पुँजीवादी समाजमा विद्यमान सामाजिक उत्पादन र व्यक्तिगत विवरण पद्धति तथा पुँजीपति र सर्वहारावर्गबीचको सङ्घर्षबाट मात्रै अनिवार्य रूपमा वैज्ञानिक समाजवादको उदय हुन्छ भन्ने यथार्थलाई राम्रोसँग बोध गरेका कवि सबै किसिमका शोषणविरुद्ध हुने सङ्घर्षमा शोषितपीडित वर्गको पक्ष लिँदै यस्तो अभिव्यक्ति दिन्छन्:

सिंहदरबारअघि
काखमा सानो नानी बोकेर
कमैयाहरूको जुलुसमा नारा लाउँदै
सोचिरहन्छे फूलमती

सधैं भाले नबास्दै

उसको दिन सुरु हुन्छ

सधैं एक प्रहर ढलेपछि

बल्ल उसको रात सुरु हुन्छ । ('सिंहदरबारअघि नारा लगाइरहेकी फूलमती', *बन्दी आवाज,* पृ. १३३)

उल्लिखित कवितांशमा आफ्नो अधिकार प्राप्तिका लागि काखमा सानो नानी च्यापेर सिंहदरबारअघि कमैयाहरूको जुलुसमा नारा लगाउन विवश कमैया चेली फूलमतीको दयनीय अवस्थालाई प्रस्तुत गरिएको छ । अधिकारप्राप्तिको आन्दोलनमा सहभागी हुँदै गर्दासमेत सधैं भाले नबास्दै सुरु हुने उसको दिन किन एक प्रहर ढलेपछि मात्र रातमा बदलिन्छ ? भन्ने प्रश्नले फूलमतीलाई चिमोटिरहेको छ । यही प्रश्नको उत्तर खोज्नकै लागि ऊ गाउँ छोडेर राजधानी छिरेकी हो र ऊजस्तै हजारौं शोषितपीडित नागरिकहरूले आफ्नो हकअधिकार खोज्न काठमाडौं धाउनुपर्ने तथा झिसमिसेदेखि मध्यरातसम्म श्रम गरेर पनि दयनीय जीवन बिताउन बाध्य भएका नागरिकको दुरवस्थाको चाँडै अन्त्य हुनुपर्ने आवाज कविले यहाँ मुखरित गरेका छन् । यस कवितांशमा कवि इच्छुक नागरिक अधिकारबाट पूर्ण रूपमा वञ्चित शोषित पीडितवर्ग अर्थात् सर्वहारावर्गको पक्षमा उभिएका छन् । सर्वहाराको पक्षमा यथार्थवादी विषय चयन गरी वैचारिक स्पष्टता प्रकट गर्नु नै उनको मूल विशेषता हो (सिलवाल, २०७४, पृ.१३८) । कुनै कवि कलाकारले कस्तो पात्र तथा विषयवस्तुको छनोट गरेको छ त्यसैका आधारमा उसले कुन वर्गको पक्ष लिएको छ भन्ने कुराको निर्धारण गर्न सकिन्छ । सामाजिक यथार्थलाई ऐतिहासिक दृष्टिका साथ टिप्ने, तिनको ऐतिहासिकता पहिल्याउने, तिनको वर्गीय स्वरूप देखाउने, वर्गसङ्घर्षको चित्रण गर्ने तथा भाग्यवादको भण्डाफोर गर्नेजस्ता प्रवृत्ति पाइने हुनाले कृष्ण सेन इच्छुकका कवितामा उत्पीडित वर्गीय पक्षधरताको अभिव्यक्ति पाइन्छ । सम्पत्ति, अधिकार र अवसरको असमान वितरण रहेको वर्गविभक्त नेपाली समाजमा रातदिन श्रम गरेर पनि कष्टपूर्ण जीवन बाँचिरहेका आदिवासीको पक्षमा आवाज बुलन्द पार्दै कवि यसो भन्छन् :

आदिवासीको सूचीमा पर्छ

तिम्रो नाम

भिखारीदास सदा

हुनुपर्ने हो तिम्रै हातमा

तराईको यो शस्य श्यामल भूमि
तर तिम्रो काँधमा खर्पन
र हातमा कोदालो सिवाय
केही छैन सम्पत्तिको नाममा । ('आदिवासी दिवस र भिखारी दास सदा', *इच्छुक रचनावली भाग-२* पृ.१६३)

वर्गविभक्त समाजमा मान्छे र उसका भोगाइ उसका व्यक्तिगत आचरण तथा उसले गर्ने सामाजिक व्यवहार उसका सामाजिक क्रियाकलाप र चारित्रिक प्रवृत्ति आदि नै वर्गीय पक्षधरताको अभिव्यक्तिलाई ठम्याउने मुख्य आधार हुन् । यसै मान्यतामा आधारित भएर यहाँ यस कविताको विश्लेषण गरिएको छ । उल्लिखित कवितांशमा कविले हातमा सीप र श्रम भएर पनि दीनहीन जीवन बाँचिरहेका आदिवासीको समस्यालाई प्रस्तुत गरेका छन् । नेपाली समाजमा श्रम गर्नेसँग जमिन नहुनु र श्रम नगर्नेका हातमा हजारौं विघा जमिन र अथाह सम्पत्ति हुनु आश्चर्य र विडम्बनाको विषय भएको यथार्थ यहाँ अभिव्यक्त भएको छ । भिखारीदास सदा केवल एउटा व्यक्ति मात्र नभई तमाम उत्पीडित वर्गको प्रतिनिधि भएको र यस्तो वर्गको उत्थान नभएसम्म नेपालीसमाज पछौटेपनको सिकार भइरहने भन्दै यहाँ कवि गरिब दुःखी तथा अधिकारबाट वञ्चित वर्ग तथा समुदायका पक्षमा उभिएका छन् । मार्क्सवादी कवि साहित्यकारहरू कलालाई पक्षधरताको आधारभूत सिद्धान्तका स्वीकार गर्दै सोहीबमोजिम कृतिको रचना गर्न तल्लीन रहन्छन् । सर्वसाधारण जनतासँगको घनिष्ठ सम्बन्धमा जोड दिँदै रचना गरिने समाजवादी साहित्यमा श्रमजीवी जनताका प्रगतिशील आकाङ्क्षाहरूको प्राप्तिमा केन्द्रित हुनुपर्छ भन्ने मान्यतालाई जोड दिइएको हुन्छ । अन्य काव्य कृतिमा जस्तै श्रमजीवी जनता नै इतिहासका वास्तविक निर्माता हुन् भन्ने मान्यतामा अटल विश्वास राख्ने कवि इच्छुक श्रमजीवी वर्गको पक्षमा स्पष्ट रूपमा उभिएका छन् । त्यसैले, वर्गसौन्दर्यको अध्ययनका लागि यस कृतिभित्र अभिव्यक्त पक्षधरताको अध्ययन उल्लेखनीय कार्य हो भन्ने कुरा स्वतः स्पष्ट हुन्छ ।

### ३.४.३ इच्छुकका कवितामा प्रतिविम्बित वर्गप्रतिरोध

वर्गप्रतिरोधी चेतना इच्छुकका कविताको अर्को प्रमुख विशेषता हो । वर्गसङ्घर्षका क्रममा युद्धरत पक्षका बीचको सङ्घर्ष र जनपक्षीय प्रतिरोध, सफलता र रूपान्तरणका सन्दर्भबाट सृजित सौन्दर्यको सुस्पष्ट प्रस्तुति यिनका कवितामा पाइन्छ । मार्क्सवादी

सौन्दर्यशास्त्रअनुसार नयाँ उत्पादक शक्ति परिपक्व भएपछि तिनीहरूको मार्गमा एक पहाडजस्तो बाधा खडा हुन जान्छ । यो बाधा अरू केही होइन, विद्यमान उत्पादन सम्बन्ध र तिनको समर्थक शासक वर्ग नै हो । नयाँ वर्गहरूको सचेत कार्यबाट, उनीहरूको बलपूर्वक कार्यबाट र आर्थिक क्रान्तिबाट नै यो पहाडजस्तो बाधालाई हटाउन सकिन्छ । यहाँनेर नयाँ विचारको नयाँ राजनीतिक शक्ति जसको ध्येय नै उत्पादनका पुराना सम्बन्धमा बलपूर्वक परिवर्तन गर्नु हो भन्ने महान् भूमिका अत्यन्त स्पष्टसँग देखिन लाग्छ । नयाँ उत्पादन शक्ति र पुराना सम्बन्धको सङ्घर्षबाट र समाजका नयाँ आर्थिक मागबाट नयाँ विचारको जन्म हुन्छ । यी नयाँ विचारले जनसाधारणलाई समेटेर सङ्गठित गर्दछन् । जनता एक नयाँ राजनीतिक सेनामा सङ्गठित हुन जान्छ र एक नयाँ क्रान्तिकारी शक्ति उत्पन्न हुन्छ । यो शक्तिको उपयोग उसले पुराना उत्पादन सम्बन्धलाई बलपूर्वक नष्ट गर्न र दृढतापूर्वक नयाँ व्यवस्था स्थापना गर्नका लागि गर्दछ । स्वतःस्फूर्त हुने प्रगतिको स्थान मानिसहरूले सचेत कार्यले लिन्छ । शान्तिपूर्ण प्रगतिको बदला बलपूर्वक परिवर्तन गरिन्छ । सामाजिक विकासमा शान्तिको बदला क्रान्तिको ज्वाला प्रज्ज्वलित भएर उठ्छ । यस्तो बदला वा प्रतिशोधबाट नै क्रान्तिको ढोका खुल्ने भएकाले प्रगतिवादी कविहरूका कवितामा प्रतिरोधी चेतनाको सहज अभिव्यक्ति पाइन्छ । इच्छुकको *शोकाञ्जली* लामो कवितामा पनि यस्तो सौन्दर्यको प्रस्तुति भेट्न सकिन्छ । जस्तैः

देशभित्र
कतै कुनै ठाउँबाट
एउटा  हात उठे सङ्घर्षको
त्यो जोशिलो हात तिम्रै हुनेछ
देशभित्र
कतै कुनै दिशाबाट
एउटा हुँकार छुटे विद्रोहको
त्यो प्रचण्ड हुँकार तिम्रै हुँकार हुनेछ
मुक्तियुद्धमा
फलामे किल्ला तोड्ने वीर योद्धाहरूकै अग्रिम पङ्क्तिमा
ए मेरो प्रिय सखा ! तिम्रो पनि एउटा अग्रासन हुनेछ
तिम्रो पनि एउटा उच्चासन हुनेछ (*इच्छुक रचनावली भाग-१,* पृ.७९-८०) ।

उल्लिखित कवितांशमा कविले देशभित्रको कुनै पनि कुनामा इन्क्लावको आवाज उठे त्यो आवाज सहिदकै आवाज हुने, देशभित्र कतै कुनै ठाउँबाट कसैले एउटै हात उठाए त्यो हात पनि सहिदकै हात हुने, देशभित्र कतै कुनै दिशाबाट विद्रोहको एउटा हुँकार छुटे त्यो प्रचण्ड हुँकार पनि सहिदकै हुने, मुक्तियुद्धमा फलामे किल्ला तोड्ने वीरहरूको अग्रपङ्क्तिमा एउटा अग्रासन र उच्चासन पनि सहिदकै हुने प्रतिरोधी विचारको अभिव्यक्ति दिएका छन् । त्यसैगरी, न्यायप्राप्तिका लागि अन्यायका विरुद्ध खलबल हुने ठाउँहरूमा सबभन्दा पहिले शिर उठाएर लड्ने लड्ने, न्यायप्रेमीहरूका अग्रणी व्यक्तिका रूपमा कविले आफ्ना प्रिय सखालाई चिनाएका छन् । हरेक जुलुसमा कसिएका दरा मुट्ठीहरू, हरेक युगमा गोली थाप्ने चौडा छातीहरू एवम् जहाँ पनि र जहिले पनि अन्योल र अन्धकारका बीच अलमल्ल हुने मनहरूमा झलमल्ल ज्योति भएर बल्ने प्रकाशपुञ्जका रूपमा कविले क्रान्तिमा सहादत प्राप्त गर्ने वीर योद्धाहरूलाई चिनाएका छन् । विभेदयुक्त आर्थिक संरचनाका कारण समाजमा वर्गसङ्घर्ष हुने र यस्तो सङ्घर्ष चर्किंदै जाँदा शासकवर्ग निर्मम दमनमा उत्रिन्छ र शासित वर्ग आफ्नो हक अधिकारका लागि सङ्घर्ष वा प्रतिरोध गर्न बाध्य हुन्छ भन्ने मार्क्सवादी सौन्दर्यलाई दृष्टिगत गरी उपर्युक्त साक्ष्यलाई विश्लेषण गरेर हेर्दा इच्छुकका कवितामा प्रतिरोध चेतना घनीभूत एवम् प्रभावकारी रूपमा व्यक्त भएको देखिन्छ । निम्न कवितांशबाट यिनका कवितामा आएको वर्गप्रतिरोधको अवस्थालाई अझ स्पष्ट रूपमा बुझ्न सकिन्छ :

उठ, गरिबीका विरुद्ध लड्ने योद्धा बनेर उठ
उठ, विषमताका विरुद्ध लड्ने मोर्चा कसेर उठ
हुर्क, तिमी यिनै अभावहरूमा हुर्क
हुर्क, तिमी यिनै दबाबहरूमा हुर्क
शिरमाथि सिङ्गो आकाश उचाल्न सक्ने तिमीहरू, बच्चाहरू
बाहुलीमा सम्पूर्ण संसार थाम्न सक्ने तिमीहरू, बच्चाहरू
हुर्क निर्माणको सङ्कल्प लिएर हुर्क
हुर्क यस युगको विकल्प लिएर हुर्क । ('झुल्के घामका राता किरणहरू', *इतिहासको यस घडीमा,* पृ.२५)

समाजमा विद्यमान सामाजिक शोषण उत्पीडन तथा राज्यसत्ताका कानुन र त्यसले सिर्जना गरेको अत्याचारका विरुद्धमा इच्छुकका कविताहरू प्रतिरोध गर्न तयार देखिन्छन् ।

बालबालिकाहरूलाई मिरमिरेपछिको सुनौलो बिहानीका रूपमा प्रस्तुत गरिएको उल्लिखित कवितामा समाज रूपान्तरणका लागि पीडाका आरनहरूमा पाइन चढेर तेजिलो धार बनेर उठ्न, दुःखको आगो ओकल्ने भट्टीहरूमा इस्पाती तरबार बन्दै उठ्न, गरिबीका विरुद्ध योद्धा बनेर उठ्न विषमताका विरुद्ध मोर्चा कसेर उठ्न तथा अभाव र दबाबहरूमा निर्माणको सङ्कल्प र युगको विकल्प लिएर उठ्न आह्वान गरिएको छ । आफ्नो स्वायत्तता र अस्तित्व गुमाएर विभिन्न नाममा हुँदै आएको विभेदले नेपाली जनतालाई विवशतामा बाँच्न बाध्य बनाएको सन्दर्भ यिनका कवितामा अभिव्यक्त भएको पाइन्छ । विद्रोहका निम्ति सङ्गठित हुनुपर्ने आवाज बोकेको उल्लिखित कवितांशमा रूपान्तरणका निम्ति निर्माणको सङ्कल्प र युगको विकल्प भएर उठ्न बालबालिकाहरूलाई आह्वान गरिएको छ । समाज रूपान्तरणका लागि हुने सङ्घर्षमा बाधा व्यवधान आएको खण्डमा प्रतिकार गर्नसमेत तयार हुनुपर्ने यथार्थको सुन्दर अभिव्यक्तिसमेत यहाँ पाइन्छ । 'बेंजमिन मोलाइसको सम्झनामा' वर्गप्रतिरोधी चेतना बोकेको अर्को उत्कृष्ट रचना हो । यस कवितामा दक्षिण अफ्रिकी क्रान्तिकारी कवि बेंजमिन मोलाइस बरु फाँसीमा चढ्न मञ्जुर भए तर सत्य र न्यायका पक्षमा निरन्तर लेखिरहने कलममा बिर्को लगाउन मञ्जुर भएनन् भन्दै उनको सम्झनामा कवि इच्छुक यसरी पोखिएका छन् :

> तर भोलिको दिन
> निश्चय पनि शोक र उदासीको दिन हुने छैन
> तिम्रो रगतको आहालमा चोबिएर समय खाल बस्ने छैन
> तिम्रो आहुतिपछि
> विप्लवको आँधी अझै प्रलयकारी हुनेछ, मोलाइस
> युगान्तकारी मुक्तिको इतिहास
> खुनी तरबार चलाएर रेटिइने छैन
> भग्न विभेदको नग्न साम्राज्य धेरै अब टिक्ने छैन । ('बेंजमिन मोलाइसको सम्झनामा', *इतिहासको यस घडीमा*, पृ.२३)

समाजवादी क्रान्ति सम्पन्न भएपछि मात्रै न्यायपूर्ण र समतामूलक समाजको निर्माणमा जुट्न सकिने भएकाले दासता र अत्याचारबाट मुक्तिका लागि जनताका आवाजहरू मात्रै पर्याप्त नहुन सक्छन् । त्यसैले, मुक्ति र स्वतन्त्रताका लागि सदियौंदेखि श्रमजीवी र सर्वहारातिर सोझिएका बन्दुकका नालहरूको प्रतिकार गर्न जनताले पनि बन्दुक

बोक्नुपर्छ भन्ने प्रतिरोधी चेतना इच्छुकका कवितामा पाइन्छ । क्रान्तिकारीहरूको उद्देश्य आफू बाँचेको समाजको मात्रै नभई संसारकै रूपान्तरण र सबैखाले शोषण र विभेदबाट मान्छेलाई मुक्त गर्नु रहेकाले उल्लिखित कवितांशमा निरंङ्कुश अफ्रिकी सरकारद्वारा हत्या गरिएका अश्वेत कवि बेंन्जमिन मोलाइसको आहुतिपछि पनि संसार शोक र उदासीको मात्रै नहुने, उनीजस्ता सहादतप्राप्त सहिदहरूको रगतको आहालमा चोबिएर समय खाल नबस्ने, खुनी तरबार चलाएर मुक्तिको इतिहास मेट्न नसकिने तथा भग्न विभेदको नग्न साम्राज्य अब धेरै दिनसम्म टिक्न नसक्ने बरु विप्लवको आँधी अझै प्रलयकारी र विध्वंसक हुने उद्घोष गरिएको छ । आफ्नो अधिकार र स्वतन्त्रताका लागि फाँसीमा चढ्नसमेत तयार मानिसहरूको सङ्ख्या संसारैभरि बढ्दै गइरहेकाले शासकहरूका खुनी तरबारले जनताको मुक्तिका सपनाहरूलाई रेट्न नसक्ने आशय उल्लिखित कवितांशमा व्यक्त भएको छ । आफूविरुद्ध भएको अन्याय अत्याचारलाई प्रतिरोध नगरी संसारबाट विभेदको अन्त्य गर्न नसकिने भावको अभिव्यक्ति पाइने हुनाले यस कवितामा वर्गप्रतिरोध जीवन्त रूपमा व्यक्त भएको छ । वर्गप्रतिरोधको अभिव्यक्तिलाई दार्बोटको जङ्गलमा कवितामा कवि यसरी अभिव्यक्त गर्छन्:

> योद्धाजस्तै अग्ला वृक्षहरू
> मोर्चा कसेझैं अविचल उभिरहे
> एकताको हातेमालो बाँधेर
> लहराहरूले दृढताको मुट्ठी कसिरहे
> सङ्गीनले नझुक्ने साहसका गुराँसहरू देखेर
> बन्दुकहरू लाचार भएर गए
> झिल्को निभाउन आएकाहरूले/झनै आगो दन्काएर गए
> दार्बोटको नाकाबाट सैनिकहरू नजवाफ भएर गए । ('दार्बोटको जङ्गलमा', *इतिहासको यस घडीमा,* पृ.४९)

प्रकृतिको मानवीकरण गरिएको प्रस्तुत कवितामा दार्बोटको जङ्गल र त्यहाँका वृक्ष तथा लहराहरूलाई जनयोद्धाका रूपमा पेस गरिएको छ । क्रान्तिकारीहरूको एकताबद्ध साहस र प्रतिरोध देखेर दमनकारी सत्ता लाचार भएर फर्किएको घटनालाई कविले निकै प्रतीकात्मक ढङ्गले व्यक्त गरेका छन् । यहाँ प्रस्तुत विषयभित्र योद्धा, अग्ला वृक्ष, एकताको हातेमालो, लहराहरूको दृढता आदिमार्फत सङ्गीनले नझुक्ने गुराँस झिल्को निभाउँदा आगो

भएको प्रतिरोधको अवस्था उल्लेख गरिएको छ । उक्त सन्दर्भबाट पार्टीका गतिविधि र तथ्यबोध भएकाले दार्बोटको जङ्गल र पार्टी साटिँदा कविता प्रतीकात्मक बनेर आएको छ । वर्गीय समाजमा वर्गसङ्घर्ष सामाजिक क्रान्तिको समयमा चुलिन पुग्दछ । यस प्रकारको क्रान्तिको सार भनेको पुरानो सामाजिक व्यवस्थाको पूर्ण विघटन गराएर नयाँ व्यवस्थाको स्थापना गराउनु हो । सामाजिक क्रान्तिहरू ऐतिहासिक विकासका स्वाभाविक परिणाम हुन् (के.सी. २०६७, पृ. १८९) भन्ने मार्क्सवादी चिन्तकहरूको अभिव्यक्तिलाई आधार मान्दा क्रान्तिकारीहरूले पुरानो सामाजिक व्यवस्थाको विघटनका लागि चलाएको सङ्घर्षका क्रममा निरङ्कुश सत्ताधारीहरू राज्यसत्ता जोगाउनका लागि निर्मम दमनमा उत्रिन्छन् र वर्गप्रतिरोधको निरन्तर शृङ्खला सुरु हुन्छ । पुरानो उत्पादन सम्बन्धलाई शासक वर्गले यथावत कायम गर्ने चाहना राख्दै राज्यसत्ताको दुरुपयोग कसरी गरेको थियो र त्यतिबेला वर्गप्रतिरोध कसरी भयो भन्ने यथार्थलाई उल्लिखित कवितांशमा व्यक्त गरिएको छ । जनयथार्थसँग निकै निकट रहेका इच्छुकका कवितामा वर्गप्रतिरोधको निकै स्पष्ट चित्रण पाइन्छ । नेपाली समाजमा भएको वर्गप्रतिरोधको यथार्थलाई कवि प्रतीकात्मक ढङ्गले यसरी व्यक्त गर्छन् :

यहाँबाट टाढा टाढा
रगतका टाटाहरू नदेखिए पनि
रक्तमुछेल प्वाङ र हुकामहरू देखिन्छन्
गोलीले क्षतविक्षत काँक्री र चुनवाङहरू देखिन्छन्
आउँदा जाँदा बाटाभरि तिमीलाई
चर्को आतङ्क र सन्त्रासहरूका बीच पनि .
झरीको घामजस्तै कञ्चन
स्यार्पु र कमलदहका स्निग्ध मुस्कानहरू देखिन्छन्
समयको प्रतिकूल धारसित जुध्दै
हावामा नयाँ युगको पहरा दिइरहेका
चाप र गुराँसका सङ्ग्रामी अभिवादनहरू देखिन्छन् ।('सेतु जैसीको घर', *इतिहासको यस घडीमा,* पृ. ५४)

जनसमरसिर्जित नवीन यथार्थको अभिव्यञ्जनामा सक्रिय इच्छुकका कवितामा द्वन्द्वरत वर्तमानको यथार्थलाई निकै कलात्मक ढङ्गले व्यक्त गरिएको पाइन्छ । आर्थिक

सङ्घर्षसँगै सर्वहारावर्गको क्रान्तिकारी आन्दोलनमा वैचारिक सङ्घर्ष अर्थात् पुँजीवादी समाजमा सत्तारूढ बुर्जुवा विचारधाराको विरुद्ध समाजवादी सर्वहारा विचारधाराको निमित्त गरिने सङ्घर्षको ठूलो महत्त्व रहन्छ (आफ्नास्येभ, सन् १९८५, पृ. २९८) । यथास्थितिबाट मुक्ति चाहनेले, पुराना उत्पादन सम्बन्धलाई अस्वीकार गर्नेहरूले उत्पीडनको त्रासदी बोक्नुपर्ने जेलनेल भोग्नुपर्ने तथा आस्था स्वाभिमान र स्वतन्त्रताको मानमर्दन सहनुपर्ने कुरूप यथार्थलाई उल्लिखित कवितांशमा व्यक्त गरिएको छ । नयाँ उत्पादक शक्तिहरू र पुराना भइसकेका उत्पादन सम्बन्धहरूबीचको बढ्दो अन्तर्विरोध र सङ्घर्ष नै सामाजिक क्रान्तिको वस्तुगत आधार हो (के.सी. २०६७, पृ. १८८) भन्ने मार्क्सवादीहरूको विचारलाई आधार मान्दा शोषकवर्गले पुराना सामाजिक सम्बन्ध जोगाउन तथा शोषितवर्गले नयाँ उत्पादन सम्बन्ध स्थापित गर्नका लागि सङ्घर्ष गर्ने क्रममा नै वर्गप्रतिरोधको अवस्था उत्पन्न हुन्छ । उल्लिखित कवितांशमा शोषण र उत्पीडनको भारी बोक्न अस्वीकार गर्ने समाजका इमानदार योद्धामाथि राज्यद्वारा थोपरिएको दमन तथा प्रतिरोधको चित्रण गर्नमा कवि सफल देखिएका छन् । वर्गसङ्घर्ष र वर्गप्रतिरोधले अनिवार्य रूपमा सर्वहारावर्गको अधिनायकत्वको दिशामा लिएर जान्छ । यो अधिनायकत्व स्वयम् सबै वर्गको उन्मूलन तथा वर्गहीन समाजको सङ्क्रमण मात्र हो । समाजवादी सर्वहारा क्रान्ति नै सर्वहारावर्गको वर्गसङ्घर्षको सबैभन्दा माथिल्लो चरण हो । पुँजीवादको विनाश र सर्वहारावर्गको राजनीतिक सत्ताको विजयको निर्णायक र एक मात्र साधन यही हो (आफ्नास्येभ, १९८५, पृ. २९८) र यही यथार्थको कलात्मक प्रस्तुति इच्छुकका कविताको केन्द्रीय भाव पनि हो । जीवनको उर्वर समय देश, जनता र क्रान्तिका लागि समर्पण गरेका कवि इच्छुकले आफ्ना काव्यकृतिमा पनि क्रान्तिको अनिवार्यता र विजयप्रतिको गहिरो विश्वासलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनका काव्यभित्र व्यक्त भएको देशभक्तिपूर्ण भावना र दुष्टहरूका विरुद्ध सङ्घर्ष गर्दागर्दै उत्पन्न वर्गदुस्मनप्रतिको घृणा एवम् वर्गप्रतिरोधको एउटा ज्वलन्त उदाहरण यस्तो छ :

> तिम्रो पाखण्डीपनका विरुद्ध
> मैले तिमीलाई घृणाले धिक्कार्न किन नपाउनु ?
> डम्पिङ साइटको फोहोरजस्तै
> राष्ट्रका घिनलाग्दा कसिङ्गरहरूलाई
> बुल्डोजरको कुचो लगाएर

देशले किन आज बढार्न नपाउनु ? (*बन्दी र चन्द्रागिरि,* पृ.७)

यस कवितांशमा देशको उन्नतिका लागि क्रान्तिमा होमिएका कवि राष्ट्रविरोधी कर्ममा लागेका वर्गबैरीहरूसँग रुष्ट भएको अवस्थाको चित्रण छ । वर्गमित्रहरूको प्रशंसा र वर्गदुस्मनहरूप्रति घृणाको भावना प्रगतिवादी स्रष्टाहरूका रचनामा स्वाभाविक रूपमा व्यक्त भएको पाइन्छ । समाजमा भएका विकृति र विसङ्गतिका विरुद्ध आगो ओकल्दै कविले पाखण्डीपनका विरुद्ध घृणाले धिक्कार्न पाउनु अधिकारको विषय भएको र देश र जनताका विरुद्ध लुकेर सिकार खेल्ने सिकारीहरूको यस्तो हर्कत जारी रहे बुल्डोजरको कुचो लगाएर बढार्न आम जनता तयार रहेको चेतावनीयुक्त सन्देश दिएका छन् । राष्ट्रका घिनलाग्दा कसिङ्गरहरूलाई बुल्डोजरको कुचो लगाएर देशले किन आज बढार्न नपाउनु ? भन्ने काव्योक्तिमा वर्गप्रतिरोधको भावना निकै प्रभावकारी ढङ्गले मुखरित भएको छ । वर्गविभक्त समाजमा उत्पादक शक्ति र उत्पादन सम्बन्धहरूका बीचमा हुने अन्तर्विरोधका कारण नै सङ्घर्ष हुन्छ र सङ्घर्षकै क्रममा उत्पीडित वर्गले आफूमाथि भएको अत्याचारका विरुद्धमा प्रतिरोध सङ्घर्ष आरम्भ गर्दछ । नेपाली समाजमा दस वर्षसम्म चलेको जनयुद्ध पनि उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीचमा भएको अन्तर्विरोधको परिणामस्वरूप भएको हो । उत्पादक शक्ति र उत्पादन सम्बन्धहरूबीच अन्तर्विरोधमा आधारित यस सङ्घर्षका क्रममा उत्पन्न परिस्थितिको चित्रण *बन्दी र चन्द्रागिरि* काव्यमा यसरी गरिएको छ :

प्रतिदिन अनुभव हुँदै छन्
भूकम्पका नयाँ नयाँ प्रकम्पनहरू
प्रतिक्षण नयाँ इतिहासको
अग्रगामी धारा गतिवान् हुँदै छन्
हिजोभन्दा सर्वथा भिन्न
हिजोभन्दा सर्वथा नवीन
प्रकट हुँदै छन् नयाँ ॠतुका नयाँ नयाँ आयामहरू
कहीँ नदेखिएको जात्रा
अब हाँडीगाउँमा भइरहने छैन । (*बन्दी र चन्द्रागिरि,* पृ.१७)

यस कवितांशमा जनयुद्धका क्रममा देखापरेको वर्गप्रतिरोध तथा त्यसका विविध आयामहरूको प्रस्तुति छ । समाजमा विद्यमान सबै किसिमका शोषणबाट मुक्तिका लागि नै सङ्घर्ष भएकाले वर्गप्रतिरोधको धक्का महसुस भएको, अग्रगामी विचार गतिवान् भएको तथा परिवर्तनका सर्वथा नवीन आयाम देखिएकाले कहीँ नदेखिएको जात्रा अब हाँडीगाउँमा नदेखिने र अत्याचारको दूषित हावा पनि नबग्ने अभिव्यक्ति कविले दिएका छन् । नेपाली सर्वहारावर्ग, नयाँ जनवादी क्रान्ति, जनयुद्ध र मार्क्सवाद-लेनिनवाद-माओवादप्रति उच्च निष्ठा राख्ने कवि इच्छुक क्रान्ति तथा यसको विजयप्रति आशावादी दृष्टिकोण राख्ने जीवनवादी कवि हुन् । क्रान्तिका लागि मैदानमा होमिएपछि विभिन्न कठिनाइहरूको सामना गर्न तयार रहनुपर्ने अवस्थाप्रति कवि सचेत देखिन्छन् । तर, त्यस्तो घडी डुब्न लागेको साँझजस्तै उदास भएर बिताउने नभई प्रतिरोध गर्नुपर्ने समय भएको कथन कविको छ । त्यसैले वर्गप्रतिरोधमार्फत् समाजवादको नयाँ बिहानी ल्याउन सकिने विश्वास प्रकट गर्दै कवि यसो भन्छन् :

> त्यसैले, यो घडी
> प्रियजनहरूको यादमा
> फगत, आँसु बगाइरहने घडी होइन
> आँसुको आगो र
> सुस्केरालाई बारुदको धुवाँमा बदल्ने घडी हो । (*बन्दी र चन्द्रागिरि,* पृ.४३)

वर्तमानमा मुक्तियात्रा अनिश्चित र अनकन्टार झैं लागे पनि वर्गसङ्घर्ष समकालीन सामाजिक जीवनको पाङ्ग्राको नाभी (स्टालिन, सन् १९५१, पृ. ७) भएकाले सहयोद्धाहरूले बिदाइ भन्नसमेत नपाई एकाएक मोर्चामा सहादत प्राप्त गरे पनि निर्विकार भावले अविचल अगाडि बढिरहनुपर्ने तर्क कविको छ । क्रान्तिकारीहरूलाई सङ्कटमय घडीले लेखेटिरहे पनि आँसुलाई आगो र सुस्केरालाई बारुदको धुवाँमा बदल्नुपर्ने वर्गप्रतिरोधी विचारको अभिव्यक्ति यहाँ दिइएको छ । ‘अहिलेसम्मको समाजको सम्पूर्ण लिखित इतिहास वर्गसङ्घर्षको इतिहास हो’ भन्ने मार्क्सवादीहरूको मान्यता रहेको छ । स्वतन्त्र मानव र दास, अभिजात र साधारणजन, सामन्त र भूदास, शिल्प सङ्घका उस्ताद, कारिगर र मजदुर, कारिगर सङ्क्षेपमा उत्पीडक र उत्पीडित निरन्तर एकअर्काको विरोध गर्दै आइरहेका छन् । उनीहरू कहिले अप्रत्यक्ष कहिले प्रत्यक्ष रूपमा लगातार एकअर्कासँग लड्दै आइरहेका छन्, जुन लडाइँको अन्त हरेकपटक या त पूरै समाजको क्रान्तिकारी पुनर्गठनमा, या सङ्घर्षरत दुवै

वर्गको बर्बादीमा भएको छ (के.सी., २०६७ पृ. १७०) । त्यसैले, सर्वहारावर्गको अधिनायकत्व तथा नेपाली समाजको आधारव्यवस्थामा परिवर्तनका लागि सर्वहारावर्गले आफ्नो प्रतिरोध सङ्घर्षलाई तीव्रता दिनुपर्दछ भन्ने मान्यताप्रतिको पूर्ण समर्थन उल्लिखित काव्यांशमा व्यक्त भएको पाइन्छ । वर्गसङ्घर्ष र वर्गप्रतिरोध सामाजिक परिवर्तनको मेरुदण्ड भएकाले वैरभावयुक्त वर्गहरूमा विभक्त समाजमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध माझको अन्तर्विरोधलाई समाप्त गर्नका लागि पनि वर्गसङ्घर्ष र वर्गप्रतिरोध आवश्यक भएकाले साम्यवादको विजय र मुक्तिप्रति प्रतिबद्ध भई अगाडि बढ्नुपर्ने विचार उल्लिखित काव्यांशको केन्द्रीय विषय हो । पुँजीवादी समाजमा सर्वहारा सर्वाधिक शोषित र सबै कुरा नभएको वर्ग हुन्छ । जसरी सामन्ती समाजको क्रूर शोषण र दमनका विरुद्ध जनताको सङ्घर्षको प्रतिनिधित्व किसान वर्गले गर्दछ त्यसरी नै पुँजीवादी समाजमा शोषण र दमनका विरुद्ध जनताको नेतृत्व सर्वहारा वर्गले गर्दछ । जनताको सङ्घर्षको नेतृत्व गर्ने वर्ग आफ्ना मित्र वर्गहरूबाट पृथक् हुँदैन । पुँजीवादी समाजव्यवस्थाबाट सर्वहारा वर्गको मुक्ति वास्तवमा सम्पूर्ण समाजको मुक्ति हो । त्यसैले, सर्वहारावर्गको  मुक्ति वास्तवमा सम्पूर्ण समाजको मुक्ति हो (पाण्डेय, सन् १९९७, पृ. ५०) । सर्वहारावर्गको पदवर्गीयता, वर्गसङ्घर्ष, बलप्रयोगको अनिवार्यता, सर्वहारावर्गको अधिनायकत्व, तथा सर्वहारा मानवतावाद नै क्रान्तिकारी सर्जकका पहिचान तथा मानक हुन् । सामाजिक जीवनमा पश्चगति र प्रगति, अपूर्णता र पूर्णताका बीच निरन्तर सङ्घर्ष चल्दै आएको छ । यो सङ्घर्षमा सौन्दर्यपरक आदर्शले प्रगति र पूर्णताको पक्षपोषण गरेको हुन्छ । मानिस प्रगति र पूर्णतातिर अघि बढ्न चाहन्छ । तर मानिसका प्रगति र पूर्णताका आशा, आकाङ्क्षा र सपनाहरूलाई पश्चगामी कुरूप शक्तिले हमेसा ध्वस्त पार्ने चेष्टा गर्दछ । प्रगतिवादी कविहरू जनतासँग घनिष्ठ सम्बन्ध राख्दै जनअपेक्षाहरूलाई पूरा गर्ने अठोट राख्छन् तर पश्चगामी शक्ति जनआकाङ्क्षाहरूलाई पूरा गर्ने आन्दोलनलाई हमेशा ध्वस्त पार्न चाहन्छ र वर्गप्रतिरोधको स्थिति उत्पन्न हुन्छ । यही अवस्थाको चित्रण इच्छुकका कवितामा सौन्दर्यमय बनेर आएको पाइन्छ । राज्यसत्ताले जतिसुकै दमन गरे पनि क्रान्तिकारीहरू हार खाएनन्, झुकेनन् र गलेनन् बरु बहादुरीका साथ प्रतिरोधमा उत्रे भन्दै वर्गप्रतिरोधको अवस्थालाई निम्न कवितांशमा कवि प्रतीकात्मक ढङ्गले यसरी व्यक्त गर्छन् :

जब फेरि
उसका कलिला हाँगाहरू काटिन्छन्

फेरि जब
उसका चिल्ला पातहरू लाछिन्छन्
खडेरीले झुल्सिएको दुबोजस्तै
ऊ फेरि हरियो भएर पलाउँछ
फेरि ऊ गुल्जार भएर मुस्कुराउँछ
कारागारभित्र बन्धनहरूका बीचमा
एक समर योद्धाजस्तै
जुधिरहेछ एउटा पिपलको बोट । ('पिपलको बोट', *इच्छुक रचनावली भाग-२*, पृ.१३७)

इच्छुकको जीवन दर्शन संसारलाई बुझ्ने मात्र होइन बदल्ने हो पनि हो भन्ने मार्क्सवादी दर्शनबाट निर्देशित छ । उल्लिखित कविताांश रूपान्तरणका लागि यथास्थिति होइन वर्गप्रतिरोध आवश्यक छ भन्ने विचारबाट प्रेरित छ । यहाँ कविले पिपलको बोटलाई क्रान्तिको प्रतीकका रूपमा चित्रण गरेका छन् । जसरी पिपलको कलिलो हाँगो काटिए पनि र चिल्ला पात लाछिए पनि खडेरीले झुल्सिएको दुबोजस्तै त्यो फेरि पलाएर आउँछ, गुल्जार भएर आउँछ त्यसैगरी नै वर्गीय मुक्तिको आन्दोलन पनि वर्गसङ्घर्षको कठिन परिस्थितिबाट गुज्रिए पनि अन्ततः पिपलका काटिएका तथा लाछिएका पातहरू पलाएर आएझैं मुक्ति आन्दोलन पनि विभिन्न हार र असफलताबाट पाठ सिक्दै अन्ततः विजयको निकट पुग्ने अभिव्यक्ति कविले दिएका छन् । सङ्घर्ष गर्दै गए क्रान्तिको विजय सुनिश्चित भए पनि एक समर योद्धाजस्तै जुध्ने पिपलको बोटजस्तै उत्पीडक वर्गको दमन र यातनाबाट नआत्तिईकन प्रतिरोधमा उत्रिने हिम्मत गर्न सकेको खण्डमा मात्रै सबै प्रकारका शोषणबाट मुक्ति सम्भव हुने प्रतीकात्मक अभिव्यक्ति यस कविताांशमा पाइन्छ । नेपालमा दस वर्षसम्म चलेको जनयुद्धमा क्रान्तिकारीहरूले विजय र प्रतिरोधको विशिष्ट कीर्तिमान कायमा गर्न सफल भएका छन् । के बालक, के वृद्ध के युवा, सबै वर्ग, उमेर, सबै लिङ्ग र सबै वर्गका सदस्यहरू राज्यसत्ताले गरेका दमनका विरुद्ध कडा प्रतिरोध गर्दै अघि बढेको यथार्थ हाम्रा सामु छर्लङ्ग छ । सोही यथार्थको अभिव्यक्तिले इच्छुकका कवितामा यसरी प्राथमिकता पाएको छ :

बालकहरू खेल्ने चउरहरूमा
कमान्डोहरू कवाज खेलिरहेको देख्छु

हर दिन चिर्को परेजस्तै
हरक्षण श्वेतआतङ्कले छापा मारिरहन्छ मन
रूपाकोट र देवीकोटले पनि रणभेरी बजाउँदै
वर्गबैरीसँग रणघोष गरिरहेको सुन्छु । ('लालमटियाको सम्झना', *इच्छुक रचनावली भाग-२,* पृ. १९५)

उल्लिखित कवितांशमा कविले क्रान्तिकारीहरूका लागि वर्गसङ्घर्ष र वर्गप्रतिरोधको किल्लाका रूपमा स्थापित लालमटियाको यथार्थपरक रूपमा चित्रण गरेका छन् । बालबालिकाहरूले उन्मुक्त रूपमा खेलेर रमाउने चउरहरूमा कमान्डोहरूले कवाज खेलिरहेका तथा राज्यसत्ताको श्वेतआतङ्कले सीमा नाघिसके पनि रूपाकोटे र देवीकोटेहरू रणभेरी बजाउँदै वर्गबैरीसँग रणघोष गर्दै विजयपथमा लम्किरहेको यथार्थलाई यहाँ निकै आकर्षक ढङ्गले वर्णन गरिएको छ । सङ्घर्ष नगरी अधिकारप्राप्तिको लडाइँ सफल नहुने भाव अभिव्यञ्जित भएको यस कवितांशमा कविको वर्गप्रतिरोधी चेतना निकै सौन्दर्यमय बनेर आएको छ । नेपाली समाजमा चलेका ठुल्ठुला क्रान्ति र आन्दोलनमा विभिन्न भौगोलिक स्थानहरूको आआफ्नै खास भूमिका र महत्त्व रहिआएको छ । त्यसैले, कवि इच्छुकले पनि आफ्नो पुर्ख्यौली थलो प्युठानले प्रतिरोध सङ्घर्ष, न्यायपूर्ण तथा अधिकारप्राप्तिको आन्दोलनमा पु-याएको योगदानलाई यसरी स्मरण गरेका छन् :

प्यूठान, नसम्झ
छाडेर जाने बैगुनी मलाई
धर्तीको जुनसुकै कुनामा रहे पनि
म सधैं सधैं तिम्रो हुनेछु
जब तिमी अन्यायका विरुद्ध मुट्ठी कस्छौ
न्यायका पक्षमा तिमी सँगसँगै
मैले मुट्ठी कसिरहेको हुन्छु
जब तिमी अत्याचारका विरुद्ध
जुरुक्क उठ्छौ
म पनि अत्याचारका विरोधमा उठिरहेको हुन्छु ।('प्यूठान, म पनि तिमीसँगै छु', *इच्छुक रचनावली भाग-२,* पृ. १९६)

कवि इच्छुक मुलुक र यहाँको माटोलाई असाध्यै माया गर्ने राष्ट्रभक्त सर्जक हुन् । प्रकृतिको मानवीकरण गर्दै यहाँ कविले पुर्ख्यौली थलोमै रहेर त्यहाँको माटोलाई सुम्सुम्याउन नपाए पनि आफूलाई छाडेर जाने बैगुनीका रूपमा नलिन प्युठानलाई विनम्रतापूर्वक आग्रह गरेका छन् । आन्दोलनको नेतृत्व गर्ने क्रममा भौतिक हिसाबले टाढा भएको परिस्थिति अवगत गराउँदै कविले धर्तीको जुनसुकै कुनामा रहे पनि प्युठानले अन्यायका विरुद्धमा मुट्ठी कसेर जुरुक्क उठ्दा, न्यायका पक्षमा आवाज उठाउँदा तथा अत्याचारविरोधी मोर्चाहरूमा सहभागी बन्दा आफू पनि सधैं गरमजोशीका साथ सधैं प्युठानवासीसँगै अत्याचारको प्रतिरोधमा उत्रिन तयार रहने अभिव्यक्ति दिएका छन् । अभिधाका तहमा आफू जहाँ रहे पनि प्युठानवासीको सुखदुःखको सहयात्रीका रूपमा रहेको अभिव्यक्ति पाइए पनि व्यञ्जनाका तहमा मुक्तियुद्धको निरन्तरता र यसको विजयका लागि वर्गप्रतिरोध अनिवार्य भएको यथार्थ यहाँ निकै सौन्दर्यमय बनेर व्यक्त भएको छ ।

### ३.४.४ इच्छुकका कवितामा प्रतिविम्बित समाजपठन र वर्गबोध

कुनै पनि कृतिमा अभिव्यक्त वर्गसौन्दर्यको निर्क्योल गर्नका लागि कृतिभित्रको समाजपठन र वर्गबोध के कसरी अभिव्यक्त भएको छ भन्ने कुराको खोज महत्त्वपूर्ण हुन आउँछ । यस्तो खोज इच्छुकका कवितामा तीव्र एवम् घनीभूत रूपमा व्यक्त भएको पाइन्छ । कला साहित्यमा सामाजिक घटना तथा परिघटनालाई प्रभावकारी तरिकाले प्रस्तुत गर्न सकिएन भने त्यस्तो साहित्य सजीव बन्न सक्दैन । साहित्यभित्रको समाज अध्ययन नगरीकन कुनै पनि लेखकले साहित्यको पूर्ण ज्ञान राख्न सक्दैन । यही नै सामाजिक हो र साहित्य सामाजिक जीवनलाई पूर्णता प्रदान गर्ने महत्त्वपूर्ण सामग्री हो । त्यसैले, साहित्यको सामाजिक आँखाबाट गरिने अध्ययनलाई साहित्यबाट समाज हेर्ने प्रक्रिया मानिएको छ । जुन समाज र साहित्यिक सम्बन्धको अटुटस्वरूप हो । साहित्यिक आँखाले साहित्य हेर्ने वा साहित्यको आँखाले समाज हेर्ने भन्ने प्रश्न पक्षधरतासँग पनि सम्बन्धित छ । लेखकमा समाजले पारेको प्रभाव वा समाजमा लेखकले पारेको कुन मुख्य छ भन्ने कुराको निर्क्योल नगरी कृतिको सही विश्लेषण हुन सक्दैन भन्ने मार्क्सवादी सौन्दर्य चिन्तकहरूको धारणा पाइन्छ । लेखकका कृतिमा व्यक्त भएको समाज र त्यसका प्रवृत्तिलाई तटस्थ भएर हेर्न नमिल्ने भएकाले कुनै पनि कृतिले प्रस्तुत गरेको आर्थिक सामाजिक, राजनीतिक, सांस्कृतिक भौतिक ढाँचा कुन हो त्यसलाई हेरेर मात्र त्यसको वर्गसौन्दयको विश्लेषण गर्नुपर्छ ।

विचारको मूलस्रोत नै प्रकृति अर्थात् समाज हो । प्रकृति वा समाजबाट केही कुरा लिएर फेरि समाजलाई केही दिएर जीवन बिताउनुमा नै प्रगतिवादी कविहरू गौरवबोध गर्दछन् । वीरक्रान्तिकारी योद्धाहरूको सहादतमा पनि सौन्दर्य देख्दछन् । जब कुनै योद्धाले सर्वहारावर्गको मुक्तिका लागि आफ्नो जीवन बलिदान गर्दछ तब त्यसले वर्गीय आन्दोलनलाई अझै तीव्र र घनीभूत बनाउन सहयोग पु-याउँछ । क्रान्तिकारीहरूको मृत्युलाई वर्गमुक्तिसँग जोडेर कवितामा पस्किन इच्छुक सबल देखिन्छन् । इच्छुकको काव्य सिर्जनाको यस पक्षलाई निम्न उद्धरणबाट सान्दर्भिक बनाउन सकिन्छ :

तिमी हिँड्ने प्युठानका यी बाटाहरू
चेर्नेटाका यी उकाली र ओरालीहरू
तिमीलाई नै पर्खिरहनेछन्
तिमी घुम्ने तिग्रा र सिक्रेका लेकहरू
या बेंसी र यी हरियालीहरू
तिमीलाई नै सम्झिरहनेछन् ('प्यूठान, म पनि तिमीसँगै छु', *इच्छुक रचनावली भाग-१*, पृ.६७) ।

प्रस्तुत काव्यांशमा काव्यनायक तथा स्वयम् कविले जीवन व्यतीत गरेको परिवेशको स्पष्ट चित्र भेट्टाउन सकिन्छ । उक्त काव्यांशमा कविले आफ्ना प्रिय मित्र सहिद मित्रमणि आचार्यलाई समाजको हरेक तह र तप्काका मानिसलाई प्रेरणा दिने प्रेरक व्यक्तित्वका रूपमा चिनाएका छन् । यसरी आफ्ना मित्रको चिनारी दिने क्रममा कविले प्युठानको ग्रामीण परिवेशलाई समेत सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । यस कवितांशमा मित्रमणिको निधनपछि कविद्वारा रचना गरिएका कविता सुनिदिने, मीठा मीठा गीत गाइदिने, प्रेरणा दिने र उत्साह भरिदिने व्यक्तिको अचानक अभाव भएपछि कविमा एकप्रकारको रिक्तता पैदा भएको सन्दर्भ छ । कृतिकारको सामाजिक परिवेश र सम्बन्ध नकेलाईकन कृतिको सही मूल्याङ्कन गर्न सकिँदैन भन्ने मार्क्सवादी चिन्तकहरूको दृष्टिकोण रहेको पाइन्छ । उक्त दृष्टिकोणलाई आधार मानेर हेर्दा यस कवितांशमा कवि श्रम गरेर जीवन निर्वाह गरिरहेका प्युठानको विकट गाउँ समाजका श्रमजीवीहरूले असाध्यै स्नेहपूर्वक खोजी गरिरहने मित्रमणिजस्ता वर्गमित्रको पहिचान गर्न सफल देखिन्छन् । समाजमा हरबखत उज्यालो छर्दै हिँड्ने राजनीतिकर्मी, संस्कृतिकर्मी तथा वर्गमित्रको सही किसिमले पहिचान गर्नका लागि वर्गदुस्मनको पहिचान गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । कुनै पनि कृतिको सही

विश्लेषणका लागि कृति एवम् कृतिकार दुवैको सामाजिक परिवेश तथा सम्बन्धको सही/ठोस विश्लेषण जरुरी देखिन्छ र कवि इच्छुक यस्तो नवीन यथार्थलाई प्रस्तुत गर्न सफल देखिन्छन् । काम र मामको खोजीमा बिदेसिनुपर्ने नेपाली समाजको वास्तविकतालाई व्यक्त गर्दै आलङ्कारिक भावमा कवि यसरी पोखिन्छन् :

लाहुरे ती नेपाली युवाको नाम हो
जो विदेशमा आई अर्काकै गुलामी गर्न विवश छन्
लाहुरे ती नेपाली बुढाको नाम हो
जो आफ्नो जिन्दगी पराईको पेन्सनमा धान्न विवश छन्
लाहुरे ती नेपाली छोराको नाम हो
जो हरेक वर्ष आफ्नो देश छाडेर हिँड्न विवश छन्
लाहुरे ती नेपाली जनताको नाम हो
जो सधैँ अर्काकै स्वार्थमा लागेर मर्न विवश छन् । ('लाहुरे', *इतिहासको यस घडीमा,* पृ. १३)

उल्लिखित काव्यांशमार्फत् नेपाली समाजको गरिबी र विवशताको चित्र खिच्न कवि इच्छुक सफल देखिन्छन् । वर्गीय आधारमा कृतिको विश्लेषणका लागि कृतिभित्रको समाज पठनको विशेष महत्त्व रहेको हुन्छ । इच्छुक यस तथ्यप्रति निकै सजग र सचेत छन् । उनले अपहेलित या आर्थिक रूपले पछि परेका समूहहरूलाई चयन गरी आफ्ना कवितामार्फत् वर्गमुक्तिको आन्दोलनसँग जोड्ने अधिकतम प्रयत्न गरेका छन् । त्यसैकारणले गर्दा नै श्रमिकहरूप्रति सम्मान एवम् श्रमचेतनाले इच्छुकका कवितामा उच्च स्थान ओगट्न सकेको हो । उल्लिखित कवितांशमा श्रम गर्ने परिवेश र परिस्थिति अलग भए पनि कविले स्वदेश तथा विदेशमा रहेर भौतिक सम्पत्तिको उत्पादन कार्यमा संलग्न नेपालीहरूले भोग्नुपरेको अपमान पीडा र सङ्घर्षको जीवन्त चित्र प्रस्तुत गरेका छन् । विदेशी कारखानमा पेट पाल्न मजदूरी गरिरहेका, परदेश र पल्टनहरूमा नूनको सोझो गर्न पराई भूमिको सुरक्षार्थ राइफल बोकिरहेका तथा अर्काको स्वार्थका लागि प्राण त्याग्न विवश युवाहरूको दारूण अवस्थाको चित्रण यस कवितांशमा गरिएको व्यक्त गरिएको छ । यस्तो हुनुमा नेपाली समाजको आधार संरचनामा भएको कमजोरी नै मुख्य कारण रहेको निष्कर्ष कविको रहेको छ । अशिक्षा, गरिबी पछौटेपन र बेरोजगारी नै समाजमा हुने द्वन्द्वको मूल कारण भएकाले यसलाई वर्गीय मुक्तिसँग जोडेर कविता रचना गर्न कवि सेन सचेत

देखिन्छन् । त्यसैले, वर्गीय मुक्ति आन्दोलनका क्रममा हुने गरेका राजनीतिक दाउपेच र षड्यन्त्रजस्ता विषयहरू यिनका कवितामा निकै प्रभावकारी ढङ्गले व्यक्त भएको पाइन्छ । सूक्ष्म तरिकाले सामाजिक सिथितिको बोधविना सही तरिकाले क्रान्ति सम्पन्न गर्न सकिँदैन । नेपाली समाज र वर्गसङ्घर्षलाई निकै नजिकबाट नियालिरहेका कवि सामाजिक यथार्थको अभिव्यक्ति काव्यात्मक बान्कीमा यसरी पोखिन्छन् :

गाउँ पसेर माउ लघार्दै स्याल हाकि दाउँ घुमिरहेछ
गल्ली गल्ली रच्छ्यान चहार्दै भोटे कुकुर पुच्छर सेपिरहेछ
सन्त बनेर मलसाँप्राले गायत्री मन्त्र जपिरहेछ
शूरा बहरहरू हराइरहेछन् रित्तो गोठले दाम्ला रुँघिरहेछ
बिहान डाकेर बास्ने भाले खोर परेर थुन्निरहेछ
ए कवि ! आज कुन भाव विचारी
तिम्रो कविता निस्पन्द उँघिरहेछ ? ('कविसँग', *इतिहासको यस घडीमा,* पृ. २७)

वर्गीय आधारमा समाज पठनको विषयलाई निकै महत्त्वपूर्ण मानिन्छ । समाजका उत्पीडित वर्ग वा समुदायसँग सम्बन्धित विषयको चयन गरी त्यसलाई वर्गीय मुक्तिसँग जोडेर प्रस्तुत गर्न इच्छुक सफल देखिएका छन् । यिनले यस कवितांशमा कविहरूलाई यथार्थपरक कविता अर्थात् सामाजिक समस्याबारे लेख्न आग्रह गरेका छन् । समाजको आवश्यकता तथा गतिशील यथार्थलाई चटक्कै बिर्सेर वसन्तमा कोइली प्रतिबन्धित भएको र अन्धकारले राज गरेको समयमा मलसाँप्राले सन्त भएर गायत्री मन्त्र जपेको, स्यालले गाउँ पसेर माउ लघारिरहेको शूरा बहरहरू हराइरहेको रित्तो गोठले दाम्ला रुँघिरहेको दारूण यथार्थको प्रस्तुति यहाँ व्यक्त भएको छ । समाजकल्याण, सामाजिक उत्तरदायित्व र युगीन आवश्यकतालाई चटक्कै भुलेर कविताका नाउँमा निस्पन्द उँघिरहनु व्यर्थै हुने भाव व्यक्त कविले गरेका छन् । विकासको एक निश्चित अवस्थामा पुगेका सबै साहित्यमा कलाको सामाजिक जीवनसितको सम्बन्ध निकै प्रगाढ हुने यथार्थलाई मनन गर्दै कवि स्वयम्ले अन्य कविहरूलाई शब्द-शब्दमा जादू भरेर जनमत हासिल गर्ने कविताको रचना गर्न र अन्याय र अत्याचारका विरुद्ध सङ्घर्ष गर्न काव्यकृतिहरू सार्थक हुनुपर्ने कुरा उठाएका छन् । सामाजिक समस्याहरूको पहिचान गरी रचना गरिएको यस कवितामा व्यक्तिगत सन्तुष्टिका लागि मात्र नभई कवि साहित्यकारहरूले सामाजिक उत्तरदायित्व वहन गर्दै अगाडि बढ्नुपर्ने

विचार व्यक्त गरिएको छ । त्यसैले, कवि इच्छुकका कवितामा समाजपठन कसरी महत्त्वपूर्ण हिस्साका रूपमा आएको छ भन्ने सन्दर्भलाई निम्न कवितांशबाट अझै स्पष्ट रूपमा बुझ्न सकिन्छ :

> यो काठमाडौं
> भोकाहरूको देशमा धोकाको शहर बनेर
> विश्व छलिरहेको छ
> भित्रभित्रै खोक्रिँदै गएर
> बाहिर भने समृद्धिको आडम्बर पोतेर
> फगत आफैंलाई ठगिरहेको छ
> यो शहर त्यस्तो देवस्थल हो
> जहाँ मन्दिरहरू त छन् तर मूर्ति शून्य छ
> यो शहर त्यस्तो तीर्थस्थल हो
> जहाँ पुजारीहरू त छन् तर भक्ति शून्य छ । ('काठमाडौं', *इतिहासको यस घडीमा,* पृ. ३०)

उल्लिखित कवितांशमा धोकाधडी र आडम्बर बोकेर संसारलाई छलिरहेको मुलुकको राजधानी काठमाडौंको यथार्थलाई समग्र देशकै परिस्थितिसँग दाँजेर प्रस्तुत गरिएको छ । काठमाडौं रूपमा सहरिया आडम्बरले सुसज्जित देखिए पनि सारमा यसले सामाजिक एवम् मानवीय गुणहरूलाई नजरअन्दाज गरिरहेको यथार्थको अभिव्यक्ति यहाँ पाइन्छ । काठमाडौं फगत् एउटा सहर मात्र नभई देशकै शासन सञ्चालनको केन्द्र पनि भएकाले यहाँ हुने घटना वा लिइने निर्णयले मुलुकवासीहरूमा दूरगामी प्रभाव पार्ने भएकाले कवि यहाँका तमाम समस्याप्रति सजग र सचेत देखिन्छन् । समाज कलाकारका लागि बनेको होइन तर कलाकार समाजका लागि बनेको हो । कलाको काम मानिसको चेतनाको विकासमा सहयोग गर्नु हो, सामाजिक प्रणालीलाई उन्नत बनाउनु हो (प्लेखानोभ, २०६५, पृ.४१९) भन्ने प्लेखानोभको भनाइलाई दृष्टिगत गर्दा विचारको मूल स्रोत समाज भएको र यस कविताको जन्म पनि त्यही सामाजिक समस्याहरूबाट प्रभावित भएकाले यस कवितामा राज्यको आर्थिक प्रशासनिक नीति र कविको समाजसम्बन्धी धारणा सजीव रूपमा मुखरित भएको पाइन्छ । आर्थिक-सामाजिक समस्याको पहिचानविना वर्गीय समस्याको हल गर्न नसकिने भएकाले कविको रुचि यस विषयप्रति निकै प्रगाढ रहेको देखिन्छ । त्यसैगरी, समाजमा

वर्गीय मुक्तिसँग जोडिएको नारी समस्यालाई 'कान्छी भट्टी र देश' कवितामार्फत् कवि यसरी अभिव्यक्त गर्छन् :

भट्टीमा भात पाकिरहेछ
भात सँगसँगै कान्छीको लाज पाकिरहेछ
भट्टीमा मासु पाकिरहेछ
मासुसँगसँगै कान्छीको आँसु पाकिरहेछ
भट्टीमा रक्सी बिकिरहेछ
रक्सी सँगसँगै कान्छीको श्री बिकिरहेछ
नेपाली छोरी ऊ
हिमालकी गोरी ऊ
विदेशका कोठीमा बेचिएकी अबोध चेलीझैं
गहबाट बहका नदीहरू झारिरहिछ
कान्छी भट्टी थापिरहिछ । ('कान्छी, भट्टी र देश', *इतिहासको यस घडीमा,* पृ.३२)

उल्लिखित कवितांशमा कवि इच्छुकले नारी संवेदनालाई निकै कलात्मक भावमा व्यक्त गरेका छन् । प्रस्तुत कविता नारी र नारी जीवनको उत्पीडन  नारीका विविध भूमिका एवम् नेपाली समाजको यथार्थलाई अभिव्यक्ति दिन सफल एक सुन्दर रचना हो । यहाँ भट्टी थापेर जीविका चलाउन बाध्य कान्छीको जीवन यथार्थलाई कविले देशको पीडासँग तुलना गरेका छन् । साहित्यमा सामाजिक घटना, परिवेश र अवस्थाको यति ठूलो प्रभाव हुन्छ कि रचना हुने र नहुने कुरा पनि त्यसैबाट निर्धारित हुन्छ (सुन, सन् १९९४, पृ. १२) । ल्यु सुनको यस भनाइमा साहित्यिक लेखनलाई मानव विकास प्रक्रिया, समाज र सङ्घर्षसित निकट रूपमा जोडेर हेर्ने दृष्टिकोण पाइन्छ । ल्यु सुनले भनेजस्तै यस कवितांशमा नेपाली समाजका तिनै वास्तविक घटना र परिवेशको मार्मिक अभिव्यक्ति काव्यात्मक बान्कीमा प्रस्तुत भएको पाइन्छ । नारी उत्पीडनको समस्या खालि एउटा समूहको मात्रै समस्या नभई वर्गीय समस्या भएकाले सो समस्यालाई जोडदार रूपमा उठान गर्न कवि निकै सफल देखिएका छन् । पराइभूमिमा गएर बहादुरको जिन्दगी भोग्दै रगतपसिना चुहाएर परिवार पाल्न विवश नेपाली परिवारको पीडालाई 'आइती' कवितामार्फत् कवि यसरी व्यक्त गर्छन् :

यो पनि म भन्दिनँ
पानी दर्किरहेजस्तै तिम्रो मन धर्किरहेछ, आइती
तिमी रोइरहेकी छौ/आँसु काढिरहेकी छौ
आज तिम्रो सिउँदोको सिन्दुर पुछिएको छ
तिम्रो रहर खोसिएको छ
तिम्रो खुसी खोसिएको छ
मालीविनाको फूलबारीमा मैलोजस्तै एक्ली छौ, आइती
आज तिम्रो उमेरको बाली खोसिएको छ । ('आइती', *इतिहासको यस घडीमा* पृ. ४ )

उल्लिखित कवितांशमा गरिबीका कारण बाध्यतावश पराइ भूमिमा रगत पसिना बगाउन परदेसिएको लोग्नेका कारण आइती नामक पात्रका मनमा उत्पन्न पीडाको अभिव्यक्ति पाइन्छ । काव्यरचना सामाजिक यथार्थ र अन्तर्क्रियाको उपज हो भन्ने मर्मलाई कविले निकै कुशलतापूर्वक प्रस्तुत गरेका छन् । यहाँ आइतीलाई रहर र खुसी खोसिएको, मालीविनाको फूलबारीमा मैलोजस्तो एक्लै परेको तथा उमेरको बाली खोसिएर कठिन जीवन गुजार्न विवश पात्रका रूपमा चित्रण गरिएको छ । प्रस्तुत कविता कवि इच्छुक नेपाली समाजलाई कति गम्भीरतापूर्वक अध्ययन गर्न सक्षम छन् भन्ने एक ज्वलन्त प्रमाण पनि हो । पितृसत्तात्मक नेपाली समाजमा पुरुष र नारीका बीचको असमानताको खाडल कहालीलाग्दो छ । यस्तो असमान स्थिति कायम रहेसम्म समुन्नत समाजको निर्माण गर्न नसिकने भएकाले प्रथमतः समस्याको सही तरिकाले पहिचान हुन आवश्यक छ । तसर्थ, नारी पुरुषबीचको असमान सम्बन्धलाई चित्रण गर्दै कवि यसो भन्छन् :

सत्ते भाउजू
दाजु तपाईंलाई चरणकी दासी ठान्छन्
तपाईं उनलाई शिरको स्वामी मान्नुहुन्छ
दाजु तपाईंलाई विलासकी पुतली ठान्छन्
तपाईं उनलाई जीवनको साथी मान्नुहुन्छ
दाजु तपाईंलाई प्रताडनाकी भागी ठान्छन्
तपाईं उनलाई वन्दनाको अधिकारी मान्नुहुन्छ
र सधैँ पूज्य र आराध्यदेव सम्झेर स्वस्तीवाचन गर्दै

उनकै गोडाको जल खानुहुन्छ । ('भाउजू', *इतिहासको यस घडीमा,* पृ. ३६-३७)

लोग्नेको दासत्वको बन्धनमा जकडिएकी नारीको मनोदशालाई यहाँ निकै सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । विविध सामाजिक समस्याको पठन र वर्गमुक्तिको आवाजलाई कविताको लयात्मक बान्कीमा व्यक्त गर्न कवि इच्छुक निकै सफल देखिन्छन् । वर्गीय मुक्तिको प्रश्न समाजसँग प्रत्यक्ष रूपले जोडिएको विषय भएकाले कवितामा यसको अध्ययनका लागि इच्छुकका कवितामा सामाजिक यथार्थको चित्रण के कसरी भएको छ भनेर हेर्नु निकै सान्दर्भिक ठहरिन्छ । सामाजिक यथार्थको उद्‌बोधन गर्दै जन्मजात रूपमै कमाराकमारी प्रथाको सिकार बन्न विवश कलिला बालबालिकाहरूको भविष्यप्रति चिन्तित हुँदै कवि यसो भन्छन् :

दिनभरि ठुला र ठालुका भेंडा बाख्राका पछि पछि दगुर्दै
दिनभरि जिम्दार र  साहुका गाई भैंसी र वस्तुभाउका पछिपछि
लैनो बाच्छाले बाँझो बारी जोतेजस्तै
सकी नसकी यी आफ्ना जिन्दगीका
गह्रौं पाङ्ग्रा तान्ने गर्छन् । ('झुल्केका घाममा राता किरणहरू',*इतिहासको यस घडीमा,* पृ.२४)

उल्लिखित कवितांशमा जन्मैदेखि गरिबीको जाँतोमा पिसिएका, अभावग्रस्त जीवन बाँच्न बाध्य भएका र करैले सकिनसकी पाठशाला धाइरहेका भए पनि आफ्ना आमाबुबाजस्तै ठूलाठालू, जमिनदार साहु आदिका घरमा कमाराकमारी बन्नुपर्ने अवस्थामा हुर्किरहेका सानासाना बालबालिकाहरूको चित्रण गरिएको छ । दिनभरि ठूलाठालु र जिम्दारका गाईभैंसी र भेंडाबाख्राका पछिपछि दगुर्दै लैनो बाच्छाले बाँझो बारी जोतेजस्तै सकी नसकी आफ्नो जिन्दगी मुस्किलले घिसारिरहेका बालबालिकाको भविष्यप्रतिको चिन्ता यस कवितांशमा केन्द्रीय विषय बनेर आएको छ । आर्थिक समस्या, बालबालिकासम्बन्धी समस्या नारी समस्या जातीय उत्पीडन आदि समस्या कुनै एक समूहसम्बद्ध समस्या मात्र नभएर वर्गमुक्तिसँग प्रत्यक्ष सरोकार राख्ने विषय हुन् । नेपाली समाज विविध सामाजिक समस्याहरूमा नराम्ररी जकडिएका कारण नै यहाँ विकासले तीव्रता पाउन नसकेको हो । बालबालिकाहरूको समस्या

जस्तै जातीय छुवाछुतको समस्या कसरी नेपाली समाजको क्यान्सरजस्तै प्राणघातक बनेर रहेको छ भन्ने यथार्थको उद्घाटन गर्दै कवि यसो भन्छन् :

विलासी महलका
चौरासी व्यञ्जनहरूमा
म कहिल्यै पाकिनँ
कुलीन जिब्राहरूका
राजसी परिकारहरूभित्र
म कहिल्यै परिनँ
कसले खिच्यो यो रङ्गभेदको कालो रेखा
म जन्मजात नै
वर्णभेदको शिकार
सिम्ठारो धान । ('सिम्ठारो धान', *इतिहासको यस घडीमा,* पृ. ६९)

उल्लिखित कवितांशमा रङ, रगत र जातको विभाजक रेखा बनाएर थिचोमिचो गर्ने नेपाली समाजको पाखण्डी पद्धतिमाथि प्रहार गरिएको छ । जसरी सिम्ठारो धान आकासे पानीका भरमा विनामल उपेक्षित भएर पनि फल्छ तर विलासभोगी कुलीन जिब्राहरूका राजसी परिकारभित्र यो कहिल्यै पाक्दैन त्यसैगरी जातीय छुवाछुतको उत्पीडनमा परेको समुदायको श्रम, सीप र पसिना सम्भ्रान्तहरूका निम्ति अत्यावश्यक छ तर पनि कथित सम्भ्रान्तवर्ग उनीहरूका हातको पानीसमेत खाँदैन । त्यसैले कवि इच्छुकले रङ्गभेदको रेखा कोरेर अपहेलित र उपेक्षित बनाइएका तमाम उत्पीडित दलितहरूको दारूण अवस्थालाई सिम्ठारो धानसँग तुलना गरेका छन् । सामाजिक यथार्थको सुस्पष्ट ठम्यमाइविना वर्गसौन्दर्यको अध्ययन गर्न कठिनाइ उत्पन्न हुन्छ । हरेक ऐतिहासिक युगका धारणाहरू र त्यसका विचारहरूको व्याख्या अति सरलतापूर्वक, त्यस युगका आर्थिक जीवनावस्थाहरू र सामाजिक तथा राजनीतिक सम्बन्धहरूका आधारमा (यी सम्बन्धहरू पनि आर्थिक परिस्थितिहरूद्वारा नै निर्धारित हुन्छन्) हुने भएकाले कवि इच्छुकले यस पक्षलाई आफ्ना कृतिमा निकै महत्त्व दिएका छन् । समाजपठनको उत्कृष्ट उदाहरणका रूपमा निम्न कवितांशलाई लिन सकिन्छ :

घरी घरी देशको अस्मिता लुछिएको छ

दशगजाबाट हराइरहेका सीमास्तम्भसँगै
घरी टनकपुर दुखेर टन्किरहेको छ
राष्ट्रको महिमामण्डित गौरव खोज्दै
मेरो देशको विखण्डित राष्ट्रियताले आज
फेरि अर्को नालापानीको युद्ध पर्खिरहेको छ। (*बन्दी र चन्द्रागिरि,* पृ. ६-७)

विचारधारात्मक रूपमा साहित्यिक रचनाहरू र कलाकृतिहरू मनुष्यको मस्तिष्कमा पर्ने विभिन्न सामाजिक जीवनका प्रतिबिम्बहरूका परिणाम हुन्छन् (सिंह, २०६७, पृ. १३१) भन्ने मार्क्सवादीहरूको मान्यता रहेको छ । यस भनाइलाई आधार मान्दा उल्लिखित कवितांशमा नेपाली समाजको यथार्थपरक रूपमा प्रतिबिम्बन गरिएको देखिन्छ । देशको स्वाभिमानमाथि परेको चोट तथा देशको भूगोलमाथि भएको अतिक्रमणको चित्रण छ । देशको भूगोलमाथि विस्तारवादी अतिक्रमण र थिचोमिचो सहिनसक्नु छ भन्दै राष्ट्रिय स्वाभिमान यतिखेर अँध्यारो खोपीमा मिल्केको तथा देशको विखण्डित राष्ट्रियताले फेरि अर्को नालापानीको युद्ध पर्खिरहेको अभिव्यक्ति कविले दिएका छन् । यहाँ देशको महिमामण्डित गौरव सङ्कटमा परेको अभिव्यक्तिमार्फत् कविले लुटिएको देशको अस्मिताको खोजी गर्ने उत्तरदायित्व अब क्रान्तिकारीहरूको भएकाले एउटा भीषण सङ्घर्षको तयारीमा जुट्न आह्वान गरेका छन् । नेपाली समाजलाई निकै नजिकबाट नियाल्दै कविले चरम गरिबीका कारण एकपेट खान तथा एकसरो लाउनका लागि परदेसिनुपर्ने बाध्यतामा रहेका दीनहीन नेपाली युवाहरूको पीडालाई निम्नलिखित कवितांशमा कविले यसरी अभिव्यक्ति दिएका छन् :

प्रिय चन्द्रागिरि !
यतिखेर म
कारगिलका विकट मोर्चाहरूमा
देश सम्झँदै लडिरहेका
नेपाली युवाहरूलाई सम्झन्छु
पेट र पैसाका निम्ति
पराईको भूमिमा निरर्थक लड्नुपर्ने
तिनका अथाह पीडाहरूलाई सम्झन्छु
अर्काकै निम्ति बेखबर मर्नुपर्ने

विगतको विवशतालाई सम्झन्छु । (*बन्दी र चन्द्रागिरि,* पृ.२४)

पराइ भूमिमा निरर्थक लड्दालड्दै बेखबर मर्नुपर्ने दयनीय अवस्थालाई उल्लिखित कवितांशमा चित्रण गरिएको छ । कारगिलका विकट मोर्चाहरूमा देश सम्झिँदै लडिरहेका युवाहरूको स्मरण गर्दै कविले लोर्के बहरजस्तै तन्नेरी छोराहरूलाई पराइका हातमा बेचेर बुढेसकालमा तिनकै खैराँत खाएर बाँच्नुपर्ने वृद्ध मातापिताहरूको दुःखद् नियतिको चित्रण यहाँ गरेका छन् । प्रगतिवादी कविहरू मानिसको सामाजिक व्यवहारलाई आफ्ना काव्यकृतिमा उतार्न रुचि राख्छन् र यस्तो प्रवृत्ति इच्छुकका कवितामा पनि मुखरित भएको छ । मनुष्यको सामाजिक व्यवहार उसको उत्पादन कार्यसम्म मात्र सीमित छैन । यस कार्यका अरू पनि धेरै रूप छन् : वर्गसङ्घर्ष, राजनीतिक जीवन, वैज्ञानिक र कलात्मक कार्य आदि । तात्पर्य यो हो कि समाजभित्र मनुष्यले समाजको व्यावहारिक जीवनका सबै क्षेत्रमा भाग लिन्छ । यसप्रकार भौतिक जीवनद्वारा वस्तुहरूलाई जान्नुको अलावा मानिसले आफ्नो ज्ञानप्रक्रियामा राजनीतिक र सांस्कृतिक जीवनद्वारा विभिन्न मात्रामा विभिन्न प्रकारका मानवीय अन्तर्सबन्धहरूको जानकारी पनि प्राप्त गर्दछ । राजनीतिक र सांस्कृतिक जीवन दुवै नै भौतिक जीवनसँग घनिष्ठ रूपले सम्बन्धित छन् (प्लेखानोभ, २०६७, पृ. ४१९) । यिनीहरूमध्ये वर्गसङ्घर्षका विभिन्न रूपहरूले मानव ज्ञानको विकासमाथि विशेष रूपले गम्भीर प्रभाव पार्दछन् । वर्गीय समाजमा हरेक व्यक्ति कुनै न कुनै वर्गविशेषको सदस्यका रूपमा रहन्छ, उसका हरेक विचारमाथि विना कुनै अपवाद कुनै न कुनै वर्गको छाया परेको हुन्छ । कुनै व्यक्ति जस्तै कवि कलाकार पनि कुनै न कुनै वर्गको सदस्य भएकाले सामाजिक व्यवहारहरूको प्रभाव कवि कलाकारमाथि पनि परेकै हुन्छ र कवि इच्छुक पनि यसबाट अछुतो रहन सकेका छैनन् । त्यसैले त उनी वर्गीय सवालमा निम्नवर्गीय हितहरूको संरक्षणमा केन्द्रित भई सामाजिक उथलपुथलको चित्रण यसरी गर्छन् :

यतिखेर
कतै वनजङ्गल र बगरहरूमा
क्षतविक्षत पारी
फालिएकै छन् तिमीजस्तै नारीका वीभत्स लासहरू
यतिखेर
कतै घर, गोठ र आँगनहरूमा

पिता, पुत्र र पतिहरूकै अघि
लुटिएकै छन् नारी अस्मिताहरू
र त आज भनिरहेछ युगले
सधैं सधैं आँसुका सागर बगाउने
पीडाका महासागर होइनन् नारीहरू । (*बन्दी र चन्द्रागिरि,* पृ.३६)

तत्कालीन समयमा मुलुकमा चलेको जनयुद्धका क्रममा राज्यसत्ताको चरम दमन, यातना र आतङ्कको चित्रण गरिएको यस कवितांशमा कतै गोठ, घर र आँगनहरूमा पिता, पुत्र र पतिहरूकै अघि नारी अस्मिता लुटिएको दारुण अवस्थालाई देखाइएको छ । नारीहरूले आँसुको सागर बगाएर अत्याचारीहरूले गरेको क्रूरताको बदला लिन नसकिने बरु लडेर मात्र न्याय पाइने युगीन आवश्यकतातर्फ कविले यस कवितांशमार्फत सचेत तुल्याएका छन् । त्यसैगरी, मुलुकमा चलेको जनविद्रोह दबाउन राज्यले गरेको दमन, यातना र आतङ्क तथा त्यसले समाजमा पारेको प्रभावलाई कवि यसरी अभिव्यक्ति दिन्छन् :

प्रिय चन्द्रागिरि !
कुनै भयानक दुःस्वप्नजस्तो
घरी घरी आँखाभरि
भयावह चित्र बनेर
नाचिरहन्छ अनेककोट
मलाई पुकारिहरहन्छ अनेककोट
सुन्दर सुकुमार सजीव भावहरूको
स्वर्णिम सपना जलिरहेछ
मातृभूमिको कोमल छातीबाट
भलभली रक्तसिन्धु बगिरहेछ । (*बन्दी र चन्द्रागिरि,* पृ.३९)

उल्लिखित कवितांशमा रुकुमको अनेककोटमा राज्यले गरेको क्रूर दमन र यातनाको जीवन्त तस्बिर उतारिएको छ । कुनै भयानक दुःस्वप्नजस्तो घरीघरी भयावह चित्र बनेर कविका आँखामा नाचिरहेको अनेककोटले कविलाई पुकारा गरिरहेझैं लाग्छ । अनेककोट जल्दा सुन्दर, सुकुमार तथा सजीव भावहरूको स्वर्णिम सपना जलिरहेको तथा मातृभूमिकै कोमल छातीबाट भलभली रक्तसिन्धु बगिरहेको अभिव्यक्ति यहाँ पाइन्छ । कवि इच्छुक

सामाजिक उन्नति तथा रूपान्तरणका पक्षमा वकालत गर्ने प्रगतिवादी कवि हुन् । समाजमा भइरहेका राजनीतिक उथलपुथलबाट मानिस अछुतो रहन नसकेझैं कवि पनि यसबाट टाढिएर रहन सकेका छैनन् । मानिस विश्रामका लागि बनेको होइन तर विश्राम मानिसका लागि बनेको हो, समाज कलाकारका लागि बनेको होइन, कलाकार समाजका लागि बनेको हो । कलाको काम मानिसको चेतनाको विकासमा सहयोग गर्नु हो सामाजिक प्रणालीलाई उन्नत बनाउनु हो (प्लेखानोभ, २०६७, पृ.४२०) । सामाजिक दायित्वबोधसहित काव्यात्मक अभिव्यक्ति दिने कवि इच्छुक प्लेखानोभले भनेजस्तै समाज कलाकारका लागि नभई कलाकार समाजका लागि बनेको हो र कलाको काम मानिसको चेतना अभिवृद्धिमा निर्णायक भूमिका निर्वाह गर्दै सामाजिक प्रणालीलाई उन्नत बनाउनु हो भन्ने विचारप्रति प्रतिबद्ध विचारक हुन् । त्यसैले, इच्छुकका कवितामा वर्गसौन्दर्यको विश्लेषण गर्नका लागि उनका रचनामा व्यक्त सामाजिक विषयको अध्ययन गर्नु निकै सान्दर्भिक ठहरिन्छ ।

समाजका उत्पीडित एवम् अपहेलित वर्गको पहिचान गरी त्यस्ता वर्ग एवम् समूहलाई वर्गीय मुक्ति आन्दोलनमा सहभागी गराउन इच्छुकले राजनीतिक तथा सृजनात्मक रूपमा निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । मानिसहरू आफ्नो जीवनको सामाजिक उत्पादनमा मानिसहरूका बीचमा आफ्नो निश्चित सम्बन्धहरू कायम हुन्छन् जुन अपरिहार्य छन् र उनीहरूको इच्छाबाट स्वतन्त्र छन् । यी उत्पादन सम्बन्धहरू उनीहरूका भौतिक भौतिक उत्पादन भौतिक उत्पादक शक्तिहरूको निश्चित चरणको अनुरूप रहन्छन् (मार्क्स, सन् १९८१, पृ.२२८) । स्वतन्त्र सामाजिक विकासको इतिहास भौतिक मूल्यको उत्पादन गर्ने मानिसहरूको पनि इतिहास हो किनभने उनीहरू उत्पादनका क्रममा मुख्य शक्ति हुन् र उनीहरूले समाजको अस्तित्वका लागि आवश्यक भौतिक मूल्यको उत्पादन जारी राख्छन् । समाजको जस्तो किसिमको उत्पादन पद्धति हुन्छ, मुख्यतः समाज, उसका विचार र सिद्धान्तहरू पनि दुरुस्तै हुन्छन् । तसर्थ, सामाजिक इतिहासका नियमको सूत्र मानव मस्तिष्क या समाजका धारणामा प्राप्त हुने नभई निश्चित ऐतिहासिक युगमा प्रचलित समाजको उत्पादन पद्धतिमा उपलब्ध हुन्छ भन्ने मार्क्सवादी सौन्दर्यशास्त्रीहरूको अभिमत रहेको छ । त्यसैले, इच्छुकले पनि आफ्ना कवितामा समाजमा व्याप्त विभिन्न किसिमका शोषण, उत्पीडन तथा सामाजिक समस्याहरूको भण्डाफोर गर्दै त्यसबाट मुक्तिको चाहना प्रकट गरेका छन् । स्रष्टाको यस्तो प्रवृत्तिले सामाजिक अन्तर्क्रियालाई सूक्ष्म बनाउने

मात्र नभई वर्गीय आन्दोलनलाई उचाइमा पु-याउन पनि सहयोग गर्दछ । समाजमा देखापर्ने विसङ्गति र त्यसको सामाजिक प्रभाव यिनका कवितामा यसरी मुखरित भएको छ :

मेच उही हो पर्दा फेरिएको छ
नाटक उही हो दृश्य फेरिएको छ
नायक उही हो अभिनय फेरिएको छ
गीत उही हो भाका फेरिएको छ
डमडम बाजाहरूको विषालु धुनमा
ताण्डव नृत्यको एकछिन ताल फेरियो भन्दैमा
तिमी ठान्छौ पुरानो नौटङ्की पटाक्षेप भयो ।('माछो माछो भ्यागुतो', *इच्छुक रचनावली भाग-२,* पृ. १०७)

उल्लिखित कवितांशमा कविले नेपाली राजनीतिमा देखापरेका विकृति विसङ्गतिलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । यहाँ मेच उही भए पनि पर्दा फेरिएको, नाटक उही भए पनि अभिनय फेरिएको, गीत उही भए पनि भाका फेरिएको, डमडम बाजाहरूको विषालु धुन र ताल उही भए पनि ताण्डव नृत्यको ताल मात्रै फेरिएको भन्दै कविले नेपाली समाजको यथार्थलाई रोचक पाराले प्रस्तुत गरेका छन् । नेपाली राजनीतिक इतिहासमा व्यवस्था परिवर्तनका लागि जनताले निकै ठुल्ठुला आन्दोलन गरेका भए पनि जीवनस्तरमा खासै भिन्नता नआउनुमा जनता नभई राज्यसञ्चालन गर्ने पात्र र तिनको प्रवृत्ति नै दोषी रहेको वास्तविकतातर्फ कविले सङ्केत गरेका छन् । विभेदयुक्त नेपाली समाजमा यसका विभिन्न रूप र आयामहरू विद्यमान छन् । तर, अनेकौं विषमताहरूका बीच पनि सङ्घर्षको अग्र मोर्चामा नेपाली समाज सक्रियतापूर्वक सहभागी भएकै छ । नेपाली समाजमा चलेको आँधी तुफानजस्तो सङ्घर्ष र त्यसको असरलाई नजिकबाट नियालिरहेका कवि काव्यात्मक अभिव्यक्तिमार्फत् यसो भन्छन् :

आधा दशक धेरै हन्डर खायो गाउँले
आधा दशक
धेरै आँधी, हुरी र तुफानहरू झेल्यो गाउँले
टिन ठटाएर धपाइएका
बाली मास्ने बाँदरहरूजस्तै

भागेर गएका छन्
दुश्मनहरू गाउँबाट अहिले
उठिबास लागेका गाउँलेहरू
फेरि गाउँमा फर्केका छन् । ('एउटा गाउँलेको डायरी', *इच्छुक रचनावली भाग-२,* पृ.१२४)

नेपाली समाजमा विद्यमान सबै किसिमका शोषणबाट मुक्तिका लागि विभिन्न कालखण्डमाचलेका आन्दोलन र त्यसलाई दबाउन राज्यसत्ताले गरेको दमन एवम् आतङ्कबाट सृजित समस्यालाई कविले यहाँ प्रस्तुत गरेका छन् । यहाँ धेरै आँधीहुरी र तुफानका बाबजुद क्रान्तिको आधार इलाकाका रूपमा परिचित गाउँहरूले शोषक सामन्तहरूलाई बाली मास्ने बाँदररूलाई किसानहरूले टिन ठटाएर लखेटेझैं लखेट्न सफल भएकाले नै उठिबास लागेका गाउँलेहरू पुनः गाउँ फर्किन सफल भएको विषयलाई उद्घाटन गरिएको छ । समाजमा हुने जुनसुकै समस्याको असर सबैभन्दा पहिले गाउँमा देखिने भएकाले त्यसबाट बच्न क्रान्तिकारीहरूले समयमै उचित तयारीका साथ अगाडि बढ्नुपर्ने सङ्केत कविले उल्लिखित कवितांशमा सङ्केत गरेका छन् । त्यसैगरी, राजनीतिक, आर्थिक तथा सामाजिक समस्यामा जकडिएको नेपाली समाजमा जातीय विभेदबाट सृजित समस्यालाई सम्बोधन गर्दै कवि यस्तो अभिव्यक्ति दिन्छन् :

तिमी सधैं पूज्य
मेरो मालिक
तिम्रो नजरमा म सधैं नीच ठहरें
तिम्रा लागि घन ठोकें मैले
तिम्रा लागि सिनो बोकें
तिम्रा लागि चर्पी सोहोरें मैले
मानिसलाई जातपात र वर्गहरूमा बाँडेर
मेरो भागमा तिमीले जे जे तोक्यौ
मेरो मालिक
तिम्रो निर्देशमा विवशताले
हर तुच्छ काम रोजें मैले । ('अस्वीकार', *इच्छुक रचनावली भाग-२,* पृ.१५४)

निम्नवर्गीय सौन्दर्यको प्रकटीकरण गरिएको उल्लिखित कवितांशमा श्रमजीवी वर्गमाथि शोषकवर्गले गर्ने उत्पीडनको जीवन्त तस्बिर उतारिएको छ । नेपाली समाजमा आफूलाई सधैं पूज्य र मालिक तथा उत्पीडित वर्गलाई नीच ठान्ने शोषक सामन्तहरूको कुप्रवृत्तिमाथि कविले प्रहार गरेका छन् । नेपाली समाजमा कथित उपल्लो जातका भनिने मानिसहरूले जातीय विभेद खडा गरी गरिब निमुखाहरूलाई शोषण गर्ने गरेको यथार्थलाई कविले निकै सरल तरिकाले प्रस्तुत गरेका छन् । मानिसलाई जातपात र वर्गहरूमा विभाजन गरेर दलितहरूलाई कहिले सिनो बोक्न लगाउने, कहिले चर्पी सोहोर्न लगाउने कार्यमा शोषक सामन्तहरूको प्रमुख भूमिका रहेको यथार्थ यहाँ अभिव्यक्त भएको छ । अशिक्षा, गरिबी र बेरोजगारीले आक्रान्त नेपाली समाजका विभिन्न कालखण्डमा शोषक सामन्तहरूले उत्पीडितहरूका भागमा जे जे तोके पनि विवशतापूर्वक उनीहरूले त्यसलाई स्वीकार गरेको तर सधैंभरि अत्याचारको पैतालामुनि दबिएर रहन नसक्ने दलित तथा श्रमजीवीवर्गको अस्वीकृति यहाँ प्रकट भएको देखाइएको छ । शोषक सामन्तवर्गले निम्नवर्गमाथि गरेको अत्याचारविरुद्ध निम्नवर्ग प्रतिरोधमा उत्रिएको अवस्थालाई कविले सौन्दर्यमय ढङ्गले व्यक्त गरेका छन् । कवि स्वयम् पनि विद्यमान समाजकै एक जिम्मेवार सदस्य भएका कारण उनी सामाजिक समस्याबाट निरपेक्ष रहन सक्दैनन् । त्यसैले, कवि इच्छुक नेपाली समाजमा विद्यमान समस्याप्रति निकै जागरुक रहँदै काव्यात्मक अभिव्यक्ति दिन सक्षम देखिन्छन् :

> यो कोशी तटबन्ध
> असमान सन्धिको रक्षाकवच पैरेर
> जन्माइरहेछ मुलुकभित्र
> नौलो उपनिवेशजस्तै
> नौलो विस्थापित मुलुक
> बत्तीमुनिको अँध्यारोजस्तै
> जहाँ पानी छ सिँचाइ छैन
> बाढी छ, बिजुली छैन
> बस्ती छ, विकास छैन
> जमिन छ, लालपूर्जा छैन
> वनको आरक्ष छ तर
> जनधनको सुरक्षा छैन । ('कोशी टप्पु', *इच्छुक रचनावली भाग-२*, पृ. १६७)

भौतिक रूपमा मुलुक स्वाधीन र स्वतन्त्र देखिए पनि कहिले यो कोशी सम्झौता बनेर त कहिले गण्डक सम्झौता बनेर नेपाली जनताका हृदयमा बिझाइरहेको मार्मिक अभिव्यक्ति यहाँ कविले दिएका छन् । सत्तासीनहरूको राजनीतिक दाउपेचका कारण मुलुक उपनिवेशवादको सिकार बन्दै गएको निष्कर्ष कविको छ । असमान सन्धिको रक्षाकवच भिरेर समुन्नत राष्ट्र निर्माण गर्न मुस्किल मात्रै नभई असम्भव नै छ । अथाह प्राकृतिक स्रोतले सम्पन्न भएर पनि मुलुक बत्तीमुनिको अँध्यारोजस्तै अवस्थामा रहेको यथार्थ यहाँ अभिव्यक्त भएको छ । पानी भएर पनि सिँचाइको व्यवस्था, बिजुली र विकास नहुँदा जनताले दुर्भाग्यपूर्ण नियति बेहोर्नुपरेको यथार्थले यहाँ कविलाई निकै नै चिमोटिरहेको देखिन्छ । कवि इच्छुक देशमा व्याप्त अशिक्षा, गरिबी र बेरोजगारीका कारण उत्पन्न समस्याबाट आहत बन्दै यस्तो अभिव्यक्ति दिन्छन् :

मभन्दा बढ्ता मेरो देश रोगी छ
म पीडाग्रस्त छु
मभन्दा मेरो देश पीडाग्रस्त छ
यो बेला देशै निरोगी नभई
व्यक्ति स्वस्थ र तन्दुरुस्त हुनुको
कुनै अर्थ हुँदैन । ('रोगी देश', *इच्छुक रचनावली भाग-२,* पृ.१८३)

सम्पूर्ण यथार्थवादी कला जनतासँग घनिष्ठ रूपमा गाँसिएको हुन्छ भन्ने मार्क्सवादी सौन्दर्यशास्त्रीहरूको तर्कप्रति कवि इच्छुक सहमत देखिन्छन् । देशको अवस्था बिग्रिँदै गए व्यक्ति स्वस्थ र तन्दुरुस्त हुनुको कुनै अर्थ नहुने तर्क कविको छ । ऐय्या र आत्था गर्दै अस्पतालको शैय्यामा कवि मात्रै नभई सिङ्गो देश नै दु:साध्य रोगले थला परिरहेको छ भन्दै देश समस्यारूपी गम्भीर रोगबाट मुक्त नभइन्जेल आफूले चैनको सास फेर्न नसक्ने अभिव्यक्ति कविले दिएका छन् । यहाँ कविले देश समुन्नत र सबै प्रकारका शोषणबाट मुक्त भएको देख्न चाहेका छन् र त्यस्तो अवस्था ल्याउन गरिने हरेक त्याग, बलिदान र सङ्घर्षलाई सौन्दर्यका रूपमा स्वीकार गरेका छन् । कुनै पनि समाजमा देखापर्ने परिवर्तन, परिस्थिति र विकासको ऐतिहासिक प्रक्रियालाई हेर्ने सौन्दर्यको कुनै निरपेक्ष मानदण्ड हुँदैन बरु परिस्थितिमा निर्भर हुन्छ भन्ने यथार्थप्रति कवि इच्छुक निकै सचेत छन् । सौन्दर्यसम्बन्धी मानिसका धारणाहरू नि:सन्देह ऐतिहासिक विकासको प्रक्रियामा बदलिन्छन् (प्लेखानोभ, २०६७, पृ.४७२) । प्लेखानोभले भनेजस्तै कवि इच्छुकका सौन्दर्यसम्बन्धी धारणा

पनि नेपाली समाजमा चलेको क्रान्ति र यसको विकास प्रक्रियामा अझै अग्रगामी, अझै विद्रोही र अझै रूपान्तरणकारी प्रवृत्तितिर प्रवृत्त भएको देखिन्छ ।

### ३.४.५ इच्छुकका कवितामा चिन्तनगत वर्गबद्धता

कुनै पनि कवि वा साहित्यकारको समग्र मूल्याङ्कनको एउटा प्रमुख आधार उसको व्यक्तित्व र कृतित्वका बीचमा पाइने एकरूपता हो । यसरी हेर्दा इच्छुकको समग्र जीवन र रचनामा भनाइ र गराइ अर्थात् शब्द र कर्मका बीच निकै सजीव ढङ्गको एकत्व पाइन्छ । यसो हुनुको एउटा प्रमुख कारण उहाँ भौतिक र वैचारिक दुवै अर्थमा सच्चा सर्वहारा हुनु हो (चैतन्य, २०६५, पृ.१५२) । त्यसैले, इच्छुकका कवितामा विचारको प्रधानता भएकाले उनका कविताको वस्तु चयन र विचारको प्रस्तुतिमा देखिएको वैचारिक अभिव्यक्ति र कलाको समन्यव उल्लेखनीय छ । इच्छुकका कविता विचारप्रधान हुँदाहुँदै पनि कलात्मक बान्कीसहित व्यक्त हुनु उनका कविताको मूलभूत विशेषता हो । यसरी वर्गसङ्घर्षको मुख्य चिनारी राजनीति भए पनि इच्छुकका कविताहरू काव्यात्मक सौन्दर्यले ओतप्रोत भएर यसरी अभिव्यक्त भएका छन् :

निर्जन बनको एक्लो साँझजस्तै
तिमीविनाका
यी उदास उदास रिक्तताहरू पनि
तिम्रै महान् बलिदानको सचेत अभिमानले
समयका अखण्ड उल्लासहरूमा भरिँदै जानेछन् । (*इच्छुक रचनावली भाग-१,*
पृ.८२)

उपर्युक्त कवितांशमा कवि इच्छुकले शहीद मित्रमणिविनाका रिक्त पलहरूलाई निर्जन वनको एक्लो साँझसँग तुलना गरेका छन् । निर्जन र अनकन्टार वनमा दिनहुँ फेरि घाम झुल्किएर उज्यालो भएजस्तै उदास उदास रिक्तताहरू पनि महान् बलिदानको सचेत अभिमानले समयका अखण्ड उल्लासहरूमा भरिँदै जाने चिन्तनमय एवम् वर्गबद्ध अभिव्यक्ति यस काव्यांशमा व्यक्त भएको छ । विचारको प्रधानता नै प्रगतिवादी कवितालाई पहिचान गर्ने कसी हो भन्ने सौन्दर्य चिन्तकहरूको भनाइलाई आधार मानेर हेर्दा उल्लिखित कवितांशमा मानव जीवन या समाज विकासको कुनै क्षणमा उराठ उराठ शून्यताहरू पनि क्रान्तिकारी वीर योद्धाहरूका सुन्दर आह्वानले जीवनका अक्षय आल्हादहरूमा फेरिँदै जाने र

तरल पीडा र अन्तरवेदनाहरू पनि आकाशको नीलो पछ्यौरीको सप्काले कालो मेघलाई पुछेर लगेझैं पुछिँदै जाने अटल विश्वास व्यक्त भएको छ । प्रस्तुत विषय जति चिन्तनमूलक छ सोही स्तरमा वर्गबद्ध पनि रहेको कुरा उल्लिखित काव्यांशबाट पुष्टि हुन्छ । क्रान्तिमा सहभागी एउटा स्रष्टाका लागि विचार र कर्मबीच सन्तुलन कायम गर्दै अघि बढ्नु निकै चुनौतीपूर्ण विषय भए पनि इच्छुकले यसको परिपालना निकै प्रभावकारी तरिकाले गरेको देखिन्छ । विचारको प्रधानता हुँदाहुँदै पनि सौन्दर्यमय बन्नु र काव्यात्मकतालाई आत्मसात् गर्नु यिनका कविताको विशिष्ट प्राप्ति हो । यसरी वर्गसङ्घर्षको विशिष्टता राजनीतिप्रधान भएर पनि काव्यात्मक सौन्दर्य लिएर यिनका कवितामा यसरी अभिव्यक्त भएको छ :

> झुल्के घामको चहकिलो किरणमा पनि
> तिम्रो पसिनाको निर्मल रङ छ
> गुलाफको सुकोमल पुष्पमा पनि
> तिम्रै पसिनाको मीठो सुगन्ध छ
> संसार बनाउने ज्यामीहरू हो
> तिम्रा ठेला परेका हत्केलाका रेखाहरू बोलून् नबोलून्
> म साँचो साँचो बोल्छु
> संसारमा सबैभन्दा ठूलो पसिना हुन्छ । ('तिमी र तिम्रो पसिना', *इतिहासको यस घडीमा,* पृ.१८)

प्रस्तुत कवितांशमा राजनीतिक रूपान्तरण र क्रान्तिमा श्रमजीवीवर्ग एवम् यसको भूमिकाका बारेमा चर्चा गरिएको छ । शोषक सामन्तवर्गले श्रमजीवी वर्गमाथि गर्ने शोषण अर्थ राजनीतिक विषय भए पनि कविले यसलाई निकै सौन्दर्यमय तरिकाले वर्णन गरेका छन् । झुल्के घामको किरणमा पनि श्रमजीवी वर्गको पसिनाको रङ निर्मल रहेको गुलाफको सुकोमल पुष्पमा पनि पसिनाकै मीठो सुगन्ध रहेको तथा संसार बनाउने ज्यामीहरूका ठेला उठेका हत्केलाका रेखाहरू बोले पनि नबोले भने संसारमा सबैभन्दा ठूलो पसिना हुन्छ भन्ने यथार्थप्रति सचेत र इमानदार रहँदै कविता रचना गर्छु भन्ने कविको भनाइ जति चिन्तनमूलक छ त्यति नै वर्गबद्ध पनि रहेको छ । कला साहित्यको मापदण्ड राजनीति र कलामा तहमा व्यक्त भए पनि सौन्दर्यविनाको साहित्यिक अभिव्यक्ति अधुरै रहन्छ । वर्गमुक्तिको विषय राजनीतिक भए पनि कवितात्मक सौन्दर्यसहित विचारको अभिव्यक्ति पाइनु इच्छुकका कविताको मात्रै नभएर समग्र नेपाली कविताकै लागि पनि नवीन उपलब्धि

हो । यिनका कवितामा प्रगतिवादी विचार र चिन्तनको प्रधानता हुँदाहुँदै पनि काव्यसौन्दर्यको प्रकटीकरण कसरी भएको छ भनेर बुझ्नका लागि निम्न काव्यांशलाई लिन सकिन्छ :

आधा आकाश ढाकेर
सिङ्गो संसार मुक्त पार्ने साझा ध्येयमा
सामेल भएका काञ्जिरोवाका छोरीहरू जस्तै
पल प्रतिपल छुराको सङ्गीन धारमा टेकेर
अविचल निष्ठाहरूका साथ
युग निर्माणको कष्टसाध्य पथमा
अविराम फुलिरहेका नूतन मञ्जरीहरू जस्तै
मलाई तिमी पनि
महासमरकी महायात्री हौ झैं लाग्छ (*बन्दी र चन्द्रागिरि,* पृ.३५)

उल्लिखित कवितांशमा वर्गीय मुक्तिका लागि आफ्नो इज्जतसमेत दाउमा राखेर 'रातो झन्डा' अर्थात् परिवर्तगामी विचारको रक्षा गर्ने आधा आकाश ढाकेर सिङ्गो संसार मुक्त पार्ने ध्येयमा सामेल भएका चेलीहरूका महानता त्याग र बलिदानको खुलेर प्रशंसा गरिएको छ । प्रकृतिको मानवीकरण गरेर रचिएको यस काव्यमा उत्पीडित वर्गका समस्याप्रति सचेत र चिन्तनशील बन्दै कविलेकाञ्जीरोवाका छोरीहरूजस्तै पल प्रतिपल छुराको सङ्गीन धारमा टेकेर अविचल निष्ठाहरूका साथ युग निर्माणको कष्टसाध्य पथमा अविराम फुलिरहेका नूतन मञ्जरीहरूजस्तै चन्द्रागिरिलाई पनि महासमरको महायात्री ठानेका छन् । वैचारिक दृष्टिले मार्क्सवाद, लेनिनवाद र माओवादप्रति पूर्ण झुकाव राख्ने कवि इच्छुक श्रमिक तथा उत्पीडित वर्ग र जनसमुदायका दुःख कष्टप्रति निकै चिन्तनशील देखिन्छन् । त्यसैले, यिनका कवितामा अभिव्यक्त वर्गसौन्दर्यको अध्ययनका लागि चिन्तनगत वर्गबद्धताबारे गहन रूपमा विश्लेषण गर्नु उपयुक्त नै देखिन्छ । लेनिनले भनेझैं यदि कला-साहित्य क्रान्तिका मेसिनका पेच र दाँती हुन् भने कवि कलाकारको विचार र व्यवहारबीचको सामञ्जस्यपूर्ण अभिव्यक्तिले मुक्ति आन्दोलनलाई अझै प्रभावकारी, तीव्र र गतिशील बनाउन मद्दत पु-याउँछ । कवि इच्छुक आफ्नो सृजनात्मक कार्यलाई पार्टी जनता र क्रान्तिप्रति समर्पित गर्ने सशक्त प्रतिभा हुन् । यसरी हेर्दा यिनका कवितामा व्यक्त विषय जति चिन्तनमूलक छ त्यति नै वर्गबद्ध पनि रहेको देखिन्छ ।

### ३.४.६ इच्छुकका कवितामा प्रतिबद्धता र वर्गबोध

प्रतिबद्धता र वर्गबोध इच्छुकका कविताको विशिष्ट पक्ष हो । मार्क्सवादी दृष्टिकोणबाट हेर्दा जुन चिजको सर्वव्यापी सान्दर्भिकता छ त्यो प्रतिबद्ध हुन्छ (जिस, १९८५, पृ. २८७) । यसअन्तर्गत वर्गीय, राजनीतिक र साङ्गठनिक प्रतिबद्धता पर्दछन् । राजनीतिक तथा विचारधारात्मक प्रतिबद्धतासहितको लेखन नै साँचो अर्थमा प्रतिबद्ध लेखन हो भन्ने कुरा इच्छुकका कविताको अध्ययनबाट स्पष्ट हुन्छ । यस्तै सामाजिक वर्गबोध र क्रान्तिप्रतिको दृढ प्रतिबद्धता 'शोकाञ्जली' काव्यमा शब्दसौन्दर्यमार्फत यसरी प्रस्तुत भएको छ :

जरुर
म रुँदै जानेछु
मेरो आँसु रगतमा बिर्त्रिँदै जानेछ
म रुँदै जानेछु
मेरो शोक शक्तिमा फेरिँदै जानेछ
म रुँदै जानेछु मेरो पीडा प्रतिशोधमा बदलिँदै जानेछ
मनको आवेग हो समुद्रमा उठ्ने ज्वारभाटाजस्तै
यो व्यथित मन सहज र शान्त बनेपछि
चित्तको सारा मैलो पनि धोएर लानेछ । (*इच्छुक रचनावली भाग-१*, पृ.७१)

प्रस्तुत काव्यांशमा कविको शोकाकूल अवस्थाको सरल र मार्मिक चित्रण छ । काव्यांशका अनुसार कवि रोएको देखेर बैरीहरूले ठानून् कि उनको जीवन सेलाने पानी झैं तप्पतप्प चुहुनका लागि मात्र हो, केवल रहमा डुब्नका लागि मात्र हो । यसरी वर्गशत्रुहरू केही क्षण खुसी भए पनि केही क्षण झुक्किए पनि आँसु रगतमा बिर्त्रिँदै जाने, शोक शक्तिमा बदलिँदै जाने, पीडा प्रतिशोधमा बदलिँदै जाने तथा समुद्रमा उठ्ने ज्वारभाटाले फोहोरलाई पखालेर लगेजस्तै कविको व्यथित मन सहज र शान्त बनेपछि चित्तको सारा मैलो पनि आँसुले धोएर लैजाने कुरामा कवि विश्वस्त छन् । शोकाकूल घडीमा पनि प्रतिकूलतालाई अनुकूलतामा, शोकलाई शक्तिमा तथा पीडालाई प्रतिशोधमा बदल्दै समाजका सारा मयलहरूलाई पखालेरै छोड्ने विचार कविभित्र आउनुमा उनीभित्र भएको गहिरो राजनीतिक, साङ्गठनिक तथा वैचारिक प्रतिबद्धता नै प्रमुख कारण हो भन्ने कुरा स्वतः स्पष्ट हुन आउँछ । प्रगतिवादी लेखन वर्ग पक्षधरतासहितको प्रतिबद्ध लेखन हो । त्यो पक्षधरता र

प्रतिबद्धता चिन्तन, सिर्जन र कर्मको स्वरूपबाट अभिव्यक्त हुन्छ भन्ने वैचारिक मान्यतामा दृढ विश्वास राख्ने कवि इच्छुकको साङ्गठनिक, वैचारिक तथा राजनीतिक प्रतिबद्धता निम्न कवितांशमा यसरी पोखिएको छ :

बर्मझिया, तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकूट भएको छ
तिम्रो सम्मानमा गौरवले झुकेर उठ्दै
सारा देश नै अरिंगालको गोलो झैं एकजुट भएको छ । ('बर्मझिया', *इतिहासको यस घडीमा,* पृ.४८)

प्रस्तुत कविता वर्गयुद्धमा सहादतप्रप्तसहिद क. रामवृक्ष यादवको सम्झनामा रचिएको प्रतिरोध चेतनाले सुसज्जित सुन्दर रचना हो । रामवृक्ष यादवले अन्तिम श्वास लिएको बर्मझिया धनुषा जिल्लाको कमला नदीदेखि पश्चिम किनारमा अवस्थित एउटा सुन्दर गाउँ हो । यस कवितामा कविले बैरीले क्रान्तिकारीहरूको भौतिक शरीरलाई गोली हानेर हत्या गरे पनि उनीहरूको विचार र सङ्घर्ष भने कहिल्यै नमर्ने भाव व्यक्त गरेका छन् । एउटा जनयोद्धालाई हत्या गरेर मुक्तियुद्ध रोक्न खोज्ने जल्लादहरूको मृगतृष्णा कहिल्यै पूरा नहुने बरु मातृभूमिका महान् सन्ततिहरूको मृत्युञ्जयी बलिदानले अभिभूत भएर सिङ्गो राष्ट्र नै जुलुसमा परिणत भई बैरीका विरुद्ध कालकूट विष बनेर प्रस्तुत हुने भाव यहाँ प्रस्तुत भएको छ । मानसपटलमा वर्गीय प्रतिबिम्ब उतार्दै कविले मास्टरसाहेबलाई मारेर जनपाठशाला बन्द हुने तथा मुक्ति युद्ध रोकिने दुःस्वप्नमा नरम्न प्रतिगामीहरूलाई चेतावनी समेत दिएका छन् । त्यसैगरी क्रान्तिमा सहादतप्राप्त सन्तानको शोकमा डुबेकी आमाको प्रतिरोधी चेतना निम्न हरफमा यसरी मुखरित भएको छ :

छोराहरूको पीरले बेसुर भएर
म अब आफूलाई अशक्त र असहाय ठान्दिनँ
मेरो शपथपत्रजस्तो मुजेत्रोलाई
छोराको काँचो रगतमा मुछेर
वर्गबैरीहरूसित साटो नफेरेसम्म
शिरमा संकल्पको कात्रो बाँधेर दाह्रा किटिरहेकी

म त उग्रचण्डी हुँ। ('पुर्खे सुनारकी आमा', *इतिहासको यस घडीमा,* पृ.५९-६०)

वर्गयुद्धमा सहादतप्राप्त सन्तानको अगाध ममतामा पग्लिएर पनि घाइते बघिनी झैं प्रतिरोध र प्रतिबद्धतायुक्त चेतना भएकी पुर्खे सुनारकी आमा बिर्खु सुनार्नीको अवस्थालाई कविले यस कवितांशमा चित्रण गरेका छन् । एकलास रानीबनमा एक्लै घेरामा पारेर मारिने निरपराध पुर्खे सुनारको शोकमा पनि बदलाको अग्निमा दनदनी बलिरहेकी बिर्खु सुनार्नीमा उत्पन्न वर्गबोधी चेतना नै यस कविताको केन्द्रीय भाव बनेर आएको छ । कवितामा बिर्खु सुनार्नीको प्रतिशोधको हुङ्कार छ (रानाभाट, २०६५, पृ.८७) । आफ्नो सेतो मजेत्रो छोराको काँचो रगतमा मुछेर बदला लिन मुट्ठी कसेकी बिर्खु सुनार्नी सारा नेपाली आमाहरूकी प्रतीक बनेर आएकी छन् । यस कवितामा प्रस्तुत भएकी बिर्खु सुनार्नी शोकमा आँसुको पोखरीमा डुब्दिनन् बरु छोराको हत्यामा पनि इस्पात बनेर बैरीहरूमाथि उग्र रणचण्डी बनेर बैरीहरूमाथि जाईलाग्ने अठोट र प्रतिबद्धता व्यक्त गर्छिन् । बिर्खु सुनार्नीले शिरमा सङ्कल्पको कात्रो बाँधेर वर्गदुस्मनसँग जुध्ने जुन अठोट गरेकी छन् त्यसमा कवि इच्छुकको लेखकीय प्रतिबद्धता नै प्रमुख कारण हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । त्यसैगरी, प्रतिबद्धताको उत्कृष्ट उदाहरणका रूपमा निम्न कवितांशलाई लिन सकिन्छ :

ओ शासक/प्रशासकहरू !
अस्वीकार्य छ हामीलाई
तिम्रा निरङ्कुश आदेशहरू
तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
तिमी जतिसुकै जुलुम र उत्पीडनहरू सुरु गर
सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र, सत्यलाई कैद गर
तर ओ तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौँ । ('प्रतिबन्ध', *इतिहासको यस घडीमा,* पृ.७४)

वैचारिक प्रतिबद्धताको उत्कृष्ट दृष्टान्त रहेको प्रस्तुत कविता *इतिहासको यस घडीमा* कविता सङ्ग्रहमा सङ्गृहीत अन्तिम रचना हो । प्रस्तुत कवितांशमा जनयुद्धद्वारा उद्घाटित नवीन यथार्थलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यहाँ प्रतिगमनकारी शक्तिद्वारा जारी दमनका विरुद्ध जनसमुदायद्वारा गरिएको साहसपूर्ण प्रतिरोध र स्वतन्त्रता तथा मुक्तिको भावधारा सशक्त रूपमा प्रतिध्वनित भएको छ (चैतन्य, २०६५, पृ. १३०) । फासिस्टहरूका निरङ्कुश फर्मान र आदेशहरूलाई अस्वीकार गरी तानाशाही बर्बर आतङ्कका विरुद्ध अनवरत आवाज उठाउने जब्बर आस्थायुक्त क्रान्तिकारी योद्धाको प्रतिबद्धता एवम् प्रतिरोधी भावलाई यहाँ कविले उद्घाटन गरेका छन् । गणतान्त्रिक चेतनाले सुसज्जित यस कवितामा क्रान्तिकारीहरूका आस्थाहरूमा प्रतिबन्ध लगाउने, खुट्टाहरूमा नेल भिराउने, निरङ्कुश आदेश र फर्मानहरू जारी गर्ने तथा सत्यलाई कैद गर्न खोज्ने आततायीहरूका विरुद्ध सङ्घर्षका हात र विरोधका मुट्ठीहरू उठाउँदै जीवनको अन्तिम श्वाससम्म लडेर विजय प्राप्त गरिछाड्ने हुङ्कार गरिएको छ । सामाजिक उत्तरदायित्वको बोधसहित कलम चलाउने स्रष्टा भएकाले कवि इच्छुक उद्देश्यमूलक साहित्य सृजनाबाट पृथक् छैनन् । उनी लेखकीय प्रतिबद्धताको पक्षधर देखिन्छन् । यस्तो प्रतिबद्धतामा मूलतः वर्गीय प्रतिबद्धता, राजनीतिक, प्रतिबद्धता र साङ्गठनिक प्रतिबद्धता पर्दछन्र इच्छुक यस प्रतिबद्धतामा सचेत र इमानदार देखिन्छन् । यही प्रतिबद्धता उनका कवितामा भावात्मक रूपान्तरण भएर हामीमाझ अभिव्यक्तिमा साटिएको भेटिन्छ । यो उनका कविताको विशिष्टता हो र यही विशिष्टताले उनका कवितामा सौन्दर्यमूल्य तीव्र भएको हो (शर्मा, २०६०, पृ. १०६) । विचारमा प्रतिबन्ध लगाएर क्रान्तिको मार्ग अवरुद्ध गर्न नसकिने बरु दमनको विरोध र स्वतन्त्रता अर्थात् मुक्तिको आवाज प्रतिबन्धित अवस्थामा अझै जोडदार रूपमा घन्किएरै छाड्ने यथार्थको अभिव्यक्ति यस कवितामा पाइन्छ । विचारलाई केवल नाराका रूपमा मात्र नलिई अनुभूति र लयको सामञ्जस्यपूर्ण अभिव्यक्तिबाट सौन्दर्यको उद्बोधन गर्नु नै इच्छुकका कविताको मूलभूत विशेषता हो । यही विशेषता 'प्रतिबन्ध' कवितामा सौन्दर्यचेतसहित लयात्मक पारामा मुस्कुराएको देखिन्छ । कवि इच्छुक जनविद्रोह, क्रान्ति र यसको भविष्यप्रति निकै आशावादी र प्रतिबद्ध देखिन्छन् । क्रान्ति र यसको विजयप्रतिको दृढसङ्कल्प यिनका कवितामा यसरी मुखरित भएको छ :

मेरो आँखामा कालोपट्टी बाँधेर
के भोलिको स्वर्णिम प्रभात

जबरजस्ती छेक्न सक्छन् र ?
तर मूर्खहरूले मेरो आँखामा कालोपट्टी बाँधेर
मलाई केरकार गरिरहे
मेरा जब्बर आस्थाहरूलाई
मेरा सबल विश्वासहरूलाई
काँतर प्रश्नहरू सोधेर
मानौं पहरालाई कुहिनाले ठेलिरहे । (*बन्दी र चन्द्रागिरि,* पृ.१०)

पुरातन र नवीन शक्तिबीचको सङ्घर्षबाट नै वर्गसङ्घर्षको इतिहास निर्माण हुन्छ । यो युद्धमा पुरानोको हार र नयाँको विजय अनिवार्य छ । यसरी नै इतिहास फेरिन्छ र स्वर्णिम युगको नवीन यात्रा सुरु हुन्छ । तर नवीन युगको नवीन यात्रा त्यति सरल र सहज छैन । यात्राका क्रममा दारुण यातना र जीवनकै बलिदान दिनुपर्ने अवस्था पनि आउन सक्छ । यही नै इतिहासको द्वन्द्वात्मक भौतिकवादी व्याख्या हो । उल्लिखित कवितांश यसै द्वन्द्ववादमा आधारित छ । यहाँ कवि कलाकारहरूको आँखामा कालोपट्टी बाँधेर चरम यातना दिएर तथा काँतर प्रश्न सोधेर भविष्यको सुनौलो बिहानी छेक्न खोज्ने प्रतिगामीहरूले क्रान्तिकारीहरूको विश्वासरूपी पहरोलाई कुहिनाले ठेलेर केही हासिल नहुने भन्दै कविले कडा चुनौती दिएका छन् । जनयुद्धको आँधीबेहरीमय कालखण्डमा रचिएको प्रस्तुत काव्यांशमा मार्क्सवाद-लेनिनवाद-माओवाद, क्रान्ति तथा क्रान्तिको विजयप्रति कविले अटल आस्था र प्रतिबद्धता व्यक्त गरेका छन् । तसर्थ, यस काव्यमा वर्गसौन्दर्यको विश्लेषणका लागि लेखकीय प्रतिबद्धताको अध्ययन गर्नु निकै सान्दर्भिक हुन आउँछ । क्रान्ति गर्नु कुनै व्यक्तिको इच्छामा नभई युग र समाजको आवश्यकतामा निर्भर गर्दछ । तर, विभिन्न यातना र कठिनाइका बाबजुद पनि क्रान्तिकारीहरू आफ्नो सामाजिक उत्तरदायित्वबाट पछि हट्दैनन् बरु वैचारिक प्रतिबद्धताका साथ निरन्तर अगाडि बढिरहन्छन् । यस्तै भावको अभिव्यक्ति निम्न कवितांशमा यसरी आएको छ :

पीडाले अभिभूत भए पनि म
मेरो आस्थाको सगरमाथा अटल छ
मेरो विश्वासको कञ्चनजङ्घा अडिग छ । (*बन्दी र चन्द्रागिरि,* पृ.२०)

कवि स्वयम् पनि क्रान्तिमा सहभागी हुँदाहुँदै पटकपटक जेलनेल भोग्दै सहादत प्राप्त व्यक्ति हुन् । त्यसैले उनका कवितामा बन्दीगृहमा रहँदा बस्दा दिइने यातनाको सन्दर्भ ठाउँठाउँमा व्यक्त भएको छ । उल्लिखित कवितांशमा पीडाले अभिभूत भए पनि क्रान्तिको मैदान छोडेर नभाग्ने बरु अझै पनि आस्थाको सगरमाथा र विश्वासको कञ्चनजङ्घा अडिग छ भन्दै मुलुकमा चलेको जनयुद्ध र त्यसको विजयप्रति कवि अटल विश्वासको भाव व्यक्त गर्छन् । कवि मुलुकको भविष्यप्रति निकै चिन्तनशील बनेका कवि विचार एवम् उद्देश्यहीनहरूको केवल भिड लाग्ने ज्युँदा पुतलाहरूको जुलुस तथा पैसाका लागि -यालीमा सहभागी भई ताली बजाउने मान्छेहरू देखेर क्रान्तिकारीहरू आत्तिन नहुने भाव यसरी व्यक्त गर्छन् :

छेपारोजस्तै
मौसमसँगै रङ फेर्ने
बेमौसमका असचेत भीडहरू देखेर
मैले मेरा कदमहरू डगमगाउनुहुँदैन। (*बन्दी र चन्द्रागिरि,* पृ.२२)

उल्लिखित कवितांशमा क्रान्ति यसको उद्देश्य तथा यसको विजयप्रति कविको अविचलित आस्थाको अभिव्यक्ति पाइन्छ । छेपारोजस्तै मौसमसँगै रङ फेर्ने बेमौसमका असचेत भिडहरू देखेर क्रान्तिकारीहरूले नडग्मगाई पाइला चालिरहनुपर्छ भन्दै कविले उल्लिखित कवितांशमा मार्क्सवाद, लेनिनवाद, माओवाद तथा नेपाली जनयुद्ध तथा यसको भविष्यप्रति गहिरो प्रतिबद्धता जाहेर गरेका छन् । इस्पातजस्तो छाती र घनजस्ता मुट्ठी लिएर क्रान्तिमा होमिएका क्रान्तिकारीहरू राज्यआतङ्क र यातनाबाट विचलित नहुने सङ्केत गर्दै कविले जसरी पनि एक दिन साम्यवादको सुनौलो बिहानी ल्याएरै छाड्ने प्रतिबद्धता यसरी जनाएका छन् :

हजारौं जीत र हारहरूको लामो लडाइँमा
एउटा लडाइँ परास्त गरेर
अन्तिम जीतको भ्रममा
त्यो महान् राष्ट्रलाई
हजारौं भागमा विखण्डन गरे पनि
समाजवादको अखण्ड ज्योतिलाई
नर्ककुण्डको चिसो पानी छम्केर

मेरो मनभित्र निभाउन कहिल्यै सक्ने छैनौ । (*बन्दी र चन्द्रागिरि,* पृ.३०)

क्रान्ति हजारौं जीत र हारहरूको निरन्तर प्रक्रिया हो यसबाट क्रान्तिकारीहरूले हरेस खानु कदापि पनि हुन्न । क्रान्तिकारीहरू आफ्नो लक्ष्यप्रति सधैं दृढप्रतिज्ञ हुन्छन् । लक्ष्य भनेको उत्पादन गरिने वस्तु इच्छित पदार्थ वा मूर्त परिणामको पूर्वकल्पना हो । उत्पाद वा श्रमको वस्तु एक वस्तुरूपान्तरित मानवलक्ष्य हो (भाज्क्वेज, २०६७, पृ.६७) भन्ने मार्क्सवादीहरूको विचारलाई दृष्टिगत गर्दा कवि इच्छुक पनि साम्यवादको सुन्दर बिहानी आएरै छोड्ने कुरामा निकै विश्वस्त देखिन्छन् । क्रान्तिकारीहरूलाई एउटा लडाइँमा परास्त गरेर जीतको भ्रममा पर्नुको कुनै तुक नभएकाले समाजवादको अखण्ड ज्योतिलाई नर्ककुण्डको पानी छम्केर निभाउन खोज्ने प्रतिगामीहरूलाई यस्तो कदम आफैंमा आत्मघाती साबित हुने भन्दै कविले उल्लिखित कवितांशमा कडा चेतावनीसमेत दिएका छन् ।

मार्क्सवादी दृष्टिकोणबाट हेर्दा मानवसँग सार्वभौम सम्बन्ध राख्ने वस्तु प्रतिबद्ध नै हुन्छ । समाजवादी कलामा पार्टी र जनप्रतिबद्धता यथार्थवादको स्वाभाविक परिणाम होइन । यसको उल्टो पार्टी प्रतिबद्धता र जनप्रतिबद्धताका सिद्धान्तप्रतिको निष्ठाले कलाकारलाई जीवनको गहिरो समझ हासिल गर्न र मानवतावादी विश्वास एवम् धारणा प्राप्त गर्न समर्थ बनाउँछ । कला सधैं कुनै न कुनै वर्गप्रति प्रतिबद्ध रहेको हुन्छ । तर, यसको वर्गीय चरित्र भने सामाजिक अन्तर्विरोधहरू तीव्र बनेको समयमा नै विशेष गरी प्रकट हुन्छ (जिस, २०७२, पृ. २२८) । कलाकारको प्रतिबद्धता साधारणतः सामान्य राजनीतिक अभिव्यक्ति मात्र होइन । कलामा प्रतिबद्धता भन्नाले अरू विषयबाट अलग्याउने सौन्दर्य सिद्धान्त हो । यो सौन्दर्य सिद्धान्तभित्र कलात्मक सृजनको विशिष्ट प्रवृत्ति सम्पूर्ण र हरेक कलाकारका कृतिमा रहने विशिष्ट वैयक्तिक लक्षणहरू दुवै तत्त्वहरू समाविष्ट हुन्छन् । लेनिनले के कुरामा जोड दिएका छन् भने साहित्यिक कार्यकलापहरू सर्वहारावर्गीय ध्येय उद्देश्यका अंश मात्र होइनन् पार्टी विचारधारालाई विशिष्ट रूपमा प्रतिविम्बित गर्ने अभिव्यक्ति पनि हुन् । वर्गीय, राजनीतिक र सागङ्ठनिक तीनै कोणबाट मूल्याङ्कन गर्दा इच्छुक स्पष्ट रूपमा लेखकीय प्रतिबद्धताका पक्षमा देखिन्छन् । कवि इच्छुक यस प्रतिबद्धतामा सचेत र इमानदार देखिन्छन् । यही प्रतिबद्धता उनका कवितामा भावात्मक रूपान्तरण भएर हामीका साझा अभिव्यक्तिमा साटिएको भेटिन्छ । यो उनका कविताको विशिष्टता हो र यही विशिष्टताले उनका कवितामा सौन्दर्यमूल्य तीव्र भएको हो (शर्मा, २०६०, पृ. १०६) । यसले कविलाई वैचारिक ऊर्जा दिएको र त्यो ऊर्जा कवितात्मक सौन्दर्यमा यसरी प्रस्तुत भएको छ :

यात्रामा

सुनगाभाजस्तै सुन्दर

आमाका कति सपनाहरू फुलाउने

सजीव रहरहरू पनि

अझै उस्तै र यथावतै छन्

स्वर्गको दरबारजस्तै

पददलित जनको घरबार सजाउने

उत्कट अभिलाषाहरू पनि

अझै उस्तै र यथावतै छन् । ('यात्रामा हिँड्दाहिँड्दै', *इच्छुक रचनावली भाग-२*, पृ.१३०)

उल्लिखित कवितांशमा सुन्दर सुनगाभाजस्तै आमाका सजीव सपनाहरू फुलाउने कविको चाहना प्रकट भएको छ । विभिन्न कठिनाइका बाबजुद पनि पददलित जनको स्वर्गजस्तै घरबार सजाउने उत्कट अभिलाषा अझै उस्तै र यथावत् नै रहेको भन्दै कविले सो चाहना पूरा गर्नका लागि दृढसङ्कल्प र प्रतिबद्धतासमेत आवश्यक पर्ने साङ्केतिक अभिव्यक्ति यहाँ दिएका छन् । आमाको दसधारा दुधको भारा तिर्ने सङ्कल्पहरू उस्तै रहेकाले आफूले जसरी पनि कुरूप खण्डहरमाथि सुन्दर नयाँ घर बनाई छाड्ने कविको अभिव्यक्तिमा प्रतिबद्धतामुखी वर्गसौन्दर्यकै अभिव्यक्ति पाइन्छ । वर्गीय समाजमा कला सधैँभरि नै कुनै एक वर्गको पक्षपोषणका निम्ति तल्लीन हुने र ठीक यही तथ्यबाट प्रतिबद्धताले जन्म लिन्छ भनी लेनिनले भनेजस्तै इच्छुकका कवितामा पनि प्रतिबद्धता वर्गसङ्घर्षको पूर्ण अभिव्यक्तिका लागि प्रयोग भएको देखिन्छ । क्रान्ति, यसको भविष्य र मार्क्सवाद-लेनिनवाद र सर्वहारावर्गको हित एवम् सपनाप्रति प्रतिबद्ध भई इच्छुकले कवितामार्फत् यसरी आगो ओकलेका छन् :

नयाँ प्रभातका उज्याला प्रकाशहरूलाई

बेपत्ता पारेर जतिसुकै लुकाऊ

नरसंहारको ताण्डव नृत्य नाच

या वीभत्स मृत्यु उत्सव मनाऊ

कतै मन्द सास पनि तुफान बन्ला

मुटुका धड्कनहरूलाई धुलीसात् तुल्याऊ

तर पनि मर्दैन कहिल्यै
हाम्रो आस्थाको अजम्बरी सपना ।('अजम्बरी सपना', *इच्छुक रचनावली भाग-२,* पृ.१४१)

उल्लिखित कविताांशमा कविको क्रान्ति यसको भविष्य र यसको महान् आदर्शप्रतिको गहिरो प्रतिबद्धता र प्रतिशोधको भाव व्यक्त भएको छ । क्रान्तिकारीका सपनाहरूलाई धूलिसात् पार्न राज्यसत्ता कहिले बन्दुक र यातनाको त्रास देखाउँछ त उनीहरूको हत्या गरेर लासहरूको पहाड ठड्याउँछ । तर, जति शुष्क हाडहरूको अम्बार लगाए पनि, पहाड ठड्याए पनि, रक्तको नदी बगाए पनि या नरसंहारको ताण्डव मच्चाए पनि नयाँ प्रभातका उज्याला प्रकाशहरूलाई बेपत्ता पार्न र छेक्न नसकिने उद्घोष यहाँ कविले गरेका छन् । क्रान्तिकारीहरूको वीभत्स हत्याको उत्सव मनाउन व्यस्त रक्तपीपासुहरूले आतङ्कको जतिसुकै शृंखला मच्चाए पनि देशका होनहार सपुतहरूलाई नामेट पार्न खोजे पनि क्रान्तिकारीहरूको सपना अजम्बरी रहेकाले यो कसैगरी पनि नमर्ने तर्क कविको छ । यस कवितामा व्यक्त विचार झट्ट हेर्दा राजनीतिक अभिव्यक्ति जस्तो देखिए पनि कलात्मक सौन्दर्यसहित प्रकट भएको छ । कलाकारको प्रतिबद्धता साधारणतः सामान्य राजनीतिक अभिव्यक्ति मात्र होइन । कलामा प्रतिबद्धता भन्नाले कलालाई अरू विषयबाट अलग्याउने सौन्दर्यसिद्धान्त भन्ने बुझिन्छ । यो सौन्दर्य सिद्धान्तभित्र कलात्मक सृजनको विशिष्ट प्रकृति सम्पूर्ण र हरेक कलाकारका कृतिमा रहने विशिष्ट वैयक्तिक लक्षणहरू दुवै तत्त्व समावेश हुन्छन् (जिस, २०७२, पृ.२३०)। अझ्नेर जिसले भनेजस्तै इच्छुकका रचनाहरूले उनलाई प्रतिगामीहरूको कित्ताबाट सुस्पष्ट ढङ्गले अलग गर्दै सर्वहाराहरूको कित्तामा उभ्याइदिन्छन् र त उनी क्रान्तिको पर्याय वा प्रतीकका रूपमा रहेको उनको जन्मथलो प्युठानलाई मुटुमा राखेर क्रान्तिप्रति प्रतिबद्ध हुँदै यसरी मुखरित हुन्छन् :

जब फहराउनेछौ शिरकोटमाथि
एक दिन तिमीले रातो झन्डा
मैले विजयको सलामी चढाउनेछु
प्यूठान, नसम्झ टाढा र बैगुनी मलाई
धर्तीको जुनसुकै कुनामा रहे पनि
म सधैं सधैं तिम्रै हुनेछु । ('प्यूठान, म पनि तिमीसँगै छु', *इच्छुक रचनावली भाग-२,* पृ. १९८)

उल्लिखित कवितांशमा कविले वर्गसङ्घर्ष र क्रान्तिको आधारभूमिका रूपमा रहेको उनको पुर्ख्यौली थलो प्युठानलाई उच्च सम्मान दिँदै त्यसको स्मरण गरेका छन् । देश र समाजको प्रगतिका लागि लड्दै जाँदा समय र परिस्थितिले प्युठानको आँगनबाट टाढा हुनुपरे पनि आफूलाई बिरानो नसम्झन आग्रह गरिएको यस कवितांशमा लामो सङ्घर्षको महान् यात्रामा सगौरव अगाडि बढ्दै शिरकोटमाथि एक दिन रातो झन्डा फहराउने तथा विजयको सलामीसमेत चढाएरै छाड्ने गहिरो प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् । धर्तीको जुनसुकै कुनामा रहे पनि आफू सधैं सधैं प्युठानकै हुने र भौतिक हिसाबले टाढा भए पनि कलम एवम् विचारका माध्यमले मातृभूमि एवम् जन्मभूमिकै सेवामा तल्लीन रहने भएकाले आफूलाई टाढा र बैगुनी नसम्झनका लागि कविले विनम्रतापूर्वक आग्रह गरेका छन् । आफू जहाँ जसरी र जुन हालतमा रहे पनि एक दिन शिरकोटमाथि रातो झन्डा फहराउने तथा विजयको सलामी चढाएरै छाड्नेछु भन्ने अभिव्यक्तिमा क्रान्ति एवम् सर्वहारावर्गको विजयप्रतिको गहिरो विश्वास एवम् प्रतिबद्धताकै छनक पाइने भएकाले यस अभिव्यक्तिलाई वर्गसौन्दर्यकै अभिव्यक्तिका रूपमा लिन सकिन्छ । समाजवादी यथार्थवादी कलाकारको विश्वदृष्टिकोण सचेत र विवेकका साथ ग्रहण गरिएको समाजवादप्रति प्रतिबद्ध भए झैं इच्छुकका कविताहरू पनि साम्यवाद र यसको विजयप्रति प्रतिबद्धतासहित व्यक्त भएको कुरा उल्लिखित कविताहरूको अध्ययन विश्लेषणबाट स्वतः प्रमाणित हुन्छ ।

### ३.४.७ निष्कर्ष

कृष्ण सेन इच्छुकका *शोकाञ्जली, इतिहासको यस घडीमा, बन्दी र चन्द्रागिरि* र *बन्दी आवाज* गरी चारवटा काव्यकृति प्रकाशित रहेका छन् । यिनले मार्क्सवादी दर्शनलाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्दै आफ्ना काव्यकृतिमार्फत गतिशील यथार्थको उद्बोधन गरेका छन् । भूत, वर्तमान र भविष्यलाई संश्लेषित गर्दै काव्य रचना गर्ने यिनका रचनामा वर्गीय पक्षधरता, वैचारिक-राजनीतिक तथा पार्टीगत प्रतिबद्धता, जीवनप्रतिको निष्ठा र आशा, यथार्थवादी विश्वदृष्टिकोण, वर्गप्रतिरोध, समाजपठन र वर्गबोध, मार्क्सवाद-लेनिनवाद तथा माओवादप्रति आस्था तथा सर्वहारा अन्तर्राष्ट्रियतावादजस्ता विषयको सौन्दर्यमय प्रस्तुति पाइन्छ । इतिहास र समाजको मूल्याङ्कन निरपेक्ष र गतिहीनताका आधारमा नभई सापेक्षता, गतिशीलता, उत्पादन पद्धति, सामाजिक सम्बन्ध र वर्गीय आधारमा गरिनुपर्छ भन्ने आग्रहका साथ सिर्जना गर्ने यिनका काव्यकृतिहरू निम्नवर्गीय

सौन्दर्यको आलोकमा मुस्कुराएका छन् । यिनका कृतिहरूले नेपाली समाजमा व्याप्त गरिबी, शोषण, दमन, उत्पीडन एवम् द्वन्द्वात्मकतालाई ठीक तरिकाले बुझ्दै राष्ट्रको समुज्ज्वल भविष्य निर्माण गर्न तथा विज्ञानसम्मत मार्ग अवलम्बन गर्न सहायता प्रदान गर्दछन् ।

कवि इच्छुक पशु श्रेणीबाट मानिसलाई माथि उठाउन सचेतन श्रमको प्रमुख भूमिका रहेको यथार्थलाई आत्मसात् गर्दै काव्य सिर्जना गर्ने सशक्त कवि हुन् । उद्देश्यपूर्ण श्रम र सङ्घर्ष नै कविताको पनि स्रोत भएकाले यिनका कवितामा व्यक्त सौन्दर्यबोधी नवचेतनाले पाठकलाई आफ्नै जीवनको सौन्दर्यात्मक मूल्याङ्कन गर्न सक्षम मात्रै बनाउँदैन बरु शोषण र दमनमा आधारित सौन्दर्य मूल्यहरूलाई तिरस्कार गर्दै मानवीकृत सौन्दर्यमूल्यको स्थापना गर्न र तिनको संरक्षण गर्न सक्षम बनाउँछ । वर्ग समाजमा कला तटस्थ वा वर्गनिरपेक्ष रहन नसक्ने भएकाले यिनले कवितामार्फत् सर्वहारावर्गीय पक्षधरताको वकालत गर्दै नवीन सौन्दर्यमूल्यको स्थापनामा जोड दिएका छन् । श्रमिकवर्गको असीम शक्तिमाथि अटूट विश्वास राख्ने कवि इच्छुक सामन्ती पुँजीवादी सौन्दर्यमूल्यको संरक्षण गर्दै विपन्न वर्गमाथि आधिपत्य जमाउने दमनकारी राज्यव्यवस्थाका विरुद्ध सर्वहारावर्गले गरेको सङ्घर्ष, त्याग, बलिदान र प्रतिरोधमा सौन्दर्यबोध गर्ने क्रान्तिकारी कवि हुन् भन्ने कुरा यिनका काव्यकृतिको अध्ययनबाट स्पष्ट हुन्छ ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ परिच्छेदगत सारांश

प्रस्तुत शोधको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यही विषयसँग सम्बन्धित रहेर कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्य भन्ने मूल प्राज्ञिक समस्यालाई लिइएको छ । कृष्ण सेन इच्छुकका कवितामा वर्गसौन्दर्यको निरूपण गर्ने उद्देश्यले नै प्रस्तुत शोधकार्य गरिएको हो । यही मूल समस्याको समाधान गर्नका लागि उनका कवितामा वर्गद्वन्द्वको के कस्तो अभिव्यक्ति भएको छ ? र उनका कवितामा वर्गीय सौन्दर्यको अभिव्यक्ति कसरी गरिएको छ ? भन्ने शोधप्रश्नहरू निर्माण गरिएका छन् । यिनै शोधप्रश्नको समाधान गर्नका लागि शोधको उद्देश्य निर्माण गरिएको छ । यसरी शोधकार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषयका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षा गरिएको छ । यिनै विषयको अध्ययनबाट उनका कवितामा वर्गद्वन्द्व एवम् वर्गसौन्दर्यको समन्वयात्मक अभिव्यक्तिका दृष्टिले अध्ययन हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले, प्रस्तुत विषयमा अध्ययन गर्नुको औचित्य र महत्त्व स्पष्ट भएको छ । उनका कविताको विभिन्न दृष्टिले अध्ययन हुनसक्ने भए पनि प्रगतिवादी समालोचनाभित्रकै कृति विश्लेषण गर्ने एक प्रमुख अभिलक्षण अर्थात् वर्गद्वन्द्व र वर्गसौन्दर्यको अभिव्यक्तिगत अवस्था पहिल्याई त्यसको विश्लेषणमा मात्र केन्द्रित भई अध्ययन गरिएको कुरा शोधको सीमा रहेको कुरा स्पष्ट पारिएको छ । प्रस्तुत शोध पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी मार्क्सवादी सौन्दर्यशास्त्रमा प्रचलित वर्गसौन्दर्य र वर्गद्वन्द्वसम्बन्धी सैद्धान्तिक प्रस्थापनामा केन्द्रित भई अध्ययन विश्लेषण गरिएको छ । यसरी निर्माण गरिएको शोधप्रबन्धको रूपरेखासमेत पहिलो परिच्छेदमै निर्धारण गरिएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा कृष्ण सेन इच्छुकका कविताको अन्तर्वस्तुमा वर्गीय मुक्तिको चाहनालाई मुखरित गर्ने क्रममा अभिव्यक्त वर्गद्वन्द्वको अवस्था पहिचान गरी विश्लेषण गरिएको छ । त्यसका लागि मार्क्सवादी चिन्तन परम्परामा कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचान गर्ने मुख्य अभिलक्षण प्रस्तुत गरी इच्छुकका कवितामा अभिव्यक्त वर्गद्वन्द्वको गहन विश्लेषण गरिएको छ । इच्छुकका कवितामा साम्राज्यवादको विरोधका क्रममा वर्गद्वन्द्वले अभिव्यक्ति पाएको छ र यसै आधारमा बन्दी र चन्द्रागिरि, जनताको ढाल

या बैरीको अचानो, बेंजमिन मोलाइसको सम्झनामा, प्यालेस्टिनी मित्रहरूका नाममा, तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध तथा जेरुसेलमजस्ता काव्यकृतिको विश्लेषण गरिएको छ । त्यसैगरी, यिनका कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानको दोस्रो आधारका रूपमा आमूल परिवर्तनको स्वप्नसम्बन्धी विषयलाई लिइएको छ र यसै आधारमा शोकाञ्जलि, बन्दी र चन्द्रागिरि, इतिहासको यस घडीमा, बन्दी छोराको पत्र, प्युठान म पनि तिमीसँगै छु, अजम्बरी सपना कारागारको छतमाथि चढेरजस्ता काव्यकृतिको विश्लेषण गरिएको छ । यिनका कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानको अर्को अभिलक्षणका रूपमा नेपाली समाजमा विद्यमान आर्थिक एवम् दलित तथा आदिवासी जनतामाथिको उत्पीडनको विरोधको अभिव्यक्ति पनि हो र यसै आधारमा घोमपाल, गोचाली, सिम्ठारो धान, कमैया दुःखीरामलाई प्रश्न, अस्वीकार आदि कविताकृतिको विश्लेषण गरिएको छ । त्यसैगरी, नेपाली समाजमा विद्यमान लैङ्गिक असमानता एवम् उत्पीडनको आलोचनाका क्रममा पनि वर्गद्वन्द्वले यिनका कवितामा सार्थक अभिव्यक्ति पाएको छ र यसै अभिलक्षणका आधारमा कान्छी भट्टी र देश तथा भाउजूजस्ता कविताको विश्लेषण गरिएको छ । यिनका रचनामा राज्य आतङ्कको विरोधका क्रममा वर्गद्वन्द्वले सार्थक अभिव्यक्ति पाएको छ र यसै आधारमा बन्दी र चन्द्रागिरि, जेल, दार्बोटको जङ्गलमा, सेतु जैसीको घर आदि काव्यकृतिको विश्लेषण प्रस्तुत गरिएको छ । यिनका रचनामा नेपाली समाजमा व्याप्त राजनीतिक विकृति र विसङ्गतिको विरोध गर्दै त्यसको अन्त्यको चाहनालाई प्रस्तुत गर्ने क्रममा वर्गद्वन्द्वले सार्थक अभिव्यक्ति पाएको छ र यसै आधारमा यस्तो प्रवृत्तिको सघन अभिव्यक्ति भएका शोकाञ्जलि, बन्दी र चन्द्रागिरि, बन्दी सुगा र उन्मुक्तिको चाहना, हात लाग्यो शून्य, माछो माछो भ्यागुतो, रोगी देश, मेरो देशको शिशु प्रजातन्त्र आदि कविताको गहन रूपमा साक्ष्यसहित विश्लेषण गरिएको छ । प्रगतिवादी कविका कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानको अर्को आधारका रूपमा समाजमा चलेको वर्गद्वन्द्वमा सामेल सहिदहरूको त्याग, साहस र बलिदानप्रति सम्मानको भावलाई लिइन्छ । त्यसैले, यस शोधमा उल्लिखित आधारमा शोकाञ्जलि, बन्दी र चन्द्रागिरि, तिमी र तिम्रो पसिना, बर्मभिझया, पुर्खे सुनारकी आमा, शहीद, बेंजमिन मोलाइसको सम्झनामा आदि काव्यकृतिको विश्लेषण गरिएको छ । भविष्यप्रति आस्था एवम् विश्वास प्रगतिवादी कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचान गर्ने प्रमुख अभिलक्षण हो र यसै आधारमा शोकाञ्जलि, बन्दी र चन्द्रागिरि, झुल्के घामका राता किरणहरू, बन्दी छोराको पत्र, म अहिले निराश छैन, भविष्य, भोलिप्रति, पश्चात्तापपछिका

केही सुस्केराहरू आदि काव्यकृतिको विश्लेषण यस परिच्छेदमा गरिएको छ । त्यसैगरी, प्रगतिवादी कविका कवितामा वर्गद्वन्द्वगत अभिव्यक्ति पहिचानको अर्को अभिलक्षणका रूपमा वर्गीय चेतनाको अभिव्यक्तिलाई लिइन्छ र यसै आधारमा बन्दी र चन्द्रागिरि, आइती, तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध, तिम्रो र हाम्रो संसार, सिंहदरबारअघि नारा लाइरहेकी फूलमती, अस्वीकार आदि काव्यकृतिको विश्लेषण गरिएको छ । यसरी, कतै सुस्त त कतै तीव्र तथा कतै आन्तरिक त कतै बाह्य रूपमा नेपाली समाजमा चलेको वर्गद्वन्द्व एवम् समाजमा विद्यमान सबै किसिमका शोषणबाट मुक्तिका लागि सर्वहारावर्गले गरेको सङ्घर्षलाई इच्छुकले कसरी काव्यात्मक अभिव्यक्ति दिएका छन् ? भन्ने विषयलाई प्रस्तुत परिच्छेदमा उपयुक्त आधार दिई विभिन्न साक्ष्यका माध्यमबाट विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधको तेस्रो परिच्छेदमा मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताका आधारमा कृष्ण सेन इच्छुकका कवितामा अभिव्यक्त वर्गसौन्दर्यको विश्लेषण गरिएको छ । यसका लागि आर्थिक प्रणालीका कारण मानव समाजमा उत्पत्ति भएका वर्ग र इतिहास निर्माणमा तिनले खेलेको भूमिका एवम् सङ्घर्षलाई सौन्दर्यका रूपमा साक्ष्यसहित यहाँ विश्लेषण गरिएको छ । समाजको ऐतिहासिक स्वरूपलाई विश्लेषण गर्ने मुख्य आधार उत्पादन प्रणाली भएकाले कलागत सौन्दर्य पनि यसैसँग जोडिएर आउँछ । कलाको चरित्र वर्गीय भएकाले उत्पादन प्रणाली, उत्पादन शक्ति र उत्पादन सम्बन्धमा परिवर्तन आउनेबित्तिकै सौन्दर्यसम्बन्धी दृष्टिकोणमा पनि निरन्तर परिवर्तन भइरहन्छ । यहाँ, अन्तर्वस्तुमा अभिव्यक्त वर्गसौन्दर्यको पहिचान गरी यिनका काव्यकृतिको विश्लेषण प्रस्तुत गरिएको छ । कृति विश्लेषण गर्नुअघि मार्क्सवादी चिन्तन परम्परामा वर्गसौन्दर्यलाई पहिचान गर्ने मुख्य अभिलक्षणहरू विश्वदृष्टिकोण, वर्गीय पक्षधरता तथा समूहीकरण वर्गप्रतिरोध, समाजपठन र वर्गबोध, चिन्तनगत वर्गवद्धता तथा प्रतिबद्धता र वर्गबोधजस्ता आधारका बारेमा स्पष्ट पारिएको छ । वर्गसौन्दर्यलाई पहिचान गर्नका लागि यसको सघन अभिव्यक्ति भएका शोकाञ्जलि (शोककाव्य) र बन्दी र चन्द्रागिरि (लामो कविता) का केही हरफ तथा इतिहासको यस घडीमा कवितासङ्ग्रहमा सङ्गृहीत प्रिय कामरेड, आइती, प्यालेस्टिनी मित्रहरूका नाममा, इतिहासको यस घडीमा, बन्दी आवाज कविता सङग्रहमा सङ्गृहीत तिम्रो र हाम्रो संसार, पोखरी र कारागार, कारागारको छतमाथि चढेर, कैदी, मेरो देशको शिशु प्रजातन्त्र आदि काव्यकृतिमा अभिव्यक्त विश्वदृष्टिकोणको पहिचान गरी विश्लेषण गरिएको छ । त्यसैगरी, शोकाञ्जली र बन्दी र चन्द्रागिरिका केही अंश तथा प्रिय कामरेड,

यो घाम पनि रापिएर तातो तातो छ आज, जनताको ढाल या बैरीको अचानो, इतिहासको यस घडीमा, बर्मभिःया, बन्दी छोराको पत्र, सिंहदरबारभित्र नारा लगाइरहेकी फूलमती, आदिवासी दिवस र भिखारी दास सदा जस्ता काव्यकृतिमा अभिव्यक्त वर्गीय पक्षधरता तथा समूहीकरणको पहिचान गरी साक्ष्यसहित विश्लेषण गरिएको छ । त्यसैगरी, बन्दी र चन्द्रागिरि लामो कविताका केही हरफ तथा झुल्के घामका राता किरणहरू, दार्बोटको जङ्गलमा, सेतु जैसीको घर, पिपलको बोट, लालमटियाको सम्झना, प्युठान म पनि तिमीसँगै छु जस्ता कवितामा अभिव्यक्त वर्गप्रतिरोधको अवस्था पहिचान गरी विश्लेषण गरिएको छ । त्यसैगरी, शोकाञ्जलि, बन्दी र चन्द्रागिरिका केही हरफ तथा लाहुरे, कविसँग, काठमाडौं, कान्छी भट्टी र देश, आइती भाउजू, झुल्के घामका राता किरणहरू, सिम्ठारो धान, माछो माछो भ्यागुतो, एउटा गाउँलेको डायरी, अस्वीकार, कोशी टप्पु, रोगी देशजस्ता कवितामा नेपाली समाजको के कस्तो चित्रण छ भन्ने कुराको खोजी गरी विश्लेषण गरिएको छ । त्यसैगरी, तिमी र तिम्रो पसिना, तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध, यक्ष प्रश्न, सलाम जेलबाङ, म अहिले निराश छैन र यस क्षणजस्ता कवितामा अभिव्यक्त चिन्तनगत वर्गबद्धताको पहिचान गरी विश्लेषण गरिएको छ । त्यसैगरी, शोकाञ्जलि, बन्दी र चन्द्रागिरि काव्यका केही हरफ तथा बर्मभिःया पुर्खे सुनारकी आमा, प्रतिबन्ध, यात्रामा हिँड्दाहिँड्दै, अजम्बरी सपना, प्युठान म पनि तिमीसँगै छु जस्ता कवितामा अभिव्यक्त प्रतिबद्धता र वर्गबोधसम्बन्धी अभिव्यक्ति पहिचान गरी विश्लेषण गरिएको छ । सामाजिक-आर्थिक संरचनाले इच्छुकका कविताको सौन्दर्य निर्धारणमा के कस्तो भूमिका खेलेको छ ? भन्ने कुराको अध्ययन शोधको तेस्रो परिच्छेदमा गरिएको छ ।

## ४.२ निष्कर्ष

कृष्ण सेन इच्छुकका कवितामा प्रतिविम्बित वर्गसौन्दर्यका कोणबाट अध्ययन गरिएको प्रस्तुत शोधमा वर्गद्वन्द्वगत अभिव्यक्तिको विश्लेषण दोस्रो परिच्छेदमा र वर्गीय सौन्दर्यको अभिव्यक्ति कसरी भएको छ ? भन्ने शोधसमस्यामा केन्द्रित भई यिनका कविताको विश्लेषण तेस्रो परिच्छेदमा गरिएको छ । यिनका रचनामा मूलभूत रूपमा आर्थिक, राजनीतिक तथा सामाजिक-सांस्कृतिक गरी वर्गद्वन्द्वका प्रमुख तीन किसिमका कारणहरूको अभिव्यक्ति पाइन्छ । इच्छुकका कविताले कविता रचनाको प्रारम्भिक चरणदेखि नै उल्लिखित विषयवस्तुलाई कलात्मक भाषाका माध्यमबाट अभिव्यक्ति दिँदै आएकाले यसै

आधारबाट यिनका कविताको विषयवस्तु निर्माण भएको छ । यिनका कवितामा जुनसुकै विषयवस्तुको प्रयोग भएको भए पनि तिनीहरू कुनै न कुनै रूपले सामाजिक यथार्थ एवम् निम्नवर्गीय आकाङ्क्षाको विजयसँग अन्तरसम्बन्धित भएरै अभिव्यक्त भएका छन् । यस शोधमा यिनका कवितामा वर्गद्वन्द्वगत अभिव्यक्तिको विश्लेषण गर्दा यिनै पक्षहरूलाई आधार मानिएको छ । यिनका कविताको विविध पक्षमा वर्गद्वन्द्वगत अभिव्यक्ति विश्लेषणको तात्पर्य कविताको अन्तर्वस्तुमा वर्गद्वन्द्वको अभिव्यक्ति पहिचान गर्नु नै हो । त्यसैले, यहाँ इच्छुकका कविताको अन्तर्वस्तुका रूपमा आउने आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, नैतिक, पौराणिक, ऐतिहासिक, वैचारिक एवम् भावनात्मक मूल्यसम्बन्धी विषयवस्तुमा वर्गद्वन्द्वको अभिव्यक्तिलाई विश्लेषण गरिएको छ ।

समस्या कथनको **'क'** मा उल्लेख भएअनुसार कृष्ण सेन इच्छुकका कवितामा अभिव्यक्त वर्गद्वन्द्वलाई मूल शोध्य विषय बनाई सम्पन्न गरिएको प्रस्तुत अध्ययनबाट निर्धारित शोध्य प्रश्नको उत्तरसँग सम्बन्धित निष्कर्षहरूलाई निम्नानुसारका बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. मुक्तिको महान् आदर्श र क्रान्तिकारी आशावादबाट अभिप्रेरित यिनका कविताहरू द्वन्द्वको अनिवार्यतालाई कलात्मक बान्कीमा प्रस्तुत गर्न सक्षम देखिन्छन् । समाजमा गलत, अवैज्ञानिक, प्रतिगामी र ह्रासशील विचारले प्रश्रय पाउनुहुन्न भन्ने मान्यताप्रति निकै दृढ रहेका इच्छुक सौन्दर्यमूल्यलाई द्वन्द्वात्मक नियमअनुसार वर्गको सापेक्षतामा प्रस्तुत गर्ने क्रान्तिकारी कवि हुन् । यिनका कविताको अध्ययनबाट यिनी श्रमजीवीवर्गको अधिकारप्राप्तिमा नै सौन्दर्य देख्ने तथा सर्वहारावर्गको मुक्तिका लागि प्राणोत्सर्ग गर्ने आदर्श व्यक्तित्व हुन् भन्ने कुरा स्वतः पुष्टि हुन्छ ।

२. इच्छुकका कवितामा वर्गद्वन्द्वलाई वर्गसौन्दर्यको स्रोतका रूपमा स्वीकार गर्दै सौन्दर्यसम्बन्धी आधारभूत अन्तर्विरोधबाटै समाजमा द्वन्द्वको आरम्भ हुने सन्देश प्रस्तुत गरिएको छ । वर्गीय द्वन्द्व अनिवार्य प्रक्रिया र शाश्वत नियम भएको यथार्थलाई प्रस्तुत गर्दै वर्गसङ्घर्षबाट नै साम्यवादको विजय हासिल हुने र सर्वहारावर्गको मुक्तिमा नै सौन्दर्य झल्किन्छ भन्ने अभिव्यक्तिकै सेरोफेरोमा यिनका कविता केन्द्रित भएको कुरा यस शोधमा गरिएको अध्ययनबाट पुष्टि हुन्छ ।

३. प्रत्येक वस्तुलाई उपयोगिताका आधारमा बुझ्ने, व्याख्या गर्ने र ग्रहण गर्ने कवि इच्छुक मानवहित वा मानव कल्याणका लागि उपयोगी हुने प्रत्येक वस्तु वा सङ्घर्षलाई सुन्दरका रूपमा प्रस्तुत गर्ने प्रतिभाशाली कवि हुन् । यिनी बहुसङ्ख्यक शोषित, उत्पीडित वर्गको हितमा सौन्दर्यबोध गर्ने वस्तुवादी कवि हुन् । यिनका कवितामा अभिव्यक्त सौन्दर्यगत तथा वर्गद्वन्द्वगत अभिव्यक्तिमा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टिको स्पष्ट प्रभाव रहेको कुरा यस शोधमा प्रस्तुत साक्ष्यबाट स्वतः प्रमाणित हुन्छ ।

४. जीवनजगत्मा हुने निरन्तर परिवर्तनका पक्षमा वकालत गर्दै असुन्दरको अवसान र सुन्दर वस्तुको निर्माणमा यिनका रचनाहरू अग्रसर देखिन्छन् ।  द्वन्द्वात्मक नियममा भरोसा राख्दै पुराना विचार तथा व्यवस्थाको अन्त्य गर्दै नवीन संसारको स्थापना भएरै छाड्ने दृढ अठोट व्यक्त गर्नु यिनका कविताको मूल अन्तर्य हो । त्यसैले, इच्छुकका कवितामा अभिव्यक्त सन्दर्भलाई उल्लिखित सन्दर्भबाटै बोध गर्नु न्यायसङ्गत हुन्छ ।

५ शोषणयुक्त एवम् विभेदयुक्त समाजमा कलाका हरेक रूपहरू वर्गीय भएजस्तै कविता पनि वर्गीय रहँदै आएको छ । नेपाली समाजमा सुन्दरता र कुरूपताका बीच लामो समयदेखि चल्दै आएको वर्गद्वन्द्वमा गरिब तथा श्रमिकवर्गको दुःखमा सहानुभूति र उत्पीडक वर्गको पराजयमा सौन्दर्यको अनुभूति गर्ने इच्छुकले समाजमा विभिन्न रूप र स्तरमा चल्ने वर्गद्वन्द्वलाई कविताको विधागत विशिष्टताअनुरूप अभिव्यक्ति दिएका छन् ।

६. सौन्दर्यको प्रकटीकरण कविको वर्गीय आस्था र आदर्शअनुरूप हुने भएकाले कवि इच्छुक वर्गको सापेक्षतामा वर्गद्वन्द्वलाई काव्यात्मक अभिव्यक्ति दिन सफल देखिएका छन् । यिनका कवितामा सामाजिक यथार्थको अभिव्यक्ति कविको विचार, भावना, संस्कार आदिसँग जोडिएर प्रस्फुटन भएको छ । त्यसैले, कवितालाई जनसमूहको चेतना र जागरणको कलात्मक अभिव्यक्ति मान्दै समाजमा विद्यमान वर्गद्वन्द्वलाई पनि यिनले यसैअनुरूप अभिव्यक्ति दिएका छन् ।

७. सामाजिक यथार्थको एउटा विशिष्ट पक्षका रूपमा रहेको वर्गद्वन्द्वलाई इच्छुकले समाजको आमूल रूपान्तरणसँग जोडेर अभिव्यक्ति दिएका छन् र यही नै यिनका कविताको विशिष्ट प्राप्ति हो र यिनका कवितामा विचारधारा एवम् राजनीतिका क्षेत्रमा चल्ने वर्गद्वन्द्वले सघन अभिव्यक्ति पाएको छ । वर्गद्वन्द्व विचारधारा र राजनीतिका क्षेत्रमा सबैभन्दा बढी चल्ने

भएकाले यिनका कवितामा पनि विचारधारात्मक तथा राजनीतिक वर्गद्वन्द्वले सशक्त अभिव्यक्ति पाएको कुरा यिनका कविताको अध्ययनबाट प्रमाणित हुन्छ ।

८. वर्गद्वन्द्वलाई प्रस्तुत गर्ने क्रममा इच्छुक आफ्ना रचनामा अन्तर्वस्तुसँगै यसको कलात्मक पक्षप्रति पनि उत्तिकै सचेत देखिन्छन् र त्यसैअनुरूप यिनले वर्गद्वन्द्वलाई काव्यात्मक ढङ्गले अभिव्यक्ति दिएका छन् । त्यसैले, विचार र प्रस्तुतिमा सन्तुलन यिनका कविताको महत्त्वपूर्ण विशेषता बनेर आएको छ ।

९. इच्छुकका कवितामा वर्गद्वन्द्वको अभिव्यक्तिले महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको तथ्यलाई प्रस्तुत अध्ययनले पुष्टि गरेको छ । विचार र अनुभूतिको सामञ्जस्यपूर्ण प्रस्तुतिमायिनका कविताहरू आलोकित छन् ।यिनी अन्तर्वस्तु र रूपको समुचित सन्तुलनमा रुचि राख्नेप्रतिभाशाली स्रष्टा हुन् । यस तथ्यप्रति यिनी निकै सजग रहेको कुरा यिनका अधिकांश कविताको अध्ययनबाट प्रमाणित हुन्छ ।

१०. इच्छुकका कवितामा वर्गद्वन्द्वका विविध पक्षको अभिव्यक्ति भएको पाइन्छ । समग्रवाद एवम् साम्राज्यवादको विरोध, वर्गद्वन्द्व एवम् वर्गीय प्रेमप्रति आस्था, आमूल परिवर्तनको स्वप्न एवम् क्रान्तिको महिमागान, राष्ट्रप्रेमको भावना एवम् बाह्य हस्तक्षेपको विरोध, दलित तथा आदिवासी जनतामाथि आर्थिक एवम् सामाजिक उत्पीडनको विरोध, लैङ्गिक असमानता तथा उत्पीडनको आलोचना, राज्य आतङ्कको विरोध, राजनीतिक विकृति र विसङ्गतिको अन्त्यसहित वर्गीय मुक्तिको चाहना, वर्गद्वन्द्वमा सामेल योद्धा (सहिदहरू) को वीरता, साहस र त्यागप्रति सम्मान, भविष्यप्रति आस्था एवम् विश्वास, वर्गीय चेतनाको अभिव्यक्ति आदिका क्रममा यिनका कवितामा वर्गद्वन्द्वले सार्थक अभिव्यक्ति पाएको छ ।

११. वर्गद्वन्द्वको सघन अभिव्यक्तिका दृष्टिले मूल्याङ्कन गर्नुपर्दा इच्छुकका शोकाञ्जलि ( शोककाव्य), बन्दी र चन्द्रागिरि (लामो कविता), तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध, प्यालेष्टिनी मित्रहरूका नाममा, जेरुसेलम, इतिहासको यस घडीमा, अजम्बरी सपना, बन्दी छोराको पत्र, त्यो प्यारो प्यारो गाउँको नाम थवाङ हो, प्रिय कामरेड, काठमाडौं मेरो देशको राजधानी, घोमपाल, गोचाली, कमैया दुःखीरामलाई प्रश्न, सिम्ठारो धान, अस्वीकार, कान्छी भट्टी र देश, भाउजू, तिमी र तिम्रो पसिना, शहीद, बर्मझिया, पुर्खे सुनारकी आमा, सलाम जेलवाङ, दार्बोटको जङ्गलमा, सेतु जैसीको घर, हात लाग्यो शून्य, माछो माछो भ्यागुतो, रोगी देश, झुल्के घामका राता किरणहरू, म अहिले निराश छैन, भविष्य, भोलिप्रति,

सिंहदरबारअघि नारा लाइरहेकी फूलमती आदि कविता कृतिहरू बढी महत्त्वपूर्ण रहेका छन् ।

१२. इच्छुकका कवितामा वर्गद्वन्द्वको अभिव्यक्तिले महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको तथ्यलाई प्रस्तुत अध्ययनले पुष्टि गरेको छ । विचार र अनुभूतिको सामञ्जस्यपूर्ण प्रस्तुति नै कविता भएकाले अन्तर्वस्तु र रूपको जति बढी सन्तुलन हुन्छ त्यति नै त्यो रचना प्रभावकारी बन्दछ । कवि इच्छुक यस तथ्यप्रति निकै सजग रहेको कुरा यिनका अधिकांश कविताको अध्ययनबाट प्रमाणित हुन्छ ।

१३. वर्गचिन्तनबाट कत्ति पनि विमुख नभई सर्वहारावर्गप्रतिको आस्था, सर्वहारा अधिनायकत्वप्रतिको दृढता, वर्गसङ्घर्ष र बलप्रयोगको क्रान्तिकारी सिद्धान्तप्रति विश्वास, मुक्तिको उत्कट चाहना, जीवनमा प्रेम र आस्था, क्रान्तिकारी उत्साही भावना, विचारमा स्पष्टता, सर्वहारा तथा उत्पीडित वर्गप्रति प्रेम तथा भविष्यप्रतिको विश्वासजस्ता विशेषताका जगमा इच्छुकका कवितामा वर्गसौन्दर्य एवम् वर्गद्वन्द्वले सार्थक अभिव्यक्ति पाएको छ ।

समस्या कथनको **'ख'** मा उल्लेख भएअनुसार कृष्ण सेन इच्छुकका कवितामा वर्गीय सौन्दर्यको अभिव्यक्त कसरी गरिएको छ ? भन्ने मूल प्रश्नमा केन्द्रित भई सम्पन्न गरिएको प्रस्तुत अध्ययनबाट निर्धारित शोध्य प्रश्नका उत्तरसँग सम्बन्धित निष्कर्षहरूलाई निम्नानुसारका बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. सौन्दर्य कुनै शाश्वत र निरपेक्ष तत्त्व नभई परिवर्तनशील र सापेक्ष हो भन्ने भावको प्रकटीकरण गर्नु नै इच्छुकका कविताको मूलभूत विशेषता हो ।

२. जीवनजगत्लाई परख गर्ने इच्छुकको सौन्दर्यदृष्टि समाजसापेक्ष, वर्गसापेक्ष एवम् युगसापेक्ष देखिन्छ । सापेक्षताकै आधारमा जीवनजगत्का यावत् वस्तु तथा तिनलाई हेर्ने इच्छुकको दृष्टिकोण निर्माण भएकाले यही आधारमा इच्छुकका कविताको सौन्दर्यबोध गर्न तथा सोही आधारमा सौन्दर्यको अभिव्यक्ति पहिचान गर्नु उपयुक्त देखिन्छ ।

३. मार्क्सवादी सौन्दर्य चिन्तनका आधारमा हेर्दा इच्छुकले सौन्दर्यलाई जीवनकै सन्दर्भमा विकसित हुने र वस्तुजगत्को सम्पर्कबाट इन्द्रियबोधका रूपमा अभिव्यक्त हुने तत्त्वका रूपमा बोध गर्दै काव्यात्मक अभिव्यक्ति दिएका छन् ।

४. इच्छुक सुन्दरलाई निरपेक्ष रूपमा नभई सापेक्ष रूपमा ग्रहण गर्नुपर्ने मार्क्सवादी मान्यताप्रति दृढ देखिएका छन् । यिनी श्रम, सङ्घर्ष र अग्रगमनका पक्षमा सौन्दर्यानुभूति गर्दछन् । यिनले अवैज्ञानिक, अन्धविश्वासी एवम् रहस्यवादी विचार र मान्यतालाई अस्वीकार गरी वैज्ञानिक, वस्तुपरक एवम् भौतिकवादी विचारलाई ग्रहण गरेको कुरा यिनका काव्यकृतिको अध्ययनबाट पुष्टि हुन्छ । यिनी उत्पीडक र उत्पीडित, शोषक र शोषित, प्रतिगामी र प्रगतिशील, अन्धविश्वासी र वस्तुवादी, निराशा र आशा, पलायन र सङ्घर्षजस्ता नकारात्मक र सकारात्मक पक्षका बीचको द्वन्द्वमा सकारात्मक पक्षको विजयमा सुन्दरता देख्ने कवि हुन् ।

५. कवितामा वर्गसौन्दर्यको सघन अभिव्यक्तिका दृष्टिले यिनका शोकाञ्जलि (शोककाव्य), बन्दी र चन्द्रागिरि (लामो कविता), जेल, जेलवाङ, पोखरी र कारागार, मेरो देशको शिशु प्रजातन्त्र, जनताको ढाल या बैरीको अचानो, कारागारको छतमाथि चढेर, आदिवासी दिवस र भिखारी दास सदा, प्रिय कामरेड, पिपलको बोट, लालमटियाको सम्झना, दार्बोटको जङ्गलमा, सेतु जैसीको घर, लाहुरे, कोशी टप्पु, कविसँग, कान्छी भट्टी र देश, एउटा गाउँलेको डायरी, तिमी र तिम्रो पसिना, यक्ष प्रश्न, यस क्षण, प्युठान म पनि तिमीसँगै, यात्रामा हिँड्दा हिँड्दै, बन्दी सुगा र उन्मुक्तिको चाहना, बर्मझिया र प्रतिबन्ध आदि कविताकृतिहरू उल्लेखनीय रहेका छन् ।

६. इच्छुकका कवितामा आम जनसमुदायसहित सर्वहारावर्गका हित, अभिमत, दृष्टिकोण, उद्देश्य, आदर्श र गतिविधि मुखरित भएको पाइन्छ ।

७. इच्छुकका कविताहरू मानवजातिको मुक्ति तथा साम्यवादी भविष्यप्रति आस्थावान् सर्वहारावर्ग, उसको शक्ति, सङ्गठन एवम् सङ्घर्षप्रति असीम आस्था र विश्वास जगाउन सक्षम छन् ।

८. इच्छुकका कवितामा वर्गसौन्दर्य विश्वदृष्टिकोण, वर्गीय पक्षधरता, समाजपठन, चिन्तनगत वर्गबद्धता, वर्गीय प्रतिबद्धता तथा वर्गप्रतिरोधका माध्यमबाट अभिव्यक्त भएको छ र यस शोधमा यिनै प्रस्थापनामा टेकेर यिनका कवितामा निहित सौन्दर्यको निर्क्योल गरिएको छ ।

यसरी, कृष्ण सेन इच्छुकका कवितामा उत्पीडित समुदाय र वर्गद्वन्द्वमा संलग्न मानिसहरूको सामाजिक जीवनलाई सौन्दर्यमूल्यको स्रोत मान्दै समाजवादप्रति प्रतिबद्ध वर्ग एवम् त्यसको उद्देश्यलाई नै सत्य, शिव एवम् सुन्दर मानिएको छ भने शोषक वर्ग एवम् त्यसको उद्देश्यलाई असत्य, अशिव एवम् कुरूपका रूपमा चित्रण गरिएको छ । वर्गसमाजमा सौन्दर्यको स्वरूप पनि वर्गीय हुने भएकाले यिनका कवितामा समाज विकासका क्रममा सत्य-असत्य, शिव-अशिव तथा सुन्दर र कुरूपका बीच निरन्तर चल्ने सङ्घर्ष र त्यसबाट उत्पन्न द्वन्द्वको चित्रण गरिएको छ । वर्गसङ्घर्षको वास्तविक स्थिति र धरातलबाट नै वर्गसमाजमा सौन्दर्यमूल्यसम्बन्धी दृष्टिकोण निर्माण हुने भएकाले आफ्नो स्थिति, प्रभाव र हैकम यथावत् राख्न चाहने उत्पीडक वर्गका विपरीत गरिबी, अभाव र उत्पीडनबाट जर्जर उत्पीडित वर्गले मुक्तिका लागि गरेको सङ्घर्ष तथा सर्वहारावर्गको विजय एवम् हितमा नै जीवनमूल्य देख्ने इच्छुकका कवितामामरणशील यथार्थको विरोध गर्दै जीवनशील शक्तिको पक्षपोषण गरिएको छ । सामाजिक जीवनको गुणात्मक विकास, आमूल परिवर्तन वा क्रान्तिका पक्षमा जोड दिँदै तदनुरूप नवीन ओज र शक्तिले भरिपूर्ण कविताको रचना गर्ने कवि इच्छुकले आफ्ना कवितामार्फत् उत्पीडित बहुसङ्ख्यक जनता र मानवजातिको मुक्तिको लक्ष्यमा आधारित उदात्त नैतिक मूल्यको पक्षपोषण गरेका छन् । जनहित, वर्गीय मुक्ति र मानवजातिको सुखको स्थापनाका लागि वर्गयुद्धमा संलग्न हुनुलाई यिनले आफ्ना कवितामा उच्च प्रकारको गौरव र सुखानुभूतिको विषयका रूपमा प्रस्तुत गरेका छन् र यही नै यिनका कविताको विशिष्ट प्राप्ति हो ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, नन्दीश (२०५७).बन्दी र चन्द्रागिरिमा इच्छुकको कवित्व. *कलम.* ८ (१). पृ.४७ ।

आफ्नास्येभ, भिक्टर (सन् १९७२). *मार्क्सवादी दर्शन* (सातौं संस्क.). राजेन्द्र मास्के (अनु.). नयाँ दिल्ली : पिपल्स पब्लिसिङ हाउस ।

आफ्नास्येभ, भिक्टर (सन् १९८५). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान.*, राजेन्द्र मास्के (अनु.). मस्को : प्रगति प्रकाशन ।

इच्छुक, कृष्ण सेन (२०५६). *इतिहासको यस घडीमा.* काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक सङ्घ, केन्द्रीय समिति ।

इच्छुक, कृष्ण सेन (२०५७). *बन्दी र चन्द्रागिरि.* काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

इच्छुक, कृष्ण सेन (२०६४). *इच्छुक रचनावली भाग-१* (सम्पा.) इच्छुक सांस्कृतिक प्रतिष्ठान. काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

इच्छुक, कृष्ण सेन (२०६४). *इच्छुक रचनावली भाग-२* (सम्पा.). इच्छुक सांस्कृतिक प्रतिष्ठान. काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

उप्रेती, विष्णुराज (२०७१). *द्वन्द्व व्यवस्थापन.* काठमाडौं : भृकुटी एकेडेमिक्स पब्लिकेसन्स ।

एङ्गेल्स, फ्रेडरिख (२०५६). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.* राजेन्द्र मास्के (अनु.). काठमाडौं : प्रगति पुस्तक सदन ।

कडवेल, क्रिस्टोफर (सन् १९९०). *विभ्रम और यथार्थ.* भगवान् सिंह (अनु.). नयाँ दिल्ली : राजकमल प्रकाशन ।

कारचेदी, गागलिल्मो (सन् १९९९). *वर्ग विश्लेषण और सामाजिक अनुसन्धान.* कृष्णकान्त मिश्र (अनु.). दिल्ली : ग्रन्थ शिल्पी ।

किरण (२०६०). *सङ्घर्षको दर्शन.* काठमाडौं : नवद्वीप प्रकाशन प्रा. लि. ।

किरण, मोहन वैद्य (२०६७). *मार्क्सवादी दर्शन.* काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

के.सी., हस्तबहादुर (२०६७). *मार्क्सवादी दर्शनशास्त्रको रूपरेखा.* काठमाडौं : ऐरावती प्रकाशन प्रा. लि. ।

खत्री, प्रेमकुमार र अन्य (२०६२). *नेपाली समाज र संस्कृतिको विश्लेषण.* काठमाडौं : भुडीपुराण प्रकाशन ।

गिरी, अमर (२०७१). समकालीन नेपाली कवितामा वर्गद्वन्द्व. *प्र.ले.स.* काठमाडौं : प्र.ले.स. ।

गिरी, अमर (२०७२). *समकालीन नेपाली कवितामा वर्गद्वन्द्व (२०४६–२०६३).* त्रि.वि. डिनको कार्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

गिरी, अमर (२०७५). *कवितामा वर्गद्वन्द्व.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, देवीप्रसाद (२०४९). *प्रगतिवाद : परम्परा र मान्यता.* काठमाडौं : मुना गौतम ।

ग्रेवाल, ओमप्रकाश (२०६७). विचारधारा र साहित्यको अन्तर्सम्बन्ध. निनु चापागाई (सम्पा.). *मार्क्सवादी साहित्यचिन्तन.* ललितपुर : साझा प्रकाशन

चापागाईं, निनु (२०५४). *मार्क्सवादी चिन्तनमा सौन्दर्य.* ललितपुर : मृदुल चापागाईं र महिम चापागाईं ।

चापागाईं, निनु (२०६५). *मार्क्सवादी साहित्यचिन्तन.* ललितपुर : साझा प्रकाशन ।

चैतन्य (२०६०). *सङ्घर्षको दर्शन.* काठमाडौं : नवदीप प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६४). क्रान्ति र सौन्दर्य. काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

चैतन्य (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा.* काठमाडौं : ऐरावती प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६५). *समीक्षा र सौन्दर्य.* काठमाडौं : पाठ्यसामग्री पसल ।

ज्ञवाली, ईश्वरचन्द्र (२०५७). इच्छुकको बन्दी र चन्द्रागिरिमाथि केही हरफ. *सहयात्री.* २ (३). पृ. ५६ ।

ज्ञवाली, ईश्वरचन्द्र (२०६६). *वर्गसङ्घर्षको सन्दर्भ संस्कृति र सौन्दर्य.* काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

ज्ञवाली, ईश्वरचन्द्र (२०६७). साहित्यमा राजनीति र समाज. ढकाल, घनश्याम र अन्य (सम्पा.)*मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य.* काठमाडौं : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति ।

ज्ञवाली, ईश्वरचन्द्र (२०७०). वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य. अशोक सुवेदी (सम्पा). *आदर्श नायक कृष्ण सेन इच्छुक.* काठमाडौं : शमी सम प्रकाशन ।

ज्ञवाली, रामप्रसाद, (२०६९). साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको प्रतिबिम्बन. *प्रज्ञा.* ३ (१२). पृ. २८-४२ ।

जीस, अभ्नेर (२०७२).*मार्क्सवादी सौन्दर्यशास्त्रका आधारहरू.* हरिहर खनाल (अनु.). काठमाडौं : ने.प्र.प्र. ।

ढकाल, घनश्याम (२०५४).*मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना.* पोखरा : विजय ढकाल ।

ढकाल, घनश्याम र अन्य (२०६७).*मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य.* काठमाडौं : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति ।

तिमल्सेना, पशुपतिनाथ (२०६५). *प्रगतिवादी कविता : मान्यता र प्रवृत्ति.* पोखरा : ओजोन बुक्स  एन्ड स्टेसनरी ।

त्रिपाठी, सुधा (२०६५). इतिहासको यस घडीमा पाइने आस्थाको स्वर. ईश्वरचन्द्र ज्ञवाली र अन्य (सम्पा.) *इच्छुक स्मृति-ग्रन्थ.* काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

त्रिपाठी, वासुदेव (२०६५).*पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२.* ललितपुरः साझा प्रकाशन ।

थपलिया, खेम (२०६५).*नेपाली जनताका मुक्तिकामी सङ्घर्षहरू.* काठमाडौंः ब्रोदर्स न्यूज एजेन्सी ।

दुःखी, हीरामणि, (२०७०). कृष्ण सेन ‘इच्छुक’ : व्यक्तित्व र काव्ययात्रा. *लेखक.* १ (१). पृ. २५-२६ ।

पाण्डेय, ताराकान्त (२०६८) समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्ति. राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.). *रत्न बृहत् नेपाली समालोचना.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (१९९७). *शब्द और कर्म.* नयाँ दिल्ली : वाणी प्रकाशन ।

पौड्याल, सृजना, (२०७७). *डी.पी. अधिकारीका उपन्यासमा वर्गीयता.* नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा दर्शनाचार्य तहमा प्रस्तुत अप्रकाशित शोधप्रबन्ध. काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

पौडेल, दीपराज (२०६८). *नेपालमा मार्क्सवादी सौन्दर्यशास्त्रको विकास.* त्रि.वि. अप्रकाशित शोधपत्र. काठमाडौं : रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग ।

पौडेल, हेमनाथ (२०६५). *प्रगतिवादी दृष्टिमा कवि र कविता.* काडमाडौं : पैरवी प्रकाशन ।

पौडेल, हेमनाथ(२०७५). *प्रगतिवाद र कवितासम्बन्धी मान्यता.* काठमाडौं : पैरवी प्रकाशन ।

प्लेखानोव, गिओर्गी, (सन् २००३). *कला के सामाजिक उद्गम.* नयाँ दिल्ली : राजकमल प्रकाशन ।

प्रचण्ड (२०६५). इच्छुक वर्गसङ्घर्षका जीवन्त र घनीभूत कलात्मक अभिव्यक्ति. ईश्वरचन्द्र ज्ञवाली र अन्य (सम्पा.) *कृष्ण सेन 'इच्छुक' स्मृति-ग्रन्थ.* काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति ।

बराल, ऋषिराज, (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

बस्नेत, विजया, (२०७८). *हरिहर खनालका कथामा वर्गीयता.* नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा दर्शनाचार्य तहमा प्रस्तुत अप्रकाशित शोधप्रबन्ध. काठमाडौ : त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, रमेशप्रसाद (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

भण्डारी, जगदीशचन्द्र (२०५५). *प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण.* काठमाडौं : मुन्नि भण्डारी ।

भण्डारी, जगदीशचन्द्र (२०५९). अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि. *वेदना.* २९(३). पृ.२६-३८ ।

भण्डारी, जगदीशचन्द्र (२०७५). *सौन्दर्यको अन्वीक्षण.* काठमाडौं : मुन्नि भण्डारी ।

भाज्क्वेज, अडोल्फो (२०६७).सौन्दर्यपरकताको स्रोत र प्रकृतिका बारेमा मार्क्सका विचारहरू. निनु चापागाईं (सम्पा). *मार्क्सवादी साहित्यचिन्तन.* ललितपुर : साझा प्रकाशन ।

भुषाल, वेदुराम (२०७८). *मार्क्सवादी दर्शन.* काठमाडौं : जनता सञ्चार गृह ।

भुषाल, वेदुराम (२०६८). *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू.* काठमाडौं : ने.प्र.प्र. कमलादी ।

माओत्सेतुङ (२०४१). *चुनिएका रचनाहरू भाग-३.* काठमाडौं : प्रगति प्रकाशन ।

माओत्सेतुङ (२०५६). *येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन.* निनु चापागाईं (अनु). काठमाडौं : सिर्जनशील प्रकाशन ।

माओत्सेतुङ (२०५७). *माओत्सेतुङका सङ्कलित रचनाहरू.* खगेन्द्र सङ्ग्रौला (अनु.). काठमाडौं : सिर्जनशील प्रकाशन ।

मार्क्स, एङ्गेल्स (सन् १९७८). *सङ्कलित रचना खण्ड-१, भाग-१.* मस्को : प्रगति प्रकाशन ।

मार्क्स, कार्ल (सन् १९८१). *साहित्य तथा कला.* मस्को : प्रगति प्रकाशन ।

मार्क्स, एङ्गेल्स (२०७५). *कम्युनिष्ट पार्टीको घोषणापत्र.* गोपीरमण उपाध्याय (अनु.). काठमाडौं : जनता प्रसारण तथा प्रकाशन लिमिटेड, नयाँ बानेश्वर ।

मिश्र, शिवकुमार (सन् २०१०). *मार्क्सवादी साहित्य चिन्तन इतिहास तथा सिद्धान्त.* नयाँ दिल्ली : वाणी प्रकाशन ।

रानाभाट, सुरेश (२०६५). *कवि कृष्ण सेन इच्छुकको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन.* त्रि.वि.अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

लारिमर, डग (सन् २००६). *ऐतिहासिक भौतिकवादके मूल सिद्धान्त.* नयाँ दिल्ली : ग्रन्थ शिल्पी ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* काठमाडौँ : ने.रा.प्र.प्र.।

लुकास, जर्ज (२०३१). *जर्ज लुकासको साहित्यिक सिद्धान्त.* लीलाप्रसाद शर्मा *(अनु.).* काठमाडौं : ने.रा.प्र.प्र. ।

लु, स्युन (सन् १९९४).कला साहित्य और संस्कृति. कर्णसिंह चौहान (सम्पा). नयाँदिल्ली : वाणी प्रकाशन ।

लेनिन, भी.आई.(सन् १९८१). *सङ्कलित रचना भाग-४.* मस्को : प्रगति प्रकाशन ।

लेनिन, भी.आई. (सन् १९८२). *सङ्कलित रचना भाग-६,* मस्को : प्रगति प्रकाशन ।

लेनिन, भी.आई. (सन् १९९८). *सङ्कलित रचनाएँ खण्ड-१.* मस्को : प्रगति प्रकाशन ।

लेनिन, भी.आई. (२०६४). *मार्क्सवादको रूपरेखा.* रमेश सुनुवार र जगत्प्रसाद उपाध्याय प्रेक्षित. (अनु.). काठमाडौं : मार्क्सवाद अध्ययन अनुसन्धान प्रतिष्ठान ।

विभास, नवीन, (२०७३). उनका गीत गुञ्जिरहेछन् इतिहासको यस घडीमा. *इच्छुक.* ३ (३). पृ. ८० ।

शर्मा, सुकुम (२०६०). *कवि इच्छुक : कविताका सन्दर्भमा.* काठमाडौँ : काष्ठमाण्डप पुस्तक घर ।

शर्मा, सुकुम (२०७३). *कवि इच्छुक : कविताका सन्दर्भमा.* (दो.सं.). काठमाडौँ : काष्ठमाण्डप पुस्तक घर ।

शर्मा, सुकुम (२०७३). प्रगतिवादी कवितामा सौन्दर्य चिन्तनको आधार. *समकालीन साहित्य.* २३ (१). पृ. ६३-६८ ।

शर्मा, सुकुम (२०७८). *नेपाली निबन्धमा समाजवादी यथार्थवाद.* काठमाडौँ : ने.प्र.प्र. ।

श्रेष्ठ, कृष्णदास (२०६०). *ऐतिहासिक भौतिकवाद.* काठमाडौं : जन साहित्य प्रकाशन केन्द्र ।

श्रेष्ठ, कृष्णदास (२०६२). *द्वन्द्ववाद र द्वन्द्वात्मक प्रवर्गबारे* (तेस्रो.संस्क.). काडमाडौं : विश्व नेपाली पुस्तक सदन ।

श्रेष्ठ, कृष्णदास (२०६५). *समाजविकासको क्रम.* (ते.सं.) काठमाडौं : श्रीलाल कायस्थ ।

सिलवाल, हरिप्रसाद (२०७४). *नेपाली प्रगतिवादी कविताको इतिहास.* काठमाडौं : ने.प्र.प्र. ।

सिंह, कुँवरपाल (२०६७). मार्क्सवादी कलाचिन्तन र साहित्य समीक्षाको विकास. निनु चापागाईं (सम्पा). *मार्क्सवादी साहित्य चिन्तन.* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, अशोक (२०६४). *आस्था र निष्ठाका सतिसाल कृष्ण सेन इच्छुक.* काठमाडौं : अशोक सुवेदी ।

सुवेदी, अशोक (२०६८). नयाँ यथार्थ र कृष्ण सेन इच्छुक. *नौलो बिहानी.* १४(१). पृ. ९२. ।

सुवेदी, अशोक (२०७०). *आदर्श नायक कृष्ण सेन इच्छुक.* काठमाडौं : शमी सम प्रकाशन गृह ।

स्टालिन (सन् १९५१) *अराजकतावाद या समाजवाद.* ? मस्को : अङ्ग्रेजी संस्करण ।